# DIRECTORATE OF DISTANCE EDUCATION

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS – NEPALI

## SEMESTER-III

## नेपाली समालोचना

## NEP (DE)-PG-C-301

# BLOCK-1

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U., Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: (O) +91 0353-2776331/2699008

Fax: (0353) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted, in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages.

This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# नेपाली समालोचना

## BLOCK-1

एकाइ **- 1,** समालोचनाको अर्थ**,** परिभाषा**,** स्वरूप रविशेषता**,** वर्तमान अवस्था ....................................................................................................**7**

एकाइ **- 2,** नेपाली साहित्यमा समालोचनाको थालनी रविकास...............**42**

एकाइ **- 3,** नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव ....................................................................................................**79**

एकाइ **- 4,** नेपाली साहित्यका प्रमुख समालोचक रसमालोचना.............**118**

एकाइ – 5, नेपाली समालोचनाका मुख्य प्रद्धतिहरू..................................**157**

एकाइ **- 6,** नारीवाद समालोचना र नेपाली नारी समालोचकहरू............... **121 - 150**.............................................................................................**200**

एकाइ **- 7,** भारतीय नेपाली समालोचनाका पृष्ठभूमि**,** स्वरूपर विकास **240**

## BLOCK-2

एकाइ - ८, प्रभावपरक समालोचना

एकाइ - 9, समाजपरक समालोचना

एकाइ - 10, मनोवैज्ञानिक समालोचना

एकाइ - 11, रूपपरक समालोचना

एकाइ - 12, ऐतिहासिक समालोचना

एकाइ - 13, जीवनीपरक समालोचना

एकाइ - 14, शैली वैज्ञानिक समालोचना

# BLOCK-1 नेपाली समालोचना

यस **नेपाली समलोचना**अन्तर्गत रहेको यस प्रभाग - 1 लाई हामी यसरी अध्ययन गर्न सक्छौं -

**एकाइ - 1, समालोचनाको अर्थ, परिभाषा, स्वरूप, विशेषता र वर्तमान अवस्था ।** यस एकाइमा समालोचनाबारे विषद रूपमा सर्वेक्षणात्मक अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समालोचनाको अर्थ र परिभाषालाई केलाउँदै समालोचनाको स्वरूप, समालोचनाको विशेषता आदिको अध्ययन गर्दै समालोचनाको वर्तमान अवस्था के कस्तो छ भन्नेबारे पनि एकाइमा अध्ययन - विश्लेषण गरिने छ ।

**एकाइ - 2, नेपाली साहित्यमा समालोचनाको थालनी र विकास ।** यस एकाइमा समालोचनाबारे नै विस्तृत रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समालोचनाको सामान्य परिचय दिएर समालोचनाको अवधारणालाई पनि अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त नेपाली साहित्यमा समालोचनाको थालनी र विकासक्रमलाई अध्ययन गर्दै यस विकासक्रमको पहिलो चरण, दोस्रो चरण, तेस्रो चरण, चौंथो चरणलाई विषद रूपमा यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 3, नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव ।** यस एकाइमा नेपाली समालोचनाबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गर्दा विशेष समालोचनाको सामान्य परिचय दिएर नेपाली समालोचनामा पूर्वीय समालोचनाको प्रभावको अध्ययन यस एकाइमा गरिने छ । यसका अतिरिक्त नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव आदिको पनि यस एकाइमा चर्चा गरिएको छ ।

**एकाइ - 4, नेपाली साहित्यका प्रमुख समालोचक र समालोचना ।** यस एकाइमा नेपाली समालोचक र समालोचनालाई अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समालोचनाको अर्थ र परिभाषालाई केलाउँदै नेपाली साहित्यका प्रमुख समालोचकहरूबारे अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यति मात्र नभएर ती नेपाली साहित्यका प्रमुख समालोचकहरूका समालोचना प्रवृत्तिहरूलाई पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 5, नेपाली समालोचनाका मुख्य प्रद्धतिहरू ।** यस एकाइमा नेपाली समालोचनाका पद्‌धतिहरूबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समालोचनाको सामान्य परिचय दिएर प्रवृत्तिको अर्थ

र परिभाषाबारे विस्तृत रूपमा अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त नेपाली समालोचनाका मुख्य पद्धतिहरू जस्तै सैद्धान्तिक, जीवनीपरक, ऐतिहासिक, शैली वैज्ञानिक आदि समालोचना पद्धतिको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 6, नारीवाद समालोचना र नेपाली नारी समालोचकहरू ।**यस एकाइमा नारीवादी समालोचनाबारे विशेष रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ नारीवादको सामान्य परिचय नारीवादी समालोचनाको अवधारणा आदिबारे अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यसका अतिरिक्त नारीवादी समालोचना धारा र नेपाली नारी समालोचकहरू के - को हुन् ? भन्ने कुराको पनि यस एकाइमा अध्ययन गरिएको छ ।

**एकाइ - 7, भारतीय नेपाली समालोचनाका पृष्ठभूमि, स्वरूप र विकास ।**

यस एकाइमा भारतीय नेपाली समालोचनाबारे विषद रूपमा अध्ययन गरिने छ । यस अध्ययन गनार्थ समालोचनाको सामान्य परिचय दिँदै भारतेली नेपाली समालोचनाको पृष्ठभूमि र भारतेली नेपाली समालोचनाको स्वरूपबारे मूलरूपमा अध्ययन - विश्लेषण यस एकाइमा गरिने छ । यस बाहेक भारतीय नेपाली समालोचनाको विकास प्रक्रियालाई विस्तृत रूपमा अध्ययन गर्दै भारतीय नेपाली समालोचकहरूबारे पनि यस एकाइमा गरिएको छ ।

# एकाइ - 1, समालोचनाको अर्थ, परिभाषा, स्वरूप रविशेषता, वर्तमान अवस्था

**संरचना**

1.0 उद्देश्य

1.1 परिचय

1.2 समालोचनाको अर्थ र परिभाषा

1.3 समालोचनाको स्वरूप

1.4 समालोचनाको विशेषता

1.5 समालोचनाको वर्तमान अवस्था

1.6 उपसंहार

1.7 सार

1.8 अनुशीलनी

1.9 अतिरिक्त अध्ययन

1.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 1.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समालोचनाको अर्थ र परिभाषा
- समालोचनाको स्वरूप
- समालोचनाको विशेषता
- समालोचनाको वर्तमान अवस्था

## 1.1 परिचय

कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताताको विवेचनलाई समालोचना (Criticism) भनिन्छ । साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ । **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ । समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । यसलाई कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ । समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।

**समालोचना**को शाब्दिक अर्थ हुन्छ -'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु , विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । समा शब्दको अर्थ बराबर, आलोचना शब्द 'लुच' धातुबाट बनिएको हुनाले 'लुच' - को अर्थ हो - 'हेर्नु' । समालोचना संज्ञा स्त्रीलिङ्गी शब्द हो । यसको व्यत्पत्तिगत अर्थ नै राम्ररी हेर्ने क्रिया विशेष हो । कुनै पदार्थ आदिका दोष र गुणहरूलाई राम्ररी हेर्नु नै समालोचनाको घर्म मानिन्छ । इसाको बिसौँ शताब्दीको दोस्रो दशकको उत्तरार्ध भन्दा अगाडि अङ्ग्रेजी साहित्यमा जस्तो किसिमको समालोचना लेखिन्थ्यो र विश्व विद्यालयका साहित्य विभागका कक्षाहरुमा जस्तो किसिमको ‘समालोचना’ गरिन्थ्यो र सिकाइन्थ्यो, त्यसको आलोचना टी0 एस0 इलियट, एज्रा पाउन्ड, जोन

क्रो न्यान्सम र एलेन टेटहरुले कस्तो, कसरी र कुन शब्दमा गरे भन्ने कुराको चिनारी नै यस समालोचनाको लक्ष्य हो । जोन क्रो न्यान्सम )1941ई 0 (- ले 'नव समालोचना' भन्ने नाउँ दिएको र टी0 एस0 इलियटले नेतृत्व गरेको बिसौं शताब्दीका बेलाइती र अमेरिकाली 'कवि समालोचक' - हरुका विचारमा आदर्श समालोचना कस्तो हुनु पर्छ भन्ने विचार प्रतिपादन गरेका थिए । यसरी नै आई0 ए0 रिचर्ड्स र विलियम एम्प्सन जस्ता समालोचकहरुले प्रयोगात्मक समालोचनाको प्रविधि पक्षलाई विकास गरेको पाइन्छ ।

## 1.2 समालोचनाको अर्थ र परिभाषा

वर्तमान समयमा **साहित्य** शब्दले जुन अर्थ व्यक्त गर्दछ, त्यसको पर्यायका रूपमा पूर्वीय र पाश्चात्य दुबै जगतमा **काव्य** शब्द प्रयोग हुने गरेको कुरा साहित्यशास्त्रको ऐतिहासिक विकासक्रमबाट थाहा पाइन्छ । संस्कृत शब्दको 'वर्णन गर्ने' भन्ने अर्थ बोकेको **कवृ** धातुबाट काव्य शब्दको व्युत्पत्ति भएको मानिन्छ । पहिले पहिले व्यापक अर्थमा काव्य शब्दको प्रयोग हुँदै आएकोमा धेरै पछि मात्र साहित्य शब्दको प्रयोग भएको पाइन्छ । :पूर्वीय साहित्य शास्त्रमा साहित्यको छुट्टै परिभाषा पाइदैन ।

यही काव्य शब्दसित सम्बन्धित **समालोचना**को शाब्दिक अर्थ हुन्छ - 'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु , विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । सामान्य अर्थमा समालोचनाको अर्थ हो - । समालोचनागडेर हेर्नु'लुच' धातुले बनेको छ, जसको अर्थ होहेर्नु । - समालोचना अन्तर्गत आलोचना, समीक्षा, टीका - टिप्पणी, मीमांसा,

विवेचना, पर्यालोचन, अनुशीलन, परिशीलन आदि अनेक शब्दहरूको प्रयोग गरिन्छ । सूक्ष्म रूपमा यस्ता शब्दहरूका आ - आफ्ना विशिष्ट अर्थ रहे तापनि स्थूलरूपमा भने यस्ता शब्दहरूलाई पर्यायवाची मान्न सकिन्छ । पूर्णरूपले कुनै वस्तु वा विषय विशेषको देखरेख, विवेचना, विचार - विमर्श गर्नु समालोचना शब्दसित अभीष्ट छ ।

कुनै वस्तुलाई त्यसको चारैतिरबाट हेरेर त्यसको गुणदोष छुट्याउने काम भन्ने अर्थ बुझाउने **समालोचना** शब्द संस्कृतबाट आएर नेपालीमा प्रचलित भएको तत्सम वर्गको शब्द हो। यो शब्द पाँचवटा शब्दांशहरू हुने सम् + अन् + लोत् + आ + ना बाट बनिएको पाइन्छ । जहिलेदेखि यस जगतमा मानिसको विकास हुँदैआएको छ, केही न केही कार्य अवश्य गर्दै आइरहेकै छन्। त्यही कार्य तथा यस जीवन जगतका वस्तुको गुण दोष देखाउने र छुट्याउने काम पनि भइरहेछ। जब कुनै कार्य हुन्छ त्यसको मूल्याङ्कन पनि अवश्य हुन्छ । अत: समालोचनाले त्यही राम्रो - नराम्रो पक्षलाई केलाउने कार्य गर्दछ । यसले कुनै कृति र कृतिकार दुवैको गुण - दोषको मूल्याङ्कन, विवेचना गर्ने गर्दछ । "समीक्षा' विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ ।

'समालोचना' शब्द प्रायः ज्ञान विज्ञानका सबै क्षेत्रमा प्रयोग हुने भए पनि यहाँ साहित्यिक समालोचनाका अर्थमा मात्र सीमित गरिएको छ । साहित्य र समालोचना दुवैको साइनो ज्यादै निकट रहेको छ । माली र फुलबारी जस्तो समालोचना र साहित्य आपसमा अन्योन्य भएर सहभागी भएका छन् । समालोचना बिना साहित्यको आस्वाद्य रूप बोध हुन

सक्तैन भने साहित्य त समालोचनाको उद्‌गम स्रोत नै हो । त्यसैले क्यानाडाली समालोचक नथर्‌्रप पर्|mइले समालोचना र साहित्यलाई भौतिक शास्त्र र प्रकृतिसँग तुलना गरेका छन् । उनका अनुसार भौतिक शास्त्रको अध्ययन गर्ने विद्‌यार्थीले प्रकृतिको अध्ययन गर्दछ तर ऊ आफूलाई प्रकृतिको विद्‌यार्थी नभनेर भौतिक शास्त्रको विद्‌यार्थी भन्दछ । फ्राईका अनुसार साहित्यको भौतिक शास्त्रको नै विद्‌यार्थी हुन्छ (फ्राई, 1974 : 233) । साहित्य कला भए पनि समालोचना विज्ञान हो । कलामा हार्दिकता, रागात्मकता, वैयक्तिक तथा सामूहिक अचेतनको प्रकटन, कल्पना एवं भावुकताको आधिक्य, वैज्ञानिक कार्यकारणको निरपेक्षता, अभिव्यञ्जनात्मक भाषिक प्रयोग जस्ता गुण रहेका हुन्छन् । समालोचना बैद्‌धिक क्रियाकलाप हो र यसमा साहित्यिक कृतिको वस्तुगत, वैज्ञानिक, कार्यकारण मानिन्छ र बालक जन्मेदेखि नै आफ्नो परिवेशप्रति प्रतिक्रिया व्यक्त गर्दछ, यही मानवमा निहित प्रतिक्रियात्मक गुण नै समालोचनाको उद्‌गम विन्दु हो । त्यसैले साहित्यिक समालोचनाको प्रारम्भ साहित्य लेखन जत्तिकै पुरानो मानिन्छ ।

## 1.3 समालोचनाको स्वरूप

हामी समालोचनाको मुख्य उद्‌देश्य गुण - दोषको विवेचना मात्र सम्झिन्छौं । तर यसका अतिरिक्त समालोचनाको अर्को उद्‌देश्य हो - कविहरूका भिन्न - भिन्न विशेषताको दिग्दर्शन । कुनै कवि वा पुस्तकको गुण, दोष वा सूक्ष्म विशेषता देखाउन अर्को पुस्तक तयार पार्ने चलन हामी कहाँ पाइन्न । युरोपमा भने यस्तो चलन निकै प्रचलित रहेको छ । साहित्यको निर्देशन वा मूल्याङ्कन गर्नु मात्र समालोचनाको उद्‌देश्य नभई यो त साहित्यको रूप हो ।

तटस्थ मार्ग अपनाएर कुनै कृतिको समालोचना उसले राम्ररी गर्न सक्छ भन्ने विषयमा विद्वानहरूमा एक प्रकारले प्रतिस्पर्धा चल्न थालेपछि यस प्रकारका लेखहरू प्रकाशित भइआएका मानिन्छ । यति हुँदा पनि समालोचनाको स्थिर स्वरूप भने छुट्टिएको थिएन । कसै - कसैले मनोवैज्ञानिक र ऐतिहासिक आधारमा व्याख्यात्मक आलोचनाको मार्ग निर्देशन गरे । फलतः आलोचना साहित्य निकै विस्तृत भएर गयो । मूलत: समालोचकहरूले आ - आफ्नो रुचिका साहित्यिक स्रष्टाहरूका कृतिको समालोचना प्रकाशित गरी उनीहरूलाई अध्यारोबाट उज्यालोमा ल्याउने प्रयास गरेको देखिन्छ । यो कार्य वैदिक युगमा ऋषि - मुनिहरूका मन्त्रहरूको रचना गर्ने कार्यमा पाउन सक्छौं । सोही समयमा केही विद्वान् ब्राह्मणहरूले त्यस्ता मन्त्रहरूको व्याख्या स्वरूप ब्राह्मण ग्रन्थहरूको रचना गरेका छन् । फलतः भाष्य, टीका, व्याख्या आदिका रूपमा अनेक ग्रन्थहरूको रचना हुन थाल्येको पाइन्छ ।

यस्ता आचार्यहरूद्वारा प्रवर्तित संस्कृत साहित्यमा अलङ्कार सम्प्रदाय, रस सम्प्रदाय, ध्वनि सम्प्रदाय, रीति सम्प्रदाय, वक्रोक्ति सम्प्रदाय आदिमा आलोचनाको प्रथम दर्शन प्राप्त हुन्छ । आचार्यहरूले साहित्यको स्वरूपको विवेचना बडो सूक्ष्मरूपले गरे । यस परिप्रेक्ष्यमा 'विक्रमदेव चरित चर्चा' र 'नैषध चरित चर्चा' नाउँका पुस्तकहरूको स्थान उल्लेखनीय छ । यति काम भइसक्दा पनि संस्कृतमा आलोचनाको विकसित रूप दृष्टिगोचर हुँदैन । त्यसो हुनाको कारण यो हो कि कविहरू काव्य विशेषको आलोचना पृथकरूपले गर्दैन थिए । उनीहरू आफ्नो लक्षण ग्रन्थमा लक्षणको उदाहरणका रूपमा कुनै कविको श्लोक सारेर त्यसको ब्याख्या गर्दथे । प्रारम्भमा यस्ता समालोचनाहरू लेख्ने काम भयो तर भाव, भाषा र विचारको दृष्टिले तिनमा उत्कृष्टता देखापरेन ।

कालान्तरमा भने यस दिशामा पनि कलम चलाइएकोले समालोचना परिमार्जित हुादै त्यसको स्तर बढ्दै गयो अनि अरूका लागि यो काम प्रेरणाप्रद ठहरिएको पाइन्छ ।

चाहे राजनीति होस् या साहित्य, दुवैमा जनविश्वास चाहिन्छ। स्वान्त सुखायः का लागि मात्र साहित्य लेख्ने हो भने लेखे मात्र हुन्छ, छाप्न जरुरी छैन । छापेर पाठकसम्म पुऱ्याउने हो भने त्यहाँ आफ्ना कुण्ठा, सस्ता भावना, उडन्ते कुरा होइन आम मानिसलाई सम्बोधन गरिनुपर्छ। तिनका कथा व्यथा लेखिनुपर्छ । त्यो केही हदसम्म पूरा हुँदै आएको छ । यो सुखद कुरा हो।
त्यसैले अहिलेको यो साहित्य लेखन, प्रकाशन र पठनको स्वर्ण समयको प्रारम्भिक अवस्थालाई साहित्यकारले संयम, धैर्य र कुशलताका साथ पाठकहरुको मागलाई पूरा गर्नुपर्ने चुनौती छ। लेखकले यस समयमा पाठक विश्वास जित्न सकेनन् भने जनता फेरि निराश हुनेछन् । साहित्यकारलाई पनि नेताझैँ अविश्वास गर्नेछन् । यसर्थ समालोचनाले भने यस कुरालाई सही मार्ग दिशा प्रदान गर्दछ ।

अहिले साहित्य पढ्नु प्रतिष्ठाको विषय बन्दै गएको छ। पहिले पहिले लेखक, कवि बन्नु भनेको निरीह र समाजको हेपिएको पात्र जस्तो हुन्थ्यो। तर अहिले लेखक, कवि हुनु भनेको इज्जतको विषय बन्दै गएको छ। सायद त्यसैले होला अहिले लेखक तथा पाठक दुवै उत्साहित छन्। यो उत्साहले साहित्यको भविष्य पनि उज्ज्वल देखिन्छ। तर साहित्य सिर्जना गरेर मात्र पुग्दैन। बजार बिस्तार भएर मात्र पुग्दैन। लेखक तथा प्रकाशकको सङ्या बढेर मात्र पनि पुग्दैन। साहित्यलाई भित्रैदेख बलियो बनाउने हो भने यसलाई सैद्धान्तीकरण पनि गर्दै

लैजानुपर्छ।

हो, साहित्य समालोचना भन्दा अघि - अघि हिँड्छ। तर हाम्रो समालोचना त साहित्यको पछि मात्र होइन धेरै पछि छ । साहित्यले यसो पछाडि फर्केर हेर्दा पनि नदेखिने गरी पछाडि छ । एकछिन कुरे पनि समालोचना परसमेत देखिँदैन । धेरै पछाडि छ। तर साहित्यले समालोचनालाई नजिक ल्याउन आफ्नो गति कम गर्नु हुँदैन । समालोचना आफैंले आफ्नो गति बढाउनुपर्छ।

वर्तमानमा पत्र - पत्रिकामा पुस्तक समीक्षा ह्वात्तै बढेको छ। त्यो समालोचना होइन, पुस्तक समीक्षा मात्र हो । पुस्तकमा के छ, के छैनको सामान्य परिचय हो । विश्वविद्यालयमा पढाइ हुने पाठ्य पुस्तक, एम. ए. तथा विद्यावारिधिमा गरिएका शोधपत्रलाई सामान्य फेरबदल गरेर मोटा समालोचनाका पुस्तक पनि ह्वात्तै बढेका छन् । नेपाली साहित्यमा अहिलेसम्म कुनै सैद्धान्तिक समालोचना छैन । साहित्यका डाक्टरले नेपाली समाज, संस्कृति र जनजीवन अनुसारको सैद्धान्तिक समालोचना यसरी नै प्रस्तुत गर्न सकेनन् भने पादरी शिक्षा पढेका डार्विन वैज्ञानिक, औषधि विज्ञानका डाक्टर फ्रायड मनोविज्ञानको प्रखर व्याख्याता भए जस्तै अब नेपालमा पनि साहित्यका डाक्टरलाई चुनौती दिन अन्य क्षेत्रका व्यक्ति प्रस्तुत हुने सम्भावना बढेको छ।

यहाँ एउटा पनि सैद्धान्तिक समालोचना नभएको आजसम्मको यो अवस्थामा हाम्रो माटोबाट जन्मिएका साहित्यिक कृतिको समालोचना कसरी हुन्छ ? यही माटोमा जन्मिएका यति धेरै साहित्यिक कृतिमाथि एम. ए. तथा पिएच. डी. का शोध भएका छन् । साहित्य मात्र होइन समालोचना पनि आविष्कार हो। तर यहाँ खाली मिस्त्री काम मात्र भइरहेछ। विश्वविद्यालयमा नेपाली साहित्य पढाइ हुन्छ। के नेपाली

साहित्यलाई व्याख्या गर्न नेपाली सैद्धान्तिक समालोचना चाहिँदैन ? नेपाली साहित्यमा जे लेखिए पनि तिनलाई पश्चिमी समालोचनाका साँचोमा राखेर हेरिन्छ। त्यसैले नेपाली साहित्य - समालोचनाले अहिले आफ्नो साना खुट्टामा ठूला साइजका पश्चिमी जुत्ता लगाइरहेछ। हाम्रो समाज विज्ञान र सांस्कृतिक मनोविज्ञानका आधारमा हाम्रो साहित्यको मौलिक व्याख्या र समालोचना जरुरी छ। त्यसका लागि हामीसँग साहित्यको आफ्नो मौलिक सिद्धान्तको आवश्यकता छ। साहित्यको महत्वपूर्ण आधार भनेको कृतिले उभिएको ठाउँ हो। धरातल हो। अपवाद छोडेर नेपाली साहित्य नेपाली परिवेशमै उभिएको छ। आफ्नै धरातलमा उभिएको साहित्यको व्याख्या, विश्लेषण गर्न आफ्नै धरातलको समालोचना चाहिन्छ। तर हामी कहाँ त्यो छैन। 'मुनामदन' - देखि 'सुम्निमा,' 'माधवी,' 'घामका पाइला' हुँदै 'लू' - सम्मका कृतिको व्याख्या - विश्लेषण गर्न पश्चिमी सिद्धान्तको प्रयोग गरिन्छ। त्यहाँका विषय, भाव, शैली प्रस्तुति केहीलाई पनि पश्चिमी समालोचनाका वस्त्र सुहाउँदैनन्। यस्ता कृति हाम्रोमा कयौँ छन्। तिनको न्यायोचित सैद्धान्तिक व्याख्या भएको छैन। मानिसको सामाजिक तथा आर्थिक व्यवहार, यौन मनोविज्ञान संस्कृतिसँग जोडिएको हुन्छ।

नेपाली साहित्यमा केही आयाम र वाद नआएका होइनन् तर तिनले त्यति स्पेस लिन सकेका छैनन्। जस्तो तेस्रो आयाम आयो। तेस्रो आयामका तीन आयाम बस्तुता, चित्रात्मकता र सम्पूर्णतामध्ये जीवनको सम्पूर्णता लेख्न सकिदो रहेनछ भनेर इन्द्रबहादुर राई **लीला लेखन** भनेर लागे। त्यसको धेरैपछि सृजनशील अराजकता, रङ्गवाद, भयवाद भनेर थुप्रै वाद आए तर यिनले आफूलाई पूर्ण प्रमाणित गर्न सकेका छैनन्। तिनका आधार पनि प्रायः पश्चिमी नै देखिन्छन्। पाटपुर्जा विदेशबाट ल्याएर यहाँ

फिटिङ गरेजस्तो। यिनलाई मौलिक बनाउने आधार खोज्न सकिन्छ। यो कर्म भने शुभ सङ्केत हो। यी वादले भोलिका दिनमा हुर्कन, बढ्न, फुल्न, फल्न पाए भने अवश्य पनि बीउ लाग्ने छन्।

फान्सेली लेखक तथा चिन्तक रोलाँ बार्थ (1915-19८0) - ले लेखकको मृत्युको घोषणा सन् 1967 मा गरेपछि लेखकको अस्तित्वप्रति जति संशय उठ्यो, तेत्ति नै लेखकको महत्ताले साहित्यिक समालोचना र सिद्घान्तमा स्थान पनि पायो । बार्थको लेखकको मृत्युमा हेगलको दर्शन कलाको मृत्यु र नित्सेको दर्शन ईश्वरको मृत्युले कहीँ न कही अनदेखा प्रभाव पारेको छ । नित्सेले ईश्वरको ठाउँमा महामानव र हेगलले कलाको ठाउँमा दर्शनशास्त्र उचित देखे भने बार्थले लेखकको ठाउँमा पाठकलाई अघि सारे । अर्को कुरा लेखकको मृत्यु लेखकप्रतिको विमोह नभएर, बरू लेखकलाई विवेचनाको दायराभित्र ल्याउनु थियो र बार्थ अत्यन्तै सफल पनि भए । उनको लेखकको मृत्युलाई पाठ्यपारस्परिकताको सुन्दर उदाहरण मानेका छन् उत्तरसंरचनावादीहरूले र उनलाई भाषाका उत्तम चिन्तक पनि मानेका छन् । तेसो त उनको निबन्ध लेखकको मृत्युले धैरै भ्रान्तिहरू पनि छरेका छन्- ती भ्रान्तिहरू युरोप र अमेरिकातिर चाहिँ यो बेला प्राय निर्मूल भइसकेको छ भने पूर्वीय साहित्यमा अझ पनि धेर भ्रान्तिहरू छन् । नेपाली साहित्यमा लेखकको मृत्युका विषयमा विर्मश तथा संश्लेषणभन्दा पनि टिकाटिप्पणी धेरै भएको देखिन्छ । लेखक भइकन लेखककै मृत्यु किटान गर्ने बार्थलाई कतिले वस्त्रबिनाको बादशाह पनि भन्ने गरेका छन् ।

लेखकको मृत्युलाई नजिकबाट नियाल्नेहरू भन्दछन् लेखकले जुन पाठ तयार गर्दछ त्यो पाठकमा गएपछि पाठकले आफ्नै किसिमबाट बुझिदिन्छ

। तेसो हुँदा लेखकको स्वार्थभन्दा पाठकको बुझाइमा कुनै पनि साहित्यिक पाठ निर्भर हुन्छ । लेखकको स्वार्थ या उद्देश्यको पतन भएर पाठकको आफ्नै बोधको बाहुल्यता हुने हुँदा लेखकको मृत्यु स्वाभाविक हो भन्दै बार्थलाई धाप मार्छन् एकथरि विद्वानहरू भने अर्काथरि कुर्लिन्छन् लेखकको मृत्यु स्वीकार गर्नु भनेको सामन्तवाद स्वीकार गर्नु हो । थोरै थोरै दम दुवैथरिका विद्वानहरू तर्कमा देखिन्छ । पहिलो थरिका विद्वानहरूको तर्कमा यसकारण दम छ कि बार्थले उक्त निबन्धको अन्तिममा लेखकको मृत्युको मूल्य पाठकको जन्मले पूर्ति गर्नसक्ला भन्छन् । वास्तवमा लेखकको पाठमाथिको अधिनायकत्व समाप्त पारेर पाठको बहुलता पाठकले स्थापना गर्ने निष्कर्ष विद्वानहरू निकाल्दछन् जसले गर्दा पाठको परम्परागत केन्द्रीय लेखक विकेन्द्रित हुन्छ । यसरी परम्परागत केन्द्रीय लेखकको मृत्यु हुन्छ भने बार्थले बुर्जुवा विचारधाराको सैद्धान्तिक व्याख्या तथा विश्लेषणमा धेरै समय बिताएकोले विषेशतः अर्काथरि विद्वानहरू बुर्जुवा बार्थको विरोध गर्दा यस प्रकारको लेखकको मृत्युलाई पनि सिङ्गै विरोध गरिपठाउँछन् । तेसैले जति यी दुवैथरिका विद्वानहरू ठीक छन् तेत्ति बेठीक पनि ।

निश्चित दृष्टिकोणका बन्दी अथवा कुनै दस्तावेजप्रति प्रतिबद्घ हुँदा जानिजानिकन कहिलेकाहीँ राम्रो कुराको विरोध हुन्छ भने कहिलेकाहीँ नराम्रो कुराको पनि समर्थन हुन्छ । लेखकको मृत्युमाथि नेपाली बौद्घकिहरूमा उचित र नयाँ विमर्शहरू हुँनु जरूरी देखिन्छ । लेखकको मृत्युलाई हेर्ने नेपाली विचारधारा के त ? हल खोज्नुको सट्टा अन्धाधुन्धको स्वीकरण र तिरस्कारले नेपाली विचारधाराको दुर्बलता मात्रै प्रदर्शित हुन्छ । धेरै जसो प्राज्ञहरू र प्राध्यापकहरू यसप्रकारको चिन्ता र

Notes

चिन्तनभन्दा क्षणिक चर्चाका विषयहरूमाथि आकर्षित भई दर्शनतिर उन्मुख भएको पाइन्छ ।

## 1.4 समालोचनाको विशेषता

भाषा, साहित्य, भावको सम्यक् ज्ञान प्राप्त नभएसम्म कसैले पनि कुनै विषयको ठीक - ठीक आलोचना गर्नसक्दैन । भनिन्छ कि आलोचक तरबारको धारमा हिड्नुपर्छ । उसले कठोर कर्तव्यको निर्वाह गर्नुपर्छ । निष्पक्ष भएर निणर्नाकको कर्तव्य पालन गर्नु उसको धर्म हो । उसले हाँसको झै नीर - क्षीर विवेचन गर्नुपर्छ । भनौ, समालोचक एउटा निणर्नायक हो, जसले निष्पक्ष न्यायाधीशका रूपमा आफ्नो निर्णय सुनाउनुपर्छ । उसलै कुनै पुस्तक अथवा कविको आलोचना गर्दा व्यक्तिगत सम्बन्धप्रति ध्यान दिनु हुँदैन । आलोचक भनेको एउटा कसी हो, जसमा सुनलाई घोटेर त्यो शुद्ध वा अशुद्ध के छ, त्यसको निर्णय गर्नुपर्छ । उसले काव्यको राम्रो पक्षको प्रशंसा गर्नुपर्छ ।

काव्यमा कुनै वा केही त्रुटि फेला परेमा त्यसमा परिमार्जनको सुझाउ दिई विनयपूर्वक कविको ध्यान त्यसतर्फ आकर्षित गर्नुपर्छ । अर्थात् काव्यसम्बन्धी दोषको सम्यक् आलोचना गर्दै भविष्यको मार्गलाई परिस्कृत तुल्याउनुपर्छ, उसलाई विषयको पूर्ण ज्ञान हुनु आवश्यक छ । आलोचना र आलोचक- यी दुवैले साहित्य र साहित्यकारका लागि पथप्रदर्शन गर्दछन् ।

आलोचनाको मुख्य उद्देश्य हो - साहित्यको दिशालाई परिवर्तित गर्नु, त्यसमा नियन्त्रण गर्नु र समयसमयमा त्रुटितिर ध्यान आकर्षित गराएर आगामी सत्साहित्यको सिर्जना गर्न प्रेरणा दिनु । यसो भएमा आलोचनाले

Notes

नयाा साहित्य-सिर्जनामा सक्रिय भाग लिन्छ । आˆना कृतिको कटु आलोचनादेखि लेखक, कवि, भयभीत पनि हुनु हुादैन । रचनाकारहरूले बुझ्नुपर्ने खास कुरो यो हो कि - आलोचक वा समालोचना साहित्यको बाधक नभई सहायक, सुधारक र प्रेरक हो । कुनै असल लेखकको कृतिको आलोचना निर्बल मानसिकताको आलोचकले गर्‍यो भने साहित्यकार निराश हुन्छ नै । यसका साथै साहित्य एउटा राम्रो प्रतिभादेखि वञ्चित हुनजान्छ । त्यसैले आलोचनाको जिम्मेवारी लिनुभन्दा पहिले आलोचक सुयोग्य र पक्षपातहीन बन्न सक्नुपर्छ । आलोचक विनयशील हुनु आवश्यक छ । एउटा विचारणीय प्रसङ्ग के हो भने जुन समयको कवि वा रचनाबारे उसले कलम चलाउन थाल्छ, त्यस समयको स्थितिसित ऊ पूर्ण परिचित हुनुपर्छ । आलोचकको पाण्डित्य यसैमा छ कि उसको आलोचना सबै समयमा सबैका लागि समानरूपले ग्राह्य होस् । तथापि समालोचनाका निम्नलिखित विशेषताहरू पाइन्छन् । ती हुन् -

**अर्थबोध**

समालोचकका लागि अर्थबोधको आवश्यकता सर्वोपरि छ । कोश र व्याकरणबाट पनि अर्थबोध हुन सक्छ तर यी दुई वस्तुहरू मात्र पर्याप्त छैनन् । विभिन्न पुस्तकहरू बराबर पढ्नाले पनि अर्थबोधको दिशामा केही ज्ञान अवश्य प्राप्त हुन आउाछ । यसो भए तापनि विस्तृत अध्ययनका साथै साहित्यिक परम्परा र व्यवहारको ज्ञान पनि उत्तिकै आवश्यक हुन आउाछ । कविको दृष्टिकोणको परिचय प्राप्त गर्नु पनि अर्थबोधको दिशामा एउटा महìवपूर्ण उपलब्धि हो । कुनै शब्दको अर्थ लाउादा सो

भाषा वा बोलीविशेष बोल्ने मान्छेसित सोधपुछ गर्नु बेस हो । यसबाट अर्थबोधसम्बन्धी विषयमा केही जानकारी प्राप्त हुन्छ ।

**परिस्थितिबोध**

कविको कृति व्यक्ति र वातावरणको सङ्घर्षको परिणाम हो । त्यसो हुादा कुनै कविको कृतिबारे ठीकठीक ज्ञान प्राप्त गर्नु छ भने उसको समयका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक विचारधारा र प्रवृत्तिको अध्ययन गर्नुपर्छ । त्यसबेलाको परिस्थिति कस्तो थियो र ऊ सो परिस्थितिदेखि कत्तिको प्रभावित भएको थियो ? कवि परिस्थितिदेखि प्रभावित भए तापनि उसबेला विद्यमान विशेष पारिवारिक स्थितिअनुसार उसको आ˜नो मानसिक झुकाउ हुन्छ । यसरी निजी परिस्थितिबाट उत्पन्न मानसिक प्रवृत्तिको अध्ययन मनोवैज्ञानिक आलोचनाको विषय हुन आउाछ । त्यसैले कविको दृष्टिकोणको परिचय प्राप्त गरेपछि उसको कृतिको अध्ययन गर्न सुविधा हुन्छ । बाह्य परिस्थितिको अध्ययन र कविमा परेको त्यसको प्रभाव ऐतिहासिक आलोचनाको विषय हुन आउाछ । यसरी परिस्थितिबोध पनि समालोचनाका लागि उत्तिकै आवश्यक छ ।

**लक्ष्यबोध**

कवि वा लेखक विधायक वा रचयिता पनि हुन् । कविको मूल उद्देश्य के हो र उनी के कुरा भन्न चाहन्छन्, सो हामीले बुझ्न सक्नुपर्छ । कवि वा लेखकले कुनै नयाा सामाजिक प्रयोग त गरेको छैन ? उसको लक्ष्यसित हाम्रो मतैक्य छ वा विरोध ? कविको वातावरण कहाासम्म उसको अनुकूल छ अथवा कहाँसम्म प्रतिकूल ? अनुकूल भए त्यसमा विजय प्राप्त गर्न कवि कतिसम्म सफल भएको छ, अथवा प्रतिकूल भए त्योसित

कवि कत्तिको दबेको छ ? यस प्रकार, कवि वा लेखकको परिस्थितिको अध्ययनबाट हामीलाई लक्ष्य थाहा हुन सक्छ । पाठकहरूले कवि वा लेखकका कृतिको वाह्य र आन्तरिक परिस्थितिको आलोकमा अध्ययन गरेर त्यसको लक्ष्य राम्ररी बुझ्न सकून् अनि आलोचकका साथ कृतिको रसास्वादन गर्न सकून् ।

**सौन्दर्यबोध**

मानिसको रुचि र रसिकतामा सौन्दयबोध निर्भर गर्दछ । सौन्दर्यबोधबारे हामकीले विचार गर्नुपर्ने मुख्य कुरो यो हो कि यथार्थमा कविको विशेष सौन्दर्य कुन कुरोमा छ ? त्यो सौन्दर्य स्वाभाविक छ अथवा अलङ्कार वा अन्य परम्परायुक्त साधनहरूमा निर्भर छ ? यीमध्ये कुन चाहिाले हामीमाथि प्रभाव पार्दछ ? शारीरिक सौन्दर्यका लागि कवि वा लेखकले शक्ति, सङ्कट, माधुर्य, कोमलता, क्षणक्षणमा नवीनता इत्यादिको आश्रय लिन्छ । थोरै शब्दहरूमा विशेष सौन्दर्यको पुट दिनु कविको काव्यात्मक प्रतिभा हो । रसिकता र रुचि जन्मसिद्ध हुन्छÙ तापनि अभ्यास र अध्ययनको नवीन संस्कारले त्यसमा प्रशस्त योगदान दिन सक्छ । रुचिलाई, परिमार्जन गर्नका लागि प्राचीन र नवीन कविहरूका कृतिको आस्वादपूर्वक अध्ययन बेस हुन्छ ।

**तुलनात्मक परीक्षा**

कविको समय र विषय बुझेर सोही विषयका तत्कालीन र भिन्नकालीन कविहरूका कृतिको अध्ययन गर्नु लाभप्रद हुन्छ । यसो गर्दा कविको मौलिकताको जानकारी प्राप्त हुनुका साथै काव्यको उत्तमता अथवा अनुत्तमताको पनि बोध हुन्छ । कविहरूमा कविको तुलनात्मक

अध्ययनबाट विदित हुन्छ कि उनीहरूले परम्परा मुक्त कुराबाट वा निजी अनुभवबाट लेखेका छन् । परम्परायुक्त कुराहरूमा पनि मौलिकता ल्याउन सकिने हुनाले कवि वा लेखक मौलिकता ल्याउन कतिसम्म सफल भएका छन् वा भएका छैनन् ? भाषा र भाव- दुवै दृष्टिले यस प्रकारको तुलनात्मक अध्ययन गर्न सकिन्छ । कविहरूको सापेक्षित मूल्य निर्धारित गर्न कहिलेकाहीं यस्तो आलोचनालाई साधन तुल्याइन्छ ।

**शक्ति र सन्तुलन**

कुनै समालोचक यस्तो हुन्छ, जसले आफ्नो विचारशक्तिमा सन्तुलन कायम गर्छ तर उसमा शक्तिको कमी हुन्छ । यसको विपरीत, असल कलाकारले सन्तुलन कायम राख्नुका साथै शक्तिमा ह्रास हुन दिँदैन । कविको कवित्वशक्ति कल्पना र भावजगत्सित बढी सम्बन्धित हुन्छ । यसो भए तापनि बुद्धि र वास्तविकताको उपेक्षा गर्न सकिन्न । विचारणीय कुरो यो हो कविले यो कुरो राम्ररी बुझोस् कि उसको कृति वास्तविकतादेखि यति पर त गएको छैन कि यस संसारदेखि त्यो टाढाको वस्तु होस् । त्यसैले शक्ति र सन्तुलनको महत्व अनिवार्य सम्भिएको छ । उदाहरणमा इन्द्रबहादुर राईले लीलालेखनमा धेरै हदसम्म मौलिक व्याख्या गरेका छन्। जसलाई मलजल गर्ने काम कृष्ण धरावासी, रत्नमणि नेपालले गरे। रत्नमणि नेपालले आफ्नो कृति 'लीलाधारणा र कथाहरू' - मा लीलावाद नाम दिएर नेपाली समाज, इतिहास, राजनीति र साहित्यको संक्षिप्त रुपमा भए पनि गतिलो व्याख्या गरेका छन्। यो र यस्तै नेपाली साहित्यमा देखिएका सैद्धान्तिक समालोचनाको सङ्केतले केही आशावादी बनाएको छ। आशा

गरौँ अबको केही वर्षमै नेपालमा आफ्नैपनको सैद्धान्तिक समालोचनाको घाम उदाउनेछ र नेपाली साहित्यको व्याख्या - विश्लेषण गरिनेछ।

नेपाली साहित्यमा विधागत इतिहासको निर्माण त भएको छ, तर त्यसको व्यवस्थित अध्ययन - विश्लेषण भने अत्यन्त कम भएको देखिन्छ र एउटा - एउटा विधाको सम्पूर्ण पुस्तकको अभाव प्रायः नै छ । यस्तो परिस्थितिमा नेपाली साहित्यका सचेत पाठक र साहित्यका सम्पूर्ण अध्येताहरूका लागि डा. खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित कविता सिद्धान्त र नेपाली कविताको इतिहास ग्रन्थले ठूलो अभावको पूर्ति गरेको छ । जुनसुकै भाषाको साहित्यमा पनि कविता नै सबैभन्दा समृद्ध र विकसित विधा हो । नेपाली साहित्यमा पनि कविता विधा नै समृद्ध र विकसित छ । यति हुँदाहुँदै पनि नेपाली कविताका बारेमा सिद्धान्तदेखि विकासक्रमसम्मको समग्र, अद्यावधिक र व्यवस्थित अध्ययन भएका ग्रन्थको नितान्त अभाव भइरहेका सन्दर्भमा डा. लुइटेलको प्रस्तुत कृति एउटा महत्वपूर्ण आधार ग्रन्थका रूपमा रहेको छ ।

नेपाली साहित्य - समालोचनाका क्षेत्रमा कलम चलाउनेहरूको सङ्ख्या दिनानुदिन बढ्दैछ । सिर्जनात्मक साहित्यका तुलनामा समालोचनात्मक साहित्यको फाट त्यति धेरै मलिलो र उर्वर नभए पनि उब्जाउहीन चाहि छैन । हाल विभिन्न तहका पाठ्यक्रममा आधारित सस्ता - हल्का सारसुरे पुस्तकहरू प्रशस्त मात्रामा प्रकाशित छन् र तिनका माझमा केही पुस्तकहरू गह्रौं एवं स्तरीय खालका पनि प्रकाशित छन् । खासगरी पाठ्य पुस्तकेतर समालोचनात्मक एवं अनुसन्धानात्मक कृतिहरू बढी ओजिला र गहकिला देखिन्छन् ।

समालोचनामा आधुनिकता र समसामयिकताबारे विद्यमान अन्योललाई समाप्त पारी तिनको नवीन व्याख्या र उपयुक्त समय निर्धारण गरिनु

Notes

पर्दछ । यसमा प्रत्येक काल,  चरण र धाराका विशेषता, प्रवृत्ति आदिको वस्तुपरक रूपमा निरूपण गरिनु जरूरी छ । प्रत्येक काल वा धाराहरूको चर्चा गरिसकेपछि त्यसको अन्त्यमा निष्कर्ष दिइएकाले पाठककलाई थोरै समयमा सार ग्रहण गर्न सजिलो छ । यसमा निष्पक्ष र तटस्थ ढङ्गले प्रगतिवादीलगायत सबै पक्षका अत्यधिक कविहरूलाई समेटेर कृतिलाई पूर्ण तुल्याइएको हुनु पर्छ । कुनै पनि समालोचनात्मक कृति भाषिक जञ्जालबाट मुक्त हुनु पर्दछ । कृतिमा प्रयुक्त भाषाशैली अत्यन्त सरल, सहज र सुबोध छ भने यसले कृतिको गरिमा बढाउन थप मदत पुराउँदछ।

## 1.5 समालोचनाको वर्तमान अवस्था

कतिपय अभिव्यक्ति यस्ता हुन्छन्, जो कवितामा मात्रै भन्न सकिन्छ । आख्यानमा वृहत् र व्यापक विषय आउँछन् । तर जीवनका कतिपय मोडमा हृदयको तार कुनै अनुभूतिले छुन्छ, जसबाट सूक्तिजस्तो कुनै आहान जन्मन्छ । त्यस आहानको सबैभन्दा प्राकृतिक स्वरूपचाहिं कविता नै हुँदो रहेछ – कथा वा कुनै आख्यान होइन । आनन्दका हिसाबले सिर्जनात्मक लेखन अप्रतीम हो, अतुलनीय हो । यो अजर अमर पनि हुन्छ । लेखकको उच्चतम प्राप्ति पनि सिर्जनाबाटै नापिन्छ । समालोचना एउटा प्राज्ञिक अभ्यास हो, जो अरुका लागि बढी गरिन्छ । त्यो मस्तिष्क विलास हो र यसमा पाठक थोरै  हुन्छन् । यद्यपि यो लेखकको प्राज्ञिक वृत्तिविकास र कृतिको सम्यक मूल्याङ्कनका लागि गरिने कर्म हो । समालोचनाले आत्मिक सन्तुष्टि दिने भनेको त मेरो लागि एक दुर्लभ कुरा हो । तरै पनि गरिन्छ ।

विश्व परिवेशमा हेरै भने  आन्तोन चेखभ, लियो टोल्स्टोय, डीएच लरेन्स, रवीन्द्रनाथ टेगोर, टी.एस. इलियट, एडगार्ड एलेन पो, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ गोपालप्रसाद रिमाल, पारिजात, इन्द्रबहादुर राई, शङ्कर लामिछाने, हरिभक्त कटुवाल...कहाँ अडिए एउटै विधामा ? के यी आत्मविश्वास कम भएका लेखक हुन् ? साँच्चै भन्ने हो भने यिनै लेखक हाम्रा मानक पनि हुन् । क्षमता भएको लेखक छरिन्छ, र जति छरिए पनि उत्कृष्ट रचना लिएर आउँछ । विधा भन्नु स्वरूप हो । लेखनको उत्कर्ष स्वरूपले भन्दा पनि कथ्य र अन्तरवस्तुले निर्धारण गर्ने हो । आश्चर्यको विषय यो छ कि समालोचनालाई साहित्यको अन्य विधाहरू भन्दा बढी हल्ला हुने विधा मानिने गरिन्छ ।

नेपाल साहित्यमा समालोचकहरूको निर्माण, समालोचना र शोध पद्धतिको निर्माण, साहित्यका शिक्षकहरूको विकास, लेखकको मानकीकरण, नेपाली भाषाको मानक स्वरूपको निर्धारण आदि कार्यमा विश्वविद्यालयको ठूलो योगदान छ । तर, केही आयममा विश्वविद्यालय चुकेको पनि छ । पहिलो, नेपाली साहित्यको प्रवद्र्धनको जिम्मा नेपाली विभागलाई लगाएर साहित्यका अन्य विभाग आआफ्नै रुमलोमा अल्झिए । दोस्रो, विश्वविद्यालय अध्ययन र अध्यापनको केन्द्र त भयो, तर साहित्यिक गतिविधि, गोष्ठी, अन्तरसंवाद, साहित्यिक उत्सव, प्रतियोगिता, प्रकाशन आदिको केन्द्र भन्ने बन्न सकेन । पारम्परिक शोध विधिलाई पनि विश्वविद्यालयले आधुनिकीकरण गर्दै त्यसलाई अन्तरविषयक बनाउन सकेन । विश्वविद्यालय प्रशासनको किचलो, अनियमित तालिका, फितलो परीक्षा र परिणाम घोषणा गर्ने प्रणाली, राजनैतिक

Notes

हस्तक्षेप आदिको ग्रहण पनि उत्तिकै छ । यसको छाप अहिले देखिएको छ । विश्वविद्यालयमा साहित्य पढाउने नेपाली, अङ्ग्रेजी वा हिन्दी विभागमा विद्यार्थीको सङ्ख्या घट्दो क्रममा छ । हाम्रो साहित्यको अक्सफोर्ड भन्न मिल्ने नेपाली केन्द्रीय विभागमा विद्यार्थीको सङ्ख्या घटेर लज्जास्पद स्थितिमा पुगेको सत्य हो । साहित्यका यी विभागहरूले आफ्नो गौरवशाली विरासतलाई बचाउन सकेको देखिँदैन ।

साहित्य समृद्ध हुन समालोचनाको पुट बलियो हुनुपर्छ भन्ने मानिन्छ । तर नेपालमा समालोचनाको परम्परा बलियो हुन सकेन । नेपाली समालोचनाको सैद्धान्तिक जग नै कमजोर छ । हामीले प्रयोग गर्ने अधिकांश सिद्धान्त र शैली आयातीत हुन्, जसबाट नेपाली लेखनको सम्यक मूल्याङ्कन सम्भव छैन । हामी नेपाली समालोचकहरू अङ्ग्रेजीलगायतका अन्य विश्वभाषाको बलियो ज्ञान राख्दैछौँ र अनुवादको बाटोबाट विकृत हुँदै छिरेको पद्धति पढ्छन् र व्यवहारमा लान्छौँ । त्यसमा समस्य हुनु स्वाभाविक हो । नेपालमा हामी राजनैतिक आग्रहका आधारमा पनि धेरै नै विभक्त भयौँ, जसको ग्रहण हाम्रो समालोचनामा पनि परेको छ । उता, हामीले लेखेका समालोचना छाप्ने प्रकाशन संस्था वा पत्रिका पनि वैचारिक आग्रहबाट मुक्त छैनन् । यसो हुँदा, समालोचना प्रायोजित जस्तो भएको छ । यी समस्या एकातिर छन् । मेरो लागि त सबैभन्दा विकराल समस्या अर्को छ । त्यो के भने, एकातिर युवा पुस्ता समालोचनाको जोखिम मोल्न इच्छुक देखिदैन भने अर्कोतिर समालोचक बनाउने विश्वविद्यालय लगायतका प्रतिष्ठानको मूल

सुकिरहेको छ । भोलिका दिनमा समालोचक कहाँबाट आउलान् भन्ने पो चिन्ता बढी छ ।

लेखकहरू गम्भीर साहित्य श्रृजना भन्दा पनि बढी प्रचारमुखी भएको आरोप लाग्ने गरेको छ । प्रचारबाजी गरेरै मूलधारमा टिकिने अवस्था आएको हो ? यसमा हामी सहमत पनि छौ । प्रचारबाजीले टिकिदैन । खहरे हो, सुक्छ । पछिल्लो समय म दुई खाले लेखन देखिरहेको छु । पहिलो, बाजरको मागअनुसार लेख्ने । कवितामा नाराबाजी, आख्यानमा प्रेम र यौन । अर्को लेखन राजनैतिक लेखन हो, जसमा अधिकार, प्रतिनिधित्व, मूक्ति, समता अथवा सशक्तिकरणका प्रश्न छन् । तर यो काम, कमजोर भनिएकाहरूका लागि, एलिट वर्गबाट आएका, पढेलेखेका लेखकहरूले आफ्नै भाषामा गरिरहेका छन् । यसले ती सीमान्तकृतहरूलाई न छुन्छ, न दीक्षित गर्छ । किनकि, उनीहरूको कल्पना, क्रेय क्षमता र पुहँचभन्दा माथिको साहित्य लेखिँदै छ उनीहरूको नाममा । यो पनि एक प्रकारको बेइमानी हो । यति भनिरहँदा पनि नेपाली साहित्यको मूल भँगालोलाई बचाइराख्ने केही सम्यक, उच्च कोटीका गम्भीर लेखक छन् । उनीहरूको कलममा नेपाली साहित्य सुरक्षित छ, र विकासोन्मुख छ । यो आनन्दको विषय हो ।

भारतमा नेपाली लेखनको पुरानो विरासत छ । सन् 1992 मा लेखिएको तुलाचन आलेको सवाईसम्म यो पहरो तानिन्छ । हामीले बोलिने भाषाको नाम “नेपाली” भनेर राखिएको भारतमै हो । यता त यसको नाम खासकुरा, पर्वते भाषा, गोर्खा भाषा आदि थियो । नेपाली समालोचनामा लीला लेखन जस्तो मौलिक पद्धति विकास गरेको भारतले हो । नेपालीबाट अङ्ग्रेजी लगायतका युरोपेली

भाषामा अनुवाद गर्ने काम भारतबाटै शुरु गरिएको हो । तेस्रो आयामले कोल्टे फेरेको भारतले हो । जहाँसम्म आजको भारतीय नेपाली लेखनको प्रश्न छ, त्यसलाई विभिन्न प्रयोगहरूका बावजुद एउटा धागोले जोडेको छ । त्यो हो भारतमा नेपालीहरूको अल्पसङ्ख्यक हुनुको जातीय बोध । मणिपुर, असम, मेघालय, सिक्किम, बङ्गाल वा देहरादून, जहाँ हेरे पनि नेपाली पहिचानमाथिको सङ्कट केन्द्रीय विषय हो । यी विषयसँगै स्थानीय समस्यामाथिको चासो उत्तिकै बलियो छ ।

भारतीय नेपाली युवाहरूले नेतृत्व गरेका चिया कविता, सडक कविता, किनारा विमर्श, हस्तक्षेप आन्दोलन आदि साहित्यिक आन्दोलनहरूले आजको मितिमा भारतीय नेपाली साहित्यको प्राणलाई युवामय बनाएको छ । लीलबहादुर क्षेत्री, राजेन्द्र भण्डारी, जस योञ्जन प्यासी, मनप्रसाद सुब्बा, नव सापकोटा आदि वरिष्ठ लेखकहरूको छत्रछाया पाएका भारतीय युवा लेखकहरू कर्मशील र प्रयोगशील पनि उत्तिकै देखिन्छन् । अन्य विधा केहीपछि परेको देखिए पनि कविता र उपन्यासको क्षेत्रमा भारतीय नेपाली साहित्यको आजको विकास लोभलाग्दो छ । नेपाली साहित्य लुकेको छ, एक प्रकारले कहीँ छैन, कतै देखिँदैन भन्दा हुन्छ । माध्यम नपाएर यो अवरुद्ध छ, पोखरीको पानी झैँ । फेरि नेपाली साहित्यको प्राचीनता विहीन छ । प्राचीन साहित्य भण्डार भारतभूमीको (मात्र) हो भन्ने प्रभाव छ । वेद, पुराण, गीता, रामायण, महाभारत कहाँ लेखिए - यो विशाल आर्यभूमिमा अझ उत्तरतिरै लेखिए हुन् । हामीले त्यही आर्य सभ्यता पालन गर्दै आए तापनि, त्यसैको उपासना गर्दै आए तापनि पश्चिमलाई एउटा

गलत ज्ञान पुगेको छ - कालीदास भारतीय थिए, ठूला - ठूला ज्ञान र साहित्यका ग्रन्थ भारतीय थिए ।

वास्तवमा 300 वर्षसम्म पाश्चात्य साम्राज्य भूमिमा परिणत भएको बेला उनीहरू ती रत्नहरू भारतमै फेला पारे । नेपाल अन्धकारमा थियो र हामी छेलियौँ । प्राचीन ऋषिमुनी तपस्वीदेखि लिएर आधुनिक समयसम्म परम्परा थामेर आउने आर्यसभ्यताबाट नेपाल एक्लियो । भूगोलसँगै संस्कृति र सभ्यता दुई थरी भए । नेपाल छेलियो । अङ्ग्रेजीको प्रभावले भारत सर्वत्र प्रचारित र प्रकाशित हुँदै गयो । परन्तु नेपाल झन् गहिरो अँध्यारोमा परेको देखिन्छ । भारत स्वतन्त्र हुने बेलासम्ममा ठूलाठूला विद्वान चिन्तकले त्यस भूमिको ज्ञानलाई विश्वभरि पु¥याए । अघिनै नोबेल पुरस्कार पाइसकेको थियो । तर नेपाल स्वतन्त्र हुँदा विश्वविद्यालयको स्थापना भएकै थिएन । त्यसरी हामी धेरै पछि परेका छौं । त्यसैले हामीले आफ्नो अतीतलाई जोगाउन त्यसलाई प्रकाशित गर्न नसकेकाले, नजानेकाले नेपाली साहित्य अतीतबेगरको भयो । भानुभक्तबाट हिजैमात्र सुरु भएको साहित्यले अन्धकारबाट मुक्ति खोज्दै दुईसय वर्ष बितेका छन् । त्यसैले अन्तर्राष्ट्रिय साहित्यिक इतिहासमा नेपालीको नाम शून्य छ । पचासवर्ष अघि महाकवि देवकोटाले रुसमा पुगेर कार्यपत्र प्रस्तुत गर्दा आफ्नो अतीतको कुनै चर्चा गरेका छैनन् बरु हामी 'शैशवकाल' - मा छौँ भनी दोहोएका छन् ।

विश्व साहित्यमा हाम्रो स्थानको कुरा गर्दा मैले यति बोलेँ । अब 'स्तर' - सँग जोडिएको अर्को प्रश्न छ । त्यसबारे अलिकति बोल्न चाहन्छु । स्तरको कुरा गर्दा विगत पचास वर्षको नेपाली साहित्य विश्वपरिवेशबाट निकै प्रभावित छ । यो नयाँ विरुवा ज्यादै राम्ररी हुर्के-बढेको छ । यो सबै

विधामा विकसित छ । आजको नेपाली साहित्यमा विश्वसँग तुलनीय अनेक विधा छन् - कविता, उपन्यास, नाटक, यात्रा, समालोचना । अन्य साहित्यमा जेजस्तो चेतना, शिल्प र प्रयोग छ, त्यो हाम्रोमा पनि छ तर यसलाई अन्यत्र देखाउन, पुराउन नसक्नु हाम्रै कमजोरी हो । अघि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज मस्को, रुसले गरेको सप्ताहव्यापी साहित्य कार्यक्रममा यही प्रश्न राखिएको थियो । विश्वभरि छरिएका नेपालीलाई यो प्रश्नको महत्व छ । त्यसमा जिज्ञासा पनि रहन्छ - हामी कहाँ पुगेछौँ, अरु समक्ष कसरी प्रस्तुत हुने, अरूलाई के भन्ने, अरूले कहाँ देख्ता हुन् ? यस्ता कुरा आइरहन्छन् । अहिले नयाँ समयले छोपेर ल्यएकाले नेपाली वाङ्मयमाथि धेरै जिम्मेदारी एकैचोटि थपिएको छ । यसको सङ्ख्यात्मक एवं गुणात्मक संवद्र्धनको कुरा छ, यसलाई विश्व साहित्यमा टेकाउनु छ, लेखाउनु छ ।

नेपाली भाषाको जीवन झन्डै हजार वर्ष लामो भए तापनि यसको साहित्यिक स्वरूपले आकार लिन थालेको भर्खरै हो । यसका कथा, निवन्ध, उपन्यास, नाटक सबै विधाले यतिखेर शतवार्षिकी मनाउदै छन् भने महाकाव्य, समालोचना जस्ता कति हा“गाले अझ पछि आकार लिएका हुन्; तिनीहरूको पालो आएकै छैन । आज हामी नेपाली साहित्यलाई विश्वको मानचित्रमा कसरी, कहा“नेर देखाउन सकिएला भन्ने चिन्तामा छौ। यति नयाँ, यति कलिलो, भर्खरै थिगिरी गर्न थालेको नानी । अङ्ग्रेजी, फ्रेन्च, जर्मन, रसियन, चिनियाँ, अरबी जस्ता भाषाका साहित्यले झन्डै सहस्राब्दी लामो जीवन भोगिसके । ती झन्झन् दीर्घजीवनको यात्रामा छन् । जर्मनीमा गुटेन्बर्गको प्रिन्टिङ प्रेस आउनुभन्दा सयौ वर्षअघि अङ्ग्रेजी साहित्यले मानक पथ पक्रिसकेको थियो । हाम्रो भने एक सयौँ वर्ष कान्छो र कलिलो । कसरी भर्खर

थिगिरी गर्न थालेकी नानीलाई उता विश्वदौड प्रतियोगितामा पठाउनु, कसरी तिमीले ओलम्पिकमा भाग लेऊ भन्नु, आज हामी धर्मसङ्कटमा छौं । अब नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय आगनमा पराउन ढिला हुन थालिसकेको छ । परिणामस्वरूप विश्वको समकालीन लेखन (कन्टेम्पोररि राइटिङ) - को चर्चा गर्दा अनेक भाषा र साहित्यको नाम आउ"छ, नेपाल र नेपालीको आउ"दैन ।

विश्व समक्ष हामी परिचयहीन छौ, अपरिचयमै आफैभित्र रमाएर बाँचेका छौ; कसैले नसुनी, नदेखी, नमानी; यो ठूलो दुखको कुरा हो । शरमलाग्दो पनि । वर्तमान नेपाली साहित्यले अकल्पनीय फडका मारेको छ । यसले अनेक प्रयोगमा भाग लिएको छ, आविष्कार गरेको छ, टड्कारो मौलिक मार्ग खनिसकेको छ । हामीस"ग विचारमा, शैलीमा, सिर्जनाको शक्तिमा खारिएका आख्यान छन्, निबन्ध, काव्य, कविता, नाटक र समालोचना छन् । ती कुनै पनि उन्नत साहित्यका स्वरूपसँग, शैली र विषयवस्तुसँग तुलनीय छन् , अब सिर्जनाका सबै विधा र उपविधा सम्पन्न भइसकेका छन् । साहित्यलाई सम्बलित गर्ने साहित्येतर लेखनका विधा र प्रकृतिका लेखनहरू पर्याप्त छन् । भाषा, संस्कृति, समाजशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, इतिहास जस्ता विषयमा नेपाली माध्यम नै प्रवल भएको छ; दर्शन, भाषाविज्ञान जस्ता विषय लेख्न पनि नेपालीकै प्रयोग हुन थालेको छ । त्यहाँ पुग्नको लागि केवल चारवटा प्रवेशमार्ग छन् ।

(क) नयाँ माध्यमको प्रयोगले साहित्य परिचय,

(ख) अनुवादले आदान प्रदान,

(ग) भिन्न मूलधारको सम्वद्र्धन र

(घ) अन्तर्सञ्जालले व्यापक विस्तार ।

ज्ञान र विज्ञानले साहित्य बन्दैन । लेखकसँग भन्नुपर्ने कुरा भएर मात्र हुँदैन । साहित्य कुण्ठा र गन्थन नभएर यथार्थको कलात्मक अभिव्यजना हो । पुनर्सिर्जन हो । कोरा यथार्थलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नका निम्ति लेखकसँग गहिरो जीवनदृष्टि र संवेदनाको विपूल भण्डार चाहिन्छ । विशाल शब्दभण्डार, विषयको गहिरो ज्ञान र सत्यनिष्ट कलादृष्टिको अभावमा लेखक यथार्थको प्रतिबिम्बनमा चिप्लिन सक्छ । समालोचकको काम यसरी चिप्लिने लेखक कलाकारलाई बचाउने हो । उनको लेखनप्रतिको आशक्ति र जिम्मेबारीबोधलाई अझै अगाडि बढ्न गति र दिशा दिने हो । नवोदित लेखक होस् अथवा स्थापित उसले सिर्जनामा यथार्थको चित्रण कलात्मक ढङ्गले गरेको छ कि छैन खोजी गर्ने हो । अति भावुकता वा विषयप्रतिको छिपछिपे अध्ययनले कलादृष्टि र सौन्दर्य चेतमा पर्न गएको क्षतिलाई मार्गनिर्देश गर्नु हो ।

व्यवहारमा भने त्यस्तो देखिन्न । समालोचकबाट गरिएको समालोचना वा समीक्षामा व्यक्त आलोचनात्मक टिप्पणीले आफ्नो स्वाभिमानमा चोट पुर्याएको सोच्छन् लेखकहरू । हुन त नेपालका कतिपय समालोचकको काम कृतिका कमजोर पक्षलाई मात्रै उदिङ्ग्याउनु र त्यसैको आधारमा लेखकको छाला काड्नु रहेको छ । कृतिको समग्र अध्ययन र विश्लेषण गर्दा कृतिका सकारात्मक र नकारात्मक दुबै पक्ष आउँछन् । आउनु पर्छ । कृतिको साङ्गोपाङ्गो अध्ययनको आधारमा गरिने आलोचनाले सञ्जिवनीको काम गर्छ । समालोचकले आलोचना गर्दैमा लेखक आत्तिइहाल्नु पर्ने कारण म देख्दिन । ल एकछिनलाई मानौँ गलत समालोचकका हातमा परेर कृतिको अवमूल्यन भयो रे के ! समालोचक मात्र अन्तिम सत्य हो र !? अन्तिम सत्य त पाठक हो । पाठकले गर्छ लेखकको सही मूल्याङ्कन । तर बुझ्नुपर्ने कुरा के हो भने समालोचकले

कृतिको आलोचना मात्र गरेको हुन्न सँगसँगै पाठकसँग साक्षात्कार पनि गरेको हुन्छ । समालोचकले कृति र कृतिकारको पूर्वाग्रही भएर आलोचना गर्दैमा उसले धर पाउँदैन । समालोचनालाई पाठकले पनि अध्ययन गरिरहेको हुन्छ भन्ने कुरा समालोचकले भुल्नुहुन्न । उसले आफू पनि रचनाकार र पाठकसँगको अन्तक्र्रियामा सामेल भएको छु भन्ने कुरा कदापि बिर्सनुहुन्न ।

मेनेजर पाण्डेले **आलोचनामा सहमति - असहमति** नामक कृतिमा यसो भनेका छन् - 'आलोचक एकैसाथ रचनासँग, रचनाकारसँग र पठकहरूसँग संवाद गर्छ ।' रचनाकार र पाठक केही पनि हैन भन्ने समालोचक जड र एकाङ्गी हुन पुग्छ । कहिलेकाहीँ यस्तो अवस्था पनि आउँछ कि समालोचकले झुर भनेको कृति पाठकको नजरमा सुन्दर निस्कन पुग्छ । नेपाली समालोचना विधा अहिले 'छैन बराबर' - को स्थितिमा छ । साठीको दशक नेपाली कला साहित्यको उर्वर दशक हो । यही दशकमा उत्पीडनमा परेका जाति - जनजाति, दलित, महिला र सीमान्तकृत वर्गले कला साहित्यमा आफ्नो अनुहार खोज्न थालेको हो । आफ्नो कथा अरूले हैन आफूले नै लेख्नुपर्छ भन्ने सोचका साथ ठूलो युवापङ्क्ति सिर्जनकर्ममा लागेको समय हो । सिर्जनाको बाढी आए पनि यो समयमा समालोचना भने शून्यप्रायः रह्यो । यस्तो अनुकूल र परिवर्तित समयमा पनि समालोचना किन टाक्सिँदै गएको होला ? किन नेपाली समालोचकहरूमा उत्साह र सिर्जनशीलता मर्दै गएको होला ? प्रश्न गम्भीर छ । हुन त यसो भन्दा डाक्टर सा'बहरू रिसाउने छन् । तर उनले के बुझ्नुपर्छ भने प्रमोशनका लागि लेखिएका टिपोटहरू समालोचना किमार्थ हुन सक्दैनन् ।

नेपाली समालोचना यसरी टाक्सिनुको कारण के होला ? किन नेपाली स्रष्टा र द्रस्टाहरू समालोचनादेखि भाग्दै छन् ? इतिहासको

Notes

चौघेरामा यस्ता अनुत्तरित प्रश्नद्वारा हामी घेरिएका छौँ । हामी सर्जक पनि आफ्नो मृत्युगीतलाई नै सुमधुर सङ्गीत सम्झिएर रमाएका छौँ । हामीले बुझ्नुपर्छ कि समालोचनाविनाको सिर्जनकर्म अपुरो र एकलकाँटे हुन्छ । जहाँ समालोचना फस्टाउँदैन त्यहाँ कलासिर्जना पनि हुर्किदैन । सामालोचना त पाइन हो । पाइनविनाको तरबार जसरी भुत्ते बन्छ त्यस्तै हो समालोचना । समालोचना यसरी खस्किदै जानुको मुख्य कारण हो गुट र उपगुटको बारभित्र लगेर समालोचनालाई बन्देज गर्नु । कृति र सर्जकका बारेमा निर्भीकतापूर्वक बोल्न नसक्नेले कसरी समालोचना गर्ला ! जहाँ वैचारिक पक्षधरता, समुदायगत सामीप्यता र गुटगत साइनोका आधारमा कृतिको मूल्याङ्कन गरिन्छ त्यहाँ हामी समालोचना हैन स्तुतिगान लेखिरहेका हुन्छौँ । विचार, राजनीति र दृष्टिकोण आफ्नो ठाउँमा छ । कला पनि आफ्नो ठाउँमा छ । यी आपसमा स्वतन्त्र हुँदाहुँदै पनि सँगसँगै यात्रारत छन् । न विचारविना कला बाँच्छ न दृष्टिकोणविनाको कलाको ओज हुन्छ । यति हुँदाहुँदै पनि विचार र दृष्टिकोणका आधारमा कलाको मूल्यनिर्धारण गर्नु भनेको कलाको मर्मलाई नकार्नु हो । 'केही मानिस व्यक्तिगत राग - द्वेषका कारण सिर्जना र सर्जकको कहिले अतिरञ्जित प्रशंसा गर्छन् भने कहिले रक्तरञ्जित निन्दा ।' यो समालोचना नभएर प्रशस्ती र निन्दा दुबै हो । अतिशय प्रशंसाले समालोचना भुत्ते हुन्छ भने निन्दाले लेखकीय आन्दोलन कमजोर हुन पुग्छ । भुत्ते तरबारको काम हुन्न । यसतर्फ लेखक र सामालोचक दुबैले ध्यान दिनुपर्छ ।

## 1.6 उपसंहार

कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताताको विवेचनलाई समालोचना (Criticism) भनिन्छ । साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ । **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ । समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । यसलाई कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ । समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।

कुनै कृतिको सम्यक् समालोचना गर्नु निश्चय नै बडो गाह्रो काम हो । समालोचकले स्वविवेक र तटस्थताको मर्यादा सदैव पालन गर्नुपर्छ । उसले यस्तो मध्यम मार्ग अपनाएर समालोचना गर्नुपर्छ कि पाठकलाई विश्वास होस् कि कृतिको यथार्थ चित्रण गर्न ऊ पूर्णरूपमा सफल भएको छ । यस काममा हुने उसको सानोभन्दा सानो त्रुटिले अर्थको अनर्थ गरिदिनेछ । समालोचना किन लेखिए वा केका लागि लेखिए वा किन लेखिन्छन् भन्ने तर्क र परिभाषा विभिन्न कालमा विभिन्न विद्वानहरूले आ - आफ्नै ढङ्गले गर्दै आएका छन् । मान्छेका चेतना, भाव, सोच, विचार, कार्य, समाज, व्यवहारजस्ता यावत् कुरालाई सोच्दा पनि विन्दुको खोजी गर्नुपर्ने हुन्छ ।

**समालोचना**को शाब्दिक अर्थ हुन्छ -'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु ,

विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । सामान्य अर्थमा समालोचनाको अर्थ हो गडेर हेर्नु । समालोचना -'लुच' धातुले बनेको छ, जसको अर्थ होहेर्नु । समालोचना - अन्तर्गत आलोचना, समीक्षा, टीका - टिप्पणी, मीमांसा, विवेचना, पर्यालोचन, अनुशीलन, परिशीलन आदि अनेक शब्दहरूको प्रयोग गरिन्छ । सूक्ष्म रूपमा यस्ता शब्दहरूका आ - आफ्ना विशिष्ट अर्थ रहे तापनि स्थूलरूपमा भने यस्ता शब्दहरूलाई पर्यायवाची मान्न सकिन्छ । समालोचना कृति र कृतिकारको गुण - दोषको छुट्याउका निम्ति लेखिन्छ वा आत्मशान्तिका लागि लेखिन्छ भने कस्तो नकारात्मक कि सकारात्मक । पूर्णरूपले कुनै वस्तु वा विषय विशेषको देखरेख, विवेचना, विचार - विमर्श गर्नु समालोचना शब्दसित अभीष्ट छ ।

## 1.7 सार

यस प्रखण्डमा समालोचनाको अर्थ, परिभाषा, स्वरूप, विशेषता र वर्तमान अवस्थाबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ समालोचना साहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले साहित्यिक विधाले कृतिको गुण र दोष छुट्याउँनका अतिरिक्त कृति र लेखकको महत्व, मूल्य र महिमाको पनि गुणगान गाउँदछ।
- ❖ विशेष पाश्चात्य समालोचना साहित्यको उद्भव ईसाको आठौं शताब्दीदेखि भएको पाइन्छ । पूर्वमा भरतमुनिलाई माने जस्तै पाश्चात्य साहित्य सिद्धान्तमा होमर र हेसिओडलाई यसको प्रारम्भिक बिन्दु मानिने गरिनन्छ ।

- ❖ भाषा, साहित्य, भावको सम्यक् ज्ञान प्राप्त नभएसम्म कसैले पनि कुनै विषयको ठीक - ठीक आलोचना गर्नसक्दैन ।
- ❖ भनिन्छ कि आलोचक तरबारको धारमा हिड्नुपर्छ । उसले कठोर कर्तव्यको निर्वाह गर्नुपर्छ ।
- ❖ निष्पक्ष भएर निणर्नाकको कर्तव्य पालन गर्नु उसको धर्म हो । उसले हाँसको झै नीर - क्षीर विवेचन गर्नुपर्छ ।
- ❖ समालोचक एउटा निणर्नायक हो, जसले निष्पक्ष न्यायाधीशका रूपमा आफ्नो निर्णय सुनाउनुपर्छ । उसलै कुनै पुस्तक अथवा कविको आलोचना गर्दा व्यक्तिगत सम्बन्धप्रति ध्यान दिनु हुँदैन।
- ❖ आलोचक भनेको एउटा कसी हो, जसमा सुनलाई घोटेर त्यो शुद्ध वा अशुद्ध के छ, त्यसको निर्णय गर्नुपर्छ । उसले काव्यको राम्रो पक्षको प्रशंसा गर्नुपर्छ ।
- ❖ समालोचनाले नै मात्र साहित्य समृद्ध हुने त होइन तर साहित्यलाई तिखार्न समालोचनाको सहयोग अपरिहार्य छ । तर समालोचनाको तुलनामा साहित्य लेखन सम्पन्न छ र यो स्वाभाविक पनि हो ।
- ❖ समालोचना गर्न लामो समय र गहन पठनको आवश्यकता हुन्छ । जसरी दीर्घ साधना सिर्जनाका लागि आवश्यक छ, त्यसरी नै समालोचनामा पनि खोज र अनुसन्धान आवश्यक छ ।

यस प्रखण्डको अध्ययनले **समालोचनाको अर्थ, परिभाषा, स्वरूप, विशेषता र वर्तमान अवस्था**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त समालोचनाको सैद्धान्तिक परिचय र यस समालोचनाको स्वरूप, विशेषता सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 1.8 अनुशीलनी

1. समालोचनाको उद्भवबारे चर्चा गर्दै यसको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. समालोचनाको अर्थलाई केलाउँदै यसको परिभाषाबारे पाश्चात्य र पूर्वीय आचार्यहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. साहित्यमा समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

4. पूर्वीय समालोचना साहित्यको प्रमुख समीक्षकहरूबारे विवेचना गर्नुहोस् ।

5. समालोचनाप्रतिको पाश्चात्य विद्वानहरूका मतबारे आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

6. समालोचनालाई किन जोख्ने तराजु जस्तै मानिन्छ ? आफ्नो तर्क दिनुहोस् ।

7. समालोचनाको साहित्यको के कस्तो प्रभाव परेको मानिन्छ ? चर्चा गर्नुहोस्।

८. समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस्।

9. समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस्।

10. समालोचना साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस्।

## 1.9 अतिरिक्त अध्ययन

- सिग्देल, सोमनाथ - **साहित्य प्रदीप** ।
- उपाध्याय, डा. केशवप्रसाद - **साहित्य प्रकाश** ।
- हिमांशु , राजुप्रधान - **साहित्य परिचय** ।

- ❖ उपाध्याय, डा. केशवप्रसाद - **पूर्वीय काव्य सिद्धान्त**।
- ❖ तिवारी, डा. रामचन्द्र - **भारतीय व पाश्चात्य काव्यशास्त्र तथा हिन्दी आलोचना** ।
- ❖ चैहान, शिवदान सिंह - **आलोचना के सिद्धान्त** ।
- ❖ प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।
- ❖ मिश्र, सभापति - **साहित्यशास्त्र और हिंदी आलोचना ।**
- ❖ सत्येंद्र सिंह, प्रकाश उदय र दुर्गा प्रसाद ओझा - **साहित्यशास्त्र और हिंदी आलोचना** ।
- ❖ गुरिन र अन्य - **ए हेन्डवुक अफ क्रिटिकल एप्रोचेस टु लिटरेचर ।**
- ❖ तिलक, रघुकुल - **हिस्ट्री एन्ड पि्रन्सिपल्स अफ लिटरेरी क्रिटिसिज्म**।
- ❖ प्रधान, कृष्णचन्द्रसिंह - **साझा समालोचना** ।
- ❖ मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।
- ❖ विम्सेट र ब्रुक्स - **लिटरेरी फिटिसिज्म ए सर्ट हिस्ट्री** ।
- ❖ शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।


यस अतिरिक्त **समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 1.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको अर्थ र परिभाषा ।

Notes

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न १ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.३ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. समालोचनाको स्वरूप ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न २ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.४ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. समालोचनाको विशेषता ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न ३ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.५ को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. समालोचनाको वर्तमान अवस्था ।

....................................................................................

....................................................................................

....................................................................................

**(प्रश्न ४ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.६ खण्ड अन्तर्गत उत्तर खोज्न सक्नेछन् )**

5. समालोचनाका आवश्यक घटकहरू।

.....................................................................................

.....................................................................................

.....................................................................................

**(प्रश्न ५ को मूल्यबृद्धिको निम्ति विद्यार्थीले १.६ अन्तर्गत नै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 2, नेपाली साहित्यमा समालोचनाको थालनी रविकास

**संरचना**

2.0 उद्‌देश्य

2.1 परिचय

2.2 समालोचनाको अवधारणा

2.3 नेपाली साहित्यमा समालोचनाको थालनी र विकास

2.3.1 पहिलो चरण

2.3.2 दोस्रो चरण

2.3.3 तेस्रो चरण

2.3.4 चौँथो चरण

2.4 उपसंहार

2.5 सार

2.6 अनुशीलनी

2.7 अतिरिक्त अध्ययन

2.8 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 2.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समालोचनाको सामान्य परिचय
- समालोचनाको अवधारणा
- नेपाली साहित्यमा समालोचनाको थालनी र विकास

- पहिलो चरण
- दोस्रो चरण
- तेस्रो चरण
- चौंथो चरण

## 2.1 परिचय

नेपाली साहित्यको इतिहासमा समालोचनाको छुट्टै अस्तित्व रहको छ । सैदान्तिक समालोचना र प्रायोगिक समालोचनाको पनि आ - आफ्नै वैशिष्ट्य छन् । नेपाली समालोचनाको विकासक्रमलाई चार चरणमा विभाजन गरिएको पाइन्छ, जसअनुसार पहिलो चरण (वि. सं. 1948देखि वि. सं. 1998सम्म) माध्मिक काल अन्तर्गत पर्दछ भने दोस्रो चरण (वि. सं. 1999 देखि वि. सं. 2006 सम्म), तेस्रो चरण (वि. सं. 2007 देखि वि. सं. 2024 सम्म) र चौथो चरण (वि. सं. 2025 देखि यता) आधुनिक काल अन्तर्गत पर्दछन् । यसरी हेर्दा विक्रम सम्वत् 1999 बाट नेपाली समालोचनाको आधुनिक काल प्रारम्भ भएको देखिन्छ ।

समालोचक रामकृष्ण शर्मा , यदुनाथ खनाल जस्ता सशक्त समालोचकहरूका समालोचना संगै प्रारम्भ भएको आधुनिक कालको यस दोस्रो चरणमा पूर्वीय र पाश्चात्य दुबै साहित्यशास्त्रमा समालोचना भएका पाइन्छन् । यस चरणका अन्य समालोचकहरूमा बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान र रत्नध्वज जोशी उल्लेख्य देखिन्छन् । यस चरणका समालोचनाहरू अतिशय प्रभावपरक, प्रशंसापरक, जीवनीपरक, बौद्धिक र विश्लेषणात्मक रहेका पाइन्छन् । यो चरण सैद्धान्तिक, विधापरक, तुलनात्मक, अन्वेषणात्मक, ऐतिहासिक, निर्णयात्मक, प्रगतिमूलक समालोचना निर्माणमा विशेष उर्वर रहेको पाइन्छ ।

**कवि भानुभक्त आचार्यको जीवन चरित्र** नामक मोतीराम भट्टद्वारा लिखित एवं प्रकाशित कृतिबाट द्वार खोलिएको समालोचनाले वि. सं. 1948देखि थालेको विकासक्रमको यात्रामा आजसम्म (वि. सं. 2076 सम्म) 128वर्ष पूरा गरिसकेको भए पनि नेपाली साहित्यको विचारमध्ये सबैभन्दा कान्छो विधा मानिन्छ - समालोचनालाई। नेपाली समालोचना साहित्यको विकासक्रमका चरण विभाजन, नेपाली साहित्यको काल विभाजनमा मतैक्य नदेखिएझैं नभए तापनि केही मत भिन्न त रहेकै देखिन्छ।

## 2.2 समालोचनाको अवधारणा

कुनै वस्तुलाई त्यसको चारैतिरबाट हेरेर त्यसको गुणदोष छुट्याउने काम भन्ने अर्थ बुझाउने **समालोचना** शब्द संस्कृतबाट आएर नेपालीमा प्रचलित भएको तत्सम वर्गको शब्द हो। यो शब्द पाँचवटा शब्दांशहरू हुने सम् + अन् + लोत् + आ + ना बाट बनिएको पाइन्छ । जहिलेदेखि यस जगतमा मानिसको विकास हुँदैआएको छ, केही न केही कार्य अवश्य गर्दै आइरहेकै छन्। त्यही कार्य तथा यस जीवन जगतका वस्तुको गुण दोष देखाउने र छुट्याउने काम पनि भइरहेछ। जब कुनै कार्य हुन्छ त्यसको मूल्याङ्कन पनि अवश्य हुन्छ । अत: समालोचनाले त्यही राम्रो - नराम्रो पक्षलाई केलाउने कार्य गर्दछ । यसले कुनै कृति र कृतिकार दुवैको गुण - दोषको मूल्याङ्कन, विवेचना गर्ने गर्दछ । "समीक्षा' विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ ।

समीक्षा, विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्‌ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ । समालोचनालाई साहित्य जगतको सक्रिय निर्माण गर्ने विधा मानिन्छ । साहित्य समृद्‌ध हुन समालोचनाको पुट बलियो हुनुपर्छ भन्ने मानिन्छ । तर नेपालमा समालोचनाको परम्परा बलियो हुन किन सकेन ? साहित्यमाथिको अध्ययन र चिन्नतको परम्परा पूर्व र पश्चिममा निकै लामो छ । त्यसैले तिनका साहित्य पनि समृद्‌ध छन् । नेपाली साहित्य सुरु भएकै पो कति भएको छ र ? यसमा पनि चिन्तनको परम्परा भर्खरै विकसित हुँदै छ । समालोचनाले नै मात्र साहित्य समृद्‌ध हुने त होइन तर साहित्यलाई तिखार्न समालोचनाको सहयोग अपरिहार्य छ । तर समालोचनाको तुलनामा साहित्य लेखन सम्पन्न छ र यो स्वाभाविक पनि हो । समालोचना गर्न लामो समय र गहन पठनको आवश्यकता हुन्छ । जसरी दीर्घ साधना सिर्जनाका लागि आवश्यक छ, त्यसरी नै समालोचनामा पनि खोज र अनुसन्धान आवश्यक छ ।

गहन चिन्तन गर्ने र नेपालीको सौन्दर्यशास्त्रको निर्माण गर्ने काम गरेर मात्र समालोचनाको नयाँ विमर्श निर्माण हुने कुरा पनि उत्तिकै सत्य हो । आज पारिजात, देवकोटा, लेखनाथ आदिका वा त्यो युगको अध्ययन बढी हुनुले यो कुरालाई पुष्टि गर्दछ । तापनि हामीले अझै तिनले निर्माण गरेको सौन्दर्य चिन्तनका बारेमा अध्ययन गर्न भने अझ पछि नै छौं । हामीकहाँ बौद्‌धिक

अभ्यासको लामो परम्पराको अभाव छ । आधुनिक समालोचनाको शुरुवात भएको नै धेरै भएको छैन । त्यति हुँदाहुँदै पनि समालोचनाले आकार ग्रहण गरेको छ र यो क्रमशः बलियो पनि हुँदैछ । रामकृष्ण शर्माबाट वासुदेव त्रिपाठीसम्म आइपुग्दा यसको आधार तयार भएको छ र यो विकसित पनि हुँदैछ । नयाँ पुस्ता पनि यसमा लागेका छन् भने पत्रपत्रिकाको विकासले यसमा गति थप्ने काम गरेको छ । त्यसैले समालोचनाको परम्परा क्रमशः बलियो हुने क्रममा छ ।

हामीकहाँ विश्व विद्यालयसँग जोडिएका व्यक्तिहरूले गर्ने समालोचना पुरातन र एउटा निश्चित ढाँचाबाट बाहिर आउन नसकेको र कर्मकाण्डी किसिमको भएको आरोप छ । साहित्यमा नयाँ ज्ञान निर्माण गर्ने काम प्राध्यापकले नै गरेका छन् र विश्वविद्यालय ज्ञाननिर्माणका केन्द्र बनेका छन् । विश्वका स्थापित चिन्तक र सिद्धान्तकारहरू डेरिडा, फुको, ल्योटार्ड, फुकियामा जस्ता व्यक्ति प्राध्यापक नै हुन् । प्राध्यापकले बुद्धि निर्माणमा महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । नेपाली साहित्यमा पनि धेरै समालोचना विश्व विद्यालयसँग जोडिएका व्यक्तिहरूबाटै त भएका छन् । तर आज भाषा साहित्यका क्षेत्रमा हाम्रो विश्वविद्यालयको गतिविधि हेर्दा नाजुक नै लाग्छ । प्राध्यापकलाई अध्ययन गर्ने एउटा कोठा त के, अलग टेबुल कुर्सीको पनि व्यवस्थासम्म भएको देखिन्न । अपडेटेड र व्यवस्थित लाइब्रेरी त परको कुरा । अनुसन्धानको थलोमा अनुसन्धान र लेखनको सकारात्मक वातावरण नहुनु एउटा प्रमुख समस्या हो ।

पुरातन र कर्मकाण्डी भनेर त्यस्ता शोधपरक समालोचनालाई आरोप लगाइएकोहो भने तिनको त आफ्नै ढाँचा हुन्छ । त्यही हो कि तिनमा विश्लेमषणात्मक गहिराइ, नयाँ ज्ञान र 'स्व' को निर्मिति थपिनु आवश्यक छ । खोज र अनुसन्धानले नै समालोचनाको भाषा र शैली बनाउने हुँदा प्राध्यापक नै साँचो शोधकर्ता हुन् र तिनले नै समालोचनाको सही बाटो बनाउन समालोचनाबाट कृतिको मूल्यनिर्धारण गर्न सक्छन् भन्ने मलाई लाग्छ । समालोचना जस्तो फराकिलो विधालाई कृति समीक्षामै सीमित गरिदिनु राम्रो होइन । यसो गरे नेपाली भाषा साहित्यको वैचारिक विश्लेषण हुन सक्दैन । हुन त कृति समीक्षामा मात्र समालोचना समेटिएको छैन । समालोचनाका कामहरू भइरहेका छन् । समालोचनाको गहन पठनको पहिलो प्रयास कृति समीक्षा हो । त्यसपछि बिस्तारै समालोचनाका तहमा काम हुन थाल्छ । नेपाली भाषा साहित्यको वैचारिक विश्लेषण भइरहेको छ, म आशावादी छु ।यसका लागि साहित्य सिध्दान्तका आलोकमा समालोचना हुनु जरूरी छ । हामीकहाँ सिध्दान्तको बोध नगरीसमालोचना गर्दा पनि यो अवस्था सिर्जना भएको हो । तर यो अवस्थामा क्रमशः सुधार आएको छ र पछिल्लो चरणमा यस्ता खाले समालोचनाले आकार लिन थालेका छन् ।

पश्चिमी देशहरूमा सत्तरी र असीका दशकमा नै बहस भएका वातावरणीय अध्ययन, सांस्कृतिक अध्ययन, अपाङ्गता अध्ययन जस्ता समालोचकीय दृष्टिहरू नेपालमा अझै पनि फाट्टफुट्ट विश्वविद्यालयको थेसिस लेखनमा मात्र सीमित छन् । आम समालोचनाको व्यवहारमा तिनको स्पेश भएको देखिन्न । यसो हुनु

Notes

पहिलो कुरा त तिनका बारेमा अध्ययन र बहसको कमी नै छ । बल्लतल्ल विश्वविद्यालयका कक्षा कोठामा ती सिद्धान्तका बारेमा अध्ययन अध्यापन भइरहेका छन् । त्यहींबाट चेतनाको विकास हुँदै आउने हो । यस्तो अध्ययनका लागि नेपालीमा बिस्तारै सिद्धान्तका व्याख्या भइरहेका छन् । त्यसप्रतिको सामाजिक सचेतता बढ्दो भएको हुनाले सिर्जना पनि तिनै विषयलाई केन्द्र बनाएर लेखिएका छन् । त्यस्ता विषयमा केन्द्रित भई सिर्जना लेखिए पनि समालोचना पहिले नै नलेखिनु चाहिँ अध्ययनको नै कमी हो ।

कुनै पनि व्यक्तिलाई सिर्जना गर्न वा समालोचना लेख्ने स्वतन्त्रता छ नि । उसलाई जे इच्छा लाग्छ, गर्न सक्छ । यो त हाम्रो सिर्जनाको शक्ति हो । जसले समालोचनाबाट सिर्जनामा हात हाल्छ उसले सिर्जनाको शक्ति बुझेको हुनुपर्छ । अनि जसले सिर्जनाबाट समालोचक पनि हुन्छु भन्छ, उसले सिर्जनाको मूल्य खोज्न र नयाँ विषयमा अध्ययन गर्न प्रयास गरेको हुनुपर्छ । म त यसलाई लेखकीय स्वतन्त्रता भन्छु है । कुरा रह्यो सेलिब्रेटीको । आजको समयमा सबै नै सेलिब्रेटी होइनन् र ! सबैमा कुनै न कुनै प्रतिभा र क्षमता हुन्छ भन्ने कुरामा हामी विश्वास गर्छौं भने त जो जुन विधामा लागे पनि खुशीको कुरा हो नि । को कता गएर कुन विधा समाउने भन्ने कुरा परिस्थितिले पनि निर्धारण गर्छ । समालोचना गर्ने बाध्यात्मक परिवेश र स्वतन्त्र रहर दुवै छ ।

## 2.3 नेपाली साहित्यमा समालोचनाको थालनी र विकास

नेपाली साहित्यका माध्यमिक काल वि. सं. 1940 - 1974 मा आएर मात्र नेपाली समालोचनाका विकासक्रमको थालनी वि. सं. 1948मा दरबार हाई स्कूलमा कक्षा दशमा अध्ययनरत मोतीराम भट्टद्वारा लिखित भानुभक्तसम्बन्धी जीवनी पुस्तकबाट भएको थाहा लाग्छ। मोतीराम भट्टको त्यही जीवनीदेखि नै नेपाली साहित्यका समालोचनाको प्रारम्भिक प्रयास प्रकट भएको समालोचक नरेन्द्रराज प्रसाईले बताएका छन् ।

**कवि भानुभक्त आचार्यको जीवन चरित्र** नामक मोतीराम भट्टद्वारा लिखित एवं प्रकाशित कृतिबाट द्वार खोलिएको समालोचनाले वि. सं. 1948देखि थालेको विकासक्रमको यात्रामा आजसम्म (वि. सं. 2076 सम्म) 128वर्ष पूरा गरिसकेको भए पनि नेपाली साहित्यको विचारमध्ये सबैभन्दा कान्छो विधा मानिन्छ - समालोचनालाई। नेपाली समालोचना साहित्यको विकासक्रमका चरण विभाजन, नेपाली साहित्यको काल विभाजनमा मतैक्य नदेखिएझैं नभए तापनि केही मत भिन्न त रहेकै देखिन्छ। तथापि, समालोचनालाई चार चरणमा विभाजन गरेको पाइन्छ जो निम्नानुसार छ :-

डा. शान्ति छेत्रीले आफ्नो ग्रन्थ **नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान**मा समालोचनाको विकासक्रमलाई चार चरणमा यसरी विभाजन गरेको पाइन्छ -

(क) पहिलो चरण सं 1948 देखि 1998 सम्म

(ख) दोस्रो चरण सं 1999 देखि 2007 सम्म

(ग) तेस्रो चरण सं 2008 देखि 2019 सम्म र

(घ) चौथो चरण सं 2020 देखि हालसम्म।

यसरी डा. शान्ति छेत्रीअनुसार विभाजित चार चरणमा हामी ढुक्कै बस्न पनि सक्दैनौं। त्यसर्थ अर्कोतिर नरेन्द्रराज प्रसाईलाई सं 2000 मा प्रकाशित आफ्नो ग्रन्थ **नेपाली साहित्यका समालोचक र समालोचना**मा हेर्दा डा. शान्ति छेत्रीसँग मतैक्य देखिँदैन। श्री प्रसाईंअनुसार विभाजित चार चरण यस प्रकार छ -

(क) पहिलो चरण वि. सं. 1948 देखि 1998 सम्म

(ख) दोस्रो चरण 1999 देखि 2005 सम्म

(ग) तेस्रो चरण वि. सं. 2006 देखि 2024 सम्म र

(घ) चौथो चरण वि. सं. 2025 देखि हालसम्म।

समालोचनाको चरण विभाजनमा डा. शान्ति छेत्री र नरेन्द्रराज प्रसाईलाई पहिलो चरणमा मात्रै एकमत पाइन्छ। यता नरेन्द्रराज प्रसाईको सोही ग्रन्थको भूमिकामा महादेव अवस्थीलाई पनि श्री प्रसाईंसँग नै मत भिन्नमा रहेको भेटिन्छ। महादेव अवस्थी अनुसार विभाजित समालोचनाको विकासक्रम चरण यस प्रकार पाइन्छ -

(क) प्रथम चरण वि. सं. 1948 देखि 1998 सम्म

(ख) दोस्रो चरण वि. सं. 1999 देखि 2005 सम्म

(ग) तेस्रो चरण वि. सं. 2006 देखि 2022 सम्म र

(घ) चौथो चरण 2023 देखि हालसम्म।

यसरी भिन्न भिन्नै विद्वानहरूका भिन्न भिन्नै चरण विभाजित मत पाइए तापिन समालोचनाको विकासक्रमको आरम्भ गर्न मोतीराम भट्टबाट भएको कुरा नकार्न कसैले सकेको पाइएको छैन। तथापि समालोचनाको विकासक्रमलाई सबैले नै चारै चरणमा नै विभाजन गरेको भए तापनि यसको ठोस प्रमाणिक निष्कर्षमा पुग्नलाई भने अझ खोज तथा अनुसन्धानको विषय नै रहेको छ। यहाँ भने नरेन्द्रराज प्रसाईको सहजताको लागि यसरी हेर्न सकिन्छ।

(क) प्रथम चरण वि. सं. 1948 देखि 1998 सम्म

(ख) दोस्रो चरण वि. सं. 1999 देखि 2005 सम्म

(ग) तेस्रो चरण वि. सं. 2006 देखि 2024 सम्म

(घ) चौथो चरण वि. सं. 2025 देखि हालसम्म।

## 2.3.1 पहिलो चरण

नेपाली समालोचनाको प्रथम चरण वि. सं. 1948देखि वि. सं. 1998सम्म मानिन्छ । यस चरणका पहिलो समालोचक मोतीराम भट्ट हुन्। आफ्नो परम्पराको विकासक्रमका प्राच्य र प्रतिप्राच्यको प्रथम सङ्गम बनेका मोतीरामले जनता नै देश हो", जनताको जीवन नै साहित्यको मूल हो' भन्ने कुरालाई बुझेर भानुभक्तको जीवन चरित्र लेखेका हुनाले उनलाई प्रथम समालोचक मानिएको छ । वि. सं. 1923 मा जन्मेका भट्ट सानै उमेरदेखि तीव्र बुद्धिका थिए अनि स्वदेशप्रेमी थिए। भट्ट नेपाली साहित्यको एउटा प्रवर्तक हुन्, पथदर्शक हुन्। उनले नेपाली साहित्य

जगतमा थोरै समयमा धेरै काम गरे अर्थात् सेवा पुऱ्याएर अद्‌वितीय योगदान दिएका छन्।

वि. सं. 1952 को अल्पायुमै यस संसारबाट दिवंगत भएका मोतीराम भट्‌ट नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा थिए, जसले मोतीराम युग''' स्थापित गरिदिए। भट्‌टले नेपाली साहित्य जगतमा करीब 15 वर्ष काम गरे अनि यस अवधिमा 25 वटा जति कृति जन्माए। तीमध्ये -

1. मनोदवेगप्रवाह
2. गजेन्द्रमोक्ष
3. शकुन्तला
4. सङ्‌गीत चन्द्रोदय र केही गजलहरू ।

बहुप्रतिभाशाली मोतीराम भट्‌ट जीवनीकार, समालोचक, अन्वेषक, कवि, गजलकार, गायक, नाटककार, निर्देशक, सम्पादक आदिका रूपमा चिनिन्छन्। प्रथम चरण अर्का सशक्त व्यक्तित्व हुन् - सूर्यविक्रम ज्ञवाली। संवत 1955 जेठ 29 गते काशीमा पिता तिलविक्रम र माता पार्वती देवी ज्ञवालीका कोखमा एउटै सुपुत्रको रूपमा जन्मेका सूर्यविक्रम ज्ञवाली नेपाली समालोचनाको पहिलो चरणका एक प्रभाववादी समालोचक थिए। यी सानैदेखि नेपाली भाषा, साहित्य र इतिहास भनेपछि मरिमेट्‌थे। बनारसमा शिक्षा दिक्षामा हुर्केका ज्ञवालीले त्यही करीब 16 वर्षको हुँदा गोर्खाली''' (सन् 1915 मा), जन्मभूमि (सन् 1922 मा) आदि पत्र - पत्रिकाको सम्पादन गरे । पछि दार्जिलिङमा धरणीधर शर्मा कोइराला र पारसमणि प्रधानसित भेट भएपछि तीनजना मिलेर सुधपा जस्तो गरकिलो साहित्यिक संस्थाको स्थापना गरेका थिए। सूर्यविक्रम ज्ञवालीको

नेपाली समालोचना, जीवनी, निबन्ध, इतिहास र संस्कृतिका क्षेत्रमा अत्यन्तै ठूलो लगानी छ।

साहित्यका विभिन्न विधाहरूमा असिम योगदान पुर्‍याउने ज्ञवाली वि .सं . 2004 मङसिर 16 गते काठमाडौंमा स्वर्गीय भएर गए । यसरीनै समालोचनाको पहिलो चरणका समालोचकहरू हुन् - राममणि आचार्य दीक्षित । उनी नेपाली समालोचनाको पहिला चरणका एक उल्लेखनीय प्रतिभा हुन्। पूर्वीय कविता सिद्धान्तबाट प्रभावित भइ लेखेको उनको कविता रीति"' लेख वि .सं .1965 मा माधवी"' -मा आफ्नै सम्पादनमा निस्केको थियो। वास्तवमा पहिलो चरणको नेपाली समालोचनामा समालोचना लेखनको प्रारम्भ मात्र भएको पाइन्छ । यस चरणमा विशेष गरेर जीवनपरक समालोचनाको बढी लेखन भएको पाइन्छ ।

## 2.3.2 दोस्रो चरण

नेपाली समालोचनाको दोस्रो चरण वि. सं. 1999 देखि वि. सं. 2005 सम्मको अवधिलाई भनिएको छ। यस कालका आधिकारिक समालोचनाका रूपमा रामकृष्ण शर्मालाई चिनिन्छ। उनले वैज्ञानिक रूपमा तुलनात्मक दृष्टिकोण अँगाली यस कालको नेपाली समालोचना विधालाई अगाड़ि बढ़ाएका छन्। रामकृष्ण शर्मा (197८-1043) बाहेक यदुनाथ खनाल यस चरणका उल्लेख्य समालोचक हुन् । रामकृष्ण शर्माको जन्म वि. स. 1978 -मा बर्माको मचीना शहरमा भएको थियो। बर्मामा जन्मे पनि शर्माको वाल्यवस्था भारतमा बित्यो। भारतको दार्जीलिङस्थित कालिम्बोङलाई आफ्नो कर्म थलो बनाए। सवंत 1999 ता "शारदा' मा "अंग्रेजी साहित्यको प्रभाव' लेख पहिलोपल्ट प्रथम लेखस्वरूप छापिएको

बढ़ी झुकाव राख्ने शर्माको लेखकीय व्यक्तित्वलाई मुख्यता तीन धारामा विभाजित गर्न सकिन्छ।

1. समालोचकीय व्यक्तितत्व
2. काव्यात्मक व्यक्तितत्व र
3. निबन्धात्मक व्यक्तितत्व

रामकृष्ण शर्मा लेखक, कवि मात्र नभएर समालोचक तथा कुशल सम्पादकका रूपमा पनि चिनिन्छन्। रामकृष्ण शर्माको प्रकाशित ग्रन्थको केही नमूनाहरू यस प्रकार छन् - **सप्त शारदीय** (2024), **दस गोर्खा** (2026), **टेबल गफ नौ बैठक** (2028), **भावालु मेरो मन** (2031) इत्यादि। नेपाली साहित्यमा मरिमेट्ने शर्मा नेपाली समालोचनालाई सगरमाथामा पुऱ्याउने यात्रामा अघि बढ़दा बढ़दै 2043 मा स्वर्गीय भए। उनको परिचय दिन परे समालोचक नरेन्द्रराज प्रसाई यसो भन्छन् - "नेपाली साहित्यका समालोचक र समालोचना'मा छोटकरीमा भन्ने हो भने उनी नेपाली समालोचनाका शंकराचार्य मानिन्छन्।

रामकृष्ण शर्मापछि दोस्रो चरणका अर्का समालोचनक हुन् - रत्नध्वज जोशी। रामकृष्ण शर्माले नेपाली समालोचनालाई उपलब्धिको शिखरमा उभ्याएका थिए भने रत्नध्वज जोशीको प्रवेशपछि त्यसको छन्द र अलङ्कारको विवरण केलाइयो। त्यसै गरी बाबुराम आचार्य देखा परे, जसले पुराना नेपाली कविताको कालक्रमिक अध्ययन गर्दै समालोचनाको मूल्याङ्कन गरेका थिए। श्री आचार्य स्वयं स्रष्टा थिए। उनलाई नेपाली समालोचनाको प्रथण ऐतिहासिक समालोचक पनि मानिन्छ। सं. 1944 चैतमा काठमाडौंको गौचरमा जन्मेका आचार्यका बाबु धर्मदत्त उपाध्याय एक अध्यापक थिए। बाबुराम आचार्यले धेरै कृति जन्माए, साहित्य लेखे

जसमध्ये "पुराना कवि र कविता' (2003) उनको गहिरो अनुसन्धानको परिणाम मान्न सकिन्छ। त्यसरीनै "हाम्रो नेपाल' (2012) र अन्य धेरै रचनाहरू पाइन्छ।

आफ्नो कार्यमा जुट्ता-जुट्तै बाबुराम आचार्य 2029 सालमा स्वर्गीय भए। वास्तवमा बाबुराम आचार्यको नेपालमा जति देन छ त्यो प्राय: इतिहासमा नै छ अर्थात् "इतिहास निर्माणका लागि उनी एउटा सिङ्गो संस्था नै हुन्' भन्ने राय विद्वानहरूको छ। नेपाली समालोचनाको क्षेत्रमा भगमग्दुर टेवा दिने अन्य समालोचकहरू धेरै नै देखिन्छन्। यो दोस्रो चरणमा जसमध्ये केही समालोचकहरू यस प्रकार छन् - हृदयचन्द्र सिंह प्रधान, यदुनाथ खनाल, माधवलाल कर्माचार्य, लक्ष्मी प्रसाद देवकोटा इत्यादि।

## 2.3.3 तेस्रो चरण

नेपाली समालोचनाको तेस्रो चरण 2006 देखि 2024 सम्म मानिएको छ। यस कालको नेतृत्व दिने प्रमुख समालोचकहरू हुन् बालचन्द्र शर्मा, इश्वर बराल। यी दुवै समीक्षकहरूले अन्वेषणमा आधारित समालोचमा जोड़ दिएका थिए। यस चरणका दुइ समालोचनामा समीक्षत्मक ढचा बो बेौ भए तापनि निर्णायात्मक समीक्षामा उनीहरूले ख्याति बटुलेका थिए। यी दुइ समालोचकपछि पनि तेस्रो चरणमा थुप्रै समालोचकहरूको अमूल्य योगदान रहेको पाइन्छ जस्तै राजेश्वर देवकोटा, कमल दीक्षित, राजनारायण प्रधान, यज्ञराज सत्याल, भाइचन्द्र प्रधान, बालकृष्ण पोख्रेल, कृष्णचन्द्रसिंह प्रधान, तारा शर्मा, केशव प्रसाद उपाध्याय आदि जस्ता प्रगतिशील समालोचकहरू पनि यसै चरणमा हस्ताक्षरित पाइन्छ। यस चरणमा समालाेचकका रूपमा प्रसिद्धि पाउन सफल धेरै समालाेचक

छन्, जसमध्ये पनि ईश्वर बराल (19८0-2054), कृष्णचन्द्र सिंह प्रधान 19८2- ?) र तारानाथ शर्मा (1991) विशेष प्रसिद्ध छन् ।

नेपाली समालोचनामा तेस्रो चरणका समालोचक इश्वर बरालको जन्म संवत 1980-सालको कार्तिक 9 गते सिराह जिल्लाको बस्तीपुर गाउँमा भएको थियो। स्व. बरालको वास्तविक नाउँ लीलानटेश्वर बराल हो। उनको प्रकाशित कृतिहरू 15 वटा छन् ती मध्ये मुख्य कथाकारहरूका कथाहरूको संग्रह झ्यालबाट 2006, आधनिक कविताहरूको संगालो हिमालचुली 2012, मोहन कोइरालाका कविता 2030, पारिजातका कविता 2030 इत्यादि छन्। स्व. बरालले पच दशकभन्दा बढ़ी समय नेपाली भाषा साहित्य संस्कृति इतिहास राजनीतिज्ञ विषयमा अधिक लेख नेपाली, अंग्रेजी र हिन्दी भाषामा लेखेका छन्। अंग्रेजी साहित्यमा एमे तथा पृथ्वीनारायण शाहका दिव्य उपगेसमा संवत 2021 मा बेलायतबाट पीएचडीसम्म गरेका बरालले आफ्नो साहित्यिक यात्रा कविताबाट गरेको थाहा लागेको विद्वानहरूको भनाइ छ। स्व. बरालको साहित्यिक योगदानबारे भन्नुपर्दा उनको एक्लो प्रयासले नेपाल राजकीय प्रज्ञाप्रिष्ठानलाई पनि उछिने र साझा प्रकाशनलाई पनि जिते भन्छन् नरेन्द्रराज प्रसाई। वास्तवमा भन्नु परे उनी नेपाली वाङ्मय संसारका एक श्रद्वेय आदरणीय र अमर विभूति बने।

तेस्रो चरणको अर्को समालोचक हुन् - कृष्णचन्द्रसिंह प्रधान। उनको जन्मको नाउँ गोविन्दप्रसाद प्रधान थियो। श्री प्रधानले जन्मले नेपाली साहित्यको समालोचना र निबन्ध विधा धेरै धनी भएको पाउँछौं। वि. सं. 1982 -मा जन्मेका श्री प्रधानले स्कूल गएर विद्या हासिल गर्न सकेनन्। पारिवारिक समस्याको कारण तथापि स्वध्ययन र मेहनत तथा

लगनशिलताको कारण विद्यालयमात्र नभएर कलेजसम्म प्राध्यापन पनि गर्न सक्षम भए। उनको कृतिहरू "भञ्ज्यानिरै' (2008 कविता संग्रह) बाट शुरू भएको थाहा पाइन्छ। उनको एउटा उच्चस्तरीय समालोचनात्मक ग्रन्थ हो साझा समालोचना जो 2005 सालमा प्रकाशित भएको थियो।

विक्रम सम्वत2007 देखि एेजन 2024 सम्मको समयावधि नेपाली आधुनिक नेपाली समालोचनाको विकासको तेस्रो चरण हो । यसको प्रारम्भ 2007 सालको राजनीतिक क्रान्तिदेखि भएको मानिन्छ । यस चरणमा इर्वर बराल, कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा जस्ता मूर्धन्य समालोचकहरूको विशेष योगमान रहेको पाइन्छ । यस चरणका अन्य समालोचकहरूमा सोमनाथ सिग्द्याल, बालचन्द्र शर्मा, चूडानाथ भट्टराय, डिल्लीराम तिम्सिना, माधवलाल कर्माचार्य, डी.पी. अधिकारी, श्यामप्रसाद शर्मा, कमल दीक्षित, सरिता ढकाल, यज्ञराज सत्याल, माधव भँडारी, अानन्ददेव भट्ट अादि उललेख्य छन् । नेपाली समालोचनाको आधुनिक कालअन्तर्गत रहेको यस चरणमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तको गहन अध्ययन गरेर तिनका प्रभावमा समालोचना लेख्ने प्रवृत्तिको प्रशस्त विकास भएको पाइन्छ । विवेचनात्मक, व्याख्यात्मक, विश्लेषणात्मक तथा मनोविज्ञानपरक एवम् प्रगतिपरक समालोचनाका लागि यो चरण उर्वर रहेको देखिन्छ ।

## 2.3.4 चौथों चरण

नेपाली समालोचनाको चौथो चरण वि. सं. 2025 देखि हालसम्मको अवधिलाई भनिन्छ। यस चरणमा समालोचना विद्याको अत्याधिक विकास भएको छ साथै प्रभाववादी वैज्ञानिक र नौलो परम्परा कायम भएको पनि पाइन्छ। यस चरणमा आएर कृतिको संरचनालाई विशेष

महत्व दिँदै तुलनात्मक समीक्षाको दिशालाई फराकिलो पनि भएको अर्थात् पारिएको पाइन्छ। चौथो चरणको समालोचना विशेष गरेर 2025 सालदेखि वस्तुगत रूपमा अगाड़ि बढ़ेको देखिन्छ। यसै चरणले नेपाली समालोचनालाई निक्कै गहन आजस्वी र जिम्मेवार बनाएको छ। विधाले विधागत संकलनको रूपमा साझा समालोचना पाएको छ। यस चरणका समालाेचकहरूमा इन्द्रबहादुर राई (19८4), केशवप्रसाद उपाध्याय (1990), गाेविन्द भट्ट (1994), ठाकुर पराजुली (1997), माेहनराज शर्मा (1997), वासुदेव त्रिपाठी (1999), दयाराम श्रेष्ठ (2000) काे नाम अग्र पङ्क्तिमा रहेकाे देखिन्छ ।

चौथो चरणका प्रसिद्ध भएका समालोचकहरू हुन् - इन्द्रबहादुर राई, गोविन्द भट्ट, ठाकुर पराजुली, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, घट्टराज भट्टराई, दयाराम श्रेष्ठ आदि। वर्तमान नेपाली साहित्यका एक महारथी डा. इन्द्रबहादुर राई, दार्जीलिङको बालसनमा वि. सं. 1984 माघ 17 गते पिता रणवीर राई तथा माता हस्तमाया राईका जेष्ठ सुपुत्रका रूपमा जन्मेका थिए। उनको समालोचनाको पहिलो संग्रह हो "टिपेको टिप्पणीहरू' (1966 ई)। यसरी नै नेपाली उपन्यासका इत्यादि गरेर जम्मा सातवटा समालोचना ग्रन्थहरू प्रकाशित छन् भने "आज रमिता छ' उपन्यास, "विपना कतिपय' (2018), "कथास्था' (1972) र "कठपुतलीको मन' (1989) तीन कथासंग्रह प्रकाशित छन्। यीबाहेक उनको निबन्ध संग्रह पनि प्रकाशित छ "सामाजिक पहाड़ र खोला'। इन्द्रबहादुर राईले नेपाली भाषालाई भारतको संवैधानिक भाषामा घोषणा गराउन शुरुदेखि घुँड़ो र मुन्टो गरेर आन्दोलन चलाएका थिए। श्री राई नै तेस्रो आयामेली आन्दोलनको नेत्रित्य गरेका थिए, जसमा श्री राईका साथ ईश्वर बल्लभ र बैरागी काइँला पनि थिए।

यतिमात्र होइन साहित्यमा लिलालेखनको प्रवेशद्वार पनि उनैले खोलेका थिए। यसरी नेपाली साहित्यकै आद्वितीय साधक इन्द्रबहादुर राई नेपाली समालोचनाको चौथो चरणको र कहिले नअस्ताउने एक व्यक्तित्व मान्न सकिन्छ। उनको विषयमा त यह जति लेखेनी थौरै नै हुन्छ। यसरी नेपाली साहित्यका सबैभन्दा कान्छो विधा समालोचनाले वि. सं. 1948 देखि मात्र आरम्भ भएर छोटो अवधिमा आशातीत विकास गरेको पाइन्छ। विक्रम सम्वत 2025 देखि आजसम्मको समयावधिलाई आधुनिक नेपाली समालोचनाको चौथो चरणका रूपमा लिइन्छ । यस चरणमा पनि तृतीय चरणका ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा जस्ता समालोचकहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । यिनबाहेक इन्द्रबहादुर राई,केशवप्रसाद उपाध्याय, गोविन्द भट्ट, ठाकुर पराजुली, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ आदि लेखकहरू उच्च स्तरका समालोचकमा गनिन्छन् । त्यसैगरी यस चरणका अरु समालोचकहरूमा शरच्चन्द्र शर्मा भट्टराई, मोहन हिमांशु थापा, भानुभक्त पोखरेल, चूडामणि बन्धु, गोपीकृष्ण शर्मा, वासु रिमाल यात्री, कुमारबहादुर जोशी, रामलाल अधिकारी,मुरारिप्रसाद रेग्मी, अभि सुवेदी, घटराज भट्टराई, घनश्याम कँडेल, राजेन्द्र सुवेदी, नरेन्द्र चापागाईं, कृष्ण गौतम, रविलाल अधिकारी, ऋषिराज बराल, मोहन दुवाल, डा रामचन्द्र लंसाल आदिको नाम लिन सकिन्छ । आजसम्मको इतिहासलाई हेर्दा यस चरणमा अन्य थुप्रै समालोचकहरू नेपाली समालोचनालाई अग्रगति दिने कार्यमा सक्रिय देखिएका छन् ।

नेपाली समालोचनाको चौथो चरणको अवधिमा प्रगतिवादी समालोचनाको अधिक विकास भएको पाइन्छ । त्यसबाहेक शोधपरक समालोचना, भाषाशैलीवैज्ञानिक समालोचना, रूपपरक समालोचना, पाठपरक

समालोचना, मनोविश्लेषणपरक समालोचना, बहुलतापरक समालोचनाका साथै सैद्धान्तिक समालोचनाको पनि प्रशस्तै विकास भएको पाइन्छ । यस समयावधिमा प्रभाववादी समालोचना गौण हुँदै विश्लेषणात्मक एवम् मूल्याङ्कनात्मक समालोचना पद्धतिले ज्यादा प्रश्रय पाएको देखिन्छ । यस चरणमा नेपाली समालोचनामा मैले देखेका समस्या र चुनौती भनेको नेपाली साहित्यका आफ्नै निजीपनका सृजनाहरूको सही मूल्य निरुपण गर्ने मौलिक दृष्टिकोण, सिद्धान्त र पद्धतिको अभाव हुनु ठूलो समस्या हो र आफ्नै मौलिक दृष्टिकोण, सिद्धान्त र पद्धतिको निर्माण गर्नुपर्ने चुनौती हाम्रासामु छन्। पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त एवं पद्धतिलाई सिरानी हाली यताउता पारेर समालोचना गर्दैमा नयाँ आविष्कार हुँदैन। यस्तो सैद्धान्तिक र पद्धतिगत आविष्कार गर्न श्रम र साधना चाहिन्छ; त्यो ठूलो अध्ययन र साधनाबाट मात्र गर्न सकिने कुरा हो। यी समस्या र चुनौतीलाई स्वीकार गरेर नेपाली समालोचनाको आफ्नै 'स्व' स्थापित गर्न आवश्यक यस्ता सैद्धान्तिक र पद्धतिगत नवीन आविष्कारहरू विश्वविद्यालयका प्राज्ञिक विमर्श र कक्षाकोठाहरूबाट हुनुपर्ने हो तर त्यस्तो वातावरण विश्वविद्यालयहरूमा छैन।

नेपाली समालोचनाको चौथो चरणको अवधिमा अन्तर्विषयक समालोचनाको पनि विकास भएको पाइन्छ । साहित्यिक कृति वा रचनामा आएका साहित्येतर विषयका आधारमा साहित्यिक कृतिको विश्लेषण गर्नु वा त्यसरी गरिएको समालोचना अन्तर्विषयक हुन्छ। अहिलेको नेपाली साहित्यमा कोरा साहित्य मात्र छैन; त्यहाँ इतिहास छ, दर्शन छ, समाजशास्त्र, मनोविज्ञान छ, विज्ञानप्रविधि छ, पर्यावरण छ, साइबर संस्कृति छ। अझ भनौं, ज्ञानविज्ञानका जति पनि विषयक्षेत्र छन्, ती सबैको प्रभाव आजको नेपाली साहित्यमा परेको छ। आजको साहित्यले वा

सृजनाले जेजस्ता सिद्धान्त वा पद्धतिको माग गर्छन्, तदनुरूप कृतिको विश्लेषण हुनुपर्छ र तत्तत् विषय ती कृति वा रचनामा खोज्नुपर्छ। यो नै अन्तर्विषयक समालोचनाको विशेषता हो।

अन्तर्विषयक समालोचना बहुलवादी समालोचना पद्धति हो र यसमा टेकेर नेपाली समालोचनाको मौलिक स्वरूप निर्माण गर्न सकिने प्रशस्त आधार मैले देखिको छु। साहित्यिक समालोचनामा यो औचित्यपूर्ण प्राज्ञिक आवश्यकता हो भन्ने मलाई लाग्छ। कृतिमाथिको बहुआयामिक प्राज्ञिक विमर्शका लागि अन्तर्विषयक समालोचनाले केही आधार तयार गर्छ र एउटा प्रारूप वा मोडेल पनि दिन्छ। यस्तै नवीन विषय पाएर नै मैले अन्तर्विषयक समालोचनातिर आफूलाई अलिकति ढल्काएको हुँ। आजको साहित्यलाई बुझ्नका लागि अन्तर्विषयक समालोचना महत्त्वपूर्ण आधार हो जस्तो मलाई लाग्छ। टी.एस. इलियटदेखि आजका नेपाली युवा समालोचक र पाठक/श्रोतासम्ममा पनि कविता समालोचनाका निम्ति कवि नै हुनुपर्छ भन्ने मत राखेको पाइन्छ । टी.एस. इलियटले भनेको सन्दर्भ फरक हो र आजका युवा समालोचक र पाठकले भन्ने गरेको कुरामा म आग्रह देख्छु। युवा समालोचक र पाठकले के बुझ्नु जरुरी छ भने समालोचना भनेको पुनःसृजना हो; सृजनामाथिको पुनःसृजना। यो त रिक्रिएसन हो। यस अर्थमा समालोचक स्वयंमा सर्जक भएन र? सर्जकभन्दा पुनःसर्जक झन् गम्भीर हुनुपर्छ किनकि सृजनाभन्दा पुनःसृजना जटिल कर्म हो। हल्काफुल्का टापटिप समीक्षा - समालोचनामा यो कुरा लागू नहोला तर गम्भीर समालोचनामा यही कुरा लागू हुन्छ।

नेपाली समालोचनाले स्थानीय स्वरूप र सामग्रीका आधारमा मौलिक पद्धति निर्माण गर्न नसकेको आरोप लेखक र विश्लेषकहरू बारम्बार

लगाइरहन्छन् र कतिपय समालोचकले यसलाई स्वीकारेका पनि छन्। नेपाली समालोचना अहिले पनि पूर्वीय पाश्चात्य साहित्य, सिद्धान्त र सामान्य प्रभावपरक धारमा उभिएका स्थितिलाई पूरै नकार्न मिल्दैन तर पछिल्लो समयमा नेपाली समालोचनाको इतिहासमै नवीन काम भएका छन्। पर्यावरणीय, सीमान्तीय, सांस्कृतिक, नारीवादी, साइबर केन्द्रित, अन्तर्विषयक, अभिघातपरक, अन्तर्पाठीय, डायस्पोरिक आदि अनेक क्षेत्रमा अध्ययन भएका छन्। शोधपरक, प्राज्ञिक र गम्भीर समालोचनाले आफ्नो वस्तुगत बाटो समातेको छ। हो, नेपाली लेखनको आफ्नै समालोचना पद्धतिको निर्माण हुनु जरुरी छ तर त्यो काम भन्न जति सजिलो छ, गरेर देखाउन सयौँ गुना गाह्रो छ। इनोभेसन भन्ने कुरा त्यसै आउँदैन। पूर्वीय पाश्चात्य चिन्तकहरूले जस्तो त्यो इनोभेसन यति चाँडै नेपाली समालोचनामा आउलाजस्तो मलाई लाग्दैन। हामीकहाँ समालोचना अझै पनि साधनाको मूलकर्म हुनसकेको छैन। प्रयोजनीय, प्रभावपरक र टापटिपे समालोचना गर्नेहरूलाई कृतिको सङ्ख्या बढाउनै हतार छ। गम्भीरता त परको कुरा। आशा गरौँ, त्यस्ता साधकहरू जन्मिन्छन् र नेपाली समालोचनाको आफ्नै पथ र पद्धतिको निर्माण होस्।

साहित्यमा नेपाली समाजको यस्तो विविधतालाई पुरै इन्कार गरेर लेख्ने लेखकहरूको मृत्यु गोविन्दराज भट्टराईकै दृष्टिकोणले हेर्नु हो भने उत्तर -आधुनिक ऐना (वि. सं. 2062) - मा मानिसलाई लेखकको उपस्थितिमा विश्वास लाग्न छाडेको छ । साहित्यमा मात्रै होइन राज्यका विविध क्षेत्रमा उत्पीडित तथा उपेक्षित मानिसलाई हिजोको ठालु लेखकको उपस्थितिमा साँच्चै नै अविश्वास छ, घोर आपत्ति छ । नेपाली समाजमा पहिलोपटक लेखकको मृत्यु थाहा पाउने चिन्तक गोविन्दराज भट्टराईको व्याख्या तर कहीँकहीँ अमूर्त लाग्छ । जसले भ्रमहरू पनि प्रवाह गर्दछन् । तर,

उत्तरआधुनिक ऐना समालोचना सिद्‌घान्तग्रन्थमा उनले परम्परागत लेखकको अन्त्य हुने क्रमको रेखाचित्र प्रस्तुत गरेर नयाँ लेखकको जन्मबारे जो छनक दिएका छन्‌ त्यो भने दाद दिन लायक छ ।

लेखकको मृत्युसितै बार्थले पाठकको जन्म पनि घोषणा गरे । उनको घोषणापछि लेखकको जन्म, लेखकको पुर्नजन्म र लेखकका अवतारका सन्दर्भले साहित्यिक सिद्‌घान्तहरूमा बलियो उपस्थिति जनाएका छन्‌ । सृजनशील अराजकतामा मान्यौं- कवित्व निस्सीमता अर्थात्‌ लेखक-निराकार/ कविलेखक जातीय, सामाजिक र राजनीतिक सीमाभित्र रहेको हुने भएता पनि ऊ निश्चय नै त्यहीँ कुँजिएर बस्न सक्दैन । यसकारण ऊ जातीय, सामाजिक र राजनीतिकद्रोह गरेरै ज्ञानको अपारतामा बाँच्न चाहन्छ । हिन्दुधर्मशास्त्रलाई मात्र आधार मानेर साहित्य लेख्ने लेखकहरूको परम्परावादी मनमस्तिष्कमा विध्वंश मच्चाउँदै सृजनशील अराजकताको आन्दोलनले नेपाली साहित्यमा नयाँ विचार र चेतनाहरूको आँधि जो हुल्यो यसका प्रभावहरू नेपाली साहित्य लेखनमा प्रशस्तै देखिदैछन्‌ । सम्भवतः नयाँ लेखकको व्यवस्थित रेखाङ्कन यहीँबाट शुरू भएको हो । आफूलाई खोज्दा अरूको अस्तित्वको पनि ख्याल गर्नु पर्छ भन्ने मन्त्रले परिचालित चेतना-अभियानमा आदिबासी इतर पनि समेटिएका छन्‌ । मुठभेटको स्थितिभन्दा पनि सहमति र समन्वयको वातावरण नै नयाँ लेखकको तापक्रम हो ।

यसैक्रममा अराजनीतिक ईश्वरवल्लभले रचनात्मक घोषणा गरे - अवतार - अवतरण (वि. सं. 2060) अर्थात्‌ लेखक - अवतार । यो नेपाली समालोचनाको नयाँ प्राप्ति हो । हिन्दु धर्मशास्त्रमा वणिर्त अवतार सिद्‌घान्तलाई आधार मानेर लेखकहरूको पनि अवतार हुन्छ अथवा कुनै

पनि साहित्यिक पाठको अवतार हुन्छ भनिकन प्रारम्भ गरिएको यस मान्यताले तर बिचैमा दम तोड्यो । यसको एक मात्र कारण प्रागभूमिको बहुलता र विविधता मापन गरिएन । जे भएपनि पुरानो लेखकहरूको बाक्लो उपस्थितिले क्षयबोध भइरहेको चेतनामा तिक्ष्ण झट्का दिदै नयाँ लेखकको छाया - प्रतिरूपको भने झल्को पाइन्छ - अवतार - अवतरणमा।

वि.सं. 2057 देखि यता नेपाली साहित्य क्षेत्रमा जति पनि साहित्यिक अभियानहरू सञ्चालित भए भइरहेका छन् , जति पनि राम्रा कविलेखकहरूको आगमन - पुनर्आगमन भए भइरहेका छन् । यसको एउटै सशक्त कारण भनेको हिजोको एकाधिकारवादी परम्परागत लेखकको मृत्यु या विलय भई बहुलवादी नयाँ लेखकको जन्म हुनुले हो । चाहे बुर्जुवा लेखक होस् या प्रगतिशील, चाहे उच्चवर्गका लेखक होस् या सर्वहारा, चाहे आदर्शवादी लेखक होस् या भौतिकवादी अबका दिनमा कुनै पनि पाठशालाका लेखकहरू नेपाली सामाजिकतामा विद्यमान वैचारिक अनेकानेक र साँस्कृतिक वैविध्यलाई इन्कार गरेर अघि बढ्न सक्दैनन् । नयाँ लेखक भन्नु नै बैरागी काइँलाले भने झैं इन्द्रेणी रङ्गको लेखक हो जसले नेपाली समाजमा भएका विविधतालाई स-सम्मान लेख्छ । अन्तमा, लेखकका विषयमा उठेका यस्ता विचारहरूले नै यथार्थमा नेपाली साहित्यको विशालता सुम्सुम्याउन सकिन्छ । तेसैले लेखकको मृत्यु स्वीकार्नु भनेको नयाँ लेखकको जन्मलाई स्वागत गर्नु हो । अझ यतिबेला नेपालमा नयाँ लेखकको खोजी तिब्र हुँदैछ । यसो र, यथास्थितिवादी लेखकहरू वैचारिक रूपमा विचलित देखिएका छन् । पुरातन विचार र मान्यतामा लेखेर स्थापित भएका लेखकका निम्ति नयाँ थोक स्वीकार्नु साह्रो हुन्छ । तर, असल लेखकले सधैँ समय र समाजको गतिलाई आत्मसात् गर्ने हुँदा लेखकको मृत्यु धारणालाई पनि सकारात्मक रूपमा

लिएर पुरानो लेखकको मलामी जान सकिन्छ । नयाँ लेखकका निम्ति धेरैधेरै विमर्शहरूको खाँचो रहेको उल्लेख गर्दै प्रचलित नेपाली साहित्यमा व्याप्त सम्पूर्ण भ्रमहरू चिरेर सृजनशील नयाँ लेखक हुर्काउने सत्कर्ममा तमाम नेपाली लेखक तथा बुद्धिजिविहरूको सहभागिता प्रथम सर्त छ ।

मूलरूपमा सिर्जना तथा समालोचनाका मुख्य चुनौतीहरू निम्न प्रकारका देखिन्छन् :

**1. कमजोर अध्ययन परम्परा**

यतिखेर खास गरी पछिल्लो पुस्ताका धेरैजसो नेपाली साहित्यकारहरूमा अध्ययनको परम्परा कमजोर बनेको देखिन्छ । पठन संस्कृति ओझेलमा परेको स्थिति छ । नयाँ पुस्ता अध्ययनमा भन्दा चाँडोभन्दा चाँडो समाजमा चिनिन हतारिएको देखिन्छ । भटाभट लेखिहाल्ने, चाँडोभन्दा चाँडो प्रकाशन गराइहाल्ने र हल्लाखल्लाका साथ विमोचन गराउने, पत्र पत्रिका र अन्य प्रचार माध्यममा गइहाल्ने अनि आफूलाई 'म पनि कम्ताको लेखक होइन' भनी देखाउनमा कसरत गर्ने प्रवृत्ति बढेको छ । कुनै पनि रचना उत्कृष्ट किन हुन्छ ? कस्तो रचना प्रक्रियाबाट उत्कृष्ट सिर्जना गर्न सकिन्छ ? चर्चामा आएका र उत्कृष्ट भनिएका कृति कस्ता छन् र के कति कारणले उत्कृष्ट मानिएका हुन् ? उत्कृष्ट सिर्जनामा बाधक तत्वहरू के के हुन्छन् ? आदि कुराको जानकारीसहित गरिने सिर्जना बढी सुन्दर बन्ने गर्छ । त्यसका लागि साहित्यकारसँग गम्भीर इतिहास-अध्ययन र यथार्थपरक परम्पराबोध हुनुपर्छ ।

समालोचकीय ध्रुवका उत्कृष्ट मानिएका कृतिहरूको गम्भीर अध्ययन गर्नुका साथै प्रतिध्रुवका अति प्रचारित र उत्कृष्ट भनिएका÷मानिएका÷प्रचारित भएका कृतिहरूको पनि उत्तिकै गम्भीर अध्ययन गरी ती कृतिहरूलाई त्यसरी उदात्तीकरण गरिनुका कारणहरूको

Notes

खोजी गर्नु, त्यसबाट प्राप्त निष्कर्षमध्ये काम लाग्ने कुरालाई आफ्नो सिर्जनामा प्रयोग गर्नु उत्कृष्ट सिर्जनाका लागि आवश्यक र महत्त्वपूर्ण हुन्छ तर अहिलेको साहित्य लेखनमा यसको अभाव देखिन्छ । आफ्नो परिवेशबाट बाहिर गएर पनि अध्ययन र समालोचना गर्नु जरुरी छ तर यस दिशामा आवश्यक कार्य हुन सकेको स्थिति छैन । यसले गर्दा अध्ययन र समालोचनाको परम्परा एकाङ्गी र अपूर्ण भइरहेको छ ।

**2. जनताबाट टाढा बसेर जनपक्षीय रचनाको प्रयत्न र जटिल भाषाशैली**

कला साहित्यमा जनताको जीवनसँग सघन रूपमा परिचित भएर मात्रै जीवन यथार्थको सही प्रतिबिम्बन गर्न सकिन्छ तर नेपाली साहित्यको ठुलो भाग नेपाली जनताका सुखदुखसँग राम्ररी परिचित नभई शास्त्रज्ञान र कल्पनाका आधारमा तयार पारिएको देखिन्छ । जनताका माझमा गएर जनताका भोगाइलाई प्रत्यक्ष अनुभूत गरी, आफूले पनि त्यसमा सहभागिता जनाएर तिनका सुखदुखको प्रत्यक्ष बोध गरी जनताको जीवनगत यथार्थलाई प्रस्तुत गर्नु साहित्यकारको जिम्मेवारी हो तर यस्तो कार्य कमै लेखकबाट मात्र भएको पाइन्छ । साहित्यकारले समाज शास्त्रीय अध्ययन गर्नु पनि जरुरी हुन्छ तर यस दिशामा पनि स्रष्टाहरूको ध्यान अपेक्षित रूपमा जान सकेको देखिन्न । लक्ष्यित समूह (जनता) कै भाषाशैलीमा कलात्मकता दिई साहित्य प्रस्तुत गर्नुपर्नेमा विद्वान् वा बौद्धिक वर्गले मात्र बुझ्ने जटिल भाषाशैलीमा अभिव्यक्तिहरू बढी आएका छन् ।

निश्चय नै दस वर्षको सशस्त्र सङ्घर्षसँग सघन रूपमा जोडिएका केही लेखकहरू जनतासँग बसेर प्राप्त गर्न सकिने अनभूतिहरूसहित लेखनमा आएका छन् तर तिनमा सौन्दर्यात्मक पक्ष दुर्बल हुनाले ती पनि हलुका प्रकृतिका बन्न पुगेका देखिन्छन् । यसले गर्दा पछिल्ला नेपाली रचनाहरूमध्येको ठुलो सङ्ख्या अनुभूतिगत प्रगाढता पाए पनि

सौन्दर्यात्मक सम्पन्नता प्राप्त गर्न नसकेको अवस्थामा देखिन्छ । यसरी जनतामा नपुगीकनै जनताको वकालत गर्दै रचना गरिनुले अभिव्यक्तिमा केही मात्रामा सघन सत्यबोधको अभाव र केही मात्रामा विश्वासको सङ्कट उत्पन्न हुने स्थिति बनेको छ । विचारक वा चिन्तक वा समालोचकहरूको काम सम्बन्धित सिद्धान्तलाई उचित रूपमा सहजै बुझिने गरी बताउनु हो ताकि लक्ष्यित वर्गका अस्पष्टता र जिज्ञासा समाप्त होऊन् र सम्बन्धित सिद्धान्तका बारेमा उनीहरू स्पष्ट बनून् । त्यसमाथि अशिक्षित, अर्धशिक्षित, कम शिक्षित र बहुसङ्ख्यक जनतालाई वर्गीय सत्य तथा सामाजिक यथार्थसँग परिचित बनाउँदै वर्गीय मुक्तिका लागि सम्प्रेषणीय भाषाका माध्यमबाट कलात्मक भूमिका निर्वाह गर्नु साहित्यकारको काम हो ।

जो राम्ररी पढे - लेखे बुझेका छन् , उनीहरूलाई सिद्धान्त बुझाइरहनु आवश्यक नै छैन; बुझाउने त नबुझेकालाई हो, बुझ्न चाहनेलाई हो । यसो गर्नका लागि लक्ष्यित वर्गको भाषिक सामथ्र्य, शैक्षिक अवस्था र बोध गर्ने क्षमता केकस्तो र कति छ भन्ने कुरा बुझेर तदनुकूल सहज भाषाको प्रयोग गर्नु आवश्यक छ । तर नेपालका साहित्यका विद्वान् , विचारकहरूले समालोचनाको घर्मलाई बुझाउन आफ्नो मौलिक भाषाशिल्पको भन्दा अनुकरणात्मक र प्राविधिक/पारिभाषिक भाषाशिल्पको प्रयोग आवश्यकताभन्दा बढी मात्रामा गर्दै आएको पाइन्छ । निश्चय नै सैद्धान्तिक ग्रन्थ र बौद्धिक वर्गका मानिसहरू उपस्थित हुने गोष्ठीहरूमा यस्ता पद पदावलीको प्रयोग उचित हुन्छ । किनभने अनेक वाक्यले भन्नुपर्ने कुरा यस्ता पारिभाषिक तथा प्राविधिक शब्द र वाक्यहरूले एकाध पद पदावली र थोरै वाक्यमा भन्न सक्छन् तर सामान्य पाठक, जसलाई समालोचनाको मर्म बुझाउन र यस दिशामा

Notes

उन्मुख गराउन लेख वा रचना गरिएको हो । तिनमा तिनै लक्ष्यित वर्गले नबुझ्ने भाषामा जटिल र पारिभाषिक शब्दको प्रयोग गर्नु उचित होइन । यो चुनौती सम्प्रेषणीयताको समस्यासँग जोडिएको छ । यसको तात्पर्य साहित्य सिर्जना सपाट, सामान्य र हलुका भाषामा लेखिनुपर्छ भन्ने होइन; बरु अभिव्यक्ति सम्प्रेषणीय हुनुपर्छ भन्ने हो । यहाँनिर के कुरामा स्पष्ट हुनु जरुरी छ भने भन्न खोजिएका कुरा बुझिनु मात्र सम्प्रेषणीयता होइन, बरु ग्रहणकर्ता वा भावकको मनलाई छुने हुनु, पाठकको मस्तिष्कलाई झङ्कृत पार्ने हुनु र उसमाथि दीर्घकालीन प्रभाव पार्ने हुनु सम्प्रेषणीयता हो । यस पक्षमा जसरी र जति मात्रामा अभ्यास - साधना हुनुपर्ने हो, समालोचनाको नेपाली साहित्य लेखनमा त्यति हुन सकेको देखिँदैन ।

### 3. स्कुलिङ र ज्ञानान्तरणको अभाव

नेपाली साहित्यमा समालोचनाको सैद्धान्तिक तथा मानकहरूसँग राम्ररी परिचित तथा नयाँ पुस्ताहरूबाट विश्वास गरिएका अग्रज स्रष्टा - द्रष्टाहरूद्वारा समालोचना धारामा लेखिरहेका र लेख्न चाहने नयाँ पुस्तालाई प्रशिक्षित गर्ने स्कुलिङको सुन्दर परम्परा यतिखेर शिथिल बनेको देखिन्छ । नयाँ पुस्ताका सिर्जनाहरूको अध्ययन गर्ने, तीमाथि वस्तुपरक तर कटु आलोचनात्मक नभई चिकित्सकीय स्नेहपूर्ण टिप्पणी र सकारात्मक मूल्याङ्कन गरिदिएर उत्साह बढाइदिने काम गर्नु र गुणग्राही समालोचनाद्वारा उत्प्रेरित गर्दै उनीहरूलाई सही दिशातिर फर्काउने प्रक्रियामा जानु साहित्य लेखनमा लाग्न थालिरहेको नयाँ पुस्ताको सबलीकरणका लागि आवश्यक हुन्छ । यसका लागि सिद्धान्तलाई आधार बनाई बढीभन्दा बढी प्रायोगिक समालोचना हुनुपर्छ । तर अग्रज पुस्ताबाट नयाँ पुस्ताका कृतिहरूको समालोचना गर्ने काम प्रायः शून्य छ

भने अर्कातिर नयाँ पुस्ताको ठुलो हिस्सा व्यक्तिगत अध्ययन र हलुका बुझाइका आधारमा समीक्षा लेखन गरिरहेको र त्यसैमा मख्ख परिरहेको अवस्था छ ।

नयाँ पुस्तामा स्पष्ट रूपमा सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोगको अभ्यास नहुने हो भने भविष्यमा समालोचना साहित्य लेखन झन् बढी सामान्य बन्दै जाने छ । यस अवस्थालाई पनि नेपाली साहित्यमा समालोचना लेखनमा रहेको चुनौती मान्नुपर्छ । त्यसैले स्थापित भएका र आफूलाई समालोचनाको घर्मबारे ज्ञाता मान्ने अग्रज पुस्ताले नयाँ पुस्तालाई शिक्षित, प्रशिक्षित र दीक्षित बनाउनका लागि नयाँ पुस्ताका बिचबाट विशिष्ट र सम्भाव्य देखिने प्रतिभाहरूलाई सामूहिक रूपमा ज्ञानान्तरणको कार्य गर्दै जानु अत्यावश्यक देखिन्छ ।

**4. आत्म मूल्याङ्कन/आत्म समीक्षाको कमी र आत्माभिमानी अहङ्कार**

स्रष्टा - द्रष्टाले आफ्ना सिर्जना र समालोचना तथा आफ्नो चिन्तन, चरित्र र कर्मका बारेमा आत्म समीक्षा बारम्बार गरिरहनुपर्छ । आत्म समीक्षाबाट आफूबाट भए गरिएका, गर्न बाँकी रहेका र गर्नुपर्ने कार्यहरूको बोध हुन्छ भने आफ्ना दुर्बलता, सीमा तथा सम्भावनाहरूको जानकारी प्राप्त भई आफूलाई सच्याउँदै सबल बनाउँदै अगाडि बढ्नमा सहयोग मिल्छ । चिन्तन, चरित्र र सिर्जनालाई परिष्कृत, मानक, सम्प्रेषणीय र सोद्देश्य तुल्याउन यो प्रक्रिया अँगाल्नु आवश्यक हुन्छ तर हामी यस दिशामा अपेक्षित रूपमा सफल हुन सकेका छैनौँ । हामीले आफूलाई कति हेर्यौ ? आफ्ना दुर्बलता र अहङ्कार हटाउन कति कसरत गर्यौ ? आफ्ना व्यवहारमा कति सुधार गर्यौ? आफूलाई प्रगतिवादी दिशामा कति बदल्यौँ ? आफ्नो चरित्रमा कति रूपान्तरण ल्यायौँ ? कति मात्रामा निरन्तर आत्म समीक्षा गर्दै छौँ ? यो गम्भीर प्रश्न हो । मलाई लाग्छ, हामी आत्म समीक्षाको पाटोमा धेरै पछि परेका छौँ । परिणामस्वरूप शब्द र

कर्मको एकता हुन सकिरहेको छैन र समालोचना लेखन आवश्यक रूपमा सम्पन्न बन्न सकिरहेको छैन ।

यसै गरी स्थापित भनिएका/मानिएका नेपाली साहित्यका अनेक सर्जक, विचारक, चिन्तक, समालोचकहरूमा रहेको 'मैले भनेको मात्रै ठिक हो' भन्ने आत्माभिमानी अहङ्कार पनि समालोचना लेखनको ठुलो चुनौती देखिन्छ । आफ्नो भनाइलाई नै माक्र्सवाद जस्तो मान्ने, आफू मात्र विद्वान् भएको ठान्ने तर त्यसलाई आफूले नै आविष्कार गरेको जस्तो गरी प्रस्तुत गर्ने, तथ्यको आविष्कार गर्दै सही मार्ग पहिल्याउनेतिर भन्दा आफूले भनेको कुरा नै तथ्य हो भन्ने कुरामा अड्डी लिने आत्माभिमानी अहङ्कारी प्रवृत्ति धेरैमा देखिन्छ । अरूलाई मान्छे नगन्ने, अरूलाई केही ज्ञान छैन भन्ठान्ने, अरूको योगदानलाई स्वीकार गर्न कन्जुस्याइँ गर्ने र आफूलाई मात्र आधिकारिक, विद्वान् र पढक्कड मान्ने अहङ्कारले नेपाली साहित्यमा क्षति पुराइरहेको देखिन्छ ।

**5. विषयगत पूर्णताको अभाव**

सिर्जना र समालोचनाका लागि जुन विषय ग्रहण गरिएको हो, त्यसलाई पूर्णतामा पुराउनु हुन्छ । तर सिर्जना वा समालोचनाका लागि चयन गरिएको विषयमाथि गहन चिन्तन गर्ने र त्यसलाई टुङ्गोमा पुराएर छाड्ने कार्यमा कमी भएको देखिन्छ । हामीले सांस्कृतिक वा अन्य सामाजिक विषयलाई लिएर सिर्जना गर्दा त्यसका बहुआयामिक यथार्थको बोध, तिनका कारणहरूको वस्तुवादी निक्र्योल र रूपान्तरणका लागि यथोचित दिशा निर्देश तथा दिशा निर्देशले सही रूप ग्रहण गरे, नगरेको प्रयोगात्मक पुष्टिको गम्भीर प्रक्रियालाई अँगाल्न सके जस्तो लाग्दैन । त्यसैले यति धेरै लेखन भइसक्दा पनि, यति धेरै राजनीतिक, सामाजिक र साहित्यिक विकास र परिवर्तन भइसक्दा पनि हाम्रो साहित्यले सांस्कृतिक रूपान्तरणका लागि आवश्यक मात्रामा प्रभावपूर्ण भूमिका

निर्वाह गर्न सकिरहेको छैन । तात्पर्य के हो भने आज विषयको समग्र ज्ञान, त्यसमाथिको गम्भीर चिन्तन र त्यसलाई सिर्जना र समालोचनाका माध्यमबाट अन्तिम टुङ्गोमा पुराएरै विश्राम लिने सङ्कल्प र प्रयत्नको चुनौती हामीसामु छ ।

**6. धनात्मक पक्षमा भन्दा ऋणात्मक पक्षमा ध्यान**

कृति मूल्याङ्कन साहित्यको विकास र साहित्यिक प्रतिभालाई मिल्ने उत्प्रेरणाको महत्त्वपूर्ण आधार हो । कृति मूल्याङ्कन गर्दा समालोचकहरूको ध्यान माक्र्सवादी (वर्गीय पक्षधरतासहितको तथा तुलनात्मक र सापेक्षित) सौन्दर्य चिन्तनअनुरूपको हुनु जरुरी छ । सिर्जनामा स्रष्टाका सबल र दुर्बल दुवै पक्ष हुन सक्छन् । दुवै पक्षको विश्लेषण न्यायपूर्ण रूपमा गरिनुपर्नेमा प्रायः दुर्बल पक्षहरूको खोजी परिश्रमका साथ गर्ने र स्रष्टाको उत्साह नै ध्वस्त पार्ने किसिमले आलोचना गर्ने तर सबल पक्षहरूको प्रशंसा गर्नमा कन्जुस्याइँ गर्ने प्रवृत्ति धेरैजसो समालोचकहरूमा पाइन्छ । समालोचना वा टिप्पणी गर्न भनी दिइएको वा लिइएको सिर्जनामा खोटहरूको मात्र खोजी गरी समालोचना गर्नु अत्यन्त खराब काम हो । कतिपय स्रष्टाहरू भावनामा र नियतका पक्षधर भए पनि सिद्धान्त राम्ररी नबुझेको कारण, रचनाधर्मितासँग अभ्यस्त र स्पष्ट नभएका कारण तथा अभ्यास र साधनाको कमीका कारण प्रगतिवादी रचना गर्न खोज्दाखोज्दै पनि आलोचनात्मक यथार्थवाद, मानवतावादी आदर्शवाद, स्वच्छन्दतावादी भावुकता आदिको सिकार हुने गर्छन् र तिनका रचनामा केही कमजोरी रहन जान्छ ।

यस्ता स्रष्टाहरूलाई स्नेहका साथ हेरी उनीहरूका सबल पक्षको प्रशंसा गर्दै कमजोर पक्षमा आत्मीयतापूर्ण सुझाव दिएर उत्साह बढाउने तथा परिमार्जित र परिष्कृत हुन उत्प्रेरित गर्ने किसिमले समालोचना गर्नु जरुरी छ । तर नेपाली साहित्य लेखनमा यस्तो हुन सकिरहेको छैन । यही

अभावका कारण साहित्य लेखनमा संलग्न भएर उल्लेखनीय सिर्जना गर्न सक्ने सम्भावना बोकेका अनेक प्रतिभाहरूले प्रतिध्रुवीय कित्तामा पलायन गरेका छन् । समालोचकहरूका असहिष्णु टिप्पणीहरू तथा उनीहरूले अभिप्रेरणा र स्नेहपूर्ण सहयोगको आशा गरेका लेखकहरूप्रति अनावश्यक रूपमा गर्ने निर्मम आलोचना र उनीहरूको उपेक्षा गर्दै उनीहरूका सिर्जनामाथि समालोचना नै नगरिदिने गरेकाले पनि प्रतिभाशाली र सम्भाव्य प्रतिभाहरूको पलायन भई नै रहेको देखिन्छ । नेपाली साहित्यमा समालोचना लेखनका लागि यो पनि एक विचारणीय चुनौती हो ।

## 2.4 उपसंहार

नेपाली समालोचनाको विकासक्रमलाई चार चरणमा विभाजन गरिएको पाइन्छ, जसअनुसार पहिलो चरण )194-८199माध्मिक काल अन्तर्गत (८ ) पर्दछ भने दोस्रो चरण1999-2006(, तेस्रो चरण )2007-2024र चौथो ( ) चरण2025 (देखि यता आधुनिक काल अन्तर्गत पर्दछन् । यसरी हेर्दा विक्रम सम्वत1999बाट नेपाली समालोचनाको अाधुनिक काल प्रारम्भ भएको देखिन्छ । रामकृष्ण शर्मा र यदुनाथ खनाल जस्ता सशक्त समालोचकहरूका समालोचनासंगै प्रारम्भ भएको अाधुनिक कालको यस चरणमा पूर्वीय र पाश्चात्य दुबै साहित्यशास्त्रमा समालोचना भएका पाइन्छन् । यस चरणका अन्य समालोचकहरूमा बाबुराम आचार्य, हृदयचन्द्रसिंह प्रधान र रत्नध्वज जोशी उल्लेख्य देखिन्छन् । यस चरणका समालोचकका समालोचनाहरू अतिशय प्रभावपरक, प्रशंसापरक, जीवनीपरक, बौद्धिक र विश्लेषणात्मक रहेका पाइन्छन् । यो चरण सैद्धान्तिक, विधापरक, तुलनात्मक, अन्वेषणात्मक, ऐतिहासिक,

निर्णयात्मक, प्रगतिमूलक समालोचना निर्माणमा विशेष उर्वर रहेको पाइन्छ ।

नेपाली समालोचनाको प्रथम प्रहरका पथनिर्माता मोतीराम भट्ट, राममणि आचार्य दीक्षित, सूर्यविक्रम ज्ञवाली र रामकृष्ण शर्माको योगदान, सैद्धान्तिक नेपाली समालोचना, प्रायोगिक नेपाली समालोचनाअन्तर्गत कविता, नाटक, कथा, उपन्यास र निबन्ध विधाको समालोचना, व्यक्तिपरक समालोचना, साहित्यिक पत्रिकाका समालोचना विशेषाङ्कको समीक्षण, क्षेत्रीय साहित्य विषयक समालोचना, यात्रासाहित्यको विशेषता र समीक्षा, खोज अन्वेषणमूलक समालोचना, साहित्यिक आन्दोलन र समीक्षात्मक सामग्री, विविध विषयक समालोचना, साहित्यिक लेखनको परम्परा र उत्तरवर्ती समालोचनात्मक आयामका कृतिहरुको विवरणात्मक अध्ययन प्रस्तुत गरिएको छ । समालोचकमा सर्जक व्यक्तित्व पनि अपरिहार्य हुनुपर्ने कुरा औँल्याउनु, राजशेखरका दृष्टिमा समालोचकलाई अरोचकी, सतृणाभ्यवहारी, मत्सरी र तत्वाभिनिवेशी चार प्रकारका वर्गीकरण गर्नु, नेपाली समालोचनामा गुणदर्शन र दोषदर्शन दुवै परम्पराको परिचय दिनु, विधागत रुपमा प्रायोगिक समालोचनाको सर्वेक्षण गर्नु, उत्तरवर्ती समालोचकका कृतिहरुको विवरणात्मक चर्चा गर्नु आदिलाई यस लेखका सबल पक्ष मान्न सकिन्छ । समालोचना र समालोचनात्मक शब्दलाई पर्याय ठान्नु, मोतीराम भट्टद्वारा लिखित भानुभक्तको जीवनीलाई स्थलगत अध्ययनको परिणाम स्वीकार्नु , रीतिवादी समालोचकको तिथिमिति छुट्नु, परीक्षोपयोगी सामग्रीलाई पनि समालोचनाका रुपमा उल्लेख गर्नु , समालोचकलाई उच्च आदरार्थीमा प्रयोग गर्नु ,'विवेचना' शब्दको सट्टा 'सर्वेक्षण' शब्द प्रयोग गर्नुपर्ने अवस्था निम्तिएको छ ।

## 2.5 सार

यस प्रखण्डमा **नेपाली साहित्यमा समालोचनाको थालनी र विकास**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- समालोचना साहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले साहित्यिक विधाले कृतिको गुण र दोष छुट्याउँनका अतिरिक्त कृति र लेखकको महत्वमूल्य र महिमाको पनि गुणगान गाउँदछ । ,
- विचारक वा चिन्तक वा समालोचकहरूको काम सम्बन्धित सिद्धान्तलाई उचित रूपमा सहजै बुझिने गरी बताउनु हो ताकि लक्ष्यित वर्गका अस्पष्टता र जिज्ञासा समाप्त होऊन् र सम्बन्धित सिद्धान्तका बारेमा उनीहरू स्पष्ट बनून् ।
- नयाँ पुस्तामा स्पष्ट रूपमा सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोगको अभ्यास नहुने हो भने भविष्यमा समालोचना साहित्य लेखन झन् बढी सामान्य बन्दै जाने छ । यस अवस्थालाई पनि नेपाली साहित्यमा समालोचना लेखनमा रहेको चुनौती मान्नुपर्छ ।
- त्यसैले स्थापित भएका र आफूलाई समालोचनाको घर्मबारे ज्ञाता मान्ने अग्रज पुस्ताले नयाँ पुस्तालाई शिक्षित, प्रशिक्षित र दीक्षित बनाउनका लागि नयाँ पुस्ताका बिचबाट विशिष्ट र सम्भाव्य देखिने प्रतिभाहरूलाई सामूहिक रूपमा ज्ञानान्तरणको कार्य गर्दै जानु अत्यावश्यक देखिन्छ ।
- निष्पक्ष भएर निणर्नाकको कर्तव्य पालन गर्नु नै समालोचकको धर्म हो । उसले हाँसको झै नीर - क्षीर विवेचन गर्नुपर्छ ।

- समालोचक एउटा निणर्नायक हो, जसले निष्पक्ष न्यायाधीशका रूपमा आफ्नो निर्णय सुनाउनुपर्छ । उसलै कुनै पुस्तक अथवा कविको आलोचना गर्दा व्यक्तिगत सम्बन्धप्रति ध्यान दिनु हुँदैन ।
- आलोचक भनेको एउटा कसी हो, जसमा सुनलाई घोटेर त्यो शुद्ध वा अशुद्ध के छ, त्यसको निर्णय गर्नुपर्छ । उसले काव्यको राम्रो पक्षको प्रशंसा गर्नुपर्छ ।
- समालोचनाले नै मात्र साहित्य समृद्ध हुने त होइन तर साहित्यलाई तिखार्न समालोचनाको सहयोग अपरिहार्य छ । तर समालोचनाको तुलनामा साहित्य लेखन सम्पन्न छ र यो स्वाभाविक पनि हो ।
- समालोचना गर्न लामो समय र गहन पठनको आवश्यकता हुन्छ । जसरी दीर्घ साधना सिर्जनाका लागि आवश्यक छ, त्यसरी नै समालोचनामा पनि खोज र अनुसन्धान आवश्यक छ ।

यस प्रखण्डको अध्ययनले **नेपाली साहित्यमा समालोचनाको थालनी र विकास**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त नेपाली समालोचनाको काल विभाजन सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 2.6 अनुशीलनी

1. समालोचनाको उद्भवबारे चर्चा गर्दै यसको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. समालोचनाको अर्थलाई केलाउँदै यसको परिभाषाबारे पाश्चात्य र पूर्वीय आचार्यहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. साहित्यमा समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।

4. नेपाली समालोचनाको पहिलो चरण विवेचना गर्नुहोस् ।

5. नेपाली समालोचनाको दोस्रो चरण विवेचना गर्नुहोस् ।

6. नेपाली समालोचनाको तेस्रो चरण विवेचना गर्नुहोस् ।

7. नेपाली समालोचनाको चौथों चरण विवेचना गर्नुहोस् ।

८. समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9. समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. समालोचना साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 2.7 अतिरिक्त अध्ययन


1. चैहान, शिवदान सिंह- **आलोचना के सिद्धान्त** ।

2. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

3. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।

4. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

5. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन** ।

6. खतिवडा, बलराम - **कृतिपरक समालोचनाको विकास** ।

7. न्यौपाने, दीपक - **नेपाली समालोचनाको अध्ययन** ।

8. छेत्री, देवबहादुर - **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर** ।

9. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति** ।

10. कँडेल , घनश्याम - **नेपाली समालोचना** ।

11. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** ।

12. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास ।**

13. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास ।**

14. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

15. बाकुनिन, मिखाइल - **साहित्यको अपहरण ।**

16. मुकारूङ, श्रवण - **राजनीति र नयाँ नेपाली साहित्यको सवाल।**

यस अतिरिक्त **समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 2.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको अवधारणा ।

........................................................................................

........................................................................................

........................................................................................

**( प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्‌यार्थीले 2.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. नेपाली समालोचनाको पहिलो चरण ।

........................................................................................

........................................................................................

........................................................................................

Notes

**( प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4.1 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली समालोचनाको दोस्रो चरण ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. नेपाली समालोचनाको तेस्रो र चौथौ चरण ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4.3 र 2.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. नेपाली समालोचनाको चुनौतीहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 2.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 3, नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव

**संरचना**

3.0 उद्देश्य

3.1 परिचय

3.2 समालोचनाको सामान्य परिचय

3.3 नेपाली समालोचनामा पूर्वीय समालोचनाको प्रभाव

3.4 नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव

3.5 उपसंहार

3.6 सार

3.7 अनुशीलनी

3.8 अतिरिक्त अध्ययन

3.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 3.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समालोचनाको सामान्य परिचय
- नेपाली समालोचनामा पूर्वीय समालोचनाको प्रभाव
- नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव

## 3.1 परिचय

Notes

'समालोचना' शब्द प्रायः ज्ञान विज्ञानका सबै क्षेत्रमा प्रयोग हुने भए पनि यहाँ साहित्यिक समालोचनाका अर्थमा मात्र सीमित गरिएको छ । साहित्य र समालोचना दुवैको साइनो ज्यादै निकट रहेको छ । माली र फुलबारी जस्तो समालोचना र साहित्य आपसमा अन्योन्य भएर सहभागी भएका छन् । समालोचना बिना साहित्यको आस्वाद्य रूप बोध हुन सक्तैन भने साहित्य त समालोचनाको उद्गम स्रोत नै हो । त्यसैले क्यानाडाली समालोचक नथर्ररप पर्|mइले समालोचना र साहित्यलाई भौतिक शास्त्र र प्रकृतिसँग तुलना गरेका छन् । उनका अनुसार भौतिक शास्त्रको अध्ययन गर्ने विद्यार्थीले प्रकृतिको अध्ययन गर्दछ तर ऊ आफूलाई प्रकृतिको विद्यार्थी नभनेर भौतिक शास्त्रको विद्यार्थी भन्दछ । फ्राईका अनुसार साहित्यको भौतिक शास्त्रको नै विद्यार्थी हुन्छ । साहित्य कला भए पनि समालोचना विज्ञान हो । कलामा हार्दिकता, रागात्मकता, वैयक्तिक तथा सामूहिक अचेतनको प्रकटन, कल्पना एवं भावुकताको आधिक्य, वैज्ञानिक कार्यकारणको निरपेक्षता, अभिव्यञ्जनात्मक भाषिक प्रयोग जस्ता गुण रहेका हुन्छन् । समालोचना बैद्धिक क्रियाकलाप हो र यसमा साहित्यिक कृतिको वस्तुगत, वैज्ञानिक, कार्यकारण मानिन्छ र बालक जन्मेदेखि नै आफ्नो परिवेशप्रति प्रतिक्रिया व्यक्त गर्दछ, यही मानवमा निहित प्रतिक्रियात्मक गुण नै समालोचनाको उद्गम विन्दु हो । त्यसैले साहित्यिक समालोचनाको प्रारम्भ साहित्य लेखन जत्तिकै पुरानो मानिन्छ ।

समालोचना कहाँबाट सुरु भयो र साहित्यमा के के कुरो नभई हुँदैन, कुन कुन विद्वानले यस बारेमा चिन्तन गरे भन्ने कुराको ऐतिहासिक समीक्षा गर्ने प्रयास यस लेखमा छ । समालोचनाको पहिलो बिउ रोप्ने काम इ.पू. पाचौँ शताब्दीमा ग्रिसका नाटककार एरिस्टोफेनिस (इ.पू.446-3८6) -

को **द प्लेग्स** भन्ने नाटकबाट भएको देखिन्छ । यो इ. पूर्व 405 मा लेखिएको नाटक हो । ग्रिसका नाटककार एरिस्टोफेनिस सुखान्त नाटक लेख्थे । उनले आफू भन्दा अघिका दुइटा ग्रिसका दुखान्त नाटककार एस्किलस (इ.पू.525-455) र युरिपाइडिज (इ.पू.4८0-406) - लाई आफ्नो नाटकमा पात्र बनाएका छन् र ती दुइटा नाटककारहरूको शैलीको तुलना गरेका छन् । युरिपाइडिज साहित्यमा यथार्थता हुनु पर्छ भन्छन् । वास्तविक जीवनको चित्रण साहित्यमा जति गऱ्यो, त्यति नै साहित्यको स्वाभाविक र सबल पक्ष हो भन्ने कुरो युरिपाइडिजको छ भने साहित्यमा यथार्थता होइन नैतिकता हुनु पर्छ भन्ने कुरो एस्किलसको छ । हामीले के के गर्नु पर्छ, गर्नु हुन्छ वा गर्नु हुँदैन भन्नै नैतिकता र शिक्षा वा उपदेश साहित्यबाट मिल्नु पर्छ भन्ने भनाइ एस्किलसको देखिन्छ ।

साहित्यमा यथार्थता हुनु पर्छ कि नैतिकता वा शिक्षा हुनु पर्छ भन्ने दुइटा पक्षमा विवाद छ भन्ने कुरो एरिस्टोफेनिसले **द प्लेग्स** (भ्यागुताहरू) भन्ने नाटकमा देखाएका छन् । साहित्यको इतिहासदेखि आज सम्म पनि समालोचना गर्दा साहित्यमा यथार्थता महत्वपूर्ण हो कि नैतिकता महत्वपूर्ण हो भन्ने विवाद नै चलिरहेको छ ।

## 3.2 समालोचनाको सामान्य परिचय

साहित्यसँग थाहै नपाई मानिसको साइनो बसेको देखिए तापनि साथै केहि थाहा पाउन थालेदेखिनै साहित्य मानिसलाई मन पर्न पनि थाल्दो रहेछ । यसरि साहित्य प्रिय लागि रहे पनि साहित्यको पहिचान र पारख गर्नु चाहिँ त्यति सहज र सुगम नरही चुनौतीपूर्ण नै रहदै आएको छ । सहित्य छ र हुन्छ अनि हामी त्यसलाई केही चिन्दछौँ र त्यसको प्रयोग वा उपयोग समेत गरि रहेका हुन्छौ तापनि त्यो के हो र कस्तो हुन्छ र

त्यसका के कस्ता विविध प्रकार देखिन आएका छन् भनी सोधनी गर्न लाग्नासाथ अनेक कठिनाइसँग हाम्रो जम्काभेट हुन थाल्दछ । यस्ता जिज्ञासाले साहित्यका जुन तत्व मीमांसतर्फ हामीलाई डोर्याउँझन् त्यो नै साहित्यको शास्त्र हो । वनस्पतिहरु छन् र नै वनस्पति शास्त्रको अपेक्षा भई त्यसको उठान र विकास भए जस्तै साहित्य हामीसँग भएकाले नै हामीलाई साहित्यको शास्त्र पनि चहिने हुन्छ । सक्षम साहित्य शास्त्र त्यही हो ,जसले साहित्यको पर्याप्त पहिचान र सही पारखका क्रममा समालोचना कर्मी वा समालोचकलाई पनि सघाउँछ । त्यसैले साहित्य शास्त्र वा साहित्य सिद्धान्तको अर्को नाउँ **समालोचना सिद्धान्त** पनि हो । प्राचीन समयदेखि नै समालोचना काव्यशास्त्र, अलङ्कारशास्त्र आदि नामले स्वतन्त्र विधाका रूपमा अस्तित्वशील छ । एरिस्टोटलले आफ्नो समालोचना ग्रन्थको नाम 'पोइटिक्स' राखेका छन् भने रोमेली चिन्तक तथा कवि होरेसले 'आर्स पोइटिका' नाम दिएका छन् । पूर्वमा 'काव्यालङ्कार' काव्यप्रकाश, 'साहित्य दर्पण' जस्ता नामले समालोचनातमक कृतिहरू लेखिएका छन् । समालोचना शब्दको प्रयोग पश्चावर्ती समयमा आएर आएको हो । अङ्ग्रेजीमा 'क्रिटिसिज्म' शब्दको प्रयोग सत्रौं शताब्दीमा भएको देखिन्छ भने हिन्दीमा इ. 1८66 मा समालोचना शब्द उपयोग भएको पाइन्छ । **समालोचना** शब्दको प्रयोग अङ्ग्रेजीको क्रिटिसिज्मकै पर्यायका रूपमा भएको हो । नेपालीमा यसको समानार्थी शब्दहरूमा समीक्षा, आलोचना, विवेचना, मीर्मासा, विवेचना, सिंहावलोकन, पर्यवलोकन, अभिवीक्षा, मूल्याङ्कन, टिप्पणी आदि अनेक शब्दहरू प्रयोग भएका छन् । यसरी नै अङ्ग्रेजी 'क्रिटिसिज्म' - को पर्यायका रूपमा रिभ्यु, एप्रिसिएसन, जजमेन्ट, इभ्यालुएसन, कमेन्ट, इन्टरप्रेटेसन, ओपिनियन आदि शब्द रहेका छन् । यी मध्ये सर्वाधिक

प्रचलित समालोचना, समीक्षा आलोचना र अङ्ग्रेजीमा क्रिटिसिज्म शब्दहरू नै हुन् ।

नेपालीमा प्रयुक्त समालोचना, आलोचना र समीक्षा तीनवटै शब्दहरूको मूलमा निहित धातु ‘लुच्’ र ‘ईक्ष्’ - को धात्वर्थ ‘हुनु’ भन्ने रहेको छ । यसले समालोचक वा समीक्षकको साहित्यप्रति हुने दृष्टि प्रक्षेपणलाई सङ्केत गर्दछ । यो हेराइ सामान्य नभएर गम्भीर एवं बौद्धिक हुनाका साथै प्रतिक्रियात्मक हुन्छ । जर्मन दार्शनिक इम्यानुअल कान्ट मानव मस्तिष्कलाई बाह्रय वस्तुलाई प्रक्षेपण गर्ने निर्जीव ऐना जस्तो मात्र ठान्दैछनन् बरु बाह्रय वस्तुको अवलोकनबाट मस्तिष्कमा नयाँ - नयाँ वस्तु उद्भासित हुने र प्रक्षेपित हुने ठान्दैनन् । समालोचना पनि साहित्यिक कृतिको अध्ययन अवलोकनबाट पाठकको मस्तिष्कमा पर्ने नव उद्भासनमूलक प्रतिक्रिया हो । संस्कृत साहित्यका समीक्षा शास्त्री राजशेखर समालोचना पनि प्रतिभाबाट नै हुने स्विकार्दै कविको श्रमलाई वास्कविक रूपमा ठहऱ्याउने प्रतिभालाई भावयित्री प्रतिभाको संज्ञा दिन्छन् । राजशेखरले समालोचनाको सम्बन्ध प्रतिभासँग देखाउनुले समालोचनामा बौद्धिक स्फुरणात्मक नवीन चिन्तनको आवश्यकतालाई सङ्केत गरेको छ । अङ्ग्रेजी समालोचक विलियम हेनरी हड्सन पनि समालोचकलाई साहित्यको विशेषज्ञ स्विकार्दै साहित्यिक कलालाई पारख गरेर यसको परीक्षण गर्ने, गुण दोष छुट्याउने र एउटा फैसला सुनाउने व्यक्तिका रूपमा स्विकार्द छन् ।

यसरी हेर्दा समालोचना त्यस्तो विधा हो जसमा प्रतिभाशाली पाठकले साहित्यिक कृतिको गम्भीर र अनुशीलन गरेर आˆनो प्रतिभाद्वारा नवीन धारणा वा चिन्तन प्रकाशित गर्दछ । समालोचनामा वैयक्तिक दृष्टिकोण

रहने हुँदा र प्रतिभाद्वारा नवीन चिन्तन दिइने हुँदा नै यसका अनेक रूप वा प्रकारहरू देखिएका छन् । यहाँ पाश्चात्य समालोचना परम्परामा देखिएका महत्त्वपूर्ण समालोचनाका प्रकारहरूको लक्षण वा परिचय दिइएको छ ।

पूर्वीय एवम् पाश्चात्य साहित्यको प्रभावका रुपमा नेपाली साहित्यको विकास हुँदै आएको छ । 11 औं शताब्दीबाट नेपाली भाषाको विकास प्रारम्भ भएता पनि साहित्यिक स्वरुप भने उन्नाईसौं शताब्दीको पूर्वाद्र्धमा मात्र तयार भएको हो । नेपाली साहित्यको इतिहासमा समालोचनाको छुट्टै अस्तित्व रहको छ । सैदान्तिक समालोचना र प्रायोगिक समालोचनाको पनि आ - आफ्नै वैशिष्ट्य छन् । नेपाली समालोचनाको विकासक्रमलाई चार चरणमा विभाजन गरिएको पाइन्छ, जसअनुसार पहिलो चरण (वि. सं. 1948देखि वि. सं. 1998सम्म) माध्मिक काल अन्तर्गत पर्दछ भने दोस्रो चरण (वि. सं. 1999 देखि वि. सं. 2006 सम्म), तेस्रो चरण (वि. सं. 2007 देखि वि. सं. 2024 सम्म) र चौथो चरण (वि. सं. 2025 देखि यता) आधुनिक काल अन्तर्गत पर्दछन् । यसरी हेर्दा विक्रम सम्वत् 1999 बाट नेपाली समालोचनाको आधुनिक काल प्रारम्भ भएको देखिन्छ ।

## 3.3 नेपाली समालोचनामा पूर्वीय समालोचनाको प्रभाव

भारतीय साहित्यकार एवम् विद्वानहरूले पाश्चात्य साहित्यालोचनाप्रति जति झुकाउ राखेका पाउँछौं त्यति शायद पाश्चात्य विद्वानहरूले भारतीय साहित्य तथा साहित्यकारप्रति राखेको पाइन्न । आजसम्म प्राचीन भारतका मनीषी, विद्वान् , दार्शनिक र

काव्यशास्त्री आदिद्वारा साहित्यिक मूल्याकनका जे जति प्रतिमान र सौन्दर्यबोध सम्बन्धी अवधारणाहरू प्रस्तुत गरेका छन् , पाश्चात्य विद्वान र आलोचकहरूले त्यसको आजसम्म कुनै आत्मसात्करण गरेको पाइन्न । यसका विभिन्न कारणहरू हुन सक्छन् । तथापि पूर्वीय तथा भारतीय आतार्य, साहित्यकार आदिका जीवन दृष्टि मूलतः आदर्शवादी छ भने पाश्चात्य विद्वान् , साहित्यकारहरूका दृष्टि मूलतः यथार्थवादी रहेको छ । पाश्चात्य साहित्यकारहरू जहाँ सौन्दर्यनुभूतिका कुरा गर्छन् , त्यही भारतीय साहित्यकारहरू मानव - मूल्यका उद्घाटन गर्छन् । यो भिन्नता तथा फर्क केवल देश - काल एवम् वातावरणमा निहित पाइन्छ । स्वयं भारतीय लेखकहरूले पाश्चात्य लेखकहरूप्रति यस विषयप्रति दूरी बनाएर रखेको पनि पाइन्छ ।

पूर्वी देशहरूका अलङ्कृत शैला , पुराणपन्थी बिम्ब - विधान र सौन्दर्य - दृष्टि भिन्न भएको कारण पाश्चात्य देशहरूका सुसभ्य र सुसंस्कृत मानसिकताले कुनै पनि प्रकारमा त्यसलाई अङ्गिकार गर्न नसकेको पनि मान्न सकिन्छ । पश्चिम र पूर्विय साहित्यलोचनाका ऐतिहासिक र सामाजिक पृष्ठभूमि , राष्ट्रीय विशेषता आदि सबै भिन्न रहेका छन् । तर यो पनि भन्न सकिन्न कि यस्तो भिन्नाता पाश्चात्य देशहरूमा अवश्य पाइन्छन् । कुनै पाश्चात्य जगतका विभिन्न देशहरू आफ्नो राष्ट्रीय विशेषतादेखि रहित छन् । तात्पर्य यही बुझिन्छ कि विश्वका प्रत्येक देशले आफ्नो विशिष्ट विशेषताहरूका आधारमा आफ्नो अलग पहचान बनाएर राखेका छन् । यही भिन्नता नै कुनै पनि देशको निजि पहचान हो । प्रत्योक देशको संस्कृति र सभ्यता

अलग - अलग हुने गर्छन् । यसै अनुरूप ती देशहरूका भाषा - साहित्यका भाव , विचार , अनुभूति तथा अभिव्यक्तिमा समेत भिन्नता देखिन्छ ।

नेपाली भाषाको वाङ्मयतर्फ हेर्दा वाङ्मयका साहित्यिक र साहित्य तर दुबै रुपले लामै परम्परा देख्न पाईन्छ । साहित्य तर वाङ्मयतर्फ पन्ध्रौ शताब्दी देखिका ज्योतिष, औषधिमुलो र आचारतीतिका पुराना ग्रन्थहरु फेला परेका छन् भने साहित्यतर्फ पनि पुराना यात्रा वर्णन बंशावली र जीवनीमा आंशिक रुपमा भए पनि साहित्यिकताको स्पस्ट छ वटा देख्न पाईन्छ ।

यस पृष्ठभुमिमा श्री 5 वडामहाराजधिराज पृथ्वीनारायणका युगमा आएर उन्नाइसौ शताब्दीमा लेख्य नेपाली साहित्यको वास्तविक उदय भएको र लिखित साहित्यले आफ्नो इतिहासको थालनी गरेको हो । यस अबधिमा नेपाली नेपाली कबितामा वीरधारा प्रबाहित भई नेपाली साहित्यको इतिहासको प्राथमिक चरणको थालनी भएको छ । यस चरणका अहिलेसम्म थाहा हुन सकेको जेठा कवि सुवानन्द दास हुन् ।

वीर धारापछि नेपाली साहित्यको दोस्रो चरणका रुपमा कविताका क्षेत्रमा भत्तिधाराको प्रवर्तन भएको पाईन्छ । यही भत्तिधारामा नेपालीका युगप्रधावी आदिकबि भानुभत्त आचार्यको उदय भएको हो । कविताका उपर्युक्त धाराहरुका हाराहारीका अबधिमा गद्याख्यानको नीतिपरक र पौराणिक धारा पनि सजीब रहेको देखिन्छ । नेपालमा राणाकालमा छापाखानायुग आएको मानिनछ र विक्रमको बीसौ शताब्दीको पाचौ दशकमा नेपाली साहित्यले छापाखाना युगमा प्रवेश गर्यो । यस समयमा युवक कबि मोतीराम भटटले नेपाली कविता र ताटकमा श्रृंगारधाराको प्रवर्तन गरेका हुन् । 1940 देखि यताका तीन चार दशकसम्म नेपाली

गद्यसाहित्यमा श्रृङ्गार कवित्व, गीत, गजल र लोकलहारीका काव्य कविता आएको देखापर्छ भने गद्य साहित्यमा तिलस्मी ऐयारी रम्य आख्यानको परम्परा र औपन्यासिक प्रारुपको उदय पनि भएको देखापर्छ। नेपाली रङ्गमञ्चको अभ्युदयका कारण यस अबधिमा श्रृङ्गारिक, पौराणिक एवं अतिरञ्जित नाट्यकृतिको रचना भएको पनि पाईन्छ । यसै समयमा नेपाली समालोचनाको जग बसेको छ । भने नेपालीमा पत्रपत्रिका प्रकाशनकोक्रम पनि आरम्भ भएको देखिन्छ । शम्भुप्रशाद ढुङ्ग्यालले निबन्ध विधाको विशिष्ट बाकी प्रस्तुत गर्ने कार्य पनि यसै अबधिमा गरे।

गोरखा भारतजीवनको प्रकाशनद्धारा मोतीराम भट्टले नेपाली पत्र - पत्रिकाको प्रकाशन भएको जग राखेपछि नेपालीमा थुप्रै महत्वपुर्ण पत्र पत्रिकाहरुको प्रकाशन भएको देखिन्छ । यस्ता पत्र पत्रिकाहरुमा गोरखापत्र, सुन्दरी, माधवी, चन्द्र, चन्द्रिका, शारदा आदि विशेष उल्लेखनिय छन् । यी र यस्तै अन्य विभिन्न पत्र पत्रिकाबाट नेपाली साहित्यका विविध फुट्कर बिधाहरुले हुकिने, मौलाउने र फस्टाउने अवसर पाएको देखिन्छ । यस क्रममा गोरखा भाषा प्रकाशिनी समितिको स्थापना र भुुमिका पनि उल्लेखनिय छ । मोतीराम भट्टपछिको समयमा नेपाली भाषाको व्याकरण तयार गर्नेतर्फ पनि आवश्यक अध्ययन गएको पाईन्छ । यस दृष्टिबाट हेमराज, सोमनाथ आदिको व्याकरणिक कृतित्व महत्वपुर्ण देखिन्छ । साथै यस बखतमा साहित्यक स्तरीकरणको र आधुनिकीकरणको चासो पनि देखिन्छ । यस सन्दर्भमा लेखनाथद्धारा नेतृव्त गरिएको शास्त्रीयकविताको परिष्कारको चेष्टा, धरणीधर, महानन्द आदिको जागरण चेष्टा चकपाणिद्धारा गद्धशैलीको निर्माणको प्राथमिक चेष्टा निवन्ध कथा आदिको विधागत प्रारुप खडा गर्ने चेष्टा, संस्कृत

नाट्यपरम्परा साथै पाशचात्य नाटकको परम्परा थाल्ने चेष्टा आदि यस कालका साहित्यिक जागरणका साक्ष्य हुन् ।

नेपालीमा पाश्चात्य नाटकको प्रभाव पहलमानसिह स्वारमा देखा परे तापनि नेपाली नाटकलाई शेक्सपियरेली प्रभावद्धारा पाश्चात्य नाट्य परम्परातर्फ दरो रुपमा उन्मुख गराउने व्यत्तित्व बालकृष्ण सम हुन् । गोरखापत्रदेखि गोरखा संसारसम्म प्रकाशित गद्य साहित्यतर्फ हेर्दा कथा निबन्ध आदिको प्रवर्तनक्रम स्पस्ट रुपमा देखिन्ट । यस क्रममा समालोचनाका फटमा सुर्यविक्रम ज्ञवालीको योगदान विशेष उल्लेखनिय छ । ऐन कानून नभएर आजको युगमा समाज राष्ट्र गतिशिल हुन सक्तैत । सामाजिक व्यवहारका क्रममा परम्परा कथित धार्मिक मान्यताहरुले त्यत्तिकै जरा गाडेको स्थिति छ । कानून र परम्पराहरु बीच अन्तर विरोध मात्र होइन कतिपय अवस्थाहरुमा यो दण्डनीय पनि हुन सक्छ । ऋषी पंचमी तीजको अन्तिम दिन हिन्दु सम्प्रदायले श्रद्धाभक्ति पुर्वक मनाए भनेर सञ्चार माध्यमहरु नै प्रसारित गरी रहन्छन् । दशै तिहार पनि क्रमशः आउदै छन्, खसी बोका रांगा आदि पशुपंक्षीहरुको हत्या बलीका नाममा लाखौंको संख्यामा भित्र्याइदै गर्छन ।

पशुपंक्षी सम्बन्धित ऐनमा क्रुरता प्रदर्शन गर्न नहुने लगायतका विविध व्यवस्था ल्याईएका छन् । छाउपडी प्रथा दण्डनीय मानिएको छ । यसका लागि अभियान नै सञ्चालित हुने गरेका छन् । विकृति हटाउनु रुढीबादी परम्परा अन्त्य हुनु राम्रो सकारात्मक मान्नु पर्दछ । महिलाहरुका लागि स्वाभाविक जैविक प्रक्रिया हो । देह भित्रका विकारहरु त्याग्न प्रकृतिले नै मलमुत्र, कफ पसिनाका रुपमा विसर्जन गर्ने व्यवस्था गरी दिएको छ । विशेष आवश्यकताका आधारमा महिनावारी पनि स्वभाविक प्रक्रिया भित्र

नै पर्दछ । स्वास्थ्य सुरक्षाका लागि सिनेटरी प्याड आदि पनि छन् स्वच्छता राख्न अनिवार्य पनि हो । कानूनमा छाउपडीलाई दण्डनीय मानेको छ, यस्तो स्थितिमा कथित धार्मिक मान्यतामा आधारित ऋषी पञ्चमी त महिनावारी कै विषयमा आधारित छ । अनेक धार्मिक पर्वहरुमा बली प्रथा कायम नै छ ।

छाउपडीका नाममा महिलाले दुःख पाउनु हुन्न त्यसो भएमा सजाय हुने व्यवस्था पुजनर्जागरणको नै झलक हो । तर सरसफाई स्वच्छता नै नराखी जथाभावी हुन लाग्यो भने एउटा अतिवाट अर्को तर्फ जानु पुनरजागरणको परिभाषा भित्र पर्न सक्तैत तर यसकै नाममा परम्पराहरुको मान्यतालाई धार्मिक आवरण भित्र ल्याउनु पुरातन सोच भन्नै पर्दछ । जातक पैदा भएमा सरसफाई अनिवार्य हुन्छ तर यसमा पनि जथाभावी हुन लागे दुष्परिणाम ल्याउन सक्छ । महिलाहरुले पतिको दिर्घायुको कामना गर्दै ब्रत बस्ने अरे, मेमहरुका एनजीओ. यसलाई कुन रुपमा ग्रहण गरी रहेका होलान ? आज पति पत्नि बीचका सम्बन्ध हाम्रा धार्मिक मान्यता अनुरुप पवित्र पार्न नै छन्, अर्धागिनी नै हुन भनि कति संख्याले आत्मसात गरेका होलान ? एक महिनाको स्वस्थानी ब्रत उपवास गरेर नारी जातिले निर्वाह गर्छन अव स्वस्थानी कथा सुन्नै पर्ने त्यसमा भएका कथित धार्मिक बृतान्तहरुमा शिवलाई धुर्त 7 वर्ष कि अवोध गोमालाई 70 वर्षको शिवशर्मा भएर गर्भिणी बनाई देह त्याग गर्ने, भगवान भनिएका विष्णुलाई सति बृन्दाको सत्य डगाई बलात्कार गर्नु पनि पाठ कै रुपमा पुजित हुने त्यसलाई पनि धर्मको नाम दिएर जवरजस्तीकरणी अनमेल विवाह पाखण्डलाई कानूनले दण्डनीय बनाई सकेको छ ।

Notes

एक समय थियो लोग्ने मरेमा स्वास्नीले नचाहेर पनि सति जान पर्ने त्यसलाई पनि धार्मिक परम्परा नै मानिन्थ्यो । युग परिवर्तन सँगै त्यो इतिहास भईसक्यो हाम्रो सनातन परम्परा मान्यता भइसक्यो हाम्रो सनातन परम्परा मान्यताहरुलाई केही पाखण्डीहरुले अनाहकमा नचाहिदा विषय घुसाएर महान आध्यात्मिक दर्शनको मौलिकता स्वार्थवस नष्ट पार्ने काम गरे । ब्रतबन्ध आदि कर्मकाण्डमा भीक्षाटन गर्ने भनि अलख जगाउने जस्ता हास्यास्पद अनि छोरा जन्मे बाबुलाई दुबो हाल्ने घृणास्पद परम्परा जीवित रही आएकाले समाज विकृत भएको हो । आस्थाका केन्द्र मन्दिरहरुमा रकम दिएर पाठ पढाउने पण्डा पुजारीहरुले विना कारण महिमा मण्डित भई रहने त्यस्तै कर्मकाण्डका नाममा श्राद्ध गर्ने अरे, जीवन छदा हेला दुःख दिने मरेपछि ऋषिहरुलाई पोषित पार्दै दान दक्षिणा दिने कथित तिर्थहरुमा धर्मका नाममा लूट ? टाढाको के कुरा पशुपति दर्शन चाणै गराउन ठूलो भेटी दिनुपर्ने व्यवस्था राज्यले नै गरेकै हो । यी तमाम परिप्रेक्षको गहन विश्लेषण अनुसन्धान हुनै पर्दछ । अनमोल हिन्दु अध्यात्मिक दर्शनलाई धुर्त पाखण्डीहरुले विद्रुत बनाई दिए, यस भित्रको मणि खोज्नु पर्ने समय आएको छ । मन्दिरहरुमा श्रद्धाले होइन परम्पराले बाधिएर जानु कुनै महत्व राख्न सक्तैन त्यसैले समाज रुपान्तरणका लागि अष्टाङ्ग योग जस्ता आत्मबोध गराउन सक्ने सार्वभौम सत्यमा रुपान्तरण गरौं यही आजको आवश्यकता लाग्छ ।

आधुनिक नेपाली कथामा अभिघात शीर्षकको अनुसन्धानात्मक समालोचना कृति प्रकाशन गराएर डा. शान्तिमाया गिरीले नेपाली समालोचनामा एउटा गहन कृति ल्याएकी छिन् । यसअघि समालोचनात्मक आलोक (2070), भ्रमर उपन्यासको समाजशास्त्रीय विश्लेषण (2072) जस्ता समालोचना कृति लेखेकी उनले सृजनाका

विभिन्न विधामासमेत कलम चलाएकी छिन् । उनी पछिल्लो समय साहित्यमा क्रियाशील देखिन्छिन् । प्राज्ञिक समालोचना लेखनमा समालोचकहरूको उपस्थिति न्यून छ र नारी समालोचकहरूको सहभागिता त झन् नगण्य मात्र छ । यस्तो स्थितिमा समालोचक शान्तिमाया गिरीको उपस्थिति सुखद छ ।

विश्वसाहित्यमा दोस्रो विश्वयुद्धपछि विकसित भएको अभिघात सिद्धान्त समालोचना चिन्तन र पद्धति दुवै हो । नेपाली साहित्यमा पचासको दशकबाट लेखिन थालेको अभिघात साहित्यलाई अध्ययन विश्लेषण गर्ने क्रममा नेपाली समालोचनामा यस सिद्धान्तको प्रयोग गरिन थालिएको हो । प्रस्तुत समालोचना कृति पाश्चात्य साहित्यमा लेखिएका अभिघातसम्बन्धी सैद्धान्तिक समालोचनाका ग्रन्थहरूबाट स्रोत र सन्दर्भका रूपमा सैद्धान्तिक आधार लिएर तयार पारिएको छ । आधुनिक नेपाली कथामा प्रयुक्त अभिघातलाई विभिन्न विद्वानका सैद्धान्तिक पर्याधारको प्रयोग गरी अध्ययन विश्लेषण गरिएको प्रस्तुत कृति गहन र प्राज्ञिक किसिमको देखिन्छ ।

प्रस्तुत कृतिमा 2050 देखि 2070 का बीचको दुई दशकको अवधिमा लेखिएका विभिन्न स्रष्टाका कथालाई आधार बनाई त्यसमा अभिव्यक्त अभिघातको सन्दर्भ र अभिघातको राजनीतिलाई विश्लेषण गरिएको छ । पाश्चात्य साहित्यका विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका अभिघात सिद्धान्तको पर्याधारमा उभिएर लेखिएको प्रस्तुत समालोचना कृति व्यवस्थित र वस्तुनिष्ठ भाषामा लेखिएको छ । नेपाली साहित्यमा अभिघातका बारेमा त्यति धेरै लेखिएका छैनन्, न त प्रशस्त बहस नै भएका छन् । अंग्रेजीमा ट्रमा थ्यौरी भनिने अभिघात सिद्धान्तले खासगरी युद्धजन्य क्रियाकलापबाट जनमानिसमा परेको शारीरिक तथा

मानसिक संघातका विषयलाई अध्ययन विश्लेषण गर्दछ । नेपाली साहित्यमा सचेतताका साथ अभिघात साहित्यको लेखन 2050 को दशकपछि भएको पाइन्छ ।

यसबीचमा भएको जनयुद्ध र यसले पारेका भौतिक तथा मानसिक असरलाई वियवस्तु बनाएर लेख्ने क्रममा प्रशस्त मात्रामा अभिघात साहित्य लेखिन थालियो । यस कृतिमा पनि डा. शान्तिमाया गिरीले नेपालका सन्दर्भमा जनयुद्धकालीन कथालाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । यस कृतिलाई सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्डमा विभाजन गरिएको छ । यस कृतिको पहिलो खण्डमा अभिघातको अर्थ, तात्पर्य, अभिघातको पृष्ठभूमि, स्रोत, प्रकार र अभिलक्षणका बारेमा चर्चा गरिएको छ । यस क्रममा अभिघातका स्रोतलाई प्राकृतिक र मानवनिर्मित गरी दुई प्रकारको देखाइएको छ भने अभिघातका प्रकारलाई शारीरिक, मनोवैज्ञानिक र लैङ्गिक गरी तीन प्रकारमा देखाइएको छ । साहित्यमा अभिघातको स्थानका बारेमा निरुपण गर्दै डा. गिरीले अभिघात सिद्धान्तका आधारभूत मान्यताहरूको चर्चा यस कृतिको पहिलो खण्डमा गरेकी छिन् ।

यसरी चर्चा गर्ने क्रममा उनले पाश्चात्य विद्वान्हरू केथी क्यारुथ, डोमिनिक लाकाप्रालगायतका विभिन्न आठ जना विद्वान्को अभिघात सिद्धान्तबारे गहन चर्चा गरेकी  छिन् । विभिन्न विद्वानहरूले स्थापित गरेका सिद्धान्तलाई आधार बनाएर उनले अभिघात सिद्धान्तको एउटा प्रारूप तयार पारेकी छिन् र त्यसैअनुसार आधुनिक नेपाली कथामा प्रयुक्त अभिघातको विश्लेषण गरेकी छिन् । कृतिको दोस्रो खण्ड प्रायोगिक खण्ड हो । यस खण्डमा अभिघातसम्बद्ध आधुनिक नेपाली कथाको सर्वेक्षण गरी चयन गरिएका कथाहरूको विश्लेषण गरिएको छ । यसरी चर्चा गर्ने

क्रममा नेपाली कथामा देखिएका शारीरिक, मनोवैज्ञानिक र लैंगिक अभिघातलाई उदाहरणसहित विश्लेषण गरिएको छ । यस कृतिको प्रायोगिक खण्डको मुख्य विशेषता के हो भने यसले आधुनिक नेपाली कथामा अभिघात लेखनको मुख्य उद्देश्यलाई देखाएको छ र ती कथामा व्यक्त भएका लेखकीय स्वरलाई विश्लेषण गरेको छ । विशेष गरी यस समालोचना कृतिमा द्वन्द्वले सृजना गरेको हत्या र हिंसाका कारण उत्पन्न शारीरिक तथा मानसिक अभिघातका पीडादायी घटना भोगेर, देखेर र सुनेर लेखिएका कथाहरूलाई विश्लेषणका लागि चयन गरिएको छ । यसै गरी युद्धमा संलग्न हुँदा, अपहरणमा पर्दा, सेना, प्रहरीमा जागिर खान जाँदा नारीले भोग्नुपरेको शारीरिक तथा मानसिक अभिघातलाई यस कृतिमा लैङ्गिक अभिघातका रूपमा विश्लेषण गरिएको छ ।

अभिघातको सैद्धान्तिक तथा प्रायोगिक दुवै पक्षको स्पष्ट व्याख्या र विश्लेषण गरिएको प्रस्तुत कृति नेपाली समालोचना क्षेत्रको महत्त्वपूर्ण कृतिका रूपमा देखिएको छ । प्राथमिक स्रोतका सामग्रीहरू प्रयोग गरेर व्यापक अनुसन्धान गरी तयार पारिएको प्रस्तुत कृतिको विषयवस्तुले समालोचकको मिहिनेत र क्षमताको पनि परिचय दिएको छ । कथा विधामा मात्र केन्द्रित यस कृतिमा 50 देखि 70 का बीचमा लेखिएका कथामा अभिघातको अभिव्यक्ति विभिन्न प्रकारबाट भएको देखाइएको छ । आधुनिक नेपाली कथामा अभिघात लेखनको उद्देश्य तथा लेखकीय स्वरलाई विश्लेषण गर्ने क्रममा यस्ता कथामा लेखकका विभिन्न उद्देश्य रहेको देखाइएको छ ।

यस समालोचना कृतिमा विशेष गरी 10 वर्षे जनयुद्धको प्रभावलाई विषय बनाई लेखिएका कथाहरूमा अभिव्यक्त अभिघातको विश्लेषण गरिएको छ

Notes

र यस्ता कथामा कथाकारले आफ्नो लेखकीय उद्देश्य पूरा गर्न यस प्रकारको कथा लेखेको निष्कर्ष निकालिएको छ ।

यसमा वर्गद्वन्द्वलाई समर्थन गरी लेखिएका कथा, द्वन्द्वशील पक्षप्रति निरपेक्ष रही द्वन्द्वपीडितहरूप्रति सहानुभूति राखी लेखिएका कथा र सत्तापक्षप्रति मौन र विद्रोहीपक्षप्रति अपेक्षाकृत आलोचक हुँदै लेखिएका कथा गरी तीन प्रकारका उद्देश्यमा केन्द्रित भई लेखिएका कथाहरूको विश्लेषण यस कृतिमा गरिएको छ । अभिघातको सिद्धान्त, प्रयोग, व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको यस कृतिमा नेपाली साहित्यको एउटा कालखण्डमा मूल प्रवृत्ति बन्न पुगेको अभिघात लेखनलाई निकै जिम्मेवारीपूर्वक अध्ययन विश्लेषण गरिएको छ । व्यवस्थित, वस्तुनिष्ठ, तार्किक र सूक्ष्म रूपमा विश्लेषण गरिएको प्रस्तुत कृति समालोचना क्षेत्रको एक प्राप्ति हो र यो पठनीय र संग्रहणीय छ ।

साहित्य र समालोचना एकै हुन् कि भिन्न हुन्, समालोचना साहित्य हो कि होइन, भए कस्तो खाले हो, नभए कसरी होइन, नभए किन यो साहित्यसँग अभिन्न हुन्छ भन्ने एउटा चीर विवादित विषयलाई ठोस तर्कहरू र घतिला उदाहरणहरू दिएर लेखकले प्रष्ट पारेका छन्। साहित्यका किसिम भनेर साहित्यमा प्रचलित विविधता प्रत्येकको परिचयसहित यी वैविध्य साहित्यको अध्ययनमा कुन शाखा वा क्षेत्रअन्तर्गत पर्दछन् भन्ने उल्लेख गर्नाले साहित्य भनेपछि सबै कुरा एकै ठाउँमा मासमिस रहने र पर्गेल्न अप्ठ्यारो पर्ने स्थितिलाई यसले अन्त्य गरेको छ। साहित्य र समाज जोडिएर एकअर्काका पूरक भएर एकअर्काद्वारा समर्थित भएर एकअर्काको सम्वद्र्धनमार्फत् समग्र मानव समाजको सम्वद्र्धन हुनुपर्ने अनिवार्यता स्थापित गरिएको छ र यो स्थापना कोरा विवेचनात्मक वा उपदेशात्मक शैलीबाट नभएर सोदाहरण

काव्यिक माध्यमबाटै गरिएको छ। हालसम्म उपेक्षित तर साहित्यसँग अविभाज्य रहेर व्यवहारमा अनिवार्यतः प्रचलित उद्घोषण÷प्रवचन जस्ता मौखिक अभिव्यक्ति, पत्रिका जस्तो साहित्यको विद्यालय वा महाविद्यालय र साहित्यको अभिलेखीय पक्ष अर्थात् इतिहासलाई साहित्यको अभिन्न अंगका रूपमा स्थापित गरी प्रत्येकको परिभाषा, महत्त्व, तत्त्व, विशेषता, स्वरूप जस्ता कुरा कृतिमा प्रष्ट्याइएको छ। समग्र कृति अनुसन्धानात्मक-नैबन्धिक-काव्यिक स्वरूपको त्रिवेणी रहेको छ र प्रत्येक अध्यायमा परेका अंग्रेजी तथा संस्कृत सबै उद्धरणका नेपाली अनुवाद राखेर तिनको मौलिक उद्धरण प्रत्येक पाठका अन्त्यमा राखिएको छ। फलतः अध्ययनको प्रवाहमा विदेशी भाषाको अड्चन वा अप्ठ्यारो कहीँ खट्किँदैन।

स्वतन्त्र अध्ययन हुँदाहुँदै पनि सकेसम्म स्नातक र स्नातकोत्तर नेपाली पाठ्यक्रममा समावेश गर्न लायक यो कृतिमा संक्षिप्त हुँदाहुँदै पनि पाश्चात्य समालोचनाको सहित संस्कृत, नेपाली र अंग्रेजी साहित्यको इतिहास प्रस्तुत गरिएको छ।  लेखन शैली अत्यन्त प्रवाहशील, विश्लेषणात्मक तर रोचक छ। थालेपछि छोड्न मन नलाग्ने साहित्यको पहिचानलगायत यसका अंगप्रत्यंगको जाँचपरख गर्ने क्रममा यस कृतिले यहाँ वहाँ साहित्यको अध्ययन हल्काफुल्का मनोरन्जन मात्र होइन, यो मानिसको आधारभूत मानवीय चैतन्यसँगै अभिन्न भएर गाँसिएको हुन्छ भन्ने स्पष्ट गरेको छ। मानव विकासक्रममा यो समानान्तर मात्र होइन, अघिअघि मार्गदर्शकका रूपमा पनि र पछिपछि सुधार परिमार्जन गर्दै शुभचिन्तक - अभिभावकीय दुवै भूमिकामा रहेको हुन्छ भन्ने कुरा बताएर साहित्यको पहिचानसँगै मानव जीवनको उद्गमबारेमा पनि जोड दिएको छ।  वर्तमान दिशाविहीन नवप्रवेशी साहित्य सर्जकहरूका लागि यो ग्रन्थ

मार्गदर्शक हुने अपेक्षा गर्नै पर्दछ। पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तहरूलाई नयाँपनमा ढाली सकेसम्म सरल र सहज बनाएर प्रस्तुत गरिएको उल्लेखनीय छ। धेरै मिहिनेतपूर्वक तयार पारिएको यो रचनाले साहित्यको मानक सिद्धान्तका रूपमा काम गर्छ भन्ने कुरालाई नकार्न सकिन्न।

साहित्यिक आन्दोलन चक्रव्यूह सञ्चेतनाका अभियन्ता कवि तथा समालोचक सुरेश हाचेकालीले 'ऐकिक चक्रव्यूह समालोचना' नामक समालोचनात्मक पुस्तकमा चक्रव्यूह सञ्चेतना आन्दोलनले समालोचनालाई सृजनशील पठन भन्दै सिद्धान्तपरक समालोचनाको प्रयोग गरेको पाइन्छ । यो सङ्ग्रहलाई सूत्रपरक प्राध्यापकीय, जीवनीपरक, विवरणात्मक र भावपरक समालोचना शैलीको विपक्षमा उभिएको प्रायोगिक समालोचना भनेर दावी गरिएको छ । हाचेकालीले परम्परागत नेपाली समालोचना पद्दतिलाई चुनौती दिँदै विगत डेढ दशकदेखि नमुनागत विविधीकरणसहित ऐकिक पद्दतिको प्रयोग गर्दै आएका छन् । चक्रव्यूह सञ्चेतनाको जीवनदर्शन पूर्वीय र पाश्चात्य चेतनाको संयोजनबाट निर्मित भएको छ ।

पूर्वीय साहित्यमा आनन्दवर्धनले जुन ' अर्थ - विचार' - को शुरुआत गरेका थिए, त्यही विचार बीसौँ शताब्दीका पाश्चात्य आलोचक आई . ए . रिचाडर्सले पाश्चात्य साहित्यमा ' थियरी ऑफ़ मीनिंग' - मा विवेचन गरेका पाउँछौँ । भारतीय काव्यशास्त्रमा आनन्दवर्धनद्वारा ' अर्थ - विचार' सम्बन्धी वैज्ञानिक विवेचन पश्चिम साहित्यमा भन्दा लगभग एघाह्र सय बर्ष पहिलानै विकास भएको पाइन्छ । यसैले ' थियरी ऑफ़ मीनिंग' वास्तवमा श्रेय आई . ए . रिचाडर्सलाई नदिएर भारतीय आचार्य

आनन्दवर्धनलाई दिन सकिन्छ । आई . ए . रिचार्डसले अर्थ र भावको पारस्परिक सम्बन्धलाई स्पष्ट गर्दै अर्थको दुई रूप स्वीकार गरेका छन् - पहिलो साङ्केतिक अर्थ , दोस्रो भावात्मक अर्थ । पूर्वीय आचार्य आनन्दवर्धनले यस दिशाप्रति धेरै पहिला नै विचार - विमर्श गरिसकेका थिए । आधुनिक ' थियरी ऑफ़ मीनिंग ' - ले पनि अर्थका दुई भेद गरेको पाइन्छ, जो ध्वनिकारहरूका विवेचनसित मिल्ने गर्छन् । आई . ए . रिचार्डसले भाषाका वैज्ञानिक र भावात्मक दुई प्रकारका प्रयोगका अनुरूप अर्थको दुई भेद निकालेका छन् - साङ्केतिक अर्थ र भावात्मक अर्थ । ध्वनिकारहरूले पनि वाच्यार्थलाई ' साक्षात् सङ्केतित अर्थ ' भनेका छन् । यसर्थ पाश्चात्य विद्वान् आई . ए . रिचार्डसमा पूर्वीय साहित्यका ध्वनिकार आनन्दवर्धनको प्रभाव परेको देखिन्छ ।

पाश्चात्य समालोचना साहित्यका विद्वान् बेनिडोटे क्रोचेको अभिव्यञ्जनावादलाई लिएर विभिन्न विद्वान् - आलोचकहरूले आ - आफ्नै मत प्रस्तुत गरेका छन् । आचार्य रामचन्द्र शुक्लले कवितालाई अभिव्यञ्यजना मानेका छन् । उनले काव्यमा लोक - मङ्गल र माधुर्य नामक लेखमा स्पष्टरूपमा यसरी लेखेका छन् - “ कविता अभिव्यञ्जनाको रूप हो । यो अभिव्यक्ति वा विकासलाई लिएर चल्ने गर्छ ।” यसरी नै शिवदान सिंह चैहानले भने भारतीय आचार्य अभिनवगप्तले अभिव्यक्तिवादमा अभिव्यञ्जनाप्रति गौर रूपमा सही विचार गरेका मानेका छन् । अभिनवगुप्तको विचारअनुसार आफ्नो हृदयमा वासना रूपमा अवस्थित स्थायी भावको सहृदयलाई रस रूपमा प्रतीति हुन्छ । विभाव आदि त केवल अभिव्यञ्जना साधन मात्र हो ।

चुडान्तमा भन्नुपर्दा विज्ञान र तकनीकीले मानिसलाई आरम्भदेखि नै प्रभावित तुल्याएको देखिन्छ । विज्ञानलाई मनुष्यका विकसित बुद्धिको परिणाम मानिन्छ । विश्व आज यसैमा समेटिएको र रतिएको देखिन्छ । वर्तमानमा विज्ञान र तकनीतिले विश्वमा विभिनन विकास र यसका कारण देशहरूमा विभेद सृष्टि भएको देखिए तापनि राष्ट्रीय संस्कृति आज अन्तर्राष्ट्रीय संस्कृति बनेर गएको देखिन्छ । यस व्यापक समन्वयकारी अनुष्ठानमा पूर्वीय र पाश्चात्य साहित्यको युगचेतनामा विद्वानहरूका समान योगदान रहेको पाइन्छ । प्राचीन यूनान, ग्रीक, मिस्र , भारत , चीन तथा आधुनिक जगतका समस्त उपलब्धिहरूका एक व्यापक साहित्य - सिद्धान्तका रूपमा समन्वय गरेको छ । पाश्चात्य समालोचना साहित्यका प्लेटो , अरस्तु , लौंजाइनस , गेटे , लेसिंग , आर्नलड , रस्किन , बेलिंस्की , चर्निशेव्स्की , तालस्ताय , कॉडबेल आदि र पूर्वीय साहित्य सिद्धान्तका भरतमुनि , आनन्दवर्धन , अभिनवगुप्त, कुन्तक आदि विद्वान् , आचार्य, समीक्षकहरूले आ - आफ्नो साहित्यको विकासमा अमुल्य योगदान दिएका छन् ।

## 3.4 नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव

नेपाली समालोचनामा पाश्चात्य समालोचनाको धेरै प्रभाव परेको देखिन्छ । पाश्चात्य समालोचना साहित्यमा सर्वप्रथम नाटककार एरिस्टोफेनिसको **गिर्सका** नाटक प्रकाशित भएको पाइन्छ । यो नाचककार एरिस्टोफेनिसको सुखान्त नाटक हो । उनले आफू भन्दा अघिका दुइटा ग्रिसका दुखान्त

नाटककार एस्किलस र युरिपाइडिज (ई. पूर्व 455 - 525) - लाई आफ्नो नाटकको पात्र बनाएका छन् । मूलत: युरिपाइडिज साहित्यमा यथार्थता हुनुपर्थ भन्ने विचार राख्छन् । वास्तविक जीवनको चित्रण साहित्यमा जति गर्यो, त्यति नै साहित्यको स्वाभाविक र सबल पक्ष हो भन्ने कुरो युरिपाइडिजको छ भने साहित्यमा यथार्थता होइन नैतिकता हुनु पर्छ भन्ने कुरो एस्किलसको पाइन्छ । हामीले के के गर्नु पर्छ, गर्नु हुन्छ वा गर्नु हुँदैन भन्ने नैतिकता र शिक्षा वा उपदेश साहित्यबाट मिल्नु पर्छ भन्ने भनाइ एस्किलसको देखिन्छ ।

साहित्यमा यथार्थता हुनुपर्छ कि नैतिकता वा शिक्षा हुनु पर्छ भन्ने दुइटा पक्षमा विवाद छ भन्ने कुरो एरिस्टोफेनिसले 'द फ्रग्स' (भ्यागुताहरू) नामक नाटकमा देखाएका छन् । तर साहित्य इतिहासदेखि आजसम्म पनि समालोचना गर्दा साहित्यमा यथार्थता महत्वपूर्ण हो कि नैतिकता महत्वपूर्ण हो भन्ने विवाद नै चलिरहेको छ । **प्लेटो** (ई. पूर्व 347 - 427) - ले काव्यका सामाजिक उपादेयताको सिद्धान्त प्रतिपादित गरेका छन् । उनीअनुसार काव्यले उदात्त मानव मूल्यहरूलाई प्रसार गर्नु पर्दछ । देवताहरू तथा वीरहरूका स्तुति एवम् प्रशंसा काव्यको मुख्य विषय भएको हुनु पर्दछ । काव्य - चरित्र यस्तो हुनुपर्छ, जसको अनुकरण गरेर आदर्श नागरिकता प्राप्त गर्न सकियोस् । प्लेटोले जब आफ्नो जीवन कालसम्म काव्यको समीक्षा गर्दा यही देखे कि यसले उनीमा घोर निराशा उत्पन्न पनि भएको थियो ।

प्लेटोको कला र काव्य सम्बन्धी विवेचनका कारण सौंदर्यशास्त्रीय एवम् काव्यशास्त्रीय चिन्तन पाश्चात्य समालोचना साहित्यमा अनुकृति - सिद्धान्त समावेश भएर गएको देखिन्छ । उनीअनुसार काव्य, साहित्य र कला जीवन अनि प्रकृतिका कुनै न कुनै रूपमा अनुकरण हुनेगर्छ ।

Notes

काव्यलाई कलाकै एउटा रूप मान्ने प्लेटोअनुसार कवि र कलाकार अनुकरण गर्दै मूल वस्तु वा चरित्रहरूका बिम्ब तथा दृश्यको प्रतिमूर्तिलाई उपस्थित गर्दछ । त्यस वस्तु वा चरित्रमा वास्तविकताको ज्ञान राखेको हुँदैन । कला र कविताहरूलाई निम्न कोटि मात्र मान्ने प्लेटोको अनुकरण सिद्धान्तको दुई पक्ष मानिन्छ । पहिलो जसलाई अनुकरण गरिन्छ , दोस्रो अनुकरण का स्वरूप । यस्तो दशामा कला सत्यदेखि अलग र हानिकारक पनि बन्नसक्छ भन्ने प्लेटोको मान्यता पाइन्छ । प्लेटोको प्रसिद्ध **गणतन्त्र** (रिपब्लिक) नामक पुस्तकमा साहित्यमा यथार्थता हुँदैन, गणतन्त्रमा कविले आदर्श समाजलाई कुनै प्रकारको शिक्षा दिन सक्तैन, नैतिकतामा कवि कमजोर हुन्छ, साहित्य काम लाग्ने वस्तु होउन । यसले न त नैतिकता दिन्छन् भन्ने कुराहरू थिए । यसैकारण साहित्यमा आदर्श समाजको स्थापना कवि वा साहित्यकारले गर्नु सक्नुपर्छ भन्ने सिद्धान्त प्लेटोको पाइन्छ ।

प्लेटो पछि उनका चेला **अरस्तु** (एरिस्टोटल) ई. पूर्व 322 - ३८4 तिर साहित्यमा नयाँ अवधारणा लिएर उदाएको देखिन्छ । प्लेटो के शिष्य अरस्तूले कलालाई अनुकरणात्मक मान्दै यसको महत्त्वलाई स्वीकार गरेका थिए । पाश्चात्य साहित्यमा उनको विचार आफ्नो गुरू प्लेटोको विचारहरू भन्दा भिन्न दृष्टि थियो । कारण प्लेटोको विचार जहाँ नैतिक र सामाजिक थिए , त्यहा अरस्तूको दृष्टि सौंदर्यवादी थियो । उनले साहित्यमा त्रासदी, अनुकरण र विरेचन गरी तीनवटा सिद्धान्त प्रस्तुत गरे । यी सिद्धान्तहरूका अनुसार गम्भीर कार्यहरूलाई सफल र प्रभावशाली अनुकृति वर्णनका रूपमा नगरिएर कार्यका रूपमा हुने गर्छ भन्ने मत अरस्तुको पाइन्छ । उनले साहित्यमा करुणा र भय उत्पन्न गर्ने विविध घटनाहरू हुन्छन् , जसको कारण भावहरूका रेचनद्वारा सुख,

शान्ति र आनन्द प्रदान गर्दछ भनेका छन् । अरस्तूको विचारअनुसार भय र करुणाका कारण दुईवटा भाव हाम्रो हृदयमा घनीभूत हुने गर्दछ । यसै प्रकार त्रासदीलाई हेरेपछि कुशल अभिनयद्‌वारा यो भाव सन्तुलित र सामन्जस्य हुदछ । यही अनुरूप हामी पाठकको मनलाई खुसी र आनन्दको अनुभूति साहित्यले प्रदान गर्दछ भन्ने मत अरस्तुको पाइन्छ ।

कविता वा नाटकका पात्रहरू बीच उत्तेजित वासना तथा त्यस दुष्परिणामोंको हाम्रो शरीर र जीवनसित सोझो सम्बन्ध न भएको कारण यी वासनाहरूले परिष्कृत सम्वेदनाहरूका रूप ग्रहण गर्ने गर्दछ । यही भावहरूका विरेचन साहित्यले गर्ने हुनाले कविता वा नाटकका यस वास्तविक प्रभावलाई कार्यको रूपमा ध्योतन गर्ने गर्दछ भन्ने विचार अरस्तुको पाइन्छ । एरिस्टोटलले उनका गुरु प्लेटोले साहित्यमाथि लगाएको आक्षेपको जवाफ दिएका छन् । एरिस्टोटलले आफ्नो प्रसिद्‌ध कृति **काव्यशास्त्र** (पोइटिक्स) - मा विभिन्न साहित्यिक सिद्‌धान्त प्रतिपादन गरेका छन् । उनको अनुकरण सिद्‌धान्तमा अनुकरण भनेको कलात्मक नक्कल मात्र हो, कलामा जस्ताको तस्तै उद्‌धरण गर्न सकिँदैन, कविले कविताको रचना गर्दा कलात्मक प्रस्तुति गर्छ भनी उनले भनेका छन् । प्लेटोले कलालाई नक्कलको नक्कल मात्र हो भनेका थिए । कविले कलात्मक प्रस्तुति गर्छ वा कलात्मक अभिव्यक्ति साहित्यमा हुन्छ, वस्तु जस्तो छ त्यसलाई जस्ताको तस्तै रूपमा त राख्नै सकिँदैन, कविले कलात्मक नक्कल मात्र गर्छ । एरिस्टोफेनिसले उठाएका तिनै दुइटा कुरालाई एरिस्टोटलले के भने भने, वास्तवमा कलात्मकताका माध्यमले शिक्षालाई प्रभाव पार्न सकिन्छ र कलात्मकता भन्दा रूखो पाराले भन्ने हो भने साहित्य राम्रो नै हुँदैन ।

यसरी एरिस्टोटलले मनभित्र भएको मानसिक कमजोरीलाई सहित्यले हटाउँछ र विरेचन गर्छ भने । यो सिद्धान्त उनको साहित्यले नैतिकता दिन्छ भन्ने भनाइमा पर्छ । एरिस्टोटलले साहित्यमा कलात्मकता हुन्छ, सौन्दर्य पक्ष हुन्छ र साहित्यले आनन्द दिन्छ भने ।

एरिस्टोटल सम्म आइपुग्दा साहित्यमा यथार्थ, नैतिकता, कलात्मकता र सौन्दर्य आयो ।

रोमन साहित्यकार होरेसले आफ्नो **आर्ट पोएटिक्स** (ई. पूर्व 8- 65) - मा साहित्यमा नैतिकता हुन्छ र यो नयाँ नभएर परम्परादेखि नै आएको हो भन्ने दुइवटा कुरा भनेका छन् । प्लेटो र उनका शिस्य अरस्तूपछि यूनानी काव्य समीक्षा क्षेत्रमा एक प्रतिनिधि काव्यशास्त्री **लोंजाइनस**को नाम प्रमुख रूपमा आउँदछ । तेस्रो शताब्दीका समालोचक लन्जाइनसले **अन द सब्लाइम** नामक निबन्धमा कलात्मकता र उदात्ततालाई प्रशय उनले साहित्यका हरेक पक्ष, शब्द, वाक्य, भाव, नायक आदि हुनुपर्छ भनेका छन् । उनले उत्कृष्टता भनेको पनि कला नै हो भनेका छन् । साहित्यमा गहिरो आनन्द प्राप्त हुनु पर्छ । उनले **औदात्य - सिद्धान्त**को प्रतिपादन गरेका छन् । लोंजाइनसका यस सिद्धान्तका अवधारणाले साहित्येतर इतिहास, दर्शन तथा धर्म जस्ता विषयहरूका पनि आफ्नो अन्तर्गत समावेशित गरेको पाइन्छ । उनीको धारणाअनुसार औदात्य वाणीका उत्कर्ष, कान्ति र वैशिष्ट्य हो, जसको कारण महान कवि, इतिहासकार, दर्शनिक आदिहरूका प्रतिष्ठा सम्मान र ख्याति प्राप्त हुँदछ । यसैकारण उनका कृतिहरू गरिमामय बनेको देखिन्छ भने लोन्जाइनसको प्रभाव युग - युगान्तरसम्म पाश्चात्य समालोचना साहित्यमा प्रतिष्ठित रहेको छ । उनले 'उदात्त' - लाई काव्यको प्रमुख तत्त्व मानेका छन् ।

पाश्चात्य समालोचना साहित्यमा विस्तारै - बिस्तारै समयको अन्तरालमा यूनानी समीक्षा कमज़ोर भएर गएपछि रोमन समीक्षाको प्रभाव बढ़ेर गएको देखिन्छ । रोम कला, साहित्य तथा संस्कृति सम्बन्धी विचार - विमर्शका केन्द्र बनेको थियो । त्यहाका विद्वान् सिसरो तथा वर्जिल जस्ता समीक्षकहरूले पाश्चात्य काव्यशास्त्र साथै समालोचना जगतमा उल्लेखनीय योगदान दिएका छन् । विद्वान् होरेसले पाश्चात्य साहित्यमा आफ्नो विचार व्यक्त गर्दै यसो भनेका छन् - 'काव्यमा सामन्जस्य र औचित्य हुनु आवश्यक छ । काव्यमा श्रेष्ठ विचारहरूका सामन्जस्यका साथ नै पुरातन एवम् नवीन कुराको समन्वय हुनु पर्दछ । काव्यका भावपक्ष तथा कलापक्ष दुवैको उत्कृष्टताका प्रति कविहरू सजग र सदैव प्रयत्नशील हुनु आवश्यक छ ।' पूर्वीय साहित्यमा क्षेमेन्द्रले औचित्य सम्प्रदाय भने झैँ यिनले उत्कृष्टतालाई प्राथमिकता दिएको देखिन्छ । यसरी ग्रिस र रोमको परिष्कारवादी साहित्यमा उदात्तता, कलात्मकता, नैतिकता, आनन्द, सौन्दर्य, शिक्षा, यथार्थताले आफ्नो स्थान ओगट्न पुग्यो ।

युरोपमा मध्य कालदेखि पुनर्जागरण कालमा प्राचीन ग्रिस र रोमकै परम्परा चलेको पाइन्छ । नैतिकता, यथार्थता र सौन्दर्यले नै साहित्यमा अग्रता कायम गरी रह्यो । पुनर्जागरण कालमा आएर चाहिँ पाठकलाई प्रभाव पार्ने कलामा लाक्षणिकता थपियो । तेह्र - चौधौँ शताब्दीमा दाँते (ई. पूर्व 1313 - 1375) र बोकासियो (ई. पूर्व 1265 - 1321) - का कृतिहरूमा मुख्य गरेर बौद्धिकता, कलात्मकता, नैतिकता देखियो । पन्धौँ शताब्दीमा युरोपमा पुनर्जागरणकाल आयो जहाँ फेरि एरिस्टोटलकै प्रभाव पर्यो । साहित्यमा शिक्षा र नैतिकतालाई भन्दा कलात्मक अभिव्यञ्जना र कलात्मक अभिव्यक्तिलाई जोड दिइयो । अठारौँ

Notes

शताव्दीमा आएपछि साहित्यमा सिसेरो (ई. पूर्व 35 - 100) - को प्रभाव परेको देखिन्छ । पुनर्जागरण कालको सोह्रौँ शताब्दीमा सिडनी (ई. पूर्व 1554 - 15८6) - ले **काव्यको पक्षमा** नामक रचनामा काव्य ऐतिहासिक वा दार्शनिक नभई लाक्षणिक हुनुपर्छ भनेका छन् । उनले यथार्थतालाई महत्व नदिएर आलङ्कारिक र कलात्मकलाई जोड दिएका छन् । उनले कविले आफ्नै आदर्श लोक बनाउँछ र कलामा उदात्त र आदर्श प्रकारका शिक्षा नायक र नायिकाहरूका माध्यम दिन्छ पनि भन्ने विचार पोखेका छन् ।

अठारौँ शताव्दीको प्रारम्भमा अलेक्जेण्डर पोप (ई. पूर्व 1744 - 16८८) - ले प्रकृतिलाई महत्व दिँदै प्रकृति भनेको यथार्थता वा स्वभाव हो र यसले काव्यमा उचाई थप्छ भनेका छन् । मानवीय प्रकृति वा परम्परादेखि आएका विधा भएकोले यसले प्रकृतिको सही चित्रण काव्यमा हुनु पर्छ भन्ने उनको भनाइ रहेको छ । अठारौँ शताब्दीका डा. जोन्सन (ई. 17८4 - 1709) - ले सेक्सपियरका नाटकहरू सम्पादन गरे । त्यसको भूमिकामा उनले कथा, नाटक, कविता जस्ता साहित्यिक कृतिमा समाजमा भएका बहुसङ्ख्यक पात्र आदर्श स्वभाव भएको पात्र हुनु पर्छ भने । उनकाअनुसार नाटक वा कथामा यथार्थ पात्र पढे पछि पात्रले पनि र पाठकले पनि के अनुभव गर्छ भने पात्रले बोले झैँ बोल्नु पर्छ, वास्तविक जीवनमा पनि म यस्तै हुनुपर्छ भन्छ । जोन्सनले कला वा काव्यमा वर्णन गरिएको चरित्र वा पात्र समाजमा बहुसङ्ख्यकको प्रतिनिधित्व गर्ने स्वभावको हुनु पर्छ भनेका छन् । यस अठारौँ शताब्दीको उत्तरार्धमा साहित्यमा रुसो (ईस्वी 1778- 1721) - को प्रदीपण भएको देखिन्छ ।

काव्यमा व्यक्तिगत अनुभवहरू व्यक्त गर्नु पर्छ भन्ने दार्शनिकहरू कान्ट, स्लेगल, सेलिङ र गेटेले स्वच्छन्दतावादमा प्रभाव पारे । माथिका

दार्शनिकहरूको प्रभावमा वर्डस्वर्थ (ई. 1८98- 1770) र कलरिज (ई. 1८34 - 1772) - ले **लिरिकल ब्यालेड** लेखेका छन् । यस कृतिमा उनीहरूले विशेष स्वच्छन्दतावादका बारेमा प्रकाश पारेका छन् । काव्यमा सारा विश्व व्रम्हाण्ड वा वस्तुजगतमा देखिएको जुन ईश्वरीय सृजना हुन्छ त्यस्तो सृजना कविहरूमा हुन्छ भन्ने विचार उक्त कृतिमा पाइन्छ । अठारौँ शताब्दीको आधातिर इमर्सन (ई. 1८८2 - 1८03) - ले **पोयट** नामक रचनामा कविले प्रतीक वा सङ्केतको एउटा होइन अनेक अर्थ हुन्छन् र कवि तथा साहित्यकारले एउटा कुरो लेख्छ, त्यसबाट अनेक अर्थ लगाउन सकिन्छ भन्ने धारणा व्यक्त गरेका पाउँछौं । एडगर एलेन पो (ई. 1८49 - 1909) - ले कवितामा सौन्दर्य तत्वलाई प्राथमिकता दिएका छन् । उनले यो परम्परादेखि नै चली आएको कुरो बताएका छन् । यसरी नै मर्गरेट फुलर (ई. 1८50 - 1८10) - ले पाश्चात्य समालोचनामा आत्मपरक, बस्तुपरक र व्यापक गरी तीन प्रकारको हुन्छ भनि व्याख्या गरेका छन् । आत्मपरक समालोचनामा समालोचकले एउटा रचना लिन्छ र आफूलाई मन लागेको कुरो लेख्छ । आत्मपरक समालोचना प्रभावपरक हुन्छ । कुनै कृति पढ्दा पाठक जसरी प्रभावित हुन्छ त्यसरी नै गरिएको समालोचना प्रभावपरक समालोचना हुन्छ । लेखकको जीवनी र उसका अरू कृति आदि पढेर लेखकको जीवनमा यस्तो रहेछ भनेर गरिने समालोचना जीवनीपरक समालोचना हो ।

पाश्चात्य समालोचना साहित्यमा एमिल जोला (सन् 1902 - 1८40) - ले प्रयोगवादी उपन्यास नामक पुस्तक लेखेका छन् । उनले यस कृतिमा समाजमा भएका नराम्रा कुराहरूको प्रतीकवादी विश्लेषण गरेका छन् । माथ्यु आर्नल्ड (सन् 1८८8- 1८22) - को प्रर्दीपण पाश्चात्य समालोचना साहित्यमा भएपछि उनको प्रभाव विश्वमा धैरै बडेर गएको देखिन्छ ।

उनले **कविताको अध्ययन** नामक पुस्तकमा मूल्यका आधारमा साहित्य कृतिको समीक्षा गर्नु पर्छ भन्ने कुरा सर्वप्रथम प्रतिपादन गरेका छन् । आर्नल्डले समालोचना व्यक्तिगत (जीवनीपरक), ऐतिहासिक र यथार्थताका आधारमा गरी तीन किसिमका हुन्छन् भनेका छन् । उन्नाइसौँ शताब्दीको अन्त्यतिर अनातोले फ्रान्स (सन् 1924 - 1८44) - ले **जीवनका रचना** नामक भन्ने कृतिमा एउटा असल समालोचकले आफू भन्दा अगाडिका कुनै पनि विधाका उत्कृष्ट उत्कृष्ट रचना हेरेर यो विधामा यस्तो यस्तो लक्षण हुनु पर्छ भनेर समालोचना गर्नु पर्छ भनेका छन् । अस्कारवाइल्ड (सन् 1900 - 1८54) - ले हरेक साहित्यकारहरूले आफु खुसी कुनै पनि साहित्य स्वतन्त्र लेख्ने शैली हुन्छन् भनेका छन् । बिसौँ शताब्दीमा आइपुग्दा त्यस भन्दा अगाडिसम्मको साहित्यिक धाराले परिवर्तन लियो । यस समय पाश्चात्य समालोचना साहित्यमा रूसी साहित्यका रसियाली रूपवाद देखा परेको पाइन्छ । यस वादका प्रमुख भिक्टर स्लोभ्स्कीइ (सन् 19८4 - 1८93) - ले पाठपरक, भाषापरक, कृतिपरक र संरचनापरक समालोचनाको प्रतिपादन गरे ।

पाश्चात्य समालोचना साहित्यमा टी. एस. इलियट (सन् 1८८8- 1965) - को उदय भएपछि एउटा भिन्दै परिपाटी देखियो । उनको समालोचना सिद्धान्त रसियाली रूपवाद भन्दा भिन्दै किसिकको पाइन्छ । उनले वस्तुगत समीकरण जस्ता साहित्य सिद्धान्तको प्रतिपादन गरेर पाश्चत्य समालोचना साहित्यमा नयाँ हलचल मच्चाएका छन् । उनले विशेष कविले कविता रचना गर्दा विभिन्न ठाउँहरूबाट बिम्ब, प्रतीक आदि कुराहरूलाई लिएर वस्तुगत समीकरण गर्छ भनेका छन् । मुलरूपमा कलाकर वा कवि तठस्थ हुनुपर्छ भन्ने विचार इलियटको छ । कुनै पनि व्यक्तिको प्रतिभाको मूल्याङ्कन परम्पराका आधारमा हुनु पर्छ भन्ने

भनाइ उनको थियो । मुलत: भाषा वैज्ञानिक समालोचनाको सुरुवात रसियाली रूपवादबाटै भएको हो । यस पछि संरचनावाद र नवसंरचनावाद आयो । रोलाँ बाख्त (सन् 19८0 - 1915) - ले कुनै पनि लेख वा कृति लेखीसके पछि त्यस कृतिबाट लेखकको मृत्यु हुन्छ भन्ने मान्यता प्रतिपादन गरेका छन् । उनले लेख लेखी सकेपछि स्वयम् लेखकको अधिकार हराएर जान्छ भनेका पनि छन् ।

संस्कृतिको संरचनाको खोजी लेवी ट्रस र रोलाँ बाख्तले गरे । साहित्यिक रचनाहरूमा भएका प्रतीक संकेत र बिम्बहरूको पारस्परिक सम्बन्ध, पारस्परिक तुलना र व्यतिरेकबाट बिम्बहरू ल्याएर जोडेर तुलना र विश्लेषण गरेर संरचनाको विश्लेषण गर्न सकिन्छ भन्ने भनाइ ट्रसको रह्‌यो । समाज, संस्कृति र भाषा ट्रसको समालोचनामा विश्लेषणका आधार थिए । पाश्चात्य समालोचक क्षेत्रमा रोमन याकोब्सन र चेक समालोचक रेने वेलेक उदय भएपछि नव समालोचनाको जन्म भएको पाइन्छ । यसलाई पाश्चात्य साहित्यमा **अमेरिकाली नव आलोचना** (अमेरिकल न्यू क्रिटिसिजम्) भनिन्छ । यस समालोचनाको समयावधि सन् 1८96 देखि सन् 19८2 सम्म मानिन्छ । उनीहरीले रूपक, बिम्ब, ऐतिहासिक स्वरूप र भाषाको साहित्यिक कृतिमा विश्लेषण हुनु पर्छ भने । इमाइल बाखतिन (सन् 1८95 - 19८5) - को उदय पाश्चात्य समालोचना साहित्यमा भएपछि अझ भिन्दै प्रकारको सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उनले कुनै पाठको समालोचना परम्पराको तुलना विश्लेषण गर्दा ऐतिहासिक परम्परा र सिद्धान्तका आधारमा त्यो कृति कहाँ पर्छ भनी समालोटना गर्नुपर्छ भनेका छन् । कला र साहित्यले प्रकट गरेको कुरा सारपूर्ण र अर्थपूर्ण भावनाहरूका समान हुन्छन् भन्ने कुरो पूर्वीय साहित्यको रस सिद्धान्तमा पनि पाइन्छ । युङ नर्थप पाईको

मनोबैज्ञानिक सिद्धान्तको प्रभाव पाइन्छ । यस अतिरिक्त सुजान ल्याङ्गर (सन् 1926 - 19८4) र मिखाइल फुको (सन् 1८61 - 1961) - ले कुनै पनि साहित्यिक कृतिको अर्थ लेखक अनुसार होइन पाठक अनुसार हुन्छ भन्ने छ । उनीहरूले पाठकले जे अर्थ लगायो त्यही अर्थ हुन्छ भन्ने पाठकपरक समालोचना बनाए ।

फुकोले पाश्चात्य समालोचना भनेको खाली शक्तिको आधारमा बनेको समालोचना हो भनेका छन् । उनका समालोचनामा उनले शक्तिको विश्लेषण गरेका छन् । उनले विश्वमा पाश्चात्य साहित्यको शक्तिका कारण अन्य देशका कृतिमा कतिको थिचोमिचो भई रहेको छ भन्ने चर्चा गरे । यसर्थ पाश्चात्य समालोचना साहित्यमा औपनिवेशिक समालोचनाको प्रारम्भ फुकोबाट भएको हो भन्न सकिन्छ । साहित्यमा कार्ल माक्र्स (ई. 1८18- 1८८3), नित्से (ई. 1८44 - 1900) र सिगमण्ड फ्रायड (ई. 1८56 - 1939) आदिको विचारमा भिन्दै गन्ध पाइन्छ । माक्सको प्रभाव वाल्टर वेन्जामिन, रेमण्ड विलियम्स आदिमा परेको पाइन्छ । पाश्चात्य समालोचनामा भर्जिनिया उल्फ (ई. 1८८2 - 1941) उपन्यास क्षेत्रका नारीवादी समालोचक हुन् । हुन त नारीवाजी समालोचनामा पनि माक्सको प्रभाव परेको पाइन्छ ।

पाश्चात्य समालोचक सायमन द ब्यो (ईस्वी 1908- 19८6) - ले गोरा जाति होइन काला पश्चिमाहरूको पक्षमा साहित्यिक समालोचना गरे । कसरी गोरा जातिले साहित्यका माध्यमबाट काला जातिलाई अन्याय गरी रहेका छन्, उनका समालोचनामा त्यस कुराको खोजी हुन्छ । यसरी नै ज्याक डेरिडा (ईस्वी 1930 - 2004) - मा नित्सेको प्रभाव परेको पाइन्छ । फुकोले साहित्यको अविश्वास गरेका थिए भने डेरिडाले साहित्यमा सबै कुरोको अविश्वास गरे । पाश्चात्य समालोचना साहित्यको विकासक्रमलाई

सर्वेक्षण गर्दा विभिन्न वाद र धाराहरूमा पनि यो बगेको पाइन्छ । यस समालोचना साहित्यमा **नव्य शास्त्रवाद**को उदय 17 औं र 18औँ शताब्दीको बीच भएको देखिन्छ । यस नव्य शास्त्रवादको स्थापना अनुसार साहित्यमा उन्नत विचारहरूलाई गाम्भीर्य गरिनु पर्दछ । यसरी नै 18औँ शताब्दीको उत्तरार्धमा तथा उन्नाइसौं शताब्दीको प्रारम्भमा पाश्चात्य समालोचना साहित्यमा स्वच्छन्दतावाद (रोमान्टिकसिज्म्) - को प्रार्दुभव भएको पाइन्छ । स्वच्छन्दतावादी कविहरू विलियम वर्ड्सवर्थ, सामुएर टी. कलरिज, पर्सी बेसी शेली तथा जोहन कीट्स जस्ता कविहरूले स्वच्छन्दतावादी कवात र काव्यका माध्यम स्वछन्दतावाद नियामक समीक्षा सिद्धान्तको प्रस्थापना गरेको देखिन्छ ।

पाश्चात्य समालोचना साहित्यको विकासक्रममा **यथार्थवाद**को पनि उदय भएको देखिन्छ । यस समीक्षा सिद्धान्तमा वस्तुस्थिति तथा तथ्यपरकताप्रति आग्रह पाइन्छ । पाश्चात्य समालोचना साहित्यमा **कलावाद** एउटा भिन्दै परिपाटीमा जन्म भएको देखिन्छ । यस वादको अनुसार कला कलाका निम्ति हो । रचना कुनै सिद्धिका निम्ति हुँदैनन् । नैतिकता, उपदेश तथा मनोरन्जन काव्यको उद्देश्य होइनन् अपितु यो स्वांतः सुखाय हो । यस अन्तर्गत अनुभूतिलाई मौलिकता एवम् नवीनतामा विशेष जोड दिइने गरिन्छ । पाश्चात्य समालोचना साहित्यको विकासक्रममा बेनेदितो क्रोचेद्वारा **अभिव्यञ्जनावाद** सिद्धान्त प्रतिपादन गरेका छन् । यस सिद्धान्तमा बेनेदितो क्रोचेले काव्य - वस्तु नभएर एउटा काव्यशैली महत्त्वपूर्ण विषय हो भनी बताएका छन् । उनको विचारमा अर्थका अपेक्षा शब्द महत्त्वपूर्ण हुन्छ । यसरी नै पाश्चात्य समालोचना साहित्यको विकासक्रममा उन्नीसवीं शताब्दीको उत्तरार्ध्दमा बादलेयर, मेलार्मे, बर्लेन, तथा वैलरी आदि विद्वानहरूले **प्रतीकवाद**

Notes

सिद्धान्तको प्रतिपादन गरेका पाउँछौं । सन् १८८६ मा कवि ज्याँ मोरेआसले **फ़िगारो** नामक पत्रिकामा प्रतीकवादको घोषणा - पत्र प्रकाशित गरेका थिए । यस समीक्षा - सम्प्रदायले काव्यमा शब्दका महत्त्व सर्वोपरि रहेको बताउँदै कविता शब्दहरूद्वारा लेखिने गरिन्छ, विचारहरूले होइन भनेका छन् । काव्य सर्वसाधारणका निम्ति नभएर यसलाई बुझ्न र समझन सामार्थ्य भएकाहरूका निम्ति हो । कवि कुनै अन्यको प्रति नभएर आफ्नै आत्माका प्रति प्रतिबद्ध हुने गर्दछ । शब्द अनुभूतिहरू र विचारहरूका प्रतीक हुने गर्दछ ।

बीसौँ शताब्दी प्रारम्भ भएपछि पाश्चात्य समालोचना साहित्यको विकासक्रममा धेरै प्राणालीहरूको पनि विकसित भएर गएको देखिन्छ । आधुनिक युगका यस दौरमा प्रमुख रूपले टी. एस. इलियट तथा आई. ए. रिचर्ड्स आदि विद्वानले विशेष प्रभाव पारेको देखिन्छ । टी. एस. एलियटले परम्परा तथा वैयक्तिक प्रतिभाका समन्वय, निर्वैयक्तिकताका सिद्धान्त, वस्तुनिष्ठ समीकरणका सिद्धांत तथा अतीतका वर्तमानता आदि सिद्धान्तलाई प्रतिपादन गरेका छन् ।

## 3.5 उपसंहार

साहित्यमा सिर्जनाको सोच र समालोचनाको सोच एउटै होइन । सिर्जनामा भावना र कल्पना प्रभावकारी हुन्छन्, तर समालोचनामा तर्क र बुद्धि काम लाग्छ दुइटै सोच महत्त्व पूर्ण तर दुर्लभ हुन् । सबै मानिस कवि पनि हुँदैन सबै मानिस समालोचक पनि हुँदैनन् । सबै कवि समालोचक पनि हुँदैनन् र सबै समालोचक कवि पनि हुँदैनन्, तर जसरी उत्कृष्ट कविता लेख्न मन गर्ने कविले पनि अरुका उत्कृष्ट कविता पढ्नु पर्छ र अभ्यास गरेर कविताको प्रविधि जान्नु पर्छ, त्यसै गरी कविताको

आदर्श समालोचक हुन पनि पनि उत्कृष्ट कविता लेख्न सक्ने कवि हुनुपर्छ । अर्थात् कविलाई पनि समालोचकलाई पनि आफ्नो रचना उत्कृष्ट बनाउन सिर्जना र समालोचनाको दुइटै सोच जोड्न सक्ने सामर्थ्य चाहिन्छ ।

पाश्चात्य जगत्मा समालोचना प्राचीन समयदेखि हुँदै आएको छ । साहित्यको सिर्जनासँगै समालोचनाको बीजाधान भएको हो र क्रमशः यसले छुट्टै विधाका रूपमा अस्तित्व पाएर अनेक स्वरूप र प्रकारमा विभाजित हुन पुगेको छ । जीवनीपरक, ऐतिहासिक, प्रभावकारी जस्ता परम्परागत समालोचना प्रणालीदेखि संरचनावादी, उत्तर रचनावादी हुँदै अनेक उत्तर आधुनिक चिन्तनले पाश्चात्य समालोचना समुभत र बहुल प्रकारको बन्न पुगेको छ । भरतमुनिको नाट्यशास्त्रपछि ईशाको छैठौं शताब्दीका भामह अनि पछि दण्डी, भट्ट, वामन, रुद्रट, आनन्दवर्धन, अभिनवगुप्त, राजशेखर, कुन्तक, मम्मट, विश्वनाथ, जगन्नाथ हुँदै सत्रौं शताब्दीसम्म रचना र समालोचनाको परम्परा विकास भएको हो । पाश्चात्य साहित्यका पनि पद्यात्मक श्रव्य विधालाई कविता मानेको पाइन्छ । त्यहाँका आदिकवि होमरका कृति उलियड र ओडिसीलाई पनि लयात्मक लोक गाथाका नै स्वरुप मानिन्छ । अतः पाश्चात्य साहित्यको उद्गम स्रोत पनि लोकसाहित्य नै रहेको पुष्टि हुन्छ । त्यसैगरी शेली, प्लेटो, अरिस्टोटल, किट्स, वाइरन, इलियटजस्ता प्रतिभाले कविताको यात्रालाई हाँकेको देखिन्छ । पूर्वमा जस्तै पाश्चात्य साहित्यमा पनि एरिस्टोटल, हेसियड, सोलोन, पिण्डार, युरिपाइडिस, अरिस्टोफेनस जस्ता समालोचकहरूले कविता सिद्धान्तको निरुपण गरेको पाइन्छ ।

सिर्जनापछि समालोचनाको जन्म हुन्छ अर्थात् जन्मपछि नामकरण हुन्छ। शुक्ल यजुर्वेदमा मनीषी, परिभूः र स्वयम्भू भनेर कविको परिचय

दिइएको पाइन्छ । त्यसैगरी वैदिक साहित्यमा भने 'कवि', 'द्रष्टा' र 'ऋषि'लाई समानार्थीको रुपमा मानिएको पाइन्छ । संस्कृतको कोशले पनि कान्तादर्शी, मनीषी, विद्वान् आदि शब्दलाई पर्यायवाची मानेको छ । आचार्य आनन्दवर्धनले पनि कविलाई अपार काव्यसंसारको प्रजापतिका रुपमा चिनाएका छन् । एरिस्टोफेनिसबाट सुरु भएको समालोचनामा यथार्थता, नैतिकता, आदि कुराहरू साहित्यमा हुनु पर्छ भन्ने विभिन्न समालोचकका भिन्दा भिन्दै मान्यताहरू राखेको देखिन्छ । पुनर्जागरणकाल पछि विभिन्न वाद प्रतिवादका माध्यमद्वारा समालोचनाहरू गरिए । साहित्यमा आदर्श, यथार्थता आदि कुराहरूमा आधुनिकतावाद सम्म विवाद नै रहेको देखिन्छ । संस्कृतको अध्ययन पाश्चात्य जगतले गरे पछि भाषा विज्ञानको जन्म भयो । उत्तर आधुनिकतामा आएर कथा, कविता नाटकहरूको केन्द्र भताभुङ्ग भयो । एरिस्टोटलले काव्यमा के के भयो भने कथा, कविता, नाटक बन्छ भन्ने सिद्धान्त बनाएका थिए । ती सबै सिद्धान्त विनिर्माणवादमा आएर भत्किए । विनिर्माणवादमा कथा भित्र कविता, नाटक, समालोचना सबै भित्रिए । यसरी आज आएर साहित्यमा कुन कुन कुरो आवश्यक छ भन्ने अन्योल थपिएको छ ।

## 3.6 सार

यस प्रखण्डमा **नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ समालोचना साहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले साहित्यिक विधाले कृतिको गुण र दोष छुट्याउँनका अतिरिक्त कृति र लेखकको महत्वमूल्य र महिमाको पनि गुणगान गाउँदछ । ,

❖ समालोचना अत्यन्त प्राचीन कलामध्ये एक मानिन्छ। यसको उद्‌भवको कुनै खास तिथिमिति निश्चित छैन।

❖ 'समालोचना' शब्द प्रायः ज्ञान विज्ञानका सबै क्षेत्रमा प्रयोग हुने भए पनि यहाँ साहित्यिक समालोचनाका अर्थमा मात्र सीमित गरिएको छ।

❖ साहित्य र समालोचना दुवैको साइनो ज्यादै निकट रहेको छ । माली र फुलबारी जस्तो समालोचना र साहित्य आपसमा अन्योन्य भएर सहभागी भएका छन् ।

❖ समालोचना बिना साहित्यको आस्वाद्य रूप बोध हुन सक्तैन भने साहित्य त समालोचनाको उद्‌गम स्रोत नै हो ।

❖ विचारक वा चिन्तक वा समालोचकहरूको काम सम्बन्धित सिद्धान्तलाई उचित रूपमा सहजै बुझिने गरी बताउनु हो ।

❖ प्राचीन समयदेखि नै समालोचना काव्यशास्त्र, अलङ्कारशास्त्र आदि नामले स्वतन्त्र विधाका रूपमा अस्तित्वशील छ ।

❖ एरिस्टोटलले आफ्नो समालोचना ग्रन्थको नाम 'पोइटिक्स' राखेका छन् भने रोमेली चिन्तक तथा कवि होरेसले 'आर्स पोइटिका' नाम दिएका छन् ।

❖ पूर्वमा 'काव्यालङ्कार' काव्यप्रकाश, 'साहित्य दर्पण' जस्ता नामले समालोचनातमक कृतिहरू लेखिएका छन् ।

❖ समालोचना शब्दको प्रयोग अङ्ग्रेजीमा 'क्रिटिसिज्म' शब्दको प्रयोग सत्रौं शताब्दीमा भएको देखिन्छ भने हिन्दीमा इ. १८66 मा समालोचना शब्द उपयोग भएको पाइन्छ ।

Notes

- **समालोचना** शब्दको प्रयोग अङ्ग्रेजीको क्रिटिसिज्मकै पर्यायका रूपमा भएको हो ।
- नेपालीमा यसको समानार्थी शब्दहरूमा समीक्षा, आलोचना, विवेचना, मीर्मासा, विवेचना, सिंहावलोकन, पर्यवलोकन, अभिवीक्षा, मूल्याङ्कन, टिप्पणी आदि अनेक शब्दहरू प्रयोग भएका छन् ।

यस प्रखण्डको अध्ययनले **नेपाली समालोचनामा पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त समालोचनाको सैद्धान्तिक परिचय र नेपाली समालोचनामा के कस्ता पूर्वीय र पाश्चात्य समालोचनाको प्रभाव परेका छन् भन्ने विषय सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 3.7 अनुशीलनी

1. समालोचनाको धारणाबारे चर्चा गर्दै यसको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।
2. समालोचनाको अर्थलाई केलाउँदै यसको परिभाषाबारे पाश्चात्य र पूर्वीय आचार्यहरूका मतको टिप्प्णी गर्नुहोस् ।
3. साहित्यमा समालोचनाको महत्त्व र मूल्य के कस्तो छ ? बताउनुहोस् ।
4. नेपाली समालोचनामा पूर्वीय समालोचना सिद्धान्तको प्रभावबारे विवेचना गर्नुहोस् ।
5. नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभावबारे विवेचना गर्नुहोस् ।
6. पूर्वीय र पाश्चात्य समालोचनाको तुलनात्मक अधययन प्रस्तुत गर्नुहोस् ।

7. नेपाली समालोचनाको विभिन्न चरणहरूबारे विवेचना गर्नुहोस् ।

८. समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9. समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. समालोचना साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 3.8 अतिरिक्त अध्ययन

1. तिलक, रघुकुल - **हिस्ट्री एन्ड प्रिन्सिपल्स अफ लिटरेरी क्रिटिसिज्म**।

2. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।

3. विम्सेट र ब्रुक्स - **लिटरेरी फिटिसिज्म ए सर्ट हिस्ट्री** ।

4. त्रिपाठी, वासुदेव - **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, पहिलो भाग ।

5. Abrams, M.H., **A Glossary of Literary Terms**, Prism Books Pvt. Ltd, Bangalore, India

6. Adams, Hazard, (2000), **Critical Theory since Plato**, Harcourt Brace Jovanovich Publisher.

7. चैहान, शिवदान सिंह- **आलोचना के सिद्धान्त** ।

8. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

9. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

10. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन ।**

11. खतिवडा, बलराम - **कृतिपरक समालोचनाको विकास** ।

12. न्यौपाने, दीपक - **नेपाली समालोचनाको अध्ययन** ।

Notes

13. छेत्री, देवबहादुर - **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर** ।

14. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति** ।

15. कँडेल , घनश्याम - **नेपाली समालोचना** ।

16. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ ।**

17. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास** ।

18. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

19. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

20. बाकुनिन, मिखाइल - **साहित्यको अपहरण** ।

21. मुकारूङ, श्रवण - **राजनीति र नयाँ नेपाली साहित्यको सवाल** ।

यस अतिरिक्त **समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 3.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको सामान्य परिचय ।

.......................................................................................

.......................................................................................

.......................................................................................

**( प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. नेपाली समालोचनामा पूर्वीय समालोचनाको प्रभाव ।

....................................................................................

....................................................................................

....................................................................................

**( प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली समालोचनामा पाश्चात्य समालोचनाको प्रभाव ।

....................................................................................

....................................................................................

....................................................................................

**( प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. पूर्वीय र पाश्चात्य समालोचनाको मूलभूत मान्यताहरू ।

....................................................................................

....................................................................................

....................................................................................

**( प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 र 3.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. नेपाली समालोचनाको प्राप्तिहरू ।

....................................................................................

....................................................................................

....................................................................................

**( प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 3.4 र 3.5 को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 4, नेपाली साहित्यका प्रमुख समालोचक रसमालोचना

**संरचना**

4.0 उद्देश्य

4.1 परिचय

4.2 समालोचनाको अर्थ र परिभाषा

4.3 नेपाली साहित्यका प्रमुख समालोचकहरू

4.4 नेपाली साहित्यका प्रमुख समालोचकहरूका समालोचना प्रवृत्ति

4.5 उपसंहार

4.6 सार

4.7 अनुशीलनी

4.8 अतिरिक्त अध्ययन

4.9 मूल्यबृद्धिको निम्ति उत्तर

## 4.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समालोचनाको अर्थ र परिभाषा
- नेपाली साहित्यका प्रमुख समालोचकहरू
- नेपाली साहित्यका प्रमुख समालोचकहरूका समालोचना प्रवृत्ति

## 4.1 परिचय

कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताको विवेचनलाई समालोचना (Criticism) भनिन्छ । साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ । **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ । समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । यसलाई कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ । समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।

**समालोचना**को शाब्दिक अर्थ हुन्छ -'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु , विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । समा शब्दको अर्थ बराबर, आलोचना शब्द 'लुच' धातुबाट बनिएको हुनाले 'लुच' - को अर्थ हो - 'हेर्नु' । समालोचना संज्ञा स्त्रीलिङ्गी शब्द हो । यसको व्यत्पत्तिगत अर्थ नै राम्ररी हेर्ने क्रिया विशेष हो । कुनै पदार्थ आदिका दोष र गुणहरूलाई राम्ररी हेर्नु नै समालोचनाको घर्म मानिन्छ । इसाको बिसौं शताब्दीको दोस्रो दशकको उत्तरार्ध भन्दा अगाडि अङ्ग्रेजी साहित्यमा जस्तो किसिमको समालोचना लेखिन्थ्यो र विश्व विद्यालयका साहित्य विभागका कक्षाहरुमा जस्तो किसिमको ‘समालोचना’ गरिन्थ्यो र सिकाइन्थ्यो, त्यसको आलोचना टी0 एस0 इलियट, एज्रा पाउन्ड, जोन क्रो ग्यान्सम र एलेन टेटहरुले कस्तो, कसरी र कुन शब्दमा गरे भन्ने

Notes

कुराको चिनारी नै यस समालोचनाको लक्ष्य हो । जोन क्रो ज्यान्सम )1941ई 0 (- ले 'नव समालोचना' भन्ने नाउँ दिएको र टी0 एस0 इलियटले नेतृत्व गरेको बिसौँ शताब्दीका बेलाइती र अमेरिकाली 'कवि समालोचक' - हरुका विचारमा आदर्श समालोचना कस्तो हुनु पर्छ भन्ने विचार प्रतिपादन गरेका थिए । यसरी नै आई0 ए0 रिचर्ड्स र विलियम एम्प्सन जस्ता समालोचकहरुले प्रयोगात्मक समालोचनाको प्रविधि पक्षलाई विकास गरेको पाइन्छ ।

## 4.2 समालोचनाको अर्थ र परिभाषा

कुनै वस्तुलाई त्यसको चारैतिरबाट हेरेर त्यसको गुणदोष छुट्याउने काम भन्ने अर्थ बुझाउने **समालोचना** शब्द संस्कृतबाट आएर नेपालीमा प्रचलित भएको तत्सम वर्गको शब्द हो। यो शब्द पाँचवटा शब्दांशहरू हुने सम् + अन् + लोत् + आ + ना बाट बनिएको पाइन्छ । जहिलेदेखि यस जगतमा मानिसको विकास हुँदैआएको छ, केही न केही कार्य अवश्य गर्दै आइरहेकै छन्। त्यही कार्य तथा यस जीवन जगतका वस्तुको गुण दोष देखाउने र छुट्याउने काम पनि भइरहेछ। जब कुनै कार्य हुन्छ त्यसको मूल्याङ्कन पनि अवश्य हुन्छ । अत: समालोचनाले त्यही राम्रो - नराम्रो पक्षलाई केलाउने कार्य गर्दछ । यसले कुनै कृति र कृतिकार दुवैको गुण - दोषको मूल्याङ्कन, विवेचना गर्ने गर्दछ । "समीक्षा' विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ ।

समीक्षा, विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ । समालोचनालाई साहित्य जगतको सक्रिय निर्माण गर्ने विधा मानिन्छ । साहित्यमाथिको अध्ययन र चिन्नतको परम्परा पूर्व र पश्चिममा निकै लामो छ । त्यसैले तिनका साहित्य पनि समृद्ध छन् । नेपाली साहित्य सुरु भएकै पो कति भएको छ र ? यसमा पनि चिन्तनको परम्परा भर्खरै विकसित हुँदै छ । समालोचनाले नै मात्र साहित्य समृद्ध हुने त होइन तर साहित्यलाई तिखार्न समालोचनाको सहयोग अपरिहार्य छ । तर समालोचनाको तुलनामा साहित्य लेखन सम्पन्न छ र यो स्वाभाविक पनि हो । समालोचना गर्न लामो समय र गहन पठनको आवश्यकता हुन्छ । जसरी दीर्घ साधना सिर्जनाका लागि आवश्यक छ, त्यसरी नै समालोचनामा पनि खोज र अनुसन्धान आवश्यक छ ।

गहन चिन्तन गर्ने र नेपालीको सौन्दर्यशास्त्रको निर्माण गर्ने काम गरेर मात्र समालोचनाको नयाँ विमर्श निर्माण हुने कुरा पनि उत्तिकै सत्य हो । आज पारिजात, देवकोटा, लेखनाथ आदिका वा त्यो युगको अध्ययन बढी हुनुले यो कुरालाई पुष्टि गर्दछ । तापनि हामीले अझै तिनले निर्माण गरेको सौन्दर्य चिन्तनका बारेमा अध्ययन गर्न भने अझ पछि नै छौं । हामीकहाँ बौद्धिक अभ्यासको लामो परम्पराको अभाव छ । आधुनिक समालोचनाको शुरुवात भएको नै धेरै भएको छैन । त्यति हुँदाहुँदै पनि

समालोचनाले आकार ग्रहण गरेको छ र यो क्रमशः बलियो पनि हुँदैछ । रामकृष्ण शर्माबाट वासुदेव त्रिपाठीसम्म आइपुग्दा यसको आधार तयार भएको छ र यो विकसित पनि हुँदैछ । नयाँ पुस्ता पनि यसमा लागेका छन् भने पत्रपत्रिकाको विकासले यसमा गति थप्ने काम गरेको छ । त्यसैले समालोचनाको परम्परा क्रमशः बलियो हुने क्रममा छ ।

समालोचना जस्तो फराकिलो विधालाई कृति समीक्षामै सीमित गरिदिनु राम्रो  होइन । यसो गरे नेपाली भाषा साहित्यको वैचारिक विश्लेषण हुन सक्दैन । हुन त कृति समीक्षामा मात्र समालोचना समेटिएको छैन । समालोचनाका कामहरू भइरहेका छन् । समालोचनाको गहन पठनको पहिलो प्रयास कृति समीक्षा हो । त्यसपछि बिस्तारै समालोचनाका तहमा काम हुन थाल्छ । नेपाली भाषा साहित्यको वैचारिक विश्लेषण भइरहेको छ, म आशावादी छु ।यसका लागि साहित्य सिध्दान्तका आलोकमा समालोचना हुनु जरूरी छ । हामीकहाँ सिध्दान्तको बोध नगरीसमालोचना गर्दा पनि यो अवस्था सिर्जना भएको हो । तर यो अवस्थामा क्रमशः सुधार आएको छ र पछिल्लो चरणमा यस्ता खाले समालोचनाले आकार लिन थालेका छन् ।

कुनै पनि व्यक्तिलाई सिर्जना गर्न वा समालोचना लेख्ने स्वतन्त्रता छ । उसलाई जे इच्छा लाग्छ, गर्न सक्छ । यो त हाम्रो सिर्जनाको शक्ति हो । जसले समालोचनाबाट सिर्जनामा हात हाल्छ उसले सिर्जनाको शक्ति बुझेको हुनुपर्छ । अनि जसले सिर्जनाबाट समालोचक पनि हुन्छु भन्छ, उसले सिर्जनाको मूल्य खोज्न र नयाँ विषयमा अध्ययन गर्न प्रयास गरेको हुनुपर्छ । म त यसलाई

लेखकीय स्वतन्त्रता भन्छु है । कुरा रह्यो सेलिब्रेटीको । आजको समयमा सबै नै सेलिब्रेटी होइनन् र ! सबैमा कुनै न कुनै प्रतिभा र क्षमता हुन्छ भन्ने कुरामा हामी विश्वास गर्छौं भने त जो जुन विधामा लागे पनि खुशीको कुरा हो नि । को कता गएर कुन विधा समाउने भन्ने कुरा परिस्थितिले पनि निर्धारण गर्छ । समालोचना गर्ने बाध्यात्मक परिवेश र स्वतन्त्र रहर दुवै छ ।

'समालोचना' शब्द प्रायः ज्ञान विज्ञानका सबै क्षेत्रमा प्रयोग हुने भए पनि यहाँ साहित्यिक समालोचनाका अर्थमा मात्र सीमित गरिएको छ । साहित्य र समालोचना दुवैको साइनो ज्यादै निकट रहेको छ । माली र फुलबारी जस्तो समालोचना र साहित्य आपसमा अन्योन्य भएर सहभागी भएका छन् । समालोचना बिना साहित्यको आस्वाद्य रूप बोध हुन सक्तैन भने साहित्य त समालोचनाको उद्गम स्रोत नै हो । त्यसैले क्यानाडाली समालोचक नथर्ॣरप पर्|mइले समालोचना र साहित्यलाई भौतिक शास्त्र र प्रकृतिसँग तुलना गरेका छन् । उनका अनुसार भौतिक शास्त्रको अध्ययन गर्ने विद्यार्थीले प्रकृतिको अध्ययन गर्दछ तर ऊ आफूलाई प्रकृतिको विद्यार्थी नभनेर भौतिक शास्त्रको विद्यार्थी भन्दछ । फ्राईका अनुसार साहित्यको भौतिक शास्त्रको नै विद्यार्थी हुन्छ (फ्राई, 1974 : 233) । साहित्य कला भए पनि समालोचना विज्ञान हो । कलामा हार्दिकता, रागात्मकता, वैयक्तिक तथा सामूहिक अचेतनको प्रकटन, कल्पना एवं भावुकताको आधिक्य, वैज्ञानिक कार्यकारणको निरपेक्षता, अभिव्यञ्जनात्मक भाषिक प्रयोग जस्ता गुण रहेका हुन्छन् । समालोचना बैद्धिक क्रियाकलाप हो र यसमा साहित्यिक कृतिको वस्तुगत, वैज्ञानिक, कार्यकारण मानिन्छ र बालक जन्मेदेखि नै आफ्नो परिवेशप्रति प्रतिक्रिया व्यक्त गर्दछ, यही मानवमा निहित प्रतिक्रियात्मक

गुण नै समालोचनाको उद्‌गम विन्दु हो । त्यसैले साहित्यिक समालोचनाको प्रारम्भ साहित्य लेखन जत्तिकै पुरानो मानिन्छ ।

## 4.3 नेपाली साहित्यका प्रमुख समालोचकहरू

नेपाली समालोचना साहित्यमा पहिलो चरणदेखि चौथौं चरणसम्म विभिन्न समालोचकहरूको उदय भएको पाइन्छ । त्यसमध्ये यहाँ प्रमुख - प्रमुख समालोचकहरूबारे अध्ययन गरिएको छ ।

### 4.3.1 मोतिराम भट्ट

समालोचक मोतिराम भट्ट नेपाली साहित्यका पहिलो समालोचक हुन् । नेपाली साहित्यका प्रथम गजलकार, जीवनीकार, समलोचक तथा माध्यमिक कालका प्रवर्तक थिए। थोरै बाँचेर नेपाली साहित्यमा अत्यन्तै धेरै योगदान पुर्याउने उनी नेपाली साहित्यका प्रेरक व्यक्तित्व, कुशल नायक र होनहार प्रतिभा मानिन्छन्। मोतिराम भट्ट नेपाली साहित्यामा भानुभक्त आचार्य पछि आउने सशक्त व्यक्तित्व हुन्। उनले नेपाली भाषासाहित्यमा समालोचनाको सुरु गरे; भट्टले नै संवत् 1948मा **कवि भानुभक्त आचार्यको जीवनचरित्र**लाई प्रकाशमा ल्याए। कवि भानुभक्त आचार्यको जीवनचरित्रमा मोतिराम भट्टले प्रभाववादी ढङ्बाट व्याख्यात्मक रूपमा भानुभक्तबारे प्रशंसा गरेको मानिन्छ। आफूले खोजेका कविलाई प्रतिभासम्पन्न तथा सहज कवि थिए भन्ने प्रमाणित गर्न उनले त्यस जीवनचरित्रमा भानुभक्तले रचेका भनेर जतातते फुटकर सिलोकहरू देखाएका भनिन्छ।

मोतिराम भट्टको जन्म 1923 साल कुशेऔसीका दिन भदौ 25 गते,शनिबार काठमाडौँको भोसिको टोलमा भएको थियो। मोतिराम भट्टको वंशचाहिँ कुमाउगढबाट आएको थियो। मोतिराम भट्ट पण्डित दयाराम

भट्ट र रिपुमर्दिनीदेवी भट्टका माइला सुपुत्रका रूपमा जन्मेका थिए। भट्ट दम्पतिका प्रथम पुत्रचाहि जन्मनासाथ दिवङ्गत भएका थिए। मोतिराम भट्टलाई दीर्घजीवी राख्न उनका मातापिताले यिनका नाकको दाहिने पोरा छेडिदिएका थिए। नाक छेडेपछि यिनलाई उनका साथीहरूले केटी भनेर गिज्याउँथे भन्ने कुरा पं. नरदेव पाण्डे व्यक्त्याउँछन्।

मोतिराम भट्टले 5 वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए। फारसी, उर्दूका अतिरिक्त संस्कृत, हिन्दी, अङ्ग्रेजी भाषामा पनि दक्ष रहेका मोतिरामले बनारस बस्दा गजल गाउन र सितारवादन सिके। बनारसका प्रसिद्ध सितारवादक पन्नालालबाट यिनले सितार बजाउन र गीत गाउन सिकेका थिए। करिब आठ वर्ष बनारस बसेर यी 1937 सालमा पुनः काठमाडौँ भित्रिए। त्यसै साल यिनले 15 वर्षको उमेरमा बिहे गरे। विवाहपछि यी केही दिन काठमाडौमा नै बसे। त्यसबेलासम्म उनी नेपाली भाषामा लेखिएका मीठामीठा गीत, कविता, भजन र गजल सुन्नबाट वञ्चित थिए। बनारसमा बस्ता यिनले चार सयजति शायरीहरू लेखिसकेका थिए तर त्यस बेलासम्म यिनले नेपाली गीत, कविता र गजल कोरेकै थिएनन्। त्यसै बखत यिनले नरनारीका युगलरदोहरीरजुहारी गीत सुन्न पाए। वास्तवमा त्यस बेला सुनेको रसिया गीतले यी मोहित पनि भए। त्यसपछि उनले यस्ता मीठा गीतहरूलाई हृदयमा रोप्न थाले, मस्तिष्कमा खेलाउन थाले र स्वरद्वारा प्रस्तुत गर्न थाले। अनि केही दिनपछि उनका छिमेकी खड्गदत्त पाण्डेको बिहेमा उनी पनि जन्ती गए। त्यहाँ पनि भट्टले रातभरि श्लोकमा जुहारी खेलेको सुने अनि नेपाली भाषामा पनि यति मीठा कविता लेखिँदा रहेछन् भन्ने कुराको उनीमा झन् सारो ज्ञान पलायो; ती सबै जुहारी सिलोकहरू भानुभक्तले लेखेका हुन् भन्ने चाल पाएपछि उनी एक्कासि भानुभक्त आचार्यका गुनगानमा लाग्न थाले।

त्यसपछि उनी भानुभक्त आचार्यका कृतिहरू खोजीखोजी प्रकाशन गर्ने काममा जुटे। केही महिना काठमाडौमा बसेर आफ्नी पत्नीसहित उनी संवत् 193८को पुसमा काशी गए। काशी पुगेर यिनले 'भारतजीवन' भन्ने हिन्दी पत्रिकाको नेपाली संस्करण ल्याई यसको प्रकाशकीय र सम्पादकीय लेखेर भारतजीवन छापाखानासँग सम्बन्धित पनि बने। छापाखानाबाट यिनले नेपाली भाषाका पुस्तकहरू छापे। त्यसै बेला यिनले बनारसमा केही साथीहरूको सक्रियतामा एउटा मित्रमण्डलीको गठन गरे। त्यहीँ यिनले समस्यापूर्तिका कवितालगायत अन्य फुटकर कविता र गजल-लेखनको अभियान पनि चलाए। बनारसमा यस कार्य क्रममा उनलाई सघाउने व्यक्तिहरू पद्मविलास पन्त, काशीनाथ, रनाथ, तेजसिंह र तेजबहादुर राना थिए।

प्रथम जीवनी लेखक, समालोचक, अन्वेषक, पत्रकार, मुद्रणालयका संस्थापक, सङ्गठनकर्ता, पुस्तकालय स्थापक पनि मोतिराम भट्ट नै थिए। उनी कवि, गजलकार र गीतकार, नाटककार तथा नाटक निर्देशन पनि गर्थे। काशीमा बसेकै बेला मोतिराम भट्टले भानुभक्त आचार्यको बालकाण्ड रामायण र पछि सम्पूर्ण रामायण पनि प्रकाशित गराए। त्यसै बेला उनले अन्य थुप्रै नेपाली भाषाका पुस्तकहरू प्रकाशित गराएका थिए। त्यसै ताका यिनले साथीभाइहरूलाई भेला पारी समस्यापूर्ति कविता लेख्ने जागरण ल्याएका थिए। बनारसमा नेपाली भाषासाहित्यका थुप्रै कृतिहरूको प्रकाशन गरी भट्ट संवत् 1944 फागुनमा फेरि काठमाडौ आए। राजगुरु लोकराज पण्डितबाट झिकाइएर उनी काठमाडौं आएका थिए। त्यसपछि मोतिराम भट्टले आफ्ना मामा नरदेव पाण्डे र कृष्णदेव पाण्डेको सहयोग लिएर 1945 सालमा काठमाडौंको ठहिटीमा मोतीकृष्ण कम्पनी खोलेका हुन्। मोतीराम भट्टले नेपाली साहित्याकाशमा सक्रिय भई जम्मा पन्ध्र

वर्षजति सेवा गरे। त्यस अवधिमा उनले झन्डै पच्चीसवटाजति साहित्यिक कृति लेखे, सम्पादन गरे। मोतीराम भट्टले युवाअवस्थामा आफ्नो सारा भावना, जाँगर र सक्रियता अर्पे र नेपाली साहित्यको विकासमा अतुलनीय, अविस्मरणीय र अकल्पनीय सृजनात्मक र स•ठनात्मक साहित्यिक कार्य हरू गरेका थिए।

## 4.3.2 कुलचन्द्र गौतम

वाग्मती अञ्चल अन्तर्गत नुवाकोट जिल्लाको जीवनपुरमा जन्मिएका कुलचन्द्र गौतमले प्रथम श्रेणीमा संस्कृत साहित्याचार्य उत्तीर्ण गरेका हुन् । उनी विद्वत् शिरोमणि पदले पनि विभूषित व्यक्ति हुन् । उनको विद्वत्ता प्रशंसनीय थियो । गोतमका प्रकाशित कृतिहरू यसप्रकार छन् -

अमरकोष, स्वयंवैदय, अलङ्कार चन्द्रोदय, राघवालङ्कार, तुलसीकृत रामायण, संस्कृत नेपाली शब्दकोष आदि ।

## 4.3.3 शम्भुप्रसाद ढुङ्गेल

देवीचरण ढुङ्गेलका छोरा शम्भुप्रसाद ढुङ्गेल (विक्रम सम्वत)1946-19८6( - को जन्म बि. स .1946, भाटभटेनि, काठमाडौँमा भएको हो |उनी नेपाली साहित्यको माध्यमिक काल उत्तरार्धका एक चम्किला तारा हुन् । कविता, गजल, समस्यापूर्ति, गद्याख्यान, पद्याख्यान, निबन्ध, उपन्यास आादिका साथै नाटकका क्षेत्रमा पनि महत्त्वपूर्ण प्रतिभाका रूपमा चिनिने झन्डै 300 जति पुस्तक लेखेको पाइन्छ । दरबारमा तुरुन्त कविता सुनाउन सकेका हुँदा चन्द्र शमशेरले खुसि भै कवि ढुङ्गेललाई वि. सं 1970 मा आँशु कविको उपाधि दिइएका थिए । शिक्षामा केवल निजामती चार पास गरेका कवि शम्भुप्रसाद ढुङ्गेल माध्यमिक कालका विशिष्ट कवि हुन् । नेपाली पद्यक्षेत्रका साथै गद्य क्षेत्रमा पनि यिनको खास योगदान रहेको छ । पद्यतर्फ यिनले फुटकर कवितादेखि खण्डकाव्य

सम्मको रचना गरेका छन् भने गद्यतर्फ निबन्ध, नाटक आदिको रचना गरेका छन् ।

मोतीराम भट्टझैँ अल्पायु (40 बर्ष) मै दिवंगत भएका शम्भुप्रसादले प्रचूर मात्रामा साहित्य रचना गरेको देखिन्छ । यिनले मौलिक सिर्जनाका साथै कतिपय अनुबाद पनि गरेका छन् । कवि शम्भुप्रसाद ढुङ्गेलको मृत्यु बि. स. 19८6 मा काठमाडौंमा भएको हो । आँशु कविको उपाधिले बिभूषित कवि शम्भुप्रसाद ढुङ्गेलले गद्य र पद्य दुवै क्स्जेत्रमा कलम चलाई तीन सय जति पुस्तक लेखेको पाइन्छ । कवितामा यिनले भजन, गजल, समस्यापूर्ति र काव्यहरु लेखेका छन्पौ । राणिक आख्यान तथा सामाजिक घटनालाई काव्यको विषय बनाउने यिनका कवितामा प्रवाहमय कवित्वशक्ति भेटिन्छ । समस्यापूर्ति तथा भजनहरुको शृङ्गारका अतिरिक्त आध्यात्मिक भाव पनि प्रस्फुटित भएको छ ।

उनी शास्त्रीय छन्दका सफल कवि हुन् । छन्दनियमले कतैकतै व्याकरणको नियम वेवास्ता गरेको पनि भेटिन्छ । यिनी बिभिन्न अलंकारको प्रयोग गर्न पनि सफल देखिएका छन् । कवि ढुङ्गेलका रत्नावली नाटिका (1972) ,शकुन्तला नाटक (1972/73) ,मालतीमाधव नाटक (1976) ,विद्यासुन्दरी (1975) ,उत्तररामचरित (1975) साथै शम्भुप्रसाद ढुङ्गेल समालाेचक पनि हुन् । उनले कविताको फल (1996) शीर्षक समालोचना लेखेका छन् ।

## 4.3.4 रामकृष्ण शर्मा

बर्माको मचिना सहरमा जन्मिएका रामकृष्ण शर्मा )197-८2043कवि (, समालोचक र निबन्धकारका रूपमा परिचित छन् । मूलतः उनी नेपाली साहित्यका प्रखर समालाेचक हुन् । विद्यार्थी जीवनदेखि नै आफ्नो प्रतिभाको परिचय दिंदै आएका रामकृष्ण शर्मा आफ्ना अध्ययन कालदेखि नै अनेकौ पदक

र पुरस्कार प्राप्त गर्न सफल देखिन्छन् । गौहाटी विश्व विद्यालय आसामबाट अंग्रेजीमा एम.ए. सम्मको अध्ययन गरी सोही विश्व विद्यालयबाट कानुनको स्नातकमा प्रथम श्रणीमा प्रथम स्थान प्राप्त गरेका शर्मा बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । समालोचक रामकृष्ण शर्मालाई तार्किक समालोचकको रूपमा चिनिन्छ । उनको दश गोर्खा, सप्त शारदीय, टेबल गफ नौ बैठक आदि कृतिहरू प्रकाशित छन् ।

## 4.3.5 यदुनाथ खनाल

वि .सं .1970 साउन 28गते तनहुँको मानुङमा नरनाथ र माता तारादेवी खनालका सुपुत्रका रुपमा जन्मेका सरदार प्रो. यदुनाथ खनाल नेपालको शिक्षा, कूटनीति, प्रशासन र साहित्य क्षेत्रका विशिष्ट व्यक्ति मानिनुहुन्छ। उहाँलाई नेपालको पुनर्जागरणकालमा परराष्ट्र मामिला, प्रशासन र शिक्षाक्षेत्रमा धरोहरकै रुपमा लिइन्छ ।छ वर्षका खनालले घरमै अमरकोश, चण्डी पढ्नुभयो । 11 वर्षका खनाल हिंडेर काठमाडौं आउनुभयो । उहाँको अध्ययनमा दाजु हरि खनालको विशेष सहयोग थियो । उहाँ 1992 सालको एसएलसी परीक्षामा बोर्ड प्रथम हुनुहुन्थ्यो । बनारस विश्वविद्यालयबाट संस्कृतमा मध्यमा, कोलकाता विश्वविद्यालयबाट बीएस्सी र अङ्ग्रेजीमा स्नातकोत्तर तह उत्तीर्ण सरदार खनाल 2000 सालदेखि 2013 सालसम्म त्रि चन्द्र कलेजमा प्राध्यापन सेवापछि-2013 साल माघ13 देखि स्व. टंकप्रसाद आचार्य प्रधानमन्त्री भएपछि प्रधानमन्त्रीको सचिवका रुपमा नियुक्त गर्नुभएको थियो ।

चिकित्सक बन्न चाहने खनाल विशेष कारणले गर्दा निजामति सेवामा पो लाग्नुभयो । गृह, परराष्ट्र, सूचना र यातायात मन्त्रालयको सचिव हुनुभयो । उहाँ प्रधानमन्त्रीको सचिवालयको प्रमुख निजी सचिव, पटक पटक राष्ट्रिय योजना आयोगका सदस्य तथा लोकसेवा आयोगका अध्यक्ष

Notes

समेत हुनुभयो । उहाँले 2017 देखि 2019 सालसम्म परराष्ट्र सचिव, 2019 देखि 2024 सम्म भारतका लागि राजदूत, 2024 देखि 2027 सम्म पुनः परराष्ट्र सचिव, 2030 देखि 2032 सम्म अमेरिकाका लागि राजदूत, 2032 देखि 2035 सम्म लोकसेवा आयोगको अध्यक्ष र 2035 देखि 2039 सम्म चीनका लागि राजदूतको हैसियतमा काम गर्नुभएको थियो । उहाँ 2017 सालमा तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा राष्ट्रसंघको महासभामा भाग लिन जानुभएको थियो भने 2048सालदेखि तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको परराष्ट्र मामिलासम्बन्धी सल्लाहकारसमेत हुनुहुन्थ्यो। प्रजातन्त्र आगमन पछिका प्रधानमन्त्रीद्वय कृष्णप्रसाद भट्टराई र गिरिजा प्रसाद कोइरालाका परराष्ट्र मामिला सल्लाहकार रहेका खनालले त्यसपछि भने अवकाश जीवन बिताउँदै आउनुभयो । आधुनिक नेपालको परराष्ट्रनैतिको व्याख्या गर्ने महफ्वपूर्ण व्यक्तिका रूपमा परिचित खनाल चीन, भारत तथा संयुक्त राज्य अमेरिकाका लागि शाही नेपाली राजदूत पदमा रहनुभयो ।

## 4.3.6 हृदयचन्द्रसिंह प्रधान

काठमाडौको मरुटोलमा जन्मेका हृदयचन्द्रसिंह प्रधान )1972-2016हाइ ( स्कुलको शिक्षापछि स्वाध्ययन, शिक्षण, ट्युसन र लेखन कार्यमा धेरै लामो समय बिताएका व्यक्तितत्व हुन् । उनी आफु बाँचुन्जेल शोषण र दमनले पीडित समाजलाई मुक्तिको मार्ग देखाउन सृजना गर्दैरहे, तर आर्थिक अभाव र क्षयरोगको पीडाबाट आक्रान्त भई छोटै उमेरमा उनको दिवङ्गत हुनगयो ।

## 4.3.7 रत्नध्वज जोशी

वाग्मती अञ्चलको ललितपुर जिल्लामा जन्मिएका रत्नध्वज जोशी (1973) मूलतः समालोचक हुन् । यिनी दोष द्रष्टाका रूपमा परिचित छन् । विशेष गरी यिनका समालोचनाहरू वर्णनात्मक र व्याख्यात्मक हुन्छन् । जोशीका समालोचनात्मक कृतिहरू यसप्रकार छन् : -

1. मानसालङ्कार (2002)
2. हाम्रो काव्यपरम्परा उसैको लागि (2019)
3. आधुनिक नेपाली साहित्यको झलक (2021)
4. साहित्यको अध्ययन (2023)
5. सामान्य समीक्षा (2022)
6. नेपाली कथाको कथा (2025)
7. नेपाली नाटकको इतिहास (2036)
8. ऋतुविचार र लेखनाथ (2036)
9. साहित्य विमर्ष (2044)

## 4.3.8 कृष्णचन्द्रसिंह प्रधान

**कृष्णचन्द्रसिंह प्रधान** (वि .सं.19८2 .सं.वि - 2067प्राज्ञ साहित्यका नेपाली (, समालोचक हुन् । कृष्णचन्द्रसिंहको जन्म नुंछेँगल्ली, काठमाडौंमा वि .सं.19८2 श्रावण साल11सूर्यप्रसादसिंह बुबा उनका । हो भएको दिन नागपञ्चमीका गते प्रधान र आमा मायादेवी हुन्। उनको घरमा बोलाउने नाम गोविन्दप्रसाद हो र साहित्यिक चिनारी कृष्णचन्द्रसिंह प्रधान हो।

## 4.3.9 ताना शर्मा

समालोचक ताना शर्माको पुरा नाम – तारानाथ उपाध्याय भण्डारी हो । उनको जन्म :1991 असार 9 भएको थियो । साहित्यमा प्रख्यात नाम **ताना शर्मा**ले परिचित शर्मालाई झर्रोवादी आन्दोलनका अगुवा, *नियात्रा विधा*का संस्थापक,

नेपाली निबन्धकार, कथाकार, उपन्यासकार, समालोचक र पाठ्यपुस्तक लेखक हुन् । उनी नेपाली भाषा र साहित्यमा झर्रोवादीका रूपमा चिनिन्छन् । अङ्ग्रेजी भाषामा विद्यावारिधि गरेका डा पेशामा प्राध्यापन हाल शर्मा तारानाथ . छन् ।

तारानाथ शर्मा 1991 असार 9 गते प्रजापति उपाध्याय र देवकीको जेठो छोराका रूपमा इलाम, बरबोटेमा जन्मेका हुन्। उनी जन्मेको ठाउँलाई त्यतिबेला सित्तलपाटी भनिन्थ्यो। घरछेउ ठूलो बरको रुख भएकाले पछि गाविसको नाम नै बरबोटे भयो। संयोग, उनको परिवार बसाइ सरेर गएको फिक्कलको ठाउँलाई पनि अहिले बरबोटे भनिन्छ। बसाइ सर्दा त्यस ठाउँको नाम सुदुङ थियो। तारानाथलाई बोधनारायण घिमिरेले धुलेपाटीमा अक्षर चिनाएका हुन्। अक्षर चिनिसकेपछि रुद्री, चण्डी पढेँ, अलिअलि वेद पनि पढाए अनि संस्कृतको अमरकोश पनि घोकाए। साथै, ज्योतिषको गणना गर्ने किताब भाषोति पनि सिकाए। तारानाथ फिक्कलमा डेरा बसेर चन्द्र मिडिल मोहन-हुन्। थालेका पढ्न अङ्ग्रेजी कक्षादेखि तीन एकैचोटि स्कुलमा पशुपतिनगरका राजबहादुर राईले अङ्ग्रेजी पढाउन काठमाडौंका चन्द्रभक्त कसजुलाई लगेका थिए। तारानाथले छ कक्षासम्म पहिलो हुँदै फिक्कलमा पढे। त्यसपछि दार्जिलिङको सेन्ट जोसेफमा एकै चोटि नौ कक्षामा भर्ना भए र जिल्ला प्रथम हुँदै 12 कक्षासम्म पढे अनि थप पढाइका लागि बनारस गए।

तारानाथको खास थर भण्डारी हो, तर बनारसमा पढ्न गएपछि नाममा शर्मा झुन्ड्याए। अङ्ग्रेजीमा छोटकरी नाम लेख्ने चलन विपरीत नेपाली नाम तारानाथलाई छोट्याएर ताना बनाए। बनारसबाट बि ए गरिसकेपछि घर फर्केका बेला बुवाले हेडमास्टर खाली छ, यतै बस, अब पढाउन सक्दिनँ भनेर रोक्न खोजे तर उनी अनेक बहाना बनाएर 70 रूपैयाँ मागेर काठमाडौं छिरे। उनले काठमाडौंमा छात्रवृत्तिका लागि आवेदन दिए, पाए पनि र पटना हानिए। उनी बेलायतमा पनि गएर 'दोस्रो भाषाका रूपमा अङ्ग्रेजी' (इङ्लिस एज अ सेकेन्ड

ल्याङ्वेजउनले पढे। (अमेरिकाको विस्कन्सिन विश्वविद्यालयबाट भाषाविज्ञानमा विद्यावारिधि गरे।

## 4.3.10 सोमनाथ सिग्द्याल

समालोटक सोमनाथ सिग्द्यालको जन्म वि. सं. 1941 र मृत्यु वि. सं. 2029 मा भएको हो । उनी नेपाली भाषाका साहित्यकार नै थिए। **पण्डितराज**का नामले समेत परिचित सिग्द्याल नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रदान गरिने त्रिभुवन प्रज्ञा पुरस्कारबाट पनि सम्मानित बनेका छन् । नेसदस्य का .प्र.प्र.रा. रहेका समालोचक सिग्द्यालको पहिलो रचना वि. स .1963 मा "सुन्दरी" शीर्षकको कविता प्रकाशित भएको थियो । उनका मौलिक कृतिहरू **आदर्श राघव, साहित्य प्रदीप**, **मध्यचन्द्रिका-, लघुव्याकरण-चन्द्रिका-, सनातन धर्म सन्देश**, **सुन्दर चम्पू** , **सिद्धान्त कौमुदी, संस्कृति चन्द्रिका, अनुवाद चन्द्रिका**, भाग 1, 2,3,4 आदि प्रकाशित छन् ।

## 4.3.11 बालचन्द्र शर्मा

बालचन्द्र शर्मा (1976-2033नेपाल (ी साहित्यका प्रख्यात इतिहासकार हुन् । उनले संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा उच्च शिक्षा प्राप्त गरेका थिए । नेपाल पुकार, नवनेपाल जस्ता पत्रिकाको सम्पादन गर्दै युगवाणीबाट आफ्ना वाणी व्यक्त गर्ने शर्माले 2007 साल अगाडि नै भाषा सेवा र देश सेवको अभियान थालेका थिए ।

नेपालको इतिहास लेखन र नेपाली साहित्यका ऐतिहासिक समग्रीको अन्वेषणमा संलग्न रहेका बालभन्द्र शर्माको अन्वेषणात्मक साहित्य लेखन ईश्वर बरालको जस्तै छ । प्रारम्भमा साहित्य र राजनीतिको ऐतिहासिक सामग्री अन्वेषण गर्ने केममा जुटेका शर्माको ऐतिहासिक शोधखोज ग्रन्थको नाम हो - नेपालको ऐतिहासिक विवेचना (200८कृतिक प्रस्तुत । (ो प्रकाशनबाट ऐतिहासिक सामग्रका अध्येताका रूपमा प्रतिष्ठापित हुन पुगेका शर्मालाई

Notes

नेपालको इतिहासको आधिकारिक ज्ञाताका रूपमा लिने गरिन्छ । उनका साहित्यिक कृतिहरू पनि अन्वेषणमूलक र विवेचनात्मक रहेका छन् । उनका अन्वेषणात्मक कृतिमा भानुभक्त (2014रहेक (ो छ ।

### 4.3.12 बासुदेव त्रिपाठी

नेपाली भाषा - साहित्यका वरिष्ठ व्यक्तित्व वासुदेव त्रिपाठीले समालोचकका रूपमा प्रसिद्धि पाएका छन् । उनका आलोचनात्मक लेखहरूको सङ्ग्रह नेपाली कविताको सिंहावलोकन ग्रन्थले नेपाली साहित्यको पटभूमिमा अतुलनीय स्थान ओगटेको छ । आफ्ना आलोचनामा सकारात्मक मत दिन सिपालु त्रिपाठीले विविध विधा र कृतिहरूको समीक्षामा आफ्नो कलम चलाए तापनि नेपाली कविताको समीक्षामा धेरै रुचि राख्ने गरेको पाइन्छ ।

वासुदेव त्रिपाठीको चिनाको नाउँ नूतनराज त्रिपाठी थियो । 1999 साल चैत 13 गते प्रेमदत्त त्रिपाठी तथा गोमा देवीका ज्येष्ठ सुपुत्रका रूपमा वासुदेव त्रिपाठीको जन्म गण्डकी अञ्चलको तनहूँमा भएको थियो । उनी सानैदेखि हुने बिरुवाको चिल्लो पात थिए । आठ वर्षको उमेरमा आफ्नी आमाको माया, मोह र स्नेहबाट वञ्चित त्रिपाठी आफ्ना कर्मवीर बुबा प्रेमदत्त त्रिपाठीको त्याग, तपस्या र मायाबाट आफ्ना यात्रामा अविरल हिँडिरहे । 2007 साल अघिपछिको कुरा हो; त्यस बेला तनहूँ र छिमेकी जिल्लाहरूमा खास विद्यालय र शिक्षकहरूको अभाव थियो । सोही कारणले त्यस बेला त्यहाँका मान्छेहरूले गुरु फेला परे संस्कृत पढ्नुपर्थ्यो, मास्टरसाहेब फेला परे अङ्ग्रेजी पढ्नुपर्थ्यो र सेवानिवृत्त सैनिक शिक्षक फेला परे कबाज र नाचगानको तालिम लिनुपर्थ्यो । त्रिपाठीले पनि त्यसै किसिमको शिक्षाको लहरमा लहरिँदै अध्ययन चालु राखे । त्रिपाठीले त्यसैबखत संस्कृत, अङ्ग्रेजी, नाच, गान, मादल, तबला, हार्मोनियम र

कबाज सिके । उनले सानैमा 'चण्डी', 'रुद्री', 'अमरकोश', 'लघुकौमुदी' कण्ठ गर्नुको साथै 'अङ्ग्रेजी फस्टबुक' पनि पानी पारेका थिए । उनको पढाइको स्तर निक्कै माथिल्लो कोटिको भएको हुँदा उनलाई तेह्र वर्षको उमेरमा काठमाडौँ उपत्यका भित्र्याइएको थियो ।

काठमाडौँमा पढ्न आएका त्रिपाठी क्रमशः साहित्यसृजना र राजनैतिक मैदानमा लहसिन थाले । सो घटना उनका बुबाले थाहा पाएपछि उनी यिनलाई मनोवैज्ञानिक तरिकाले राजनीतिबाट अलग्ग राख्न सफल भए । त्यसपछि त्रिपाठी एकोहोरो भई शिक्षाआर्जनमा मात्रै समर्पित भइरहे । परिणामस्वरूप नेपाली, संस्कृत र अङ्ग्रेजी विषयमा यिनको दक्षताले शिखर कुल्चन थाल्यो । त्यस बेला यिनले हिन्दी र बङ्गला अध्ययनमा पनि यथेष्ट रुचि बढाएका थिए । त्यस बखत लामो समयको बिदाको समयमा यी सिङ्गो पुस्तकालय नै पढ्ने हिम्मत गर्दथे । अथक मिहिनेतका कारण 2022 सालमा त्रिभुवन विश्वविद्यालयबाट डा. त्रिपाठीले प्रथम श्रेणीमा संस्कृत व्याकरणमा आचार्य समुत्तीर्ण गरे । त्यसपछि यिनी सोही विश्वविद्यालयबाट 2024 सालमा प्रथम श्रेणीमा प्रथम भई नेपालीमा एम.ए. समुत्तीर्ण भए । त्यसै बीच उनले अङ्ग्रेजी साहित्यमा एम. ए. पनि पढे; तर द्वितीय वर्षको अध्ययनपश्चात् त्रिपाठीले आफ्नो पढाइ बन्द गरिदिए । त्यसपछि 2033 सालमा यिनले पीएच. डी गरे । नेपाली साहित्यमा त्रिभुवन विश्वविद्यालयबाट पहिलोपटक पीएच. डी. उपाधि प्राप्त गर्ने सौभाग्य पाउने व्यक्तित्व नै वासुदेव त्रिपाठी हुन पुगे । यिनको पीएच. डी. को विषय लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन हो ।

### 4.3.13 डिल्लीराम तिम्सिना

पाँचथर जिल्लाको सुभाङ एकचेपामा जन्मेका डिल्लीराम तिम्सिना (19८0 - 2048) - ले दर्शनशास्त्रमा आचार्य र नेपालीमा स्नात्तोकत्तर गरी विद्यावारिधि प्राप्त गरेका हुन् । उनले दार्जिलिङको सरकारी विद्यालयमा प्राध्यापन गरेपछि 2018देखि 2045 सम्म बनारस हिन्दू विश्व विद्यालयमा प्राध्यपन गरेको पाइन्छ । आफ्नो अध्ययन र लगनशीलताले हिन्दी, संस्कृत, बंगला, जर्मन, असमिया जस्ता भाषामा समेत विशेष दक्षता प्राप्त गरेका तिम्सिनाको शिक्षासेवा र समाज सेवामा उत्तिकै योगदान रहेको पाइन्छ ।

तिम्सिनाका प्रकाशित कृतिहरू यसप्रकार छन् -

1.संझना (कवितासंग्रह 2017)

2.हाम्रो साहित्य र साहित्यकारहरू (सहलेखन 201८)

3.छन्द र अलङ्कार (सहलेखन 201८)

4.दर्शनको रूपरेखा (2019)

5.प्रबन्ध लता (2019)

6.बनारसको चिठी (2025)

7.बसिबियाँलो (निबन्धसंग्रह 2031)

८.रविन्द्रनाथको प्राचीन साहित्य (अनु.. )

9.काव्यमीमांसा (अनुवाद रविश्लेषण 2031)

### 4.3.14 हेमाङ्गराज अधिकारी

कोशी अञ्चलको भोजपुर जिल्ला अन्तर्गत दिङ्लामा वि. सं. 2007 मा जन्मिएका हेमाङ्गराज अधिकारी नेपालका विशिष्ट विद्वानमा गनिन्छन् । उनी बालागुरु षडानन्दका वंशज हुन् । अधिकारीले संस्कृतमा आचार्य तथा नेपालीमा स्नातकोत्तर गरी भाषा विज्ञानमा विद्यावारिधिको

उपाधि प्राप्त गरेका छन् । प्राध्यापक डाक्टर अधिकारी त्रिभुवन विश्वविद्यालयमा धेरै वर्ष प्राध्यापन कार्य गरी निवृत्त भएका हुन् । उनी समालोचक, व्याकरणकार तथा कोशकारका रूपमा प्रसिद्ध छन् । पूर्वीय संस्कृत साहित्यका चिन्तक र शिक्षा शास्त्र सङ्काय अन्तर्गत भाषा विषयका विशेषज्ञ एवम् अनिवार्य नेपाली विषय समितिका सदस्य सचिव र अध्यक्ष समेत भएका अधिकारी बहुमुखी प्रतिभाका रूपमा परिचित देखिन्छन् ।

प्रा. डाहेमाङ्गराज . अधिकारीका प्रकाशित कृतिका रूपमा पूर्वीय समालोचना सिद्धान्त (2029(, नेपाली भाषा शिक्षण) 2029(, भाषा शिक्षण : केही परिप्रेक्ष्य केही पद्धति) 2046(, समसामयिक नेपाली व्याकरण) 2049(, नेपाली कारक व्याकरण) 2052(, प्रारम्भिक नेपाली शिक्षण सहलेखन) 2055(, सामाजिक र प्रायोगिक भाषा विज्ञान) 2056(, समसामयिक सरल नेपाली व्याकरण )2057(, सजिलो नेपाली माला सम्पादन/अनुवाद), 2057(, प्रयोगात्मक नेपाली शब्दकोश सम्पादन), 2061(, प्रयोगात्मक नेपाली व्याकरण) 2067(, आदि रहेका पाइन्छन् । यी कृतिहरूको निरूपण गर्दा अधिकारीको अध्ययन क्षेत्र दुई भागमा विभाजित देखिन्छन् । पहिलो भाग भाषा शिक्षणको सिद्धान्त र प्रयोग विधि छन् भने दोस्रो भाग व्यारणका नव स्थापनाहरूको व्याख्या र विवेचनामा केन्द्रित रहेको पाइन्छ ।

## 4.3.15 व्रतराज आचार्य

तनहुँको चुँदी रम्घामा विक्रम सम्बत् 2010 मा जन्मिएका व्रतराज आचार्य आदिकवि भानुभक्त आचार्यका छैठौं पुस्ताका व्यक्तित्व हुन् । त्रिभुवन विश्व विद्यालयमा प्राध्यापनरत प्रा. डा. व्रतराज आचार्य नेपाली भाषा विज्ञानका विशिष्ट विद्वानका रूपमा परिचित छन् । भानुभक्त

Notes

**जन्मस्थल विकास समितिकाे सक्रिय व्यक्तित्वका रूपमा रहेका आचार्य भानु प्रतिष्ठान नेपालका वर्तमान अध्यक्षका रूपमा क्रियाशील छन् । अन्य विविध संघसंस्था मार्फत पनि उनले नेपाली भाषा, साहित्य र समाज सेवाका फाँटमा योगदान पुर्याउँदै आएका छन् । आफ्ना पूर्वज आदिकवि भानुभक्त आचार्यको पदचिह्न खोज्दै उनी नेपाल र भारतका विभिन्न क्षेत्रमा भ्रमण गर्दै आएको देखिन्छ ।**

**समालोचक आचार्यको कृतिहरूमा** हाम्रो भाषा (**पाठ्य पुस्तक** 2041**(**, आधुनिक समालोचनाको उठान (**अनुसन्धान**, 2053**(**, आधारभूत नेपाली व्याकरण (**पाठ्य पुस्तक** 205८**(**, आदिकवि भानुभक्तजीवनी र : कविताको सम्परीक्षण (**अनुसन्धान**, 205८**(**, आधुनिक नेपाली नाटक (**लेखन सम्पादन**/2067**(**, उत्तरवर्ती चरणका नेपाली नाटक (**लेखन सम्पादन**/2067 **(तथा** नेपाली भाषाको शब्द भण्डार, नेपाली भाषामा अभिव्यक्ति विस्तारको प्रक्रिया, केन्द्रीय पश्चिमी भाषिकाको अध्ययन, क्षेत्रिय शब्द सङ्कलन आदि कृतिहरू प्रकाशित भएका पाइन्छन् भने रूपरेखा आदि पत्रिकामा यिनका प्रशस्त फुटकर रचनाहरू प्रकाशित भएका देखिन्छन् । भाषाको अन्वेषण तथा विश्लेषण गर्ने र तिनका विशेषताहरूको समीक्षा गर्ने आचार्य नेपाली समालोचनाको पछिल्लो चरणको समीक्षाको फाँटमा भाषा शास्त्रीय अध्येताका रूपमा क्रियाशील देखिन्छन् । यसरी हेर्दा आचार्य प्रभाववादी समालोचक नभएर वस्तुवादी समालोचकका रूपमा प्रतिष्ठित देखिन्छन् ।

### 4.3.16 कुमारबहादुर जोशी

समालोचक कुमारबहादुर जोशीको जन्म 1998साल मङ्सीर 23 गते सोमबार चाबेल, काठमाडौंमा भएको थियो । प्रेमबहादुर जोशी र जुलुममाया जोशीका चार छोरामध्ये कुमारबहादुर जोशी दोस्रो पुत्रका रूपमा भूगोलभित्र पदार्पण भए ।

जोशीको शिशुकाल मातृपितृ स्नेहले बिते तापनि बाल्यकालको मध्यतिर हिंड्दाहिंड्दै यिनले आफ्ना बाबुलाई गुमाए। वास्तवमा आफ्ना बुबाको निधनपछि जोशीले अति नै शारीरिक दुक्ख खेप्नु परेको थियो। उनले जेजस्तै कष्ट भोगे तापनि उनकी आमाको मिहेनतबाट र स्वयं आफ्नै परिश्रमबाट उनले प्रारम्भिक शिक्षा ग्रहण गरेका थिए।

जोशीका प्रारम्भिक गुरु उमानाथ आचार्य थिए। त्यसैले जोशीको शैक्षिक पृष्ठभूमि संस्कृत भाषाको माध्यामबाट आरम्भ भएको थियो। पढ्दैजाँदा केही वर्षमा नै उनी संस्कृत विषयमा पनि निक्कै पारङ्गत भए। एउटा नेवारको छोरो पनि संस्कृति भाषामा गहिरो दख्खल राख्न सक्छ भन्नुको प्रमाण पनि त्यति बेला जोशी नै थिए। स्कुले शिक्षाको सफलतामा उक्लँदाउक्लँदै सङ्गीतका क्षेत्रमा पनि उनी प्रविष्ट भइसकेका थिए। त्यसै बेला उनी हार्मोनियम, तबला, बेला र बाँसुरी बजाउने गर्थे। जोशीले काठमाडौंको चर्चित रानीपोखरी संस्कृत पाठशालामा पढे। त्यहाँबाट उनी संस्कृत प्रथम परीक्षामा प्रथम श्रेणीमा प्रथम भए। उनले भारतको बनारसबाट पूर्वमध्यमामा प्रथम श्रेणी हासिल गरे। त्यही वर्ष उनी काठमाडौंबाट निजामती मध्यम परीक्षा उतीर्ण भए। अध्ययनलाई सक्रिय पार्दै उनी उत्तरमध्यमामा पनि प्रथम भए र शास्त्री पनि उत्तीर्ण भए। त्यसै गरी उनले त्रिभुवन विश्वविद्यालयबाट बीए र एमए पनि पास गरे।

घरको आर्थिक अवस्थालाई सुधार्ने हेतु उनले एसएलसी पासपछि बिहान स्कुलमा पढाए, दिउँसो नेपाल राष्ट्र बैंकमा जागीर खाए र राति नेशनल कलेजमा आईए पढे। पढाउने क्रममा उनले परोपकार हाईस्कुल र जद्धोदय हाईस्कुलमा पनि संस्कृत र नेपाली पढाए। पढ्दापढ्दै उनी इलाम पनि पुगे। त्यहाँ गएर उनले केही महिना जागीर खाए। त्यसपछि राजधानी फर्केर उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा भर्ना भए। एमए पास गरेपछि उनले दाङको जनता महाविद्यालय, काठमाडौंको नेपाल युथ कलेज, त्रिचन्द्र कलेज, जनप्रशासन

कलेज र त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रिय विभाग कीर्तिपुरमा पनि प्राध्यापन गरे । उनी बढोत्तरी हुँदै पनि गए र 2054 सालमा प्राध्यापक पनि भए । काशी हिन्दू विश्वविद्यालयमा पनि अतिथि प्राध्यापक भएर उनले चार वर्ष पढाए । 2016 सालदेखि उनी शिक्षासेवामा आबद्ध भएर 2061 सालसम्म उनी त्यही पेसामा संलग्न भए ।

### 4.3.17 मोहनराज शर्मा

साहित्यकार मोहनराज शर्मा 18कात्तिक 1994 मा काठमाडौं धर्मस्थली दलकाय गाउँमा जन्मिएका थिए । मध्यम वर्गीय रुद्रप्रसाद शर्मा ढकाल तथा माता तारादेवी शर्मा ढकालको परिवारमा उनको जन्म भएको थियो । न्वारानमा उनको नाम तुलसीप्रसाद शर्मा ढकाल राखिए पनि बोलाउने नाम मोहनराज शर्मा हुन पुग्यो । यसै नामबाट उनी प्रतिष्ठित भए । प्राध्यापन तथा साहित्य क्षेत्रमा यो नाम संक्षिप्त ‘मोराश’ हुन पुग्यो ।

भाषा–साहित्यप्रति विशेष रुचि राख्ने शर्माले इतिहासपछि नेपाली विषयमा त्रिभुवन विश्वविद्यालयबाट प्राइभेट विद्यार्थीका रूपमा स्नातकोत्तर उत्तीर्ण गरी औपचारिक अध्ययन पूरा गरे । पेसागत रूपमा 1 फागुन 2025 देखि मेची क्याम्पस भद्रपुरमा नेपाली विषयमा उपप्राध्यापकबाट प्राध्यापन थालेका उनले 1 साउन 2031 देखि 20 कात्तिक 2033 सम्म क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाले । 8चैत 2033 देखि मेची क्याम्पसबाट सरुवा भई नेपाली केन्द्रीय विभाग त्रिवि कीर्तिपुरमा प्राध्यापनार्थ आए । नेपाली केन्द्रीय विभागमा उपप्राध्यापक पदमा सरुवा भएका शर्मा 22 चैत 2034 मा सहप्राध्यापक पदमा बढुवा भए । 11 मंसिर 2050 मा उनी प्राध्यापक भए । जीवनको साढे तीन दशक बढी प्राध्यापन गरेका शर्माले 23 असोज 2060 देखि लागू हुने गरी औपचारिक अवकाश पाए ।

साहित्य लेखनमा स्रष्टाद्रष्टाका रूपमा प्रसिद्ध शर्मा स्रष्टा व्यक्तित्वका रूपमा कवि, निबन्धकार, कथाकार, उपन्यासकार, नाटककार, एकांकीकारका रूपमा चर्चित भए। भावयित्री र कारयित्री प्रतिभासम्मत समालोचकका रूपमा वरिष्ठ समालोचकका बहुआयामिक प्रतिभाले सुसज्जित भएको देख्न सकिन्छ, उनलाई। विविध व्यक्तित्वका साथै भाषा व्याकरण लेखन, साहित्य, इतिहास, सम्पादकीय र भूमिका लेखन, पाठ्यपुस्तक, पाठ्यपुस्तकका सहलेखकका रूपमा भाषा र साहित्यमा उनी सदैव सक्रिय भए।

## 4.4 नेपाली साहित्यका प्रमुख समालोचकहरूका समालोचना प्रवृत्ति

नेपाली साहित्यजगत्मा पहिलो जीवनीलेखक मोतीराम भट्ट हुन्। 1948सालमा भट्टले भानुभक्त आचार्यको जीवनीको पुस्तक लेखेका थिए। नेपाली साहित्यका आदि समालोचक नै मोतीराम भट्ट थिए। यिनले र्सवप्रथम भानुभक्तको रचनाको समालोचना गरी नेपाली साहित्यमा समालोचनाको आरम्भ गरेका थिए। भानुभक्तको जीवन-चरित्रमा खालि भानुभक्त आचार्यको जीवनीमात्र प्रस्तुत नगरी आचार्य का कवित्वशक्तिको मोतिरामले समालोचना गरेका छन्। त्यसै कृतिमा मोतीरामले भानुभक्तलाई आदरस्वरूप आदिकविको नामाङ्कन गरेका छन्। तर भानुभक्तभन्दा अघि पनि नेपाली भाषामा कविता लेख्ने कविहरू भएको हुँदा भानुभक्तलाई जातीय कवि भने न्याय होला। हुन त यसबारेमा मोतीराम भट्टले लेखेका पनि छन्- गोर्खाभाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पहिले भये तर कविताको मर्म जानी भाषापद्य लेखने कविहरूमा आदिकवि भानुभक्त नै हुन्।

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम अन्वेषक पनि हुन्। उनले नै भानुभक्तको बालकाण्ड रामायण फेला पारे। 17 वर्षको उमेर पार गरिसकेपछि उनी प्रायः भानुभक्तीय निष्ठामा एकोहोरो भएर लागे। त्यसै बेलादेखि उनले भानुभक्तसम्बन्धी जीवनी लेखे, पाण्डुलिपि खोजे। मोतीरामले नै भानुभक्तका वधूशिक्षा,भक्तमाला',प्रश्नोत्तर' र रामगीतालाई प्रकाशनमा ल्याएका थिए। यिनले भानुभक्तको अत्यन्तै गहिरिएर खोजिनीति गरे। भानुभक्तका अतिरिक्त यिनले बिहारीलाल, छविलाल, पतञ्जलि आदि व्यक्तिहरू पनि कवि भएको सूचना जनसमक्ष पुऱ्याएका थिए।

साहित्य-सृजनामा यी आफ्ना दौँतरीहरूलाई नै अगि सारिरहन्थे। आफ्ना पूर्वज, समकालीन र पछाडिका मान्छेको उनी खुवै प्रशंसा गर्थे। यिनले भानुभक्तलाई कहीँ आदिकवि भनेका छन्, कहीँ कविकुलमुकुट भनेका छन् भने कहीँ चाहिँ चक्रचूडामणि पनि भनेका छन्। त्यसैगरी यिनले राजीवलोचन जोशीलाई कवि शिरोमणि र पद्मविलास पन्तलाई कवि भनेर सम्बोधन गरेका छन्। मोतिराम भट्टले आफूले मनले खाएको व्यक्तिको स्तुति गरेर कविता पनि लेखिदिन्थे। उनले भानुभक्त, राजीवलोचन र पद्मविलासको काव्यात्मक महिमा निकै राम्ररी गाएका छन्।

नेपाली साहित्यिक कौशलतालाई मलजल गर्न र यसको विकासकालागि उनले आफ्नो जीवनको अत्यन्त कम समयमा गरेको प्रयास अतूलनीय छ । नेपाली साहित्यमा समालोचनाको प्रारम्भ गर्ने मोतीरामलाई आदिकवी भानुभक्तसंगै श्रद्धापूर्वक लिइने पहिलो नाम पनि हो । आदिकवि भानुभक्त आचार्य र मोतीराम भट्ट एकअर्काका पर्यायवाची मानिन्छन् । साथीको विवाहमा भानुभक्तको केहि फुटकर कविताहरु सुनेको मोतीरामले

त्यस्पश्चात भानुभत्तका कृतीहरुलाई जनमानसमा उजागरगर्न अथक प्रयास गरेको पाइन्छ । भानुभक्तका फुटकर कविताहरू र अन्य कृतीका बारेमा मोतीरामले अध्ययन, उत्खनन गरी नेपाली समाजमा उजागर नगरेको भए शायद आज भानुभक्तका सबै कृतीहरु हामीमाझ हुने थिएनन् । भानुभक्तको जीवनी पनि मोतीरामले नै लेखेका हुन् ।

आशुकविका रुपमा परिचित शम्भुप्रसाद ढुङ्गेल माध्यमिक कालका विशिष्ट कवि हुन् | नेपाली पद्यक्षेत्रका साथै गद्य क्षेत्रमा पनि यिनको खास योगदान रहेको छ | पद्यतर्फ यिनले फुटकर कवितादेखि खण्डकाव्य सम्मको रचना गरेका छन् भने गद्यतर्फ निबन्ध, नाटक आदिको रचना गरेका छन् | मोतीराम भट्टझैँ अल्पायु(40 बर्ष)मै दिवंगत भएका शम्भुप्रसादले प्रचूर मात्रामा साहित्य रचना गरेको देखिन्छ | यिनले मौलिक सिर्जनाका साथै कतिपय अनुबाद पनि गरेका छन्| शम्भुप्रसाद ढुङ्गेल कवि बाहेक समालोचक हुन् । उनले **कविताको फल** (1996) शीर्षक समालोचना लेखेका छन् ।

अत्यन्त शालीन व्यक्तित्वका धनी यदुनाथ खनाल नेपाली, अङ्ग्रेजी र संस्कृतका विद्वान् मानिन्छ । खनालका 'समालोचनाको सिद्धान्त' (2003), 'साहित्य चर्चा' (2032), 'सूक्ति सञ्चय' (संस्कृत पद्यकृति), 'रिफ्लेकसन अन नेपाल-इन्डिया रिलेसन्स', 'स्ट्रे थट्स', 'नेपाल ट्रान्जिसन फ्रम आइसोलेसनिजम', 'एसेज अफ नेपाल अफेयर्स', 'नेपाल आफ्टर डेमोक्रेटिक रेस्टोरेसन र नेपाल्स नन् आइसोलेसनिस्ट फरेन पोलिसी' आदि कृति प्रकाशित छन् । उहाँले शिशुपालवधको 11 औं सर्गको अनुवादसमेत गर्नुभएको छ । स्वर्गीय खनाल नेपाली, संस्कृत र अङ्ग्रेजी तीनै भाषाको अध्येता हुनुका साथै उहाँले पूर्वी र पश्चिमी साहित्यको विशेष अध्ययनसमेत गर्नुभएको थियो। उहाँ चिन्तनशील तथा

समन्वयवादी लेखक, कूटनैतिक क्षेत्रका ज्ञाता, सैद्धान्तिक समालोचनाका प्रथम कृतिकार, महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ, भूपी शेरचनलगायतका बारेमा विश्लेषणात्मक परिचय अङ्ग्रेजी भाषामा गराई अन्तर्राष्ट्रियजगतमा चिनाउने व्यक्तिका रुपमा समेत चिनिनुहुन्छ ।

हृदयचन्द्रसिंह प्रधानको साहित्यिक व्यक्तित्व कथा, कविता, उपन्यास, निबन्ध, नाटक र समालोचना एवं व्याकरण लेखनसम्म पनि विस्तारित भएको पाइन्छ । उनका पुस्तकाकार कृतिहरू यस प्रकार छन् -

- केही नेपाली नाटक )2002(,
- साहित्य एक दृष्टिकोण (2004)
- भानुभक्त एक समीक्षा )2013(,
- नेपाली काव्य र उसका प्रतिनिधि कवि समीक्षा)2021(
- छेउ लागेर नाटक)2006(,
- गङ्गालालको चिता नाटक)2011(,
- उनी देवता हुन् नाटक)2015(,
- भूस्वर्ग निबन्ध)2003(,
- तीस रुपियाँको नोट निबन्ध)2004(,
- जुँगा निबन्ध)2009(,
- कुरा साँचो हो निबन्ध)2011(,
- अफसोच निबन्ध)2014(,
- स्वास्नी मान्छे उपन्यास)2011(,
- एक चिहान उपन्यास)2017 (।

समालोचक हृदयचन्द्रसिंह प्रधानको समालोचकीय विशेषताहरूमा प्रभाववादी परम्पराबाट प्रभावित समालोचक, नेपाली समाज र वर्ग अनुकूल चिन्तन गरी सौन्दर्यपरक समालोचना गर्ने समालोचक, नेपाली समालोचनामा वर्गीय चिन्तन भित्र्याउने समालोचक, कला र चिन्तनको समीकरण गर्ने समालोचक, सामाजिक परिवर्तनका सम्बाहक आदि पाइन्छन् ।

तारानाथ शर्माको पहिलो सिर्जना निबन्ध हो । 2008सालमा थिओडर मेननको सम्पादनमा दार्जिलिङबाट निस्कने 'साथी' साप्ताहिक पत्रिकामा 'इलाम' शीर्षकमा छापिएको थियो। तर तारानाथ विद्यार्थी छँदै विभिन्न पत्रिकामा लेख तथा समालोचना छपाउँथे। उनको पहिलो पुस्तक 'नमस्ते' निबन्धसंग्रह रत्नपुस्तक भण्डारले 2018सालमा छापेको हो। दोस्रो कृतिका रूपमा 2021 सालमा 'घोत्ल्याइहरू' भन्ने समालोचना संग्रह निस्क्यो। उनको सम्पादनमा गोपालप्रसाद रिमालको 'आमाको सपना' कविता संग्रह 2020 सालमा र गुरूप्रसाद मैनालीको 'नासो' कथा संग्रह 2021 सालमा निस्केको थियो। भाषाशास्त्री बालकृष्ण पोखरेलले तारानाथको लेखलाई नियात्रा नामकरण गरिदिएका हुन्। त्यसअघिसम्म नियात्रा शब्द प्रयोगमै थिएन।

पुस्तकको खुलेर आलोचना गर्ने समालोचकका रूपमा चिनिन्छन् तारानाथ शर्मा। मवीवि शाहको आलोचना गर्दा जेल गएको र बालकृष्ण समको समालोचना गर्दा निकटता बढेको प्रसँग छन् उनीसँग। पञ्चायतकालमा मवीवि शाहको 'उसैको लागि' भन्ने कविता समालोचना गर्ने क्रममा हिन्दी गीतको नक्कल भनेर उल्लेख गर्दा उनी तीन महिना जेल बसेका थिए। 'जेल परे पनि मलाई दुःख लागेन, भित्रै दुइटा पुस्तक लेखें,' उनी

भन्छन्। त्यतिबेला समालोचना छाप्ने 'हिन्दु' का सम्पादकलाई पनि सोधपुछ गरिएको थियो। स्कुलमा सँगै पढेका पासाङ गोपर्माले बिन्ती गरेपछि 'मलाई प्राध्यापक थुनेको मन पर्दैन' भनेर राजा महेन्द्रले तारानाथलाई छाड्न निर्देशन दिएका थिए। 'चिसो चुल्हो' लाई 'झुसुले डकार' भनेर समालोचना गर्दा उनले बालकृष्ण समबाट उल्टै प्रशंसा पाएका थिए। उनी समलाई सधैं श्रद्धा गर्छन् र समकै कृति समालोचना गरेर साझा पुरस्कार पाए। उनका प्रमुख समालोचना कृतिहरूमा **घोत्ल्याइँहरू , भानुभक्तदेखि तेस्रो आयासम्म , नेपाली साहित्यको इतिहास, नेपाली साहित्यको ऐतिहासिक परिचय, सम र समका कृति, पश्चिमका केही महान साहित्यकार** आदि हुन् ।

डा .त्रिपाठीले नेपाली साहित्यका विविध विधामा समालोचकीय अभिव्यक्ति दिए । तर यति हुँदाहुँदै पनि उनको समीक्षात्मक धाराको महत्वपूर्ण भाग काव्यतिर केन्द्रित भयो । वास्तवमा त्रिपाठी स्वयं एउटा सफल कवि भएका नाताले पनि त्यसप्रति उनको झुकाउ बढेको मानिन्छ । वासुदेव त्रिपाठी कुनै पनि कृतिको समालोचना गर्दा न्यायिक, वैज्ञानिक र यथार्थ रूपमा आफ्नो दृष्टिकोण व्यक्याउँछन् । उनी कुनै कृतिको समीक्षा गर्दा रौँ उम्रेका प्वालहरूकोसमेत व्याख्या, विश्लेषण र चिन्तन गर्न पुग्छन् । उनी समालोचनामा झाराटराइ प्रवृत्तिको विपरीत रहेका छन् । वास्तवमा त्रिपाठीले जुन कृतिको समीक्षा गरेका हुन्छन् त्यस कृतिको बारेमा स्पष्ट धारणा राखेर उनले त्यस कृतिलाई नै अमर ग्रन्थमा रूपान्तर गराएका हुन्छन् । त्यसैले नेपाली साहित्यकारहरू भन्ने गर्छन्- ‘‘त्रिपाठीको समीक्षा प्राप्त भयो भने त्यस कृतिको गरिमा नै बेग्लै हुन्छ।’’

त्रिपाठीलाई समालोचनाका विधामा आफ्नो इच्छाले तानेको होइन । उनी परिबन्दमा परेर समीक्षक भएका हुन् । यसको प्रमुख कारण के हो भन्ने कुरा अमर प्राज्ञ घटराज भट्टराईले लेखेको 'प्रतिभैप्रतिभा र नेपाली साहित्य'मा उल्लेख गरिएको छ- ''संयोग बीएमा पढ्नुपर्ने कालिदास पराजुलीको 'उत्तररामचरित'-को टिपोट तयार गर्दा सो समीक्षात्मक टिपोट सिंहनादमा छापियो र त्यो साभार गोरखापत्रमा प्रकाशित तथा रेडियो नेपालबाट प्रसारित पनि भयो । त्यसबाट उत्साहित बनेका त्रिपाठी एक दिन माधव घिमिरेका कविता कविता हुन्होइनन् भन्ने विषयमा चलेको बहस सुन्न पुगे । त्यसै बहसबाट प्रेरित भएर 2023 सालमा 'कवि माधव घिमिरे र उनको कालीगण्डकी' शीर्षक समीक्षा लेख्न पुगे । हुन त त्रिपाठीले 2018सालमै 'हिमाली साहित्य' भन्ने सामयिक सङ्कलनको सम्पादनका क्रममा समीक्षाको .अभिभारा ग्रहण गरिसकेकै थिए ।'' मूलतः साहित्यिक र बौद्धिक जीवन बिताउने वासुदेव त्रिपाठीले नेपाली साहित्यको समालोचना र अनुसन्धानलाई वस्तुगत र विश्लेषणात्मक दिशातर्फ डोर्याउने प्रयासमा आफूलाई समाहित गरेका छन् । वास्तवमा डा.त्रिपाठीले नेपाली साहित्यको समालोचनालाई वस्तुपरक र विश्लेषणात्मक नयाँ आयाम अर्पण गर्दै त्रिभुवन विश्वविद्यालयअन्तर्गतसमेत नेपाली भाषा र साहित्यको उच्च शिक्षाको पठनपाठन र अनुसन्धानका प्रक्रियाको सुदृढीकरणका लागि दिएका योगदानहरू अविस्मरणीय छन् । नेपाली साहित्यका अध्ययनका लागि विभिन्न स्रोत जुटाएर नेपाली भाषा र साहित्यको श्रीवृद्धि गर्ने त्रिपाठीको मिहिनेत बिर्सिनसक्नुको छ ।

कुमारबहादुर जोशीले नेपाली साहित्यमा प्रवेश गरेर खास गरेर समालोचना विधामा नै आफ्नो नाउँ स्थापित गरे । जोशीले नेपाली समालोचनाका

फाँटमा 2021 सालदेखि औपचारिक रूपमा हात हालेका थिए । 2021 चैत 21 गतेको गोरखापत्रमा उनले विजय मल्लकृत नाटक विषयक 'कोही किन बरबाद होस् एक समीक्षा :' भन्ने लेख छपाएका थिए । त्यसपछि उनीद्वारा लिखित "चार अमर कविका पाँच काव्यकृति" 2029 सालमा प्रकाशित भएको थियो । त्यस कृतिमा जोशीले आदिकवि भानुभक्त आचार्य, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा र मशाहका काव्यहरूको समालोचना गरेका थिए.वि.वी. । त्यही कृतिबाट जोशी नेपाली समालोचनाक्षेत्रमा चर्चाको मुहानतिर आइपुगे । जाति, सम्प्रदाय र आञ्चलिकतादेखि माथिमाथि र माथि उठेर जोशीले समालोचनाको प्रारम्भमा नै आफ्नो समालोचकीय धर्म निर्वाह गरेका थिए । सुरुमा जोशीको समालोचकीय आधार नाटक भए तापनि उनले खास गरेर कविता र क्रमशः साहित्यका प्रायः सम्पूर्ण अन्य विधालाई पनि आफ्नो समालोचनात्मक आलेखबाट जुरुक्कै बोक्न खोजेको पाइन्थ्यो ।

नेपाली समालोचनामा पाइला चाल्दै जाँदा जोशी महाकवि लक्ष्मीप्रसाद देवकोटाप्रतिको निष्ठामा चाहिं अधिकतम रूपमा नै अङ्गालिन पुगे । त्यसैले उनी महाकवि देवकोटाको सेरोफेरोमा धेरै पल्ट नै बाटिए । हुँदाहुँदै उनको समालोचनाको मुख्य विषयवस्तु पनि देवकोटा नै भए । देवकोटा विषयक छोपिएका धेरै बेहोरा पनि यिनले बाहिर ल्याएर अलौकिक काम गरे । साथै त्यही काम गरेर उनी पनि प्रसिद्धिको शिखरमा पुगे । देवकोटा भित्रै डुब्दै, भिज्दै र पौडँदै गएर उनले त्रिभुवन विश्वविद्यालयबाट संवत् 2043 मा देवकोटा विषयक विद्यावारिधीको उपाधि पनि हासिल गरे । उनले विद्यावारिधि गरेको विषय थियो "महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोडउपमोडहरूको विवेचना" ।

महाकवि विषयक विद्यावारिधि गर्ने पहिलो व्यक्तित्व पनि जोशी नै किटिए । नेपाली समालोचनाक्षेत्रमा जोशीले आफ्नो बलियो कृतिस्तम्भ तयार पारे । त्यस धारामा समर्पित भएर उनले साहित्यमा आफ्नो उच्च आयम स्थापित गरे । उनको त्यही धाराको पोयो बाट्तै अर्का सुप्रसिद्ध समालोचक प्रा घनश्याम नेपालले लेखे.डा."साहित्य व्यक्ति साहित्यकारद्वारा अनुभव र बोध गरिएका मूल्यहरूकै कलात्मक अभिव्यक्ति हो र साहित्यालोचन भनेको तिनै अनुभव, बोध, कलात्मक सौन्दर्य र मूल्यहरूको पारख र अँकाई हुनुपर्छ भन्ने विचारधाराकै हिमायती डाकुमारबहादुर जोशीलाई ती थोरै नेपाली समालोचकहरूका . हारमा ह ामी पाउँछौं, जसलाई प्राचीन भारतीय दर्शन, काव्य तथा साहित्य शास्त्रका साथै पाश्चात्य काव्य, काव्यशास्त्र र दर्शन अनि नेपाली भाषा र साहित्यको पनि भित्रीतहरूसम्मको सुक्ष्मज्ञान छ । वस्तुतः आधुनिक नेपाली समालोचना भनेको यिनै तीन थरी प्राज्ञिक स्रोतको समीकरणबाट उद्भूत साहित्याध्यायन नै हो । यही नै अद्यावधिक नेपाली साहित्यालोचनको मूलधारा पनि हो । डाजोशीलाई हामी मूल धाराका एक जना अथक साधक र पोषकका रूपमा पाउँछौ ।"

समालोचक मोहनराज शर्माको समालोचकीय व्यक्तित्वमा हास्य व्यंग्यात्मक रूपमा समेत प्रस्तुत गर्ने शर्माको कथाकला मिथक र प्रतीकको प्रयोगबाट समेत गहन र गम्भीर रूपमा सघन शिल्प शैलीमार्फत् प्रस्तुत भएको देख्न सकिन्छ । नेपाली समालोचनाका क्षेत्रमा एकपछि अर्को नवीन समालोचनात्मक सैद्धान्तिक मान्यता स्थापित गर्नमा समालोचक मोहनराज शर्मा खप्पिस भएको पाइन्छ । यस सन्दर्भमा यिनी नेपाली समालोचनाकै एक वरिष्ठ हस्तीका रूपमा सुपरिचित छन् । यस क्रममा नेपालीका **केही आधुनिक साहित्यकार**

)2026जस्तो समालोचनात्मक कृतिमा आधुनिक समालोचनाका मूल्य (न्छ भनेमान्यतासहित समालोचना गरेको पाइ**कथाको विकास प्रक्रिया** )2035 (- मा कथा विधाको अनुसन्धानात्मक विकासको अतल गहिराइपूर्ण खोजको परिपूर्ण पाकलाई समालोचनाको नवीन रूप दिइएको छ ।

## 4.5 उपसंहार

कुनै वस्तुलाई त्यसको चारैतिरबाट हेरेर त्यसको गुणदोष छुट्याउने काम भन्ने अर्थ बुझाउने **समालोचना** शब्द संस्कृतबाट आएर नेपालीमा प्रचलित भएको तत्सम वर्गको शब्द हो। यो शब्द पाँचवटा शब्दांशहरू हुने सम् + अन् + लोत् + आ + ना बाट बनिएको पाइन्छ । जहिलेदेखि यस जगतमा मानिसको विकास हुँदैआएको छ, केही न केही कार्य अवश्य गर्दै आइरहेकै छन्। त्यही कार्य तथा यस जीवन जगतका वस्तुको गुण दोष देखाउने र छुट्याउने काम पनि भइरहेछ। जब कुनै कार्य हुन्छ त्यसको मूल्याङ्कन पनि अवश्य हुन्छ । अत: समालोचनाले त्यही राम्रो - नराम्रो पक्षलाई केलाउने कार्य गर्दछ । यसले कुनै कृति र कृतिकार दुवैको गुण - दोषको मूल्याङ्कन, विवेचना गर्ने गर्दछ । "समीक्षा' विवेचना, आलोचना, मूल्याङ्कन, पर्यालोचना जस्ता शब्दहरू पनि पर्यायवाचिक रूपमा प्रयोगमा यदाकदा आएको भेटिने भए पनि समालोचना शब्द नै बढी प्रसिद्ध रहेको छ, जसले साहित्यका वस्तुपक्ष र रूपको विवेचना र मूल्याङ्कन गर्ने अनि साहित्यकारका सफलता र विफलता तथा वैदिकतालाई केलाउँछ ।

**समालोचना**को शाब्दिक अर्थ हुन्छ -'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु , विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । समा

शब्दको अर्थ बराबर, आलोचना शब्द 'लुच' धातुबाट बनिएको हुनाले 'लुच' - को अर्थ हो - 'हेर्नु' । समालोचना संज्ञा स्त्रीलिङ्गी शब्द हो । यसको व्यत्पत्तिगत अर्थ नै राम्ररी हेर्ने क्रिया विशेष हो । कुनै पदार्थ आदिका दोष र गुणहरूलाई राम्ररी हेर्नु नै समालोचनाको घर्म मानिन्छ । नेपाली साहित्यमा सर्वप्रथम समालोचनाको बिज मोतिराम भट्टद्वारा भएपछि यसलाई मलजल गर्ने कार्य कुलचन्द्र गौतम, शम्भुप्रसाद ढुङ्गेल, रामकृष्ण शर्मा, यदुनाथ खनाल, हृदयचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी, कृष्णचन्द्रसिंह प्रधान, ताना शर्मा , सोमनाथ सिग्द्याल, बालचन्द्र शर्मा, बासुदेव त्रिपाठी, डिल्लीराम तिम्सिना, हेमाङ्गराज अधिकारी, व्रतराज आचार्य, कुमारबहादुर जोशी आदि समालोचकहरूले गरेर गलेको पाइन्छ ।

## 4.6 सार

यस प्रखण्डमा नेपाली साहित्यका प्रमुख समालोचक र समालोचनाबारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ समालोचना साहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले साहित्यिक विधाले कृतिको गुण र दोष छुट्याउँनका अतिरिक्त कृति र लेखकको महत्वमूल्य र महिमाको पनि गुणगान गाउँदछ । ,

❖ समालोचना अत्यन्त प्राचीन कलामध्ये एक मानिन्छ। यसको उद्भवको कुनै खास तिथिमिति निश्चित छैन।

❖ ‘समालोचना’ शब्द प्रायः ज्ञान विज्ञानका सबै क्षेत्रमा प्रयोग हुने भए पनि यहाँ साहित्यिक समालोचनाका अर्थमा मात्र सीमित गरिएको छ।

Notes

- ❖ साहित्य र समालोचना दुवैको साइनो ज्यादै निकट रहेको छ । माली र फुलबारी जस्तो समालोचना र साहित्य आपसमा अन्योन्य भएर सहभागी भएका छन् ।
- ❖ समालोचना बिना साहित्यको आस्वाद्य रूप बोध हुन सक्तैन भने साहित्य त समालोचनाको उद्गम स्रोत नै हो ।
- ❖ विचारक वा चिन्तक वा समालोचकहरूको काम सम्बन्धित सिद्धान्तलाई उचित रूपमा सहजै बुझिने गरी बताउनु हो ।
- ❖ प्राचीन समयदेखि नै समालोचना काव्यशास्त्र, अलङ्कारशास्त्र आदि नामले स्वतन्त्र विधाका रूपमा अस्तित्वशील छ ।
- ❖ एरिस्टोटलले आफ्नो समालोचना ग्रन्थको नाम 'पोइटिक्स' राखेका छन् भने रोमेली चिन्तक तथा कवि होरेसले 'आर्स पोइटिका' नाम दिएका छन् ।
- ❖ पूर्वमा 'काव्यालङ्कार' काव्यप्रकाश, 'साहित्य दर्पण' जस्ता नामले समालोचनातमक कृतिहरू लेखिएका छन् ।
- ❖ समालोचना शब्दको प्रयोग अङ्ग्रेजीमा 'क्रिटिसिज्म' शब्दको प्रयोग सत्रौं शताब्दीमा भएको देखिन्छ भने हिन्दीमा इ. १८66 मा समालोचना शब्द उपयोग भएको पाइन्छ ।
- ❖ **समालोचना** शब्दको प्रयोग अङ्ग्रेजीको क्रिटिसिज्मकै पर्यायका रूपमा भएको हो ।
- ❖ नेपालीमा यसको समानार्थी शब्दहरूमा समीक्षा, आलोचना, विवेचना, मीर्मासा, विवेचना, सिंहावलोकन, पर्यवलोकन, अभिवीक्षा, मूल्याङ्कन, टिप्पणी आदि अनेक शब्दहरू प्रयोग भएका छन् ।

यस प्रखण्डको अध्ययनले नेपाली साहित्यका प्रमुख समालोचक र समालोचना**बारे** बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त

समालोचनाको सैद्धान्तिक परिचय र नेपाली समालोचनाका प्रमुख समालोचक र उनीहरूका समालोचना प्रवृत्ति सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 4.7 अनुशीलनी

1. समालोचनाको धारणाबारे चर्चा गर्दै यसको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. समालोचनाको अर्थलाई केलाउँदै यसको परिभाषाबारे पाश्चात्य र पूर्वीय आचार्यहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. साहित्यमा समालोचनाको महत्त्व र मूल्य के कस्तो रहेको ठान्नुहुन्छ ? बताउनुहोस् ।

4. नेपाली समालोचनामा प्रमुख समालोचकहरूबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

5. नेपाली समालोचनामा मुख्य प्रवृत्तिबारे एउटा लेख तयार पार्नुहोस् ।

6. नेपाली समालोचनाको विकासमा मोतीराम भट्टको योगदानबारे अधययन प्रस्तुत गर्नुहोस् ।

7. नेपाली समालोचनाको विभिन्न चरणहरूबारे विवेचना गर्नुहोस् ।

८. समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9. समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. आधुनिक नेपाली समालोचनाका मुख्य समालोचकहरूका समालोचकीय वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 4.8 अतिरिक्त अध्ययन

Notes


1. तिलक, रघुकुल - **हिस्ट्री एन्ड प्रिन्सिपल्स अफ लिटरेरी क्रिटिसिज्म।**

2. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना ।**

3. विम्सेट र ब्रुक्स - **लिटरेरी फिटिसिज्म ए सर्ट हिस्ट्री ।**

4. त्रिपाठी, वासुदेव - **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, पहिलो भाग ।

5. Abrams, M.H., **A Glossary of Literary Terms**, Prism Books Pvt. Ltd, Bangalore, India

6. Adams, Hazard, (2000), **Critical Theory since Plato**, Harcourt Brace Jovanovich Publisher.

7. चैहान, शिवदान सिंह- **आलोचना के सिद्धान्त ।**

8. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

9. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग ।**

10. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन ।**

11. खतिवडा, बलराम - **कृतिपरक समालोचनाको विकास ।**

12. न्यौपाने, दीपक - **नेपाली समालोचनाको अध्ययन ।**

13. छेत्री, देवबहादुर - **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर ।**

14. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति ।**

15. कँडेल , घनश्याम - **नेपाली समालोचना ।**

16. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ ।**

17. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास ।**

18. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

19. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।

20. बाकुनिन, मिखाइल - **साहित्यको अपहरण** ।

21. मुकारूङ, श्रवण - **राजनीति र नयाँ नेपाली साहित्यको सवाल** ।

यस अतिरिक्त **समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 4.9 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको अर्थ र परिभाषा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. नेपाली साहित्यका प्रमुख समालोचकहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली साहित्यका प्रमुख समालोचकहरूका समालोचना प्रवृत्ति ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. समालोचक मोतिराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल र रामकृष्ण शर्मा ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4.1, 4.4.3 र 4.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. समालोचक रत्नध्वज जोशी, ताना शर्मा र बासुदेव त्रिपाठी ।

..............................................................................................

..............................................................................................

..............................................................................................

**( प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 4.4.7. 4.4.9 र 4.4.12 को खण्डमै उत्तर खोज्न सक्नेछन् )**

# एकाइ – 5, नेपाली समालोचनाका मुख्य प्रद्धतिहरू

**संरचना**

5.0 उद्‌देश्य

5.1 परिचय

5.2 प्रवृत्तिको अर्थ र परिभाषा

5.3 नेपाली समालोचनाका मुख्य पद्‌धतिहरू

5.4 उपसंहार

5.5 सार

5.6 अनुशीलनी

5.7 अतिरिक्त अध्ययन

5.8 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 5.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- समालोचनाको सामान्य परिचय
- प्रवृत्तिको अर्थ र परिभाषा
- नेपाली समालोचनाका मुख्य पद्‌धतिहरू

## 5.1 परिचय

**समालोचना**को शाब्दिक अर्थ हुन्छ -'राम्ररी कुनै विषयलाई हेर्नु'। सम र आलोचना दुई शब्दको योगले बनिएको समालोचना शब्दले कुनै वस्तु ,

विषय आदिको समान रूपमा विवेचना गर्नु भन्ने बुझाउँदछ । समा शब्दको अर्थ बराबर, आलोचना शब्द 'लुच' धातुबाट बनिएको हुनाले 'लुच' - को अर्थ हो - 'हेर्नु' । समालोचना संज्ञा स्त्रीलिङ्गी शब्द हो । यसको व्यत्पत्तिगत अर्थ नै राम्ररी हेर्ने क्रिया विशेष हो । कुनै पदार्थ आदिका दोष र गुणहरूलाई राम्ररी हेर्नु नै समालोचनाको घर्म मानिन्छ । इसाको बिसौँ शताब्दीको दोस्रो दशकको उत्तरार्ध भन्दा अगाडि अङ्ग्रेजी साहित्यमा जस्तो किसिमको समालोचना लेखिन्थ्यो र विश्व विद्यालयका साहित्य विभागका कक्षाहरुमा जस्तो किसिमको 'समालोचना' गरिन्थ्यो र सिकाइन्थ्यो, त्यसको आलोचना टी0 एस0 इलियट, एज्रा पाउन्ड, जोन क्रो न्यान्सम र एलेन टेटहरुले कस्तो, कसरी र कुन शब्दमा गरे भन्ने कुराको चिनारी नै यस समालोचनाको लक्ष्य हो । जोन क्रो न्यान्सम )1941ई 0 (- ले 'नव समालोचना' भन्ने नाउँ दिएको र टी0 एस0 इलियटले नेतृत्व गरेको बिसौँ शताब्दीका बेलाइती र अमेरिकाली 'कवि समालोचक' - हरुका विचारमा आदर्श समालोचना कस्तो हुनु पर्छ भन्ने विचार प्रतिपादन गरेका थिए । यसरी नै आई0 ए0 रिचर्ड्स र विलियम एम्प्सन जस्ता समालोचकहरुले प्रयोगात्मक समालोचनाको प्रविधि पक्षलाई विकास गरेको पाइन्छ ।

कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताको विवेचनलाई समालोचना (Criticism) भनिन्छ । साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ । **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ । समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । यसलाई

कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ । समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।

## 5.2 प्रवृत्तिको अर्थ र परिभाषा

साधारण भाषामा प्रवृत्ति भन्नाले कुनै पनि कुरोको प्रवाह, वहाव, मनको झुकाव, आरम्भ आदिलाई बुझिन्छ । यस अतिरिक्त कुनै व्यक्तिका आचारण, व्यवहार, चरित्र, कुनै कुरोको अध्यवसाय तथा इन्द्रिय आदिका विषयमा निरत हुनु, सान्सारिक आसक्ति आदिलाई पनि प्रवृत्ति भन्न सकिन्छ । समालोचना साहित्यको प्रवृत्ति भन्नाले त्यस समालोचना वा आलोचनात्मक साहित्यमा देखिएका विविध तथ्य, तत्त्व, घटक, तन्तु आदि हो ।

नेपाली समालोचना प्रारम्भदेखि नै विभिन्न प्रवृत्तिमा आबद्ध भइ विकासको मार्गतर्फ बढेको छ । प्रारम्भमा जीवनीपरक र व्यक्तिपरक प्रवृत्तिलाई नेपाली समालोचनाले आत्मसाथ गरेको देखिन्छ । तर नेपालमा प्रजाततन्त्रको उदय साथै भारतमा सन् 1947 सालमा देश स्वतन्त्रता भएपछि नेपाली समालोचना लेखनमा नयाँ प्रवृत्ति र लेखन प्रारम्भ भएर गएको मानिन्छ । नेपाली साहित्यको माध्यमिक र आधुनिक कालमा आएपछि समालोचनामा विभिन्न प्रवृत्ति भित्रिएको देखिन्छ भने आधुनिक कालमा आएपछि नेपाली समालोचनामा विभिद प्रवृत्तिहरू फष्टिएर गएको देख्न पाइन्छ ।

Notes

नेपाली समालोचनामा अन्य भाषा र साहित्यमा जस्तै विभिन्न प्रवृत्तिहरू पाइन्छन् । जीवनी र व्यक्तिपरकपूर्ण समालोचना मात्र नभएर सैद्धान्तिक, ऐतिहासिक, तुलनात्मक आदि प्रवृत्तिका नेपाली समालोचनाहरू लछेप्रै रचिएका पाउँछौं । यस्ता नेपाली समालोचनाका विविध प्रवृत्तिहरूलाई निम्न रूपमा यसरी अध्ययन गर्न सकिन्छ ।

## 5.3 नेपाली समालोचनाका मुख्य पद्धतिहरू

नेपाली समालोचनालाई सैद्धान्तिक र प्रायोगिक, आन्तरिक र बाह्य, कृतिपरक, स्रष्टापरक, विधापरक र साहित्येतिहासकपरक जस्ता प्रकारहरूमा छुट्याएर हेर्ने परम्परा रहेको पाइन्छ । यहाँ समालोचनाको समग्र प्रवृत्तिलाई आधार मानेर नेपाली समालोचनामा देखिएका मुक्य प्रवृत्तिहरूलाई अध्ययन गरिएको छ ।

### 5.3.1 सैद्धान्तिक समालोचना

साहित्यको लक्षण, स्वरूप, वर्गीकरण, सङ्घटन, वस्तु विन्यास, कारक, प्रयोजन जस्ता पक्षको निक्र्योल गर्दै सिद्धान्तको निरूपण गर्नु नै सैद्धान्तिक समालोचना हो । यो साहित्यिक कृतिको अनुगमन गरेर मात्र सम्भव हुन्छ । समग्र साहित्यको, विधाविशेषताको वा कुनै विशिष्ट पक्षका बारेमा सिद्धान्त बनाउने र त्यसका आधारमा कृतिको मूल्याङ्कन गर्ने कार्य यसमा गरिन्छ ।

पश्चिममा एरिस्टोटलले आफ्ना पूर्ववर्ती होमर, हेसियड, एस्किलस, युरिपाइडिज र सोफोकल्स आदिका कृतिको अनुगमनद्वारा सिद्धान्त निर्माण गर्दै 'पोइटिक्स' कृतिको निर्माण गरेको देखिन्छ । यसरी नै पूर्वमा भरत, भामह, दण्डी, रुद्रट, वामन, हेमचन्द्र, मम्मट, विश्वनाथ र जगन्नाथ आदि आचार्यहरूले संस्कृत काव्यजगत्को गम्भीर

अनुशीलनद्वारा साहित्य सिद्धान्त निर्माण गरेका हुन् । यस समालोचनाले साहित्यको सिद्धान्त निर्माणसँगै सिर्जनाका निम्ति पनि पथप्रदर्शन गरेको पाइन्छ । यसले विधाहरूको स्वरूप निर्धारण गरेर विधाबिचमा भिन्नता देखाउँछ भने ज्ञानका अन्य शाखासँग पनि साहित्यको सम्बन्ध स्थापित गर्दछ ।

### 5.3.2 ऐतिहासिक समालोचना

यस समालोचनाले साहित्यिक कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कनमा ऐतिहासिक सापेक्षको आधार खोजी गर्दछ । साहित्य भनेको लेखकको युगका आर्थिक, राजनीतिक र धार्मिक, साहित्यिक आदिको प्रक्षेपण हो भन्ने मान्यता यस समालोचनाको रहेको छ । साहित्य भनेको लेखक र उसको समय वा पात्र र उसको समयको प्रत्यङ्कन हो । यस समालोचनाको विकासमा हिप्पोलइट टेनको जाति, युग र क्षण सम्बन्धी चिन्तनको विशेष प्रभाव परेको मानिन्छ । मड बोड्किन, लेलाइ फिड्लर जस्ता समालोचकहरू साहित्यमा ऐतिहासिक पक्षको वकालत गर्दछन् । लेखकीय युगलाई नबुझी लेखक र कृतिको मूल्याङ्कन गर्न नसकिने धारणा यस समालोचनाको रहेको छ ।

### 5.3.3 जीवनीपरक समालोचना

लेखकीय जीवनका सापेक्षमा गरिने समालोचना जीवनीपरक समालोचना हो । यस समालोचनाले लेखकको जीवनीको आधारमा कृतिको मूल्याङ्कन गर्दछ । लेखकको पारिवारिक पृष्ठभूमि, पूर्खा, वैयक्तिक परिवेश, साथीभाइ, व्यवसाय जस्ता पक्षसँगै उसको चरित्र, स्वभाव, विचार र आस्थाका आधारमा उसका कृतिहरू सम्पक् विवेचन हुन सक्छन् भन्ने मान्यता यस समालोचनाको रहेको छ -तिलक, इ. 1998: 13) । परम्परागत समालोचनामा जीवनीलाई महत्वपूर्ण स्थान दिइन्थ्यो भने

टि.एस्. इलियटको निवैयक्तिक सिद्धान्त र पश्चावर्ती रूपवादी कृतिकेन्द्री समालोचनाको विकासले यसलाई पूर्णतः उपेक्षा गरेको देखिन्छ।

### 5.3.4 तुलनात्मक समालोचना

साहित्यको मूल्याङ्कनमा तुलनालाई जोड दिने तुलनात्मक समालोचना हो । यसमा कुनै कृतिको मूल्याङ्कन अर्को उस्तै कृतिको सापेक्षमा गरिन्छ । एउटै भाषाका वा भिन्न भाषाका, एउटा युग वा भिन्न युगका कृति, लेखक आदिको तुलना गरेर मूल्य निर्णय गर्ने काम यसमा गरिन्छ । म्याथ्यु अर्नोल्ड यसका प्रवक्ता मानिन्छन् । उनका अनुसार समालोचकले विगत र वर्तमान, आˆनो भाषा र अरूको भाषा, आˆनो साहित्यको स्रोत भाषा जस्ता कुराको ज्ञान राख्नु पर्दछ । यस समालोचनाले लेखक, कृति, कृतिका अनुच्छेद, सारतत्व, वाग्धारा जस्ता पक्षको तुलनामा जोड दिन्छ । यो समालोचना भाषा, भूगोल, राजनीति, युग जस्ता सीमा अतिक्रमण गरेर वैश्विक रूपमा साहित्यको अध्ययन गर्दछ ।

### 5.3.5 मूल्याङ्कनात्मक समालोचना

साहित्यको मूल्य निर्धारण गर्ने समालोचनाको प्रकारलाई मूल्याङ्कनात्मक समालोचना भनिन्छ । यस समालोचनाले साहित्यमा सौन्दर्य, नैतिकता, कलात्मकता आदि कुनै मापदण्डलाई आधार मानेर कृतिको मूल्य निर्णय गर्दछ । यद्यपि सबै प्रकारका समालोचनामा मूल्याङ्कनको व्यवस्था हुन्छ तर यसमा समालोचकले एउटा विशेष आधारमा मूल्याङ्कन गर्दछ । यस प्रकारको समालोचना व्यक्तिको रुचि अनुसार हुने भएकाले यसमा वैयक्तिकता हुने मानिन्छ ।

### 5.3.6 वर्णनात्मक समालोचना

कृतिको उद्देश्य, विधि र प्रभावलाई देखाउनका निम्ति गरिने समालोचना वर्णनात्मक समालोचना हो । विशेष गरेर लेखक स्वयंले आˆना कृतिका

बारेमा वर्णन गरेर यसको लक्ष वा उद्देश्य आदिको उल्लेख पूर्वकको समालोचनालाई वर्णनात्मक समालोचनाको रूपमा लिएको लिएको पाइन्छ । जर्ज वाटसनका आनुसार वर्णनात्मक समालोचना कवितको आत्म मूल्याङ्कनबाट नै प्रारम्भ हुन्छ र यसमा लेखक स्वयंले आˆनो लेखनको उद्देश्य, विधि, प्रभाव आदिका बारेमा चर्चा गर्दछ । यो समालोचना एक प्रकारले समालोचनात्मक पद्धति हो र अधिकांश समालोचकले यसलाई उपयोग गरेको पाइन्छ ।

## 5.3.7 निर्णयात्मक समालोचना

शास्त्रीय सिद्धान्तका आधारमा कृतिको मूल्य निर्णय सहितको समालोचना निर्णयात्मक समालोचना हो । यसले शास्त्रीय नियममा आबद्ध कृतिलाई मूल्यवान वा उत्कृष्ट ठहर गर्दछ भने तत् इतरलाई मूल्यहीन ठह¥याउँछ । यसमा समालोचक मूल्य निर्णय गर्ने न्यायाधीश हुन्छ र कृतिका बारेमा निर्णय दिन्छ । एरिस्टोटल, लन्जाइनस, जोन्सन जस्ता समालोचकहरू यस वर्गमा पर्दछन् । प्रायः गरेर समालोचनामा मूल्य निर्णयको अपेक्षा गरिन्छ । कृष्णचन्द्र सिंह प्रधान समालोचनाको जुनसुकै प्रणालीमा पनि समालोचनाले मूल्य निर्णयको अपेक्षा गर्ने ठान्दछन् । साहित्य सिद्धान्तहरू परिवर्तन भइरहने हुँदा र नवीन सिद्धान्तहरूको उद्भव भइरहने हुँदा निर्णयात्मक समालोचना अस्थिर हुने देखिन्छ ।

## 5.3.8 व्याख्यात्मक समालोचना

यो समालोचना कृतिको व्याख्या विश्लेषणमा केन्द्रित हुन्छ । कृतिलाई सिद्धान्तको अतिशय प्रभावबाट मुक्त गर्दै लेखकले प्रस्तुत गरेका भाव, विचार आदि पक्षलाई व्याख्या गर्नु यसको विशेषता हो । यस समालोचनाले कृतिमा रहेका तथ्यहरूको व्याख्या गरेर पाठक सामु ल्याउने

काम गर्दछ । कार्लाइल, म्याथ्यु अर्नोल्ड जस्ता समालोचकलाई यस प्रकारका समालोचक मानिन्छ । यसमा कृतिका तथ्यहरूलाई व्याख्या गरिए पनि मूल्याङ्कन गर्ने काम भने गरिदैन ।

## 5.3.9 प्रभाववादी समालोचना

कुनै सैद्धान्तिक निर्देशबाट मुक्त हुँदै कृतिबाट पर्ने प्रभावका आधारमा गरिने समालोचना प्रभाववादी समालोचना हो । यसलाई एक प्रकारले वैयक्तिक अभिलेखका रूपमा लिइन्छ । पाठकले कृतिको अध्ययनबाट अनुभूत गरको आनन्द र कलात्मक पक्षलाई सम्प्रेषण गर्ने काम यसमा गरिन्छ । प्रभाववादी समालोचना प्रायः गरेर हठपूर्ण, असन्तुलित र भावपूर्ण हुने मानिन्छ । पाठकले पाठप्रति आ˜ना धारणा व्यक्त गर्ने हुँदा यो वैयक्तिक, आत्मपरक, निबन्धात्मक र भावुक हुने गर्दछ । यस प्रकारको समालोचनाका निम्ति पाठकमा कृतिको सौन्दर्य उद्घाटन गर्न सक्ने गम्भीर दृष्टि हुनु आवश्यक मानिन्छ ।

## 5.3.10 आद्यरूपीय/मिथकीय समालोचना

साहित्यलाई आद्यरूप र मिथकसँग सम्बन्धित मानेर गरिने समालोचना आद्यरूपीय मिथकीय समालोचना हो । यस समालोचनाका अनुसार साहित्यमा आद्यरूप र मिथकहरू वंशानुगत रूपमा नै आएका हुन्छन् । साहित्यको मूल ढाँचा नै मिथकात्मक हुने हुँदा मिथकको गम्भीर र अनुशीलनबाट मात्र साहित्यको वास्तविक रहस्य उजागर हुने हुँदा हुने यस समालोचनाको धारणा रहेको छ । यो समालोचना मानवशास्त्र र मनोविज्ञानको सैद्धान्तिक पृष्ठभूमिमा अडेको छ । यसलाई विस्तार साथ प्रयोग गर्ने क्याडाली समालोचक नर्थ्रप पाई हुन् । अन्य समालोचकहरूमा मड बोड्किन, लेस्लाइ फिड्लर, जोसेफ क्याम्पवेल आदिको नाम उल्लेखनीय छ ।

## 5.3.11 प्रगतिवादी समालोचन

माक्र्सवादी सौन्दर्यशास्त्रको सैद्धान्तिक आधारमा कृतिलाई मूल्याङ्कन गर्ने समालोचना प्रगतिवादी समालोचना हो । यसले साहित्य र समाजको वैज्ञानिक अन्तः सम्बन्धको खोजी गर्दै वर्गीय साहित्यको वकालत गर्दछ । माक्सै र एङ्गेल्सले स्थापित गरेका वर्ग सिद्धान्त, द्वन्द्वात्मक भौतिकवाद, सर्वहाराको आधिपत्य, समाजवाद आदिबाट सैद्धान्तिक आधार ग्रहण गर्दै साहित्यिक कृतिको विश्लेषण गर्नु यसको वैशिष्ट्य हो।

## 5.3.12 मनोवैज्ञानिक समालोचना

फ्रायड, एड्लर, युङ, लकाँ र अन्य अनेक मनोवैज्ञानिकहरूका सिद्धान्तका आधारमा साहित्यलाई विश्लेषण र मूल्याङ्कन गर्ने समालोचना मनोवैज्ञानिक समालोचना हो । यस समालोचनाले साहित्यलाई मानसिक यथार्थसँग सम्बन्धित गरेर हेर्दछ । साहित्य मनको अचेतनाको अभिव्यक्ति हो र दमित, विस्मृत र कुण्ठित भाव नै साहित्यका रूपमा प्रकट हुने धारणा यसको रहेको छ । मनोजगत्का वास्तविकतालाई प्रकट गर्नका निम्ति अनेक बिम्ब र प्रतीकको सहारा लिनु पर्ने र यस्ता बिम्ब प्रतीक बाह्य सत्यका प्रक्षेपक नभएर सुषुप्त मनका द्योतक हुने चिन्तन यस समालोचनाले देखाएको छ । यसमा साहित्यलाई लेखकीय मनोग्रन्थि, पात्रीय अवस्था र ग्रन्थि, घटनाको अवस्था वा स्थिति आदिका आधारमा विश्लेषित गरिन्छ ।

## 5.3.13 रूपवादी / संरचनावादी समालोचना

साहित्यमा रूपवादी, संरचनावादी, शैली वैज्ञानिक आदि अनेक आधुनिक समालोचना प्रणालीको विकास भएको छ । यी सबै समालोचना साहित्यको भाषिक रूप एवं शैलीसँग सम्बन्धित छन् । रूप संरचनावादी समालोचनाको प्रेरक भूमि भाषाको पृष्ठभूमि हो भने क्लाउड लेभि

स्ट्रासको संरचनावादी मानवशास्त्रले पनि महत्वपूर्ण आधारभूमि तयार गरेको छ । संरचनावादी अनेक सम्प्रदायहरूमा जेनेभा, रसियाली, कोपेन हेगेन, प्राग, प|mान्सेली, बेलायती र अमेरिकाली आदि सम्प्रदाय रहेका छन् । यस समालोचनाले पाठलाई मूल आधार मानेर पाठका विभिन्न अवयवहरूको विश्लेषण गर्दछ । यसले पाठभन्दा बाहिरी पक्षको सर्वथा उपेक्षा गर्दछ । भाषाको विशिष्ट रूप नै साहित्य भएकाले यही भाषिक वैशिष्ट्यका आधारमा कृतिको मूल्य निरूपण गर्ने कार्य यस समालोचनाले गर्दछ ।

### 5.3.14 उत्तर - संरचनावादी र उत्तर - आधुनिकतावादी समालोचना

बीसौं शताब्दीको उत्तरार्द्धदेखि समालोचनामा नवीन चिन्तनको प्रारम्भ भएको छ । संरचनावादले स्थापन गरेका भाषिक सिद्धान्तको पृष्ठभूमिबाट नै उत्तर संरचनावादी मान्यता विकास भएको हो । यसलाई आधुनिकताको उत्तरवर्ती चिन्तन र त्यसको विरोधमा आएको नवीन चिन्तन दुवै अर्थमा बुझिएको छ । उत्तर आधुनिक शब्द छाता शब्दका रूपमा रहेको र यसभित्र अनेक समालोचना समाविष्ट छन् । विनिर्माण, नारीवादी, विपठन, नव इतिहासवाद, नव माक्र्सवाद , नव मनोविज्ञान, पाठक प्रतिक्रिया, वाणीक्रिया, उत्तर - उपनिवेश, भाष्यविज्ञान, घटना क्रिया अर्थात् आत्मिक प्रक्रियावाद, पूर्वीयवाद, जनजातीय आदि अनेक समालोचनाका चिन्तनको समष्टि रूप नै उत्तर आधुनिक समालोचनाका रूपमा व्याख्यायित भएको पाइन्छ । समालोचनाका क्षेत्रमा विशेषतः भाषापरक अध्ययन, लेखकीय मृत्यु र पाठकको सर्वोपरिता, पाठको महत्व, बहुल दृष्टिकोण जस्ता पक्ष महत्वपूर्ण छन् ।

## 5.3.15 पर्यावरणीय समालोचना

पर्यावरण भनेको भौतिक र जैविक वस्तु बीचको सम्बन्ध हो । यी दुईबीच सन्तुलन कस्तो छ रु अहिलेका कविताले कसरी सम्बोधन गरेका छन् रु कविताले वातावरणलाई कसरी हेरेको छ रु भन्नेमा आधारित रहेर अध्ययन गर्न खोज्दै छु । यसबारे केही समय पहिले सैद्धान्तिक लेख पनि लेखेको थिएँ । समालोचनाको लागि यो पूरै नयाँ विषय हो । विश्वमा पर्यावरणीय साहित्य कतातर्फ गइरहेको छ, त्यो कस्तो चलिरहेको छ रु भन्ने विषयवस्तुमा आधारित थियो । विशेष गरी त्यसमा 'इकोसिस्टमका' कुरा छन्। पुँजीवादले कसरी जनताको विपक्षमा काम गरिरहेको छ भन्ने बारेमा पनि थियो । पुँजीपतिहरुको पक्षमा वातावरणको दुरुपयोग भइरहेको छ। जस्तोः राजमार्ग बन्यो भने वनफँडानी गरिन्छ। त्यसको प्रत्यक्ष असर त्यहाँका स्थानीयलाई परिरहेको हुन्छ। भारतमा केही समय पहिले 'चिप्को' भन्ने आन्दोलन चलेको थियो। ठेकेदारहरुलाई सरकारले ठूला रुखहरु काट्न दियो, त्यहाँका स्थानीयले रुखलाई अँगालो हालेर काट्न दिएनन्।

विशेष पर्यावरणीय चेतनामा लेखिएका साहित्यहरू जस्तै पहिला लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, सिद्धिचरण श्रेष्ठका उर्वशी वा लेखनाथ पौड्यालको 'तरुण-तपसी' आदिमा पाउन सकिन्छ । अहिलेका कवितामा यस्तो चेतना कम छ । प्रकृतिसँग मानव जातिको जीवनको तादम्यता कसरी मिलेको छ भन्ने कुरा पाउन मुस्किल छ नेपाली कवितामा । अविनाश श्रेष्ठका कवितामा भने हाम्रो ब्रह्माण्ड, वनविनाश र ऊर्जा सङ्कटलाई सम्बोधन गरिएको छ । उत्पादनले समाजमा कस्तो असर परेको छ, स्वास्थ्यमा के कस्तो असर परेको छ भनेर हेरिन्न तर समाजवादी चेत हो भने त सामाजिक भाव बढी हुनुपर्छ नि, अनि

प्रकृतिको विनाशले समाजमा कस्तो असर पार्छ, त्यो पनि हेर्छ तर पुँजीवादका पक्षधरले त्यो हेर्दैनन् । हाम्रोमा समाजवादी चेत अत्यन्त कम छ ।

## 5.3.16 समाजवादी समालोचना

साहित्य जस्तो छ, त्यस्तै छ समालोचना पनि । समालोचना साहित्यबाटै निर्देशित हुन्छ । साहित्य जति फैलियो, कलात्मक हुँदै गयो, समालोचना पनि त्यति गहन हुँदै जान्छ । हाम्रा साहित्यकारलाई अरुसित तुलना गरेको मन पर्दैन, तुलना नभई मूल्याङ्कन हुँदैन । आफ्नो प्रशंसा भए ठीक, नभए बेठीक । अहिलेका साहित्यकार त अलिकति आलोचना पनि सुन्नै चाहँदैनन् ।

साहित्यको कुनै सीमा छैन । जे विषयमा र जुनै विधामा लेखे पनि लेखनको 'इन्टेसन' सही हुन पर्‍यो र त्यो कलात्मक पनि हुन पर्‍यो । लेखकले आफैँलाई ढाँटेर लेख्न हुँदैन, चर्चा मात्र कमाउनका लागि नारीलाई दास ठान्नेले नारीवादी साहित्य लेखेर त्यो अर्थहीन हुन्छ । आफू पनि अँध्यारोबाट उज्यालोतिर हिँड्ने र लेखनको बाटो पनि त्यसरी नै तय गरेर कलात्मक नवीनतातिर लाग्न सके नेपाली साहित्य अघि बढ्छ।

कथा, उपन्यास समाजको यथार्थमा आधारित काल्पनिक सिर्जना हुन् र बाहिरतिर फर्केका हुनाले पढ्दा ती अधिक रोचक हुन्छन् । कविता त कविको 'इन्टर्नल' आवाज हो, अमूर्त 'इमोसन' - को विम्व हो । कविता धेरै खाँदिएको हुन्छ र यसलाई शब्दशब्दले जीवन्त बनाएको हुन्छ । त्यसैले यसलाई आत्मसात् गर्न काव्यिक संस्कार आवश्यक पर्छ । कथा उपन्यास धेरै बिक्लान्, कविताको बजार अलि कम होला तर प्रकाशकले कविता कम छाप्लान् तर कविता थारै निस्किए पनि अरु विधाका तुलनामा नेपाली कविता सुन्दर छन् ।  साहित्य र कलासम्बन्धी माओका

दुई निर्देशन निकै मननीय रहेका छन् । कम्युनिस्ट भएर कम्युनिस्टकै सेवा गर्नुपर्ने कुरामा माओले विशेष जोड गर्नुभएको छ । कम्युनिस्ट भएर सामन्ती तथा पुँजीवादी कलाको बढोत्तरीमा लाग्नेहरूलाई माओले गतिलो उत्तर दिनुभएको छ । समस्या कलाका सबै विधाहरू नाटक, गीत, सङ्गीत, ललितकला, नाच, सिनेमा, कविता र साहित्यलगायतमा बग्रेल्ती रहेका छन्, जसमा जनताको ठूलो सङ्ख्यामा सहभागिता छ । यससँग सम्बन्धित थुप्रै विभागहरूमा समाजवादी रूपान्तरणका क्षेत्रमा धेरथोर उपलब्धिहरू पनि हासिल भएका छन् । यद्यपि थुप्रै विभागहरू उही मृत कुराहरूले नै प्रभुत्व कायम गरिरहेको छ । सिनेमा, नयाँ कविता, लोकगीत, ललितकला र उपन्यासका क्षेत्रमा प्राप्त उपलब्धिहरूलाई बेवास्ता गर्न सकिन्न, तर त्यस सँगसँगै त्यहाँ केही समस्याहरू पनि रहेका छन् । यी विभागहरूमध्ये जहाँसम्म नाट्य विभागको कुरा छ, त्यहाँ गम्भीर प्रकारका समस्याहरू विद्यमान छन् । सामाजिक, आर्थिक आधार परिवर्तन भइसकेका छन्, तर उपरिसंरचनाको अङ्गको रूपमा रहेको कला, जसले आधारको सेवा गर्छ, त्यहाँ अझै पनि गम्भीर समस्याहरू छन् । आजैदेखि हामी यसबारेमा अध्ययन-अनुसन्धान गर्दै अघि बढ्नेछौँ र यसलाई गम्भीरतापूर्वक ध्यान दिनेछौँ । कम्युनिस्ट भएर सामन्ती तथा पुँजीवादी कलाको बढोत्तरीमा लाग्ने, तर समाजवादी कलालाई लात मार्ने कुरा हाँस्यास्पद लाग्ने गर्दछ ।

## 5.3.17 मार्क्सवादी समालोचना

मार्क्सवाद विश्वभरका उत्पीडित राष्ट्र तथा जनसमुदायको मुक्तिकामी वैज्ञानिक हतियार हो । आज हामीले भनिरहेको माक्र्सवाद मार्क्सवाद-लेनिनवाद-माओवादको समुच्चय हो । राजनीतिकसँगै कला, साहित्य रसंस्कृतिको क्षेत्रमा पनि आफ्नै स्वत्वका साथ यसको गर्विलो उपस्थिति

Notes

रहेको छ । मार्क्सवादको संस्थागत पुँजीकरण, विकास र विस्तार, विश्वस्तरमा आर्जित विश्वसनीयता एवम् जनताका मुक्तिकामी सङ्घर्षहरूमा अभिव्यक्त प्रभावकारितासँगै समालोचनाको विशाल फाँटमा माक्र्सवादी समालोचना पनि आफ्नै ढङ्गबाट स्थापित र गतिशील हुँदै आएको छ । यसले विचारधारात्मक कार्यमा आफूलाई प्रभावकारी र प्रभावशाली ढङ्गले उभ्याउँदै आएको छ । माक्र्सवादसम्मत आधारभूत प्रस्तावनालाई इमानदारीपूर्वक, वस्तुवादी, वैज्ञानिक र कौशलयुक्त अवलम्बन नगरी कोही पनि माक्र्सवादी स्रष्टा बन्न सक्तैन ।

माक्र्सवाद विश्वसर्वहारा वर्ग र उत्पीडित जनसमुदायको मुक्तिकामी सिद्धान्त हो । आज यो माक्र्सवाद-लेनिनवाद-माओवादको उन्नतरूपमा विकसित भएको छ । दर्शन, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद यसका तीन सङ्घटक अङ्गहरू हुन् । द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, सर्वहारावर्गको अधिनायकत्व, क्रान्तिमा बल प्रयोगको भूमिका, साम्यवादी सपनाजस्ता माक्र्सवादका आधारभूत विषय हुन् । माक्र्सवादी मूल्य र निश्चित मानदण्डका आधारमा कुनै कृतिको मूल्याङ्कन, विवेचना, विश्लेषण वा संश्लेषण र पथप्रदर्शन गर्ने साहित्यको एउटा विशिष्ट विधालाई माक्र्सवादी समालोचना भनिन्छ । माक्र्सवादी समालोचनामा माक्र्सवादी सौन्दर्यात्मक मूल्य र समाजवादी यथार्थवाद सङ्केन्द्रित रहेको हुन्छ । माक्र्सवाद गतिशील विज्ञान भएकोले माक्र्सवादी समालोचनामा पनि गतिशीलता हुन्छ । निरन्तर विकासशीलता, ऊध्र्वगामिता, रूपान्तरणकारी यसको चरित्र हुन्छ । त्यसैले कला - साहित्यसम्बन्धी माक्र्सवादी मूल्यलाई केन्द्रमा राखेर समालोचना गर्नेहरू मात्रै माक्र्सवादी समालोचकका हकदार हुन्छन् । संशोधनवादलाई प्रश्रय दिएर गरिएका समालोचनाहरू माक्र्सवादी समालोचना हुन सक्तैनन्

र त्यस किसिमका समालोचकहरू पनि माक्र्सवादी समालोचक हुन सक्तैनन् ।

वर्गीय समाजमा समालोचना पनि वर्गीय हुन्छ । निश्चित माानदण्डका आधारमा कुनै पनि सिर्जनाको मूल्यनिरूपण गर्ने काम समालोचना हो । राजनीतिका साथै, समालोचना महŒवपूर्ण विचारधारात्मक हतियार हो । यसमा विचारधारत्मक सङ्घर्ष केन्द्रित हुन्छ । माक्र्सवादी समालोचनाको मूल्यबारे चैतन्य भन्नुहुन्छ - समालोचकले निश्चित मापदण्डका आधारमा कलाकृतिमा रहेका मूल्यहरूको लेखाजोखा तथा मूल्याङ्कन गर्ने काम गर्दछ । समालोचनाका मापदण्डहरू समालोचनाका विविध प्रवृत्तिहरूमा आधारित सिद्धान्तहरूसित जोडिएका हुन्छन् । सामान्यतया माक्र्सवादमा आधारित समालोचना माक्र्सवादी समालोचना हो । अझै विशिष्टरूपमा उल्लेख गर्नुपर्दा माक्र्सवादी सौन्दर्य चिन्तन र समाजवादी यथार्थवादमा आधारित समालोचनालाई माक्र्सवादी समालोचना भनिन्छ ।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग भएकोले समाजवादी यथार्थवाद नै आजको सर्वाधिक क्रान्तिकारी मानकको रूपमा रहेको छ । सन् 1934 मा सोभियत सङ्घमा लेखकहरूको सम्मेलनमा म्याक्सिम गोर्कीले समाजवादी यर्थावादी कला - साहित्यसम्बन्धी दिनुभएको विशेष प्रवचन माक्र्सवादी समालोचकहरूका लागि विशेष सन्दर्भ सामग्रीका रूपमा रहेको छ । समाजवादी यथार्थवाद माक्र्सवादको पथप्रदर्शनमा आधारित समालोचनात्मक सिद्धान्त र विधि हो । यही सिद्धान्त र विधिद्वारा निर्देशित भएर गरिएको समालोचना नै माक्र्सवादी समालोचना हो ।

माक्र्सवादी समालोचनाको ऐतिहासिक सन्दर्भहरू रहेका छन् । लामो ऐतिहासिक कालखण्डमा कला, साहित्य र समालोचनाका क्षेत्रमा विभिन्न विधि र सिद्धान्तहरू विकास हुँदै आएका छन् । **पेरिस कम्युन** असफल भए पनि यसले सकारात्मक भविष्यको उद्बोधन गर्न सफल रह्यो । सन् 1917 को रूसी समाजवादी क्रान्तिको सफलताले विश्वलाई नयाँ सन्देश दियो । त्यसले विश्वराजनीतिका साथै कला, साहित्य र समालोचनाको क्षेत्रमा पारेको प्रभावले यसको आयाम विस्तार गर्नुका साथै यसको आवश्यकता, ओज र गरिमालाई पनि निकै माथि उठायो । सन् 1934 मा भएको सोभिययत सङ्घका लेखकहरूको सम्मेलन र त्यहाँ भएका बहसबाट निकालिएका निष्कर्षहरू माक्र्सवादी समालोचनाका लागि ऐतिहासिक कडीका रूपमा स्थापित छन् ।

रूसी कम्युनिस्ट पार्टी **बोल्सेविकको** समालोचना तथा जीवनी बारेको निर्णय (2 डिसेम्बर, 1940) निकै मननीय रहेको छ । त्यसबेला रूसी कम्युनिस्ट पार्टीले साहित्यकलाका विषयमा एउटा महत्वपूर्ण निर्णय पारित गरयो । व्याख्यात्मक निर्देशनसहित 5 वटा बुँदामा समेटिएका ती निर्देशन निकै महत्वपूर्ण छन् । उक्त निर्णयको एउटा अंश यस प्रकार छ - “रूसी कम्युनिस्ट पार्टीको केन्द्रीय समिति ‘सिसिएयुसिपीबो’ - ले साहित्यक क्षेत्रमा समालोचना एकदमै कमजोर स्थितिमा छ भन्ने कुरा महसुस गरेको छ । समालोचकहरूको ठूलो सङ्ख्याले सोभियत साहित्यसित सम्बद्ध कुनै पनि विषयमा कलम चलाइरहेको छैन । यसको निर्माणमा कुनै प्रभाव पार्न सकिरहेको छैन । रूसी साहित्यको इतिहासविपरीत समालोचकहरू लेखकसित मिलेर साहित्यक पत्रपत्रिकामा लेखिरहेका छैनन् र सोभियत लेखक सङ्घको समालोचना विभागबाट तिनले आफूलाई टाढा राखेका छन् । लेखकहरू नै कृतिको छनौट गर्दै

मूल्याङ्कन गर्छन् । साहित्यिक समालोचनाहरू प्रकाशित हुने गर्दैनन् । अखिल रूसी कम्युनिस्ट पार्टी **बोल्सेविक**ले साहित्यिक समालोचना तथा जीवनीमूलक कृतिका क्षेत्रमा आमूल सुधार गर्नुपर्छ भन्ने कुरालाई अभिरेखाङ्कित गरेको छ । लेखक सङ्घमा देखावटीरूपमा रहेको समालोचना विभाग विघटन गरिनु आवश्यक छ । समालोचकहरू लेखक सङ्घको सिर्जना विभाग (गद्य, कविता र नाटक) सित मिलेर लेखकहरूसँगै कार्यरत रहनु आवश्यक छ । साहित्य र लेखकहरूसित असम्बद्ध लटिरेटुर्नी क्रिटिक बन्द गरिनुपर्दछ ।

साहित्यिक पत्रिकाहरू **क्रासनयानोभ, ओक्तयावर नोभिमिर, जनभ्या, जाभेज्दा र लिटरेटुरी सोभरमेनिका**का सम्पादकीय बोर्डले नियमितरूपमा समालोचना तथा जीवनीपरक लेख आफ्ना पत्रिकामा छाप्ने गर्छन् । प्राव्दा, इजमेस्तिया, कोमसोमोलस्क्या, प्राव्दा टुड क्रास्न्या जेभज्दा सबै प्रकाशनहरू क्राई तथा अन्य जिल्लास्तरका सबैखाले अखबारहरूलगायत विभिन्न आर्थिक तथा उत्पादन विभागका पत्र - पत्रिकाले पनि समीक्षा तथा जीवनीमूलक कार्यका लागि स्तम्भहरूको आरम्भ गरेका छन् । समालोचनाको क्षेत्रमा पनि नयाँनयाँ बान्कीहरू देखापरे । जनयुद्धले परम्परागत सोचाइ र गराइलाई ओझेलमा पार्दै जनपक्षीय राजनीति र कलासाहित्यको धारा सशक्त ढङ्गबाट अघि बढायो । यो धारा अहिले पनि नयाँ शिराबाट जारी छ । यसको प्रभाव नेपाली माक्र्सवादी समालोचनामा गहिरोगरी परेको छ । महान् जनयुद्ध, विभिन्न स्तरका जनआन्दोलन तथा वर्गसङ्घर्षका कष्टसाध्य लामो प्रक्रियाद्वारा भएका प्राप्ति यतिखेर सङ्कटमा पारिएका छन् । यसको प्रभाव समालोचनाका क्षेत्रमा पनि घनीभूतरूपमा परेको छ तापनि

माक्र्सवादका असली प्रतिनिधिहरू आज पनि माक्र्सवादी समालोचनाको फाँटमा सशक्त ढङ्गले डटिरहेका छन् ।

नेपालको समकालीन समालोचनाको क्षेत्रमा माक्र्सवादसम्मत तरिकाले समालोचकहरूले समालोचना गरिरहेका छन् त ? के कसैले भनिदिएकै भरमा वा लेखिदिएकै भरमा माक्र्सवादी समालोचक हुने हो ? अथवा के हो ? अहिले हामी यिनै केही गम्भीर प्रश्नहरूका बीचमा उभिएका छौँ । हामीले यो घेरा तोड्नु र सत्यान्वेषण गर्नुको विकल्प छैन । निरन्तर सङ्घर्षबाट मात्र सत्यान्वेषण हुन्छ । सत्यान्वेषणबाट मात्र माक्र्सवादी समालोचनाको अभिरेखाङ्कन सम्भव हुन्छ । यहाँ हाम्रो प्रयास त्यसैमा केन्द्रित रहेको छ । माक्र्सवादले हरेक वस्तुको केन्द्रीय र परिधीय संरचना हुन्छ भन्ने मान्यता राख्दछ । हरेक वस्तुको अवस्थितिमा आउने भिन्नताले वस्तुको परिवेश भिन्नभिन्न भए पनि त्यसको केन्द्रीय र परिधीय परिस्थितिलाई केही फरक पार्दैन । यो कुरा कलासाहित्यको क्षेत्रमा पनिप्रतिबिम्बित हुन्छ । समालोचनाको क्षेत्रमा पनि त्यही कुरा हो । यसरी हेर्दा समालोचनाको क्षेत्रलाई प्रतिगामी, संशोधनवादी र माक्र्सवादी धाराका रूपमा चर्चा गर्न सकिन्छ र यसरी चर्चा गर्ने गरिएको पनि छ । माक्र्सवादको आधारभूत मान्यतालाई आत्मसात गरेर समालोचना गर्नेहरूलाई माक्र्सवादी समालोचक र माक्र्सवादको आधारभूत मान्यतालाई छोडेर समालोचना गर्ने समालोचकहरूलाई गैरमाक्र्सवादी समालोचक भन्नु उपयुक्त हुन्छ । त्यसैले यहाँ माक्र्सवादी समालोचना र समालोचक तथा गैरमाक्र्सवादी समालोचना र समालोचक गरी दुई धारमा नेपाली समालोचनाको अभिरेखाङ्कन गरिएको छ ।

नेपालको साहित्य, कला एवम् सौन्दर्यको क्षेत्रमा लामो समयदेखि नै सामन्ती र बुर्जुवा आधुनिकतावादी वर्गको बर्चस्व कायम रहिआएको छ । यसले प्रतिक्रियावादी विचार आदर्शलाई आत्मसात् गर्दै साहित्य, कला र सौन्दर्यलाई केवल मनोरञ्जनका रूपमा मात्र लिएर अन्ततः आभिजात्य वर्गको शासनसत्ताको पक्षपोषण गर्दछ । यसले देशीय सामन्तवाद र विश्वसाम्राज्यवाद र विस्तारवादको दलाली संस्कृतिको संरक्षण गर्दै जनताको विद्रोहलाई लाठी र बुटद्वारा दमन गर्दछ । उत्पीडित भोकानाङ्गा जनता, दलित, उपेक्षित वर्गलाई भाग्यवाद र पुनर्जन्मको पुरोहित संस्कृति र उत्तरआधुनिकतावादी संस्कृतिमा विश्वास गर्न लगाउँछ । उनीहरूको विद्रोहचेतद्वारा गरिएको क्रान्तिलाई आतङ्कवादको संज्ञा दिएर दमन गर्दछ । यो धाराका लेखकहरूले उत्तर-आधुनिकतावादी एवम् प्रतिगामी प्रवृत्तिको वकालत गरेर प्रगतिशील धाराका विरुद्ध युद्ध नै घोषणा गरेका छन् । जनताका बीचमा लेखकीय क्षेत्रबाट भ्रम फैलाउनु, भ्रमको खेती गर्नु र जनतालाई निराशा र शून्यवादमा धकेल्नु यिनीहरूको मूल विशेषता हो । यसले राज्यसत्ताले गरेको आमनरसंहार, दमनलाई सहयोग र समर्थन गर्दछ । यसले सुन्दरताको विरुद्ध कुरूपताको पक्षपोषण गर्दछ । जनताका त्याग, तपस्या र बलिदानको अवमूल्यन गर्दै नेपाली समाजलाई  यथास्थितिवादी जञ्जीरमा अड्काइराख्नु यो धाराको समालोचनात्मक कार्यको मूल ध्येय हो ।

माक्र्सवादलाई सुधारवादी कोणबाट लागू गर्न खोज्नेहरूको पनि यहाँ ठूलै सङ्ख्या रहेको  छ । यसले वर्गसङ्घर्षमा होइन, वर्गसमन्वयमा विश्वास गर्दछ । रूपमा सुधार खोजे पनि सारतः यो पश्चगामी एवम् विसर्जनवादी हुन्छ । रूपमा रातो झन्डा ओढेको भए पनि यो प्रवृत्तिले क्रान्तिकारी जनताले उठाएको विद्रोहको झन्डालाई आतङ्कवाद देख्नपुग्छ । त्यसले

Notes

क्रान्तिकारीहरूलाई सुधार गर्न र कथित मूलधारमा आउन आह्वान गर्दै संसदवादको वकालत गर्दछ । यसले क्रान्तिकारी र प्रतिक्रियावादी वर्गको बन्दुकलाई एउटै तुलोमा हालेर मूल्याङ्न गर्छ । सारतः यसको चरित्र गैरमाक्र्सवादी नै हुन्छ । यस्तो विचारधारा बोकेका समालोचकहरू पनि गैरमाक्र्सवादी समालोचक हुन् । यिनीहरूको दार्शनिक धरातल बहुलवादमा आधारित हुन्छ । माक्र्सवादले कलासाहित्यलाई सामाजिक चेतना र विशिष्ट मानव क्रियाकलापका रूपमा व्याख्या गरेको छ । माक्र्सवादी साहित्य-कलाको चरित्र अग्रगमनकारी हुन्छ । यसले यथार्थको प्रतिबिम्बन गर्नुका साथै नयाँ यथार्थको सिर्जना गर्छ । समकालीन यथार्थ वर्गसङ्घर्षको तीव्रतम् घटनाक्रमहरूको शृङ्खलाबाट अनुप्राणित छ ।

समकालीन प्रगतिवादी साहित्यमा उत्पीडित, वर्गीय प्रेम र पक्षधरता, जातीय, लैङ्गिक र धार्मिक उत्पीडन अनि पुराना राजनीतिक, आर्थिक तथा वैचारिक सम्बन्धहरूका विरोधमा पनि नयाँ मूल्यको निर्माण भएको छ । यसले माक्र्सवादी समालोचनाको क्षेत्रमा पनि गुणात्मकरूपमा विकास गरेको छ । माक्र्सवादप्रति प्रतिबद्ध समालोचकहरूको विशाल पङ्क्ति निर्माण हुँदैगएको छ । माक्र्सवादी समालोचनाका क्षेत्रमा विशिष्ट स्थान राख्नुहुने समालोचकहरूको गरिमामय उपस्थिति रहेको छ । यसमा चैतन्य, डा. ऋषिराज बराल, दिल साहनी लगायतको नाम लिनु उपयुक्त हुन्छ । माक्र्सवादी समालोचनात्मक मान्यता निकै गहन, विशद् र वैज्ञानिक रहेको छ । यसका आफ्नै किसिमका मानक छन् । कुनै पनि कृति वा रचनाको असली परख संज्ञानात्मक, विचारधारात्मक र सौन्दर्यात्मक तवरबाट हुनेगर्दछ । यो कुरालाई माक्र्सवादी समालोचकहरूले गहिरोगरी बुझ्नु आवश्यक छ । विश्वभर जस्तै नेपालमा पनि पछिल्लो समय बजारवादी मूल्यचेतनाले सिर्जनामा गम्भीर प्रभाव त पारेको देखिन्थ भने

त्योभन्दा बढी समालोचनाको क्षेत्रमा प्रभाव पारेको छ । निकोलाई ओस्त्रोवस्कीले एक ठाउँमा भनेका छन्, "लेखकको दुःखपूर्ण अन्त्य त्यसबेला हुन्छ, जब उसका सबैभन्दा उत्तम र सबैभन्दा सजीव विचारहरू उसको कलमलाई छलेर चटक्क भाग्दछन् । अनि उसको हृदयमा ज्वाला दन्केको भए पनि उसले लेखेको कुरा चाहिँ भित्रभित्रै बल्दै गरेको निस्तेज अँगारजस्तो मात्रै हुन्छ ।" यसको अर्थ युगको यथार्थ सामाजिक-राजनीतिक परिवेशबाटै निर्धारित हुन्छ र त्यसलाई लेखकले परिपालना गर्नुपर्दछ भन्ने नै हो । यो समालोचनाको क्षेत्रमा पनि लागू हुने विषय हो।

समालोचक डा. ताराकान्त पाण्डेयले समकालीनताको नाममा विभिन्न पुस्ताका रूपमा समालोचकहरूको वर्गीकरण गरेका छन् । उनले पूर्व पुस्ताका रूपमा श्यामप्रसाद शर्मा, शक्ति लम्साल, गोविन्द भट्ट, आनन्ददेव भट्ट, चैतन्य, निनु चापागाईंको नाम उल्लेख गर्दै एक समालोचनात्मक आलेख प्रकाशित गरेका छन् ? केका आधारमा उनले यस्तो वर्गीकरण गरेका हुन्, प्रस्ट छैन । उमेरका आधारमा भनेका हुन् भने सिर्जना-समालोचनामा यो कुरा लागू हुँदैन । प्रभावकारिता र आवश्यकताको उचित संयोजनका आाधारमा भन्ने हो भने त्यो कुराको पुष्टि कहीँ कतैबाट पनि हुँदैन । यसले समालोचक पाण्डेयको समालोचकीय दृष्टिकोणमा केही प्रश्न उब्जाइदिएको भने अवश्य नै छ । त्यस्तै, उनले चालीसको दशकमा देखापरेका समालोचकहरूमा डा. ऋषिराज बराल, डा. रविलाल अधिकारी, हीरामणि शर्मा पौड्याल, रामहरि पौडेल आदिको नाम उल्लेख गरेका छन् । त्यस्तै उत्तराद्र्धतिर देखापरेका समालोचक भनेर उनले आफूसँगै रमेश भट्टराई, हेमनाथ पौडेल, जगत् प्रेक्षित, रामप्रसाद ज्ञवाली, डा. पशुपति तिमिल्सिना, अमर गिरी,

Notes

ईश्वरचन्द्र ज्ञवालीको नाम पनि उल्लेख गरेका छन् । यसरी सबैलाई एउटै कोटीमा राख्नुपर्नाको अर्थ र औचित्यलाई प्रमाणित गर्ने वैज्ञानिक आधार देखिँदैन । समालोचक डा. ताराकान्त पाण्डेयमा यस किसिमको बाध्यता किन पऱ्यो अथवा यस किसिमको दिव्यज्ञान कहाँबाट र कसरी आयो ? जिज्ञासा पैदा हुनु स्वाभाविक छ ।

समालोचक डा. ताराकान्त पाण्डेयले 'वर्तमानमा प्रगतिवादी समालोचना लेखनको स्थिति' उपशीर्षकमा समालोचनात्मक कृतिहरूको लामै फेहरिस्त तयार पारेका छन् । उनले लेखेका छन्, "पुस्तकाकार समालोचना कृति प्रकाशनका दृष्टिले पचास र साठीको दशकमा क्रमशः शक्ति लम्सालको माक्र्सवाद, साहित्य र समाज (2061), गोविन्द भट्टको गोविन्द भट्टका समालोचना (2055), निनु चापागाईंका यथार्थवादी रचनादृष्टि र विवेचना (2051), माक्र्सवादी सौन्दर्य चिन्तन (2054), सन्दर्भ ः संस्कृति र सांस्कृतिक रूपान्तरण (2059) र दलित सौन्दर्यशास्त्र र साहित्य (206८), डा. ऋषिराज बरालका माक्र्सवाद र उत्तर आधुनिकतावाद (2052), उपन्यासको सौन्दर्यशास्त्र (2056), सङ्गीत र सौन्दर्य (2063), उत्तर आधुनिकतावाद र समकालीन यथार्थ (2063), सूचना भूमण्डलीकरण र सांस्कृतिक साम्राज्यवाद (2063), साहित्य र समाज (2064), डा. रविलाल अधिकारीका नेपाली समालोचनाको रूपरेखा (2051) र प्रगतिवादी नेपाली समालोचना (2055), साहित्यिक सन्दर्भ ः चर्चा र टिप्पणीहरू (205८), डा. जगदिशचन्द्र भण्डारीका साहित्य : चिन्तन र विवेचन (2050), प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण (2055), पृथक् सिर्जना : पृथक् निरूपण (2062), सौन्दर्यको भूमिका (2065) उल्लेखनीय रहेका छन् ।"

कला - साहित्यको समालोचनाको सन्दर्भमा राजनीतिक धारा र विचारधारा मुख्य मानकका रूपमा उपस्थित हुन्छन् । तर अचम्मको कुरा त के छ भने डा. पाण्डेयले जनताको बहुदलीय जनवाद र नयाँ जनवाद मान्नेहरूलाई एउटै कोटीमा राखेका छन् । जनताको बहुदलीय जनवाद राजनीतिक कार्यक्रम मान्नेहरू सही माक्र्सवादी समालोचक हुन् अथवा नयाँ जनवादी राजनीतिक कार्यक्रम मान्नेहरू असली माक्र्सवादी समालोचक हुन् ? बुझाइ गन्जागोल छ । राजनीतिक धाराका आधारमा भन्ने हो भने गोविन्द भट्ट र डा. ऋषिराज बरालहरू एउटै समरेखामा रहेका समालोचकहरू हुन् भन्न सकिन्छ ? आजको माक्र्सवाद भनेको माक्र्सवाद-लेनिनवाद-माओवादको समुच्चय हो भन्ने कुरा गहिरोगरी आत्मसात गर्नेहरूका लागि निनु चापागाईँको समरेखीय उपस्थितिलाई कसरी लिने ? निनु चापागाईँले आज पनि माओवादलाई स्वीकारेकै छैनन् । उनी अहिले पनि माओ विचारधारामा नै सीमित छन् । **चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्ति**को अस्वीकृति निनुको परिचय बनेको छ । माओवादी जनयुद्धलाई जनयुद्धका रूपमा निनुले आत्मसात गर्न सकेका छैनन् । आजको मालेमावाद नै आज माक्र्सवाद हो भन्ने मान्यतालाई स्वीकारिरहँदा डा. पाण्डेयको समालोचना कति वैज्ञानिक, कति यथार्थपरक र कति वस्तुवादी छ भन्ने कुराको प्रश्न उठ्नु स्वाभाविक छ ।

यथार्थवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवादको सैद्धान्तिक प्रश्नमा गन्जागोल गर्ने अधिकार कसैलाई पनि छैन र हुँदैन पनि । के डा. पाण्डेय भन्न सक्छन्– माक्र्सवादी आन्दोलनप्रति प्रस्टता, क्रान्तिकारी विश्वदृष्टिकोण, लेखनको निरन्तरता र प्रतिबद्धता उनी आफैँले उल्लेख गरेका समालोचकहरूमा छ ? छ भने प्रमाणित गरेर

Notes

देखाइदिन सक्नुपर्छ, अन्यथा, भ्रमात्मक समालोचनाले नयाँ पुस्तालाई भ्रममा पार्ने छ र त्योभन्दा बढी व्यवधान आन्दोलनमाथि हुनेछ । डा. पाण्डेय नयाँ पुस्तालाई कस्तो प्रशिक्षण दिन चाहन्छन् ? प्रश्न उठ्नु स्वाभाविक छ । प्राध्यापकीय व्याख्यानका लागि समेत नसुहाउने यस्ता विश्लेषणहरूले कसरी माक्र्सवादी समालोचनाको प्रतिनिधित्व गर्छन् ?

डा. पाण्डेयले समालोचनाको क्षेत्रमा कृतिका रूपमा प्रकाशित भएका समालोनात्मक कृतिहरूमा अन्य विभिन्न समालोचकको नाम र समालोचनात्मक कृतिको पनि नाम उल्लेख गरेका छन् । डा. पाण्डेयले घनश्याम ढकालको माक्र्सवादी सौन्दर्यशास्त्रको विवेचना (2055), डा. ताराकाण्ड पाण्डेयका कलासाहित्य : भूमिका र मूल्याङ्कन (2053), प्रगतिवाद र कविता (2056), देवकोटाको व्यङ्ग्य कवित्व (2057), समकालीन कविताको संरचना (2065), अर्थभ्रान्तिको उत्तर चेतनाका विरूद्ध (2065), समय, सिर्जना र संवाद (2067) र अर्थको आनन्द (2067), डा. गोपीन्द्र पौडेलका सौन्दर्यबोध र समीक्षा विविध (2059), कथाको सान्दर्यशास्त्र (2065), भीमनीधि तिवारीको हास्यव्यङ्ग्य कवित्व (2065), कथाको सिंहावलोकन (2070) तथा नेपाली कथामा 2007 सालको प्रभाव (2069), डीआर पौडेलको पारिजातका साहित्यिक कृतिको मूल्याङ्कन (2062), सुकुम शर्माको कवि इच्छुक : कविताका सन्दर्भमा (2060), भवानी पाण्डेको पारिजातका उपन्यासका समाजवादी यथार्थवाद (2065), ईश्वरचन्द्र ज्ञवालीको वर्गसङ्घर्षको सन्दर्भ : संस्कृति र सौन्दर्य (2066), हेमनाथ पौडेलका प्रगतिवादी दृष्टिमा कवि र कविता (2065) र समसामयिक नेपाली समालोचना (2070), पशुपतिनाथ तिम्लिसेनाका युद्धप्रसाद मिश्रका कविताको विश्लेषण (2069) र प्रगतिवादी कविता : मान्यता र प्रवृत्ति (2062), रमेश भट्टराईका उत्तरआधुनिकतावाद,

भूमण्डलीकरण र सांस्कृतिक सिद्धान्त (2070) तथा समय सौन्दर्य, पर्यावरण र कविता (2070), डा. डिजन भट्टराईको प्रगतिवादी नेपाली उपन्यासका प्रवृत्तिहरू (2067), अमृता शर्माको प्रगतीवादी नेपाली उपन्यास (2066), खेम थपलियाका प्रगतिवादी एकाङ्की नाटक (2070) र कला-साहित्यमा दुईलाइन सङ्घर्ष (2070) जस्ता समालोचना कृतिको उल्लेख गरेका छन् ।

एउटा माक्र्सवादी लेखक - समालोचक माक्र्सवाद विरोधीहरूका भनाइका पछि नलागी तिनका विरुद्ध निमर्म वैचारिक सङ्घर्ष चलाउँछ । तर समालोचकहरूले माक्र्सवादको वर्गीय चिन्तनका विरुद्ध 'उत्तरवादी' धारणा राख्नेहरूको प्रभावमा जानीनजानी परेका छन् भन्ने कुरा निम्न भनाइबाट थाहा पाउन सकिन्छ - "यसका (माक्र्सवादी समालोचनाका) सीमा छन् । जस्तै लैङ्गिक, जातीय, क्षेत्रीय एवम् अन्यखाले उत्पीडन र पहिचानका प्रश्नको सम्बोधन स्थापित वा परम्परागत माक्र्सवादी समीक्षाले सम्यक ढङ्गले, सम्यक मात्रामा गर्न सम्भवतः सकेन ।" माक्र्सवादलाई परम्परागत र नयाँ भनेर विभाजन गरेर  र यसले "लैङ्गिक, जातीय, क्षेत्रीय एवम् अन्यखाले उत्पीडन र पहिचानका प्रश्नको" हल गर्न सकेन भनेर माक्र्सवादको आधारभूत मूल्यप्रतिको पक्षधरता र प्रतिबद्धताबाट प्राध्यापक पाण्डेयले आफूलाई 'उत्तर-माक्र्सवादी' कितामा उभ्याएका छन् । यो बडो अचम्मको स्थिति हो । त्यसैगरी, प्रा. डा. जगदीशचन्द्र भण्डारीले 'इतिहास चेतना र माक्र्सवादी समालोचना' शीर्षकको लेखले पनि  भ्रमपूर्ण चिन्तनलाई नै सघाउ पु¥याएको छ । 'नेपाली समालोचनामा प्रयोगको अवस्था' उपशीर्षकमा उनले पनि समालोचनात्मक कृतिको लामो सूची यसरी प्रस्तुत गरेका छन्, 'माक्र्सवादी समालोचनाको फाँटमा डिपी अधिकारीका यथार्थवादी समालोचना (2017), तारानाथ शर्माका घोत्ल्याइँ

(सन् 1964), मोदनाथ प्रश्रितको वैचारिक विकासका सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा (2025), चैतन्यका माक्र्सवादी कला दृष्टि र समीक्षा (2054), क्रान्ति र सौन्दर्य (2064), समीक्षा र सौन्दर्य (2065), माक्र्सवादी साहित्य चिन्तन (2070), डा. ऋषिराज बरालका माक्र्सवाद र उत्तर आधुनिकतावाद (2052) मोहन दुवालका साहित्यिक चिन्तनहरू (2052), चूडामणि रेग्मीका पारिजात परिचय र मुल्याङ्कन (2050), बालकृष्ण अधिकारीको नेपाली साहित्येतिहास लेखन : सर्वेक्षण र विश्लेषण (2066), घनश्याम ढकाललगायतका सम्पादनमा प्रकाशित माक्र्सवादी साहित्य र जनयुद्धको सौन्दर्य (2067) समालोचनाहरू छापिएका छन् । यसमा मिसमास चिन्तन हाबी छ र यसले प्राध्यापकीय समालोचनाको राम्रो उदाहरण प्रस्तुत गरेको छ ।

समालोचनामा जीवन्त र मृत, ह्रासोन्मुख र ऊध्र्वगामी प्रवृत्तिका बीच रेखाङ्कन हुनु आवश्यक छ । यो यथार्थको सामना नगरी कसरी समालोचनाको मूल्य पर्गेल्न सकिएला ! नयाँ यथार्थको मानकलाई डा. पाण्डे र प्रा. डा. भण्डारीले किन अनायास ओझेलमा पारेका हुन् अथवा के हो ? जिज्ञासाहरू उठिरहेका छन् । प्रा. डा. जगदीशचन्द्र भण्डारी, डा. ताराकान्त पाण्डेय, हेमनाथ पौडेल र रमेश भट्टराईजस्ता समालोचकहरूलाई कसरी लिने ? बहुदलीय जनवाद तथा नयाँ जनवादी क्रान्ति अर्थात् संसदीय धारा तथा क्रान्तिकारी धारा कहिलेदेखि एउटै भए ? समालोचना राजनीतिक धारासँगै विचारधाराको आधारमा अघि बढ्छ भन्ने मत राख्ने स्वयम् पाण्डेयहरूमा यस्तो चिन्तन देखिनुमा कुन त्रिनेत्रले काम गरयो ? यस किसिमको बुझाइप्रति प्रश्न उठ्नु सावाभाविक छ । लेनिनले भनेजस्तै कला - साहित्यलाई सर्वहारा वर्गको पार्टीको राजनीतिसँगै जोडेर लगिनुपर्ने आवश्यकतालाई उनले कहाँ-कसरी जोडेर

लैजान खोजेका हुन् ? बुझ्न कठिन भएको छ । के चैतन्य तथा डा. ऋषिराज बरालहरूसित मोदनाथ प्रश्रितलाई जोडेर “मार्क्सवादी समालोचनाको फाँटमा” भनेर राख्न मिल्छ ? यो त देउवा र प्रचण्डको मेलजस्तै टाउकाको मोल तोक्ने र तोकिनेहरूका बीचको अपूर्व मेल जस्तै भएन र ? वर्गीयता छोडिदियो भने लेखनमा विचलन आउँछ भन्ने विद्वान् प्रा.डा. भण्डारीको समालोचनाको यस्तो तरिकालाई अनौठो नै मान्नुपर्छ । यस्ता समालोचकीय गतिविधिले प्राडाहरूको वैचारिक स्तरमाथि नै गम्भीर प्रश्न खडा गरिदिएको छ ।

वर्गीय समाजमा चल्ने वर्गसङ्घर्षको प्रतिबिम्बन कलासाहित्यको क्षेत्रमा पनि विभिन्नरूपबाट पर्दैआएको छ । रूसको न्यायप्रेमी नाटक तथा चीनको **रातो लालटिन** गीति नाटकका समालोचना चिनियाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिपूर्व मञ्चित हाइजुइ पदबाट बर्खास्त गरियो नाटकको समालोचनाका आ - आफ्नै मापदण्ड रहेका छन् । माओकृत कला - साहित्यसम्बन्धी पाँच दस्ताबेज, जनताबीचका अन्तर्विरोधहरूको सही सञ्चालनमा ‘सयौँ फुलहरू फुल्ने दिने’ नीतिअन्तर्गत निर्धारित 6 बुँदे कसी र महान् सर्वहारा सांस्कृतिक क्रान्तिको समयमा गरिएको **जल किनारा**को आलोचना उल्लेखनीय छन् । कलासाहित्यको सिर्जनात्मक कार्य वर्गसङ्घर्षका उपज हुन् र मानवसमाज वर्गसङ्घर्षको इतिहास हो भन्ने कुरालाई मार्क्सवादी समालोचकहरूका समालोचनात्मक कार्यमा इमानदारीपूर्वक पालना नहुनु अवश्य पनि सुखद् सन्दर्भ हुनसक्तैन । मार्क्सवादी समालोचकले मार्क्सवादलाई बिर्सिएर समालोचना गर्नु भनेको सिपाहीले मोर्चामा हतियार बिर्सिनुजस्तै हो । मार्क्सवादी भनिएका नेपालका कतिपय समालोचकहरू मोर्चामा सिपाहीले हतियार बिर्सिएजस्तै भएका छन् । न्गुगी वा थ्योङ्गोले

भनेजस्तै लेखकको सिर्जनाबाट परजीवी वर्गका विरुद्ध लडिरहेका जनताले प्रेरणा र ऊर्जा पाउन सक्नुपर्छ ।

कुनै पनि लेखक जबसम्म नयाँ व्यवस्था, नयाँ समाज र मानवतामा आधारित भविष्यका लागि सङ्घर्षरत वर्ग र यसका मूल्यप्रति प्रशंसात्मक दृष्टिकोण अँगाल्दैन, तबसम्म उसले कहिले पनि यस विश्वलाई फेर्न सङ्घर्षरत शक्तिहरूलाई प्रेरित गर्न सक्तैन र यो कुरा प्रमुखरूपमा आफ्नो समयको वर्गसङ्घर्षमा कसको पक्षमा उभिएको छ भन्ने कुरामा नै भर पर्छ भन्ने कुरालाई माक्र्सवादी समालोचकहरूले विशेष ध्यान दिनैपर्दछ । कला साहित्यलाई राजनीतिले कमान्ड गरिरहेको हुन्छ । कतैकतै प्रगतिवाद र प्रगतिशीलतालाई एकै ठाउँमा राख्ने गरिएको पनि पाइन्छ । प्रगतिवादको आधार माक्र्सवाद हो भने प्रगतिशीलता मात्रै माक्र्सवाद होइन । प्रगतिशीलता सन्दर्भ र सम्बन्धहरूको अवस्था हो । सर्वहारावर्गीय विचारधाराका आधारमा राजनीतिले कलासाहित्यको नेतृत्व गरिरहेको हुन्छ । त्यसैले सर्वहारावर्गीय विचारधारा माक्र्सवादी समालोचनाको क्षेत्रमा गम्भीररूपमा आकर्षित हुन्छ ।

बहुलवादी दार्शनिक चिन्तनधारामा बगिसकेकाहरूलाई उनीहरूकै हितको लागि पनि स्पष्टरूपमा कित्ता छुट्याइ दिनुपर्दछ । जबजपन्थी, नवसंशोधानवादी - नवप्रतिक्रान्तिकारी र नयाँ जनवादी क्रान्ति पक्षधरहरूका दुवै हात एकैपटक पक्रेर हिँड्न खोज्नुको अर्थ के हो ? के यसले माक्र्सवादी समालोचकको द्वन्द्वात्मक दृष्टिकोण, लेखकीय प्रतिबद्धता, सौन्दर्यात्मक अवस्थिति, समाजबोधीय मानकलाई न्याय गर्ला ? यसले समकालीन नेपालको वस्तुगत यथार्थले न्याय गर्न नसक्ने कुरालाई बल पुराउँदै गएको छ । समाजवादको विकल्प पुँजीवाद हुनै

सक्तैन । सैद्धान्तिकरूपमा 'हुँदैन' भन्दा - भन्दै पनि व्यावहारिक रूपमा 'हुन्छ' को मार्ग अवलम्बन गर्नुले विचलनको स्थितिलाई मात्र सङ्केत गर्छ । माक्र्सवादलाई सङ्घर्षको दर्शन भनिन्छ । नेपालमा उत्तर - आधुनिकतावाद साम्राज्यवादको सांस्कृतिक हतियारका रूपमा जबर्जस्ती आयात गरिएको छ । यो क्रान्ति, साम्यवाद र मानवजातिको सुन्दर भविष्यका विरुद्ध परिलक्षित छ । यस्तो हुँदाहुँदै पनि नेपालमा माक्र्सवादी कला - साहित्यिक धारा मूलधारका रूपमा स्थापित छ । आज पनि नेपालका प्रगतिवादी स्रष्टाहरूले प्रतिक्रियावादी दमन, उत्पीडन र दासताको विरोध गर्दै मुक्ति र स्वतन्त्रता र नयाँ यथार्थको पक्षमा आवाज घन्काइरहेका छन् । बलिदान र वीरताको भावधारामा आफूलाई उभ्याउने प्रयास गरिरहेका छन् । नयाँ यथार्थ कुरूप संसारको ध्वंस र नयाँ संसारको निर्माण गर्ने दार्शनिक भावधारमा आधारित छ । साम्यवादी संस्कृतिले त्याग, वीरता र बलिदानका उदात्त, भव्य एवम् सुन्दर आदर्शहरूलाई सङ्केन्द्रित गरेको छ । यसले मालेमावादी सौन्दर्यमूल्य प्रदान गरेको छ ।

माक्र्सवादी समालोचनाको परम्परामा अहिले विविध किसिमका प्रवृत्तिहरू देखापरेका छन् । जीवनव्यवहारमा जे गरे पनि प्रगतिशील देखिने खालका रचनाहरू छन् भने तिनलाई प्रगतिवादी वा माक्र्सवादी साहित्यकार वा लेखक भनिदिने, लेखिदिने गरेको पनि पाइँन्छ । सचेत माक्र्सवादी समालोचकहरूले स्रष्टाको सिर्जना मात्र नभएर तिनको जीवनव्यवहार हेरेर तिनको रचनाको समालोचकीय मापन गर्नुपर्दछ । कृष्ण सेन 'इच्छुक' लाई शब्द र कर्मको बीचको सुन्दर एकत्व भएका स्रष्टाको रूप लिइन्छ । इच्छुकको रचनाको सोहीअनुसार सामालोचीय मापन गरिँदैआएको पनि छ । केही रचना वा कृतिहरू निकै सुन्दर र स्तरीय हुँदाहुँदै पनि मोदनाथ

प्रश्रितहरूको आज मानकीय परिस्थितिमा ठूलो फेरबदल आएको छ । आज प्रश्रितका शब्द र कर्मका बीचमा निकै ठूलो अन्तराल देखापर्न थालेका छन् । यस्तो परिस्थितिलाई माक्र्सवादी समालोचकहरूले विशेष ध्यान दिनैपर्दछ । जनताका समालोचकहरू शब्दको मात्र मान्छे होइन, शब्द र कर्मका बीचमा एकत्वको मान्छे बन्नु आवश्यक छ । विचार एकातिर र व्यवहार अर्कोेतिर हुनै सक्तैन । क्रान्तिकारी विचार र व्यवहारबाट मात्र हाम्रो कलासाहित्यले उत्तरआधुनिकतावाद, उपभोक्तावाद लगायतका शक्तिशाली दुस्मनको मुकाबिला गर्न सकिन्छ । प्रतिध्रुवीय कित्तासित गुत्थमगुत्थ्वाको आजको यस्तो भीषण लडाइँलाई अझै मात्रा र गुण दुबैमा माथि उठाउनु जरुरी छ ।

मालेमावादी स्रष्टाहरूमा एक समय शब्द र कर्मको सुन्दर समायोजन भएको थियो, त्यो क्रम अहिले केही कमजोर भएको प्रतीत भए पनि त्यो विरासत धान्ने माक्र्सवादी स्रष्टाहरूको ठूलो पङ्क्ति अहिले पनि सुरक्षित रहेको छ । केहीबेरमै बलिदानको कोटा चुक्ता गर्नुपर्ने कुरा थाहा भएरै पनि आफूलाई सिर्जनामा अभ्यस्त गराएका स्वदेश तथा विदेशमा थुप्रै उदाहरण ताजा नै छन् । माक्र्सवादी समालोचकहरूले यो कुरालाई गम्भीररूपले मनन गर्नुपर्दछ । बाबुआमाको श्राद्धे नगर्ने तर गणेश बसेर दक्षिणा लिनेहरूले जस्तोसुकै राम्रा रचना सिर्जना गरे पनि त्यो अर्थहीन हुन्छ । त्यस्ता कृतिलाई माक्र्सवादी कृति र त्यस्ता रचनामा एकोहोरो ढङ्गले माक्र्सवादी समालोचना भनेर गरिएका विश्लेषण माक्र्सवादी कर्म हुन सक्तैन । त्यसैले शब्द र कर्मका बीचमा एकत्वको खोजी गर्नु माक्र्सवादी समालोचकहरूको दायित्व बन्न पुगेको छ ।

साहित्यका अन्य विधाहरूमा जस्तै माक्र्सवादी समालोचनाका पनि विभिन्न चुनौतीहरू छन् । यो क्षेत्रमा कतिपय समस्या योजनाबद्ध रूपमा ल्याइएका छन् भने कतिपय चुनौती अज्ञानता, असावधानी तथा सर्वप्रिय लालसाका कारण पनि खडा भएका छन् । माक्र्सवादी समालोचनाका चुनौतीलाई यसरी सूत्रीकरण गर्न सकिन्छ -

क) माक्र्सवादी समालोचनाका क्षेत्रमा प्रतिध्रुबीय धाराका विरुद्धको चुनौती मुख्य चुनौतीका रूपमा रहेको छ । यसले निरन्तर उत्तरआधुनिकतावादी, शून्यवादी, बहुलवादी आदिका माध्यमबाट जनताको वर्गीय आन्दोलनका विरुद्ध विषवमन गरिरहेको छ । संस्थागत तथा व्यक्तिगत रूपमा यस्ता हमलाकारीको सङ्ख्या ठूलो रहेको छ । यसलाई परम्परागत सत्तासंयन्त्रको ठूलो टेकोपोडो पनि भइरहेको छ । माक्र्सवादी समालोचानमाथि भइरहेका हमलाका विरुद्ध योजनाबद्धरूपमा प्रतिरोध गर्नु आवश्यक छ ।

ख) संशोधनवाद - नवमाक्र्सवाद, 'उत्तरमाक्र्सवाद' पनि माक्र्सवादी समालोचनाका लागि चुनौतीका रूपमा रहेका छन् । नेपालमा रातो झन्डा बोकेर रातो झन्डालाई सिध्याउन केही शक्ति लागिरहेझैँ यसको उद्देश्य माक्र्सवादको खोल ओढेर माक्र्सवादलाई सिध्याउनु रहेको छ । यसको मुख्य उद्देश्य माक्र्सवादको भ्रष्टीकरण गर्नु हो । नेपालमा खगेन्द्र सङ्ग्रौला, प्रदीप नेपाललगायत माओवादका नाममा यथास्थितिवादको अभ्यास गर्नेहरूले यस किसिमको चुनौती खडा गरिरहेका छन् । यसका विरुद्ध माक्र्सवादी समालोचनाका माध्यमबाट तीव्र वैचारिक सङ्घर्ष चलाउनु आवश्यक छ ।

ग) कलालाई राजनीतिबाट अलग्याउने प्रयास विभिन्न तवरबाट हुँदै आएको छ । उनीहरूको मूल उद्देश्य वर्गसङ्घर्षको धारलाई भुत्ते बनाउनु हो । प्रतिध्रुवीय रूपवादीहरूका साथै तमाम संशोधनवादी, नवरूपवादीहरूले यस किसिमका हर्कत गर्दैआएका छन् । कला समीक्षाको माक्र्सवादी मापदण्डको विरोध गर्नुलाई उनीहरूले आफ्नो नियमित कार्यसूची बनाएका छन् । माक्र्सवादी सौन्दर्यचिन्तन र कला समीक्षाको क्षेत्रमा निरन्तर आक्रमण गरिरहेका रूपवादीहरूका विरुद्ध कडा वैचारिक सङ्घर्ष गर्नु माक्र्सवादी समालोचनाको अहम् दायित्व हो ।

घ) समालोचनाको क्षेत्रको अस्तव्यस्तता पनि अर्को चुनौतीका रूपमा रहेको छ । कुनै कृति वा रचनामाथि गरिएको समालोचनाको आधिकारिता कठिन छ । प्रायोजित समालोचनाले कृति र कृतिकारहरूको दिनप्रतिदिन मृत्यु भइरहेको छ । प्रायोजित समालोचनाका विरुद्ध वैज्ञानिक र वस्तुपरक समालोचनात्मक आधार खडा गर्नु पनि माक्र्सवादी समालोचनाको अर्को महŒवपूर्ण कार्यभार हो ।

ङ) श्रेणीगत विभाजनले पनि माक्र्सवादी समालोचनामा समस्याहरू थपेको छ । डा. पाण्डेयले माक्र्सवादी समालोचकहरूलाई वरिष्ठ पुस्ता, स्थापित पुस्ता, क्रियाशील पुस्ता र नवोदित पुस्ता भनेर गरेको श्रेणीगत विभाजन गलत छ । स्रष्टा-सर्जकहरूलाई यसरी खण्डखण्डमा विभाजन गर्नु सही हुँदैन । वस्तुगत आवश्यतालाई पूरा गर्ने क्षमता, साहस जोसित हुन्छ, त्यो नै स्थापित हुन्छ । अग्रजहरूलाई सम्मान गर्नुपर्छ, उनीहरू हाम्रा आदर्श हुन् । त्यो आदर्शको रक्षा गर्दै नयाँ पुस्तालाई अग्रसर गराउनुपर्छ । तर आदर्शको बाटोमा अग्रसर हुने क्षमतावान् पुस्ताको पनि आवश्यकता

हुन्छ । आदर्श र सक्षम पुस्ताको उचित संयोजन गरेर मात्रै हामीले माक्र्सवादी समालोचनाको क्षेत्रमा उल्लेख्य योगदान दिन सक्छौँ ।

च) अहिले प्राध्यापकीय समालोचना (मूलतः कृतिपरक) का विविध रूपहरू देख्न पाइन्छ । यस्ता समालोचनाहरू एकाङ्गी रहेका छन् । माक्र्सवादी कोणबाट गरिएका भनिएका कतिपय समालोचनाहरू पनि अपूर्ण रहेका छन् । समालोचकहरूले कृतिको विश्लेषण मात्र गरिरहेका हुँदैनन्, सारमा उनीहरूले दार्शनिक तथा वैचारिक क्षेत्रको काम गरिरहेका हुन्छन् । गैरमाक्र्सवादीहरूसितको सङ्घर्षभन्दा माक्र्सवादी आवरणामा गैरमाक्र्सवादको अभ्यास गर्नेहरूसितको सङ्घर्ष कयौँ गुणा पेचिलो हुन्छ । यस किसिमको प्रवृत्ति अहिले माक्र्सवादी समालोचनाको क्षेत्रमा चुनौती बनेर खडा भएको छ । यसबारे माक्र्सवादी समालोचकहरू गम्भीर हुनु आवश्यक छ । चुनौतीबाट भाग्ने होइन कि चुनौतीसित लड्ने कुरा नै माक्र्सवादसम्मत हुन्छ ।

## 5.3.18 विधागत समालोचना

विभिन्न साहित्यिक विधा केन्द्रित भई सैद्धान्तिक र प्रयोगात्मक समालोचना लेखिने विधापरक समलाचना हो । यता विधापरक समालोचना पनि विकसित भएको देखिन्छ । यद्यपि कथा, उपन्यासबारे बढी लेखिएका छन् भने निबन्ध, नाटक विधामा भने न्यून देखिन्छ । कथा समालोचना क्षेत्रमा डा शान्ति थापाद्वारा सम्पादित असमेली नेपाली कथा यात्रा प्रकाशित छ । कविताभित्रका गजल, गीत , उपविधाका समालोचना पनि देखा परेका छन् । गजल समालोचनाको क्षेत्रमा जमदग्नि उपाध्यायद्वारा सम्पादित गजल सिद्धान्त एवं विकास यात्रा) 2016 (मुख्य रूपमा

यसतर्फ देखिन्छन् । निबन्ध समालोचनामा आदि मात्र देखा पर्छन् भने नाटक समालोचनामा पनि थोरै नै विकसित भएको पाइन्छ।

### 5.3.19 शैलीवैज्ञानिक समालोचना

कृतिभित्रको शैली पक्षलाई लिएर लेखिएको यस्तो समालोचना हो। कृतिको वाक्य, अर्थ, शब्द, रूप विन्यास, सङ्केत अक्षर विन्यास आदिका माध्यमबाट व्याख्या विश्लेषण गरिने शैली वैज्ञानिक समालोचना भने यता त्यति बढी नदेखि तापनि यदाकदा देखिन्छ। यसअन्तर्गत ज्ञानबहादुर छेत्री, डा. दैवकीदेवी तिम्सिना आदि थोरै देखा परेका छन्।

### 5.3.20 व्यक्तिकेन्द्री समालोचना

आज भारत र नेपाल दुवै देशबाट व्यक्तिकेन्द्री समालोचना पनि फस्टिन लागेको छ। यहाँका विशिष्ट सर्जकहरूको कृतित्व र व्यक्तित्वमाथि प्रकाश पारिएका पुस्तक निकै भएका छन्। जस्तो अविनाश श्रेष्ठद्वारा सम्पादित हरिभक्त कटुवाल स्मारक ग्रन्थ, पुष्पलाल उपाध्याय, विष्णुलाल उपाध्याय, हरिप्रसाद गोर्खा राई, लीलबहादुर छेत्री, दुर्गाप्रसाद घिमिरे, नवसापकोटा, जयन्तकृष्ण शर्मा, होमबहादुर छेत्री, गीता उपाध्याय, दुर्वासा उपाध्याय आदि प्रकाशित छन्। अभिनन्दन ग्रन्थ, कुनै पत्रिकाको अभिनन्दन विशेषाङ्क आदिको रूपमा यस्ता विशिष्ट स्रष्टाहरूको व्यक्तिकेन्द्री समालोचना फस्टिएको देखिन्छ।

### 5.3.21 कृतिकेन्द्री समालोचना

एउटै विशिष्ट कृतिमाथि समालोचना गरिएको एउटा सिङ्गै पुस्तक नै प्रकाशित हुने चलन पनि बढेर गएको देखिन्छ। यसो हुँदा त्यो कृतिको विशेष महत्त्व बढेर जान्छ। त्यस कृतिभित्र निहीत यावत् तथ्य, पक्ष र विशेषताहरूको समुचित अध्ययन हुन्छ। छविलाल उपाध्यायका दुइवटा

कृति शाकुन्तल महाकाव्य एक दृष्टि (2001) र महाकवि देवकोटाको व्यक्तित्व र मुनामदन (2005) आदि देखा परेका छन्।

### 5.3.22 शैक्षणिक वा प्रयोजनपरक समालोचना

पाठ्य पुस्तकको आवश्यकता बमोजिम र विद्यार्थीहरूको शैक्षिक तहअनुरूप बजार भावलाई हेरेर व्यवासायिक रूपमा लेखिने खालको समालोचनालाई शैक्षणिक तथा प्रयोजनपरक समालोचना भनिने गरिन्छ । वर्तमानमा यस प्रकारको समालोचनाको धैरै विकास भएको पाइन्छ । भारतलगायत नेपाल देशका विभिन्न विद्यालय, महाविद्यालयमा माध्यमिक तहदेखि स्नातकीय तहसम्मका विद्यार्थीका निम्ति सहयोगी वा निर्देशिका तथा गाइड बुक्स आदिका रूपमा देखा पर्छन् । यसमध्ये कुनै स्तरीय नै हुन्छन् भने कुनै हल्का - फुल्का, टिपोट मात्र पनि पाइन्छन् । यस्ता किताबलाई समालोचना ग्रन्थको रूपमा मान्यता दिन भने मिल्दैन ।

## 5.4 उपसंहार

कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताताको विवेचनलाई समालोचना भनिन्छ । साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ । **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ । समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ । यसलाई कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ ।

समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।

नेपाली समालोचनालाई सैद्धान्तिक र प्रायोगिक, आन्तरिक र बाह्य, कृतिपरक, स्रष्टापरक, विधापरक र साहित्येतिहासकपरक जस्ता प्रकारहरूमा छुट्याएर हेर्ने परम्परा रहेको पाइन्छ । समालोचनाको समग्र प्रवृत्तिलाई आधार मानेर नेपाली समालोचनामा देखिएका मुक्य प्रवृत्तिहरूलाई अध्ययन गर्दा मुल रूपमा सैद्धान्तिक समालोचना, ऐतिहासिक समालोचना, जीवनीपरक समालोचना, तुलनात्मक समालोचना, वर्णनात्मक समालोचना, निर्णात्मक समालोचना, व्याख्यात्मक समालोचना, प्रभाववादी समालोचना, मिथकीय समालोचना, प्रगतिवादी समालोचना, रूपवादी समालोचना, उत्तर - आधुनिकतावादी समालोचना, पर्यावरणीय समालोचना, समाजवादी समालोचना, माक्सवादी समालोचना, शैली वैज्ञानिक समालोचना आदि प्रवृद्धिहरू देखिन्छन् ।

समालोचनाको विभिन्न पद्धतिहरू मध्ये माक्र्सवादी समालोचनाको भ्रष्टीकरण विरूद्धको सन्दर्भले यससम्बन्धी आधारभूत मूल्य - मान्यताको माग गर्दछ । विचारधारात्मक रूपमा प्रष्टता नभईकन न कोही माक्र्सवादी हुन्छ, न कसैले गरेको समालोचना नै माक्र्सवादी हुन्छ ! बुर्जुवा विचार-चिन्तनको गलगाँड बोकेर न कसैले माक्र्सवादी समालोचना गर्नसक्छ, न त उसले गरेको समालोचना नै माक्र्सवादी हुन्छ । माक्र्सवादी समालोचकहरू उत्पादन र विकास गरेर हामीले यस क्षेत्रको आवश्यकता पूरा गर्न सक्छौं । समालोचनालाई नै समालोचना ठानिरहेको र खिया लागेका औजारलाई नै सिद्धान्तको रूपमा बुझ्दै आएको अवस्थाबाट मुक्त हुनुपर्ने सङ्केत समालोचक गौतमले यस पुस्तकमा

गरेका छन् । समालोचना र सिद्धान्तलाई कारिन्दाली जरुरतबाट मुक्ति दिनु नै नेपाली साहित्यको अहिलेको आवश्यकता रहेको देखिन्छ ।

समालोचनाशास्त्रको यथास्थितिवादलाई तोडेर नवीन खोज र अनुसन्धानतर्फ अगाडि बढ्दै गरेको उत्सुकतालाई सम्बोधन गर्ने काम गर्दछ । आजका पुस्तकहरूको मूल ध्येय भने उत्तरआधुनिक आह्वानलाई महत्त्व दिनु र त्यसैलाई केन्द्रमा राखेर विभिन्न विचारसिद्धान्तहरूको / व्याख्यागर्नु रहेको छ । अहिलेको चिन्तनतन्त्र र जीवनतन्त्रलाई हाँक्न उत्तर - आधुनिकतावाद पनि अपर्याप्त बन्दै गएको भन्दै आविष्कारात्मक उत्तर - आधुनिकतावादको पक्षमा उभिएका छन् समालोचकहरू ।

## 5.5 सार

यस प्रखण्डमा **नेपाली समालोचनाको मुख्य प्रद्धतिहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ कुनै वस्तु - विषय आदिको गुण , दोष तथा उपयुक्तताको विवेचनलाई समालोचना भनिन्छ ।

❖ साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना, विवेचना, समीक्षा पनि भनिने गरिन्छ ।

❖ **समालोचना**ले कुनै वस्तु , विषय, त्यसको लक्ष्य आदिलाई ध्यानमा राख्दै त्यसको गुण - दोष आदिको विवेचना गर्दछ ।

❖ समालोचनाले उत्कृष्ट क्षमतालाई प्रदर्शन गर्दछ, यसले बस्तुनिष्ठता, प्रमाणिकता र सत्यनिकटता प्रदान गर्दछ ।

- समालोचनालाई कुने साहित्यिक कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न चरणहरु, मान्यताहरु, भाषा, ब्याकरण आदिमा तर्कबद्ध र विधिसङ्गत रुपमा गरिन्छ ।
- समालोचना कार्यले ओझेलमा परेका ब्यक्ति र कृति, कृतिकार, साहित्यको इतिहास, विभिन्न वाद - धाराहरु, मान्यताहरु आदिलाई उजागार गर्दछ, प्रकाशमा ल्याउँछ ।
- नेपाली समालोचनालाई सैद्धान्तिक र प्रायोगिक, आन्तरिक र बाह्‍य, कृतिपरक, स्रष्टापरक, विधापरक र साहित्येतिहासकपरक जस्ता प्रकारहरूमा छुट्याएर हेर्ने परम्परा रहेको पाइन्छ ।
- समालोचनाको समग्र प्रवृत्तिलाई आधार मानेर नेपाली समालोचनामा देखिएका मुक्य प्रवृत्तिहरूलाई अध्ययन गर्दा मुल रूपमा सैद्धान्तिक समालोचना, ऐतिहासिक समालोचना, जीवनीपरक समालोचना, तुलनात्मक समालोचना, वर्णनात्मक समालोचना, निर्णात्मक समालोचना, व्याख्यात्मक समालोचना, प्रभाववादी समालोचना, मिथकीय समालोचना, प्रगतिवादी समालोचना, रूपवादी समालोचना, उत्तर - आधुनिकतावादी समालोचना, पर्यावरणीय समालोचना, समाजवादी समालोचना, माक्सवादी समालोचना, शैली वैज्ञानिक समालोचना आदि प्रवृद्धिहरू देखिन्छन् ।
- समालोचनाको विभिन्न पद्धतिहरू मध्ये माक्र्सवादी समालोचनाको भ्रष्टीकरण विरूद्धको सन्दर्भले यससम्बन्धी आधारभूत मूल्य - मान्यताको माग गर्दछ ।
- विचारधारात्मक रूपमा प्रष्टता नभईकन न कोही माक्र्सवादी हुन्छ, न कसैले गरेको समालोचना नै माक्र्सवादी हुन्छ !

- ❖ समालोचना र सिद्धान्तलाई कारिन्दाली जरुरतबाट मुक्ति दिनु नै नेपाली साहित्यको अहिलेको आवश्यकता भएको बुझिन्छ ।
- ❖ समालोचनाशास्त्रको यथास्थितिवादलाई तोडेर नवीन खोज र अनुसन्धानतर्फ अगाडि बढ्दै गरेको उत्सुकतालाई सम्बोधन गर्ने काम वर्तमान नेपाली कृतिहरूले गरेको छ ।
- ❖ अहिलेको चिन्तनतन्त्र र जीवनतन्त्रलाई हाँक्न उत्तरआधुनिकतावाद पनि अपर्याप्त बन्दै गएको भन्दै आविष्कारात्मक उत्तर - आधुनिकतावादको पक्षमा उभिएका छन् समालोचकहरू ।
- ❖ अभ्यासमा आउने पात्र र समाजको अवस्थाले सिद्धान्त प्रभावित हुने मान्यतामा अनेक विचार सिद्धान्तहरूको सम्मिक्षण आजको कृतिहरूमा भएको पाइन्छ । यसर्थ यसलाई समलोचनाले मात्र पारखी गर्नु सक्दछ ।

यस प्रखण्डको अध्ययनले **नेपाली समालोचनाको मुख्य प्रद्धतिहरू**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त समालोचनाको सैद्धान्तिक परिचय र नेपाली समालोचनामा के कस्ता पद्धतिहरू छन् भन्ने विषय सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 5.6 अनुशीलनी

1. समालोचनाको धारणाबारे चर्चा गर्दै यसको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. समालोचनाको उत्तप्तिलाई केलाउँदै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3.नेपाली साहित्यमा समालोचनाको महत्त्व, मूल्य र आवश्यक्ता के कस्तो रहेको ठान्नुहुन्छ ? बताउनुहोस् ।

Notes

4. नेपाली समालोचनामा प्रमुख पद्धतिहरूबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

5. नेपाली समालोचनामा कुन कुन प्रवृत्तिलाई प्रमुख ठान्न सकिन्छ ? आफ्नो मनतब्य प्रस्तुत गर्नुहोस् ।

6. नेपाली समालोचनाको विकासमा समालोचकहरूले पुराएको योगदानबारे अधययन प्रस्तुत गर्नुहोस् ।

7. नेपाली समालोचनाको प्रमुख समालोचकहरूका समालोचना प्रवृत्तिबारे विवेचना गर्नुहोस् ।

८. समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9. समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. आधुनिक नेपाली समालोचनाका मुख्य समालोचकहरूका समालोचकीय वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 5.7 अतिरिक्त अध्ययन

1. पोखरेल, माधव प्रसाद - **पाश्चात्य समालोचनामा मनोरचना विज्ञान** ।

2. तिलक, रघुकुल - **हिस्ट्री एन्ड प्रिन्सिपल्स अफ लिटरेरी क्रिटिसिज्म**।

3. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।

4. विम्सेट र ब्रुक्स - **लिटरेरी फिटिसिज्म ए सर्ट हिस्ट्री** ।

5. त्रिपाठी, वासुदेव - **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, पहिलो भाग ।

6. चैहान, शिवदान सिंह- **आलोचना के सिद्धान्त** ।

7. चैतन्य - **विचारधारा, अन्तर्वस्तु र माक्र्सवादी समालोचना** ।

8. माओत्सेतुङ - **साहित्य र कलासम्बन्धी पाँच दस्ताबेज**, अनु. भोगीराज चाम्लिङ ।

9. डा. ताराकान्त पाण्डेय - **प्रवर्तक** , 5, वैशाख - आश्विन, वि. सं. 2072 ।

10. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

11. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

12. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन ।**

13. खतिवडा, बलराम - **कृतिपरक समालोचनाको विकास** ।

14. न्यौपाने, दीपक - **नेपाली समालोचनाको अध्ययन** ।

15. छेत्री, देवबहादुर - **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर** ।

16. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति** ।

17. कँडेल , घनश्याम - **नेपाली समालोचना** ।

18. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ ।**

19. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास** ।

20. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

21. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

22. बाकुनिन, मिखाइल - **साहित्यको अपहरण** ।

23. मुकारूङ, श्रवण - **राजनीति र नयाँ नेपाली साहित्यको सवाल** ।

24. Abrams, M.H., **A Glossary of Literary Terms**, Prism Books Pvt. Ltd, Bangalore, India

25. Adams, Hazard, (2000), **Critical Theory since Plato**, Harcourt Brace Jovanovich Publisher.

26. Kant, I. (1788). ***The critique of practical reason.*** (T. K. Abbot, Trans.) ?: ?

27. Macann, C. (1993). ***Phenomenological philosophers.*** New York: Routledge.

28. Palmer, R. E. (1969). ***Hermeneutics: Interpretation theory in Schleirmacher,*** *Dilthey, Heidegger and Gadamer.* Evanston: Northwestern University Press.

यस अतिरिक्त **समालोचनाको मुख्य प्रवृतिहरू**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 5.8 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. प्रवृत्तिको अर्थ र परिभाषा ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नेपाली समालोचनाको प्रमुख प्रद्धतिहरू ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**( प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. ऐतिहासिक, जीवनीपरक र तुलनात्मक समालोचना ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**( प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4.2, 5.4.3 र 5.4.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. रूपवादी, पर्यावरणीय र माक्सवादी समालोचना ।

.........................................................................................

.........................................................................................

.........................................................................................

**( प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 5.4.13, 5.4.15 र 5.4.17 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 6, नारीवाद समालोचना र नेपाली नारी समालोचकहरू

**संरचना**

6.0 उद्‌देश्य

6.1 परिचय

6.2 नारीवादको सामान्य परिचय

6.3 नारीवादी समालोचनाको अवधारणा

6.4 नारीवादी समालोचना धारा

6.5 नेपाली नारी समालोचकहरू

6.6 उपसंहार

6.7 सार

6.8 अनुशीलनी

6.9 अतिरिक्त अध्ययन

6.10 मूल्यबृद्‌धिको निम्ति उत्तर

## 6.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नु हुनेछ :

- नारीवादको सामान्य परिचय
- नारीवादी समालोचनाको अवधारणा
- नारीवादी समालोचना धारा
- नेपाली नारी समालोचकहरू

## 6.1 परिचय

नारीवादी सिद्धान्त पाश्चात्य साहित्य सिद्धान्तमा आधारित सांस्कृतिक अध्ययन पद्धतिको एउटा महत्वपूर्ण पक्ष हो । यो सिद्धान्तको विकाश पाश्चात्य साहित्य परम्परामा भए पनि अहिले आएर विश्व साहित्य र राजनीतिमा प्रभाव पार्न सफल सिद्धान्त हो । नारीवादी सिद्धान्तका मूलभूत विशेषतामध्ये नारी दमनको अवस्था र त्यसमा नारीले गरेको प्रतिरोधलाई आधार मानेर विश्लेषण गरिने गरिन्छ । नारीवादी सिद्धान्तका यी पक्षहरूका अतिरिक्त अन्य कलात्मक पक्षहरूको विश्लेषण प्रस्तुत लेखमा गरिएको छैन । नारीवादी सिद्धान्तका आधारमा विश्लेषण गर्न चाहने सिकारुहरूका लागि प्रस्तुत लेख सहयोगी सामग्रीका रूपमा रहेको छ ।

नारीवादी सिद्धान्तको आरम्भ 20 औँ शताब्दीमा पाश्चात्य साहित्य समालोचनाबाट भएको हो । नारी समस्याप्रति पहिलेदेखि नै आवाज उठ्दै आएको भए पनि भर्जिना उल्फ, साइमन ड बुभाजस्ता सशक्त प्रतिभाहरूको उदयपछि यसले अभैm बढी व्यापकता पाउँदै आएको छ । उत्तर आधुनिक साहित्य सिद्धान्तको महत्वपूर्ण उपलब्धिका रूपमा नारीवादी सिद्धान्त रहेको छ । यसले कृतिभित्र नारीलाई कसरी प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण गर्छ । यस सिद्धान्तमा नारीको अवस्था मात्र चित्रण नगरेर पितृसत्ताले नारीमाथि कसरी दमन गरेको छ, अनेक सामाजिक मिथकहरूले नारीलाई कसरी सीमान्तकृत तुल्याएको छ भन्ने कुराको साथै नारीले पितृसत्ताका विरुद्ध प्रतिरोध गर्दै आएको अवस्थाको समेत विश्लेषण गर्छ । कतिपय समालोचकहरू नारीका भावनाहरू नारीकै कृतिमा मात्र समेटिने विचार राख्छन् । नारीवादी

सिद्धान्तले कृतिभित्र नारीको उपस्थिति, त्यसमा पितृसत्ताको दमन, नारीको प्रतिरोधका साथै नारीका कृतिमा नारीलाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयलाई हेरिन्छ ।

## 6.2 नारीवादको सामान्य परिचय

अंग्रेजी शब्द फेमिनिज्म (Feminism) - को नेपाली रुपान्तर नारीवाद हो । नारीकेन्द्री सन्दभबाट नारीका हक हित र समानताको पक्षमा आवाज उठाउनुलाई नारीवाद भनिन्छ । नेपाली बृहत् शब्दकोशमा नारीवादको अर्थ नारी अस्मिता वा नारीस्वतन्त्रता प्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन भन्ने छ । विश्वमा प्राचीन समय देखि नै प्रबल रहेको पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिन्ह खडा गर्ने नारीवादले पुरुषद्धारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरुपको विरोध गरेको पाइन्छ ।

नारीहरुको सामाजिक, आर्थिक एवं साँस्कृतिक स्वतन्त्रता तथा समानताका लागि सञ्चालित राजनैतिक आन्दोलनसँग नारीवादी साहित्य तथा समालोचनाको घनिष्ठ सम्बन्ध छ । नारीहरुको सोचाइ, अनुभव, क्रियाकलाप एवं गतिविधिहरुलाई विशेष महत्व दिने नारीवादले पुरुषद्वारा स्थापित नारीसम्वन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको चरित्रचित्रण आदिलाई नकार्दै नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्न जोड दिएको छ । महिलाका भावना, अनुभूति, अनुभव, समस्या, कुण्ठा, विकार, यौनसम्वन्धी दृष्किोण आदि महिलाकै कलमबाट सिर्जना हुँदा ती जति बढी प्रामाणिक र वस्तुगत हुन्छन् त्यति पुरुषहरुद्वारा सिर्जित रचनाहरुबाट हुदैनन् भन्ने दृष्टिकोण र मान्यता विगत केही दशक देखि

स्थापित भईसकेको र नारीवादी चिन्तकहरुले पनि यसै मान्यतामाथि जोड दिएका छन् ।

पश्चिमी मुलुकमा नारीमुक्तिको सङ्घर्ष धैरै अघिदेखि चलेको पाइए तापनि नारीवादी आन्दोलन, नारीवादी साहित्य सिर्जना र समालोचनाको वास्तविक थालनी स्न 1960 को दशकदेखि मात्र भएको देखिन्छ । त्यसबेलासम्म समाजमा र कानुनमा नारीको अवस्था अत्यन्तै दुखद् र प्रतिकूल रहेको पाइन्छ । अरस्तुले केही गुणहरुको कमीका कारण नारी नारीभएको हो भनेर नारीलाई कमजोर सावित गर्न खोजेका छन् । सेन्ट टमस एक्विनसले पनि नारीको खोट देखाउँदै नारीलाई अपूर्ण मानिस भनी उल्लेख गरेका छन् । मनोविश्लेषक फ्रायडले पनि नारीमा शिश्न इष्र्या हुन्छ भन्ने सन्न्दभबाट नारीको निर्यातलाई शारीरिक बनोटगत अर्पूणताको परिणाम मानेका छन् । नारीवाद यस्तै यस्ता नारीविरोधी दृष्टिकोणका विपक्षमा देखिएको छ । प्रायः सबै चिन्तक, दार्शनिक, नेता, वैज्ञानिक आदि पुरुष् भएका कारण नै नारीलाई हीनतर मानेका हुन् भन्ने धारणा नारीवादीहरुले व्यक्त गरेका छन् । नारीहरुलाई हीन तुल्याँउने कार्य प्रकृतिले नभएर सामाजिक व्यवस्थाले गरेको हो भन्ने दृष्टिकोण नारीवादीहरुको रहेको छ । नारीका यिनै विविध पक्षसँग सम्बद्ध साहित्य एवं समालोचनालाई नारीवादी साहित्य तथा समालोचना भनिन्छ । नारीवाद र नारीवादी समालोचनालाई स्पष्ट पार्न नारीका केही ऐतिहासिक तथ्यंहरु बारे जान्न आवश्यक छ ।

नारीको पक्षमा गरिने वकालत नारीवाद हो । नारीविरुद्ध लिङ्गकै आधारमा गरिने भेदभाव, सामाजिक, राजनैतिक, आर्थिक तथा वैचारिक शोषण विरुद्ध आन्दोलनका रूपमा स्थापित चिन्तन नारीवाद हो ।

नारीवाद धेरै पहिलेदेखि आन्दोलनका रूपमा चलेको र बीसौँ शताब्दीको मध्यतिर उत्तरआधुनिक साहित्यको सशक्त आन्दोलनका रूपमा स्थापित भएको पाइन्छ । नारीवादी आन्दोलनमा विशेषतः पाश्चात्य जगत्का नारी प्रतिभाहरूले महŒवपूर्ण योगदान दिएका छन् । सन् 1920 को दशकदेखि नारी आन्दोलनमा भिन्न धारणाको आरम्भ भयो । यसै समयावधिमा भर्जिना उल्फ ब् च्ययm या इलभ’क इधल 9ज्ञढद्दढ0 कृति मार्पmत नारीवादसम्बन्धी नयाँ मान्यताका साथ देखापर्छिन् । पितृसतात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा सांस्कृतिक प्रतिकूलता छर्लङ्ग पारिएको छ । नारीवादी आन्दोलन पहिलेदेखि नै आरम्भ भए पनि बिसौँ शताब्दीको आरम्भबाट सशक्त रूपमा अगाडि बढेको हो । भर्जिना उल्फले नारीवादी आन्दोलनलाई नयाँ तरिकाले स्थापित गराएकी छन् । उनले नारीका दृष्टिबाट पितृसतात्मक संरचनाको विपरीत नयाँ संरचनाको खोजी गरेकी छन् ।

नारीवादी आन्दोलनलाई अझ सशक्त बनाउने लेखिका हुन् साइमन ड बुभा । फ्रान्सेली लेखिका बुभाको त्जभ क्भअयलम क्भह 9ज्ञढद्धढ0 को प्रकाशन पछि त यस आन्दोलनले व्यापक चर्चा पाएको देखिन्छ । बुभाले समाजमा नारीको स्थिति र भुमिका बारे प्रश्न उठाउँदै नारीको पहिचान सम्बन्धी विस्तृत समीक्षा गरेकी छन् । पुरुष लेखकका कृतिमा वर्णित नारीसम्बन्धी महान् सामुदायिक मिथकहरूको विश्लेषण गरेकी छन् । नारीलाई समाजमा निम्न, अधीनस्थ र दोस्रो दर्जाका नागरिक तुल्याइएको छ र पितृसतात्मक समाजमा यसै स्थितिलाई कायम राखी नारीमाथि दमन गरिएको छ भन्ने मुख्य निष्कर्ष रहेको छ (शर्मा र लुइटेल, 2073ः373) । नारी आन्दोलनलाई उचाइ प्रदान गर्न साइमन ड बुभाको आगमन पछि नयाँ आयाम थपिएको छ । उनले नारीका दृष्टिबाट कृति

अलग हुने धारणा राखेकी छन् । पुरुषका कृतिहरूमा सही अर्थमा नारीका भावना नसमेटिने हुनाले नारीका भावना नारीकै कृतिमा मात्र पाउन सकिने विचार बुभाले प्रस्तुत गरेकी छन् ।

फेमिनिजम एण्ड डिकन्स्ट्रक्सनमा डायन एलमको उद्गार छ कि स्त्रीवाद र विसङ्घटनको मिलन हामीलाई नारीको असिम सम्भावनामा सचेत पार्छ । नारीलाई कहिल्यै रित्तिने गरी देखाउन सकि“दैन, नारीसम्बन्धी सोचलाई एकल, अविभाजित, अधिनतामा ल्याउन सकिँदैन । नारीका बारेमा अनेक धारणाहरू साहित्यिक कृतिमा आउँछन् तर नारी यही नै हो भन्न सकिँदैन, ऊ भित्र असीम सम्भावनाहरू रहेका हुन्छन् । नारीसम्बन्धी सोचलाई बहु दृष्टिबाट हेर्नु पर्ने धारणाको विकास पनि पछिल्लो समयमा विकास हुँदै आएको छ । नारी केन्द्रित परिप्रेक्षबाट नारी हक, हित र समानताको पक्षधरतालाई नारीवाद भनिन्छ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण, पूर्वाग्रह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्र आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व तथा पहिचान कायम गर्ने तर्पm दह्रो पाइला चालेको छ । नारीका बारेमा पुरुषद्वारा स्थापित मान्यतालाई अस्वीकार गर्दै नारीकै दृष्टिबाट कृतिको मूल्याङ्कन गर्नु पर्ने धारणा यस भनाइमा रहेको छ ।

## 6.3 नारीवादी समालोचनाको अवधारणा

नारीवादी चिन्तन र आन्दोलनको पश्चिमी इतिहास दुई सय वर्षभन्दा लामो रहेको छ । यसको आरम्भ र विकास पश्चिममा भए पनि बिसौँ शताब्दीको उत्तराद्र्धमा आइपुग्दा यसले विश्वव्यापी रूप ग्रहण गरेको पाइन्छ । दुई शताब्दीभन्दा लामो नारीवादी चिन्तन र आन्दोलन विभिन्न

दृष्टिकोण र प्रवृत्तिहरू पनि देखापरेका छन् । पाश्चात्य जगतमा फैलिएको नारीवादी आन्दोलनले दुई सय वर्ष पार गरिसक्दा विभिन्न मोडहरू पार गर्दै अगाडि बढेको छ । यसमा नयाँ नयाँ सोच र चिन्तनहरूको विकास भएका छन् । कतिपय समालोचक नारीको सही चित्रण नारीका रचनामा मात्र प्राप्त गर्न सकिने धारणा राख्छन् भने कतिपय पुरुषका रचनामा प्रस्तुत नारीहरूको अवस्थाका बारेमा पनि विश्लेषण गर्दछन् । समय अनुसारका विविध चरणहरू पार गर्दै नारीवाद विश्व साहित्य समालोचनामा स्थापित भएको सिद्धान्त हो ।

सृष्टिको आदिकालदेखि मानव समाजको विकासमा महिला र पुरुषको समान उपस्थित देखिए पनि विविध कारणले महिलाभन्दा पुरुषको अवस्था निकै राम्रो देखिन्छ । समयक्रमसँगै परिवर्तनका अनेकौँ खाका कोरिए तर महिलाको अवस्था अनेकौँ सामाजिक, पारिवारिक र परम्परागत रूढीवादी सांस्कृतिक झमेलाले अल्झिरह्यो । परिवर्तनका प्रयासहरू रोकिएनन् । जसको फलस्वरूप एक्काइसौँ शताब्दीमा आएर मात्र महिला नारीसत्तामा सचेत भई आपूmलाई परिष्कृत तुल्याउँदै समानान्तर आकाशको खोजी गर्न सकेका हुन् । नारीवाद नारीका पक्षमा अर्थात नारीले भोगेका तमाम जीवन पद्धतिलाई केन्द्रमा राखेर हेरिने दृष्टिकोण हो । दुई सय वर्षभन्दा पुरानो नारी आन्दोलनको निरन्तरताको े परिणम स्वरूप नारीवादको विकास भएको पाइन्छ । पछिल्लो चरणको नारीवाद नारीका पक्षमा मात्र नभई नारीको दृष्टिबाट समग्र समाज र मान्यता तथा दर्शनलाई हेर्ने पद्धतिका रूपमा रूपान्तरण हुँदै आएको छ । उत्तर आधुनिक साहित्यले सम्भावनाका अनेक ढोकाहरू खोलि दिएको बखतमा नारीवादले पनि नारीका अनेक सम्भावनाहरूको खोजी गर्न थालेको छ । नारीका कृतिमा नारीको अवस्था केलाउने

पद्धतिका रूपमा उत्तर आधुनिक समालोचनाको एउटा महŒवपूर्ण अङ्ग बनेर यो समालोचना पद्धति विकास हुँदै गएको छ ।

सम्पूर्ण मानवजातिको कुरा गर्दा महिला र पुरुषको छुट्टछुट्टै विभाजन र अस्तित्व हुदैन । यी दुवै मानव समाजका अभिन्न अङ्ग हुन् । तर लिङ्गको आधारमा महिला र पुरुष दुई वर्ग भनी छुट्याउँदा मानव निर्मित सामाजिक र राष्ट्रिय नियम, कानून आदिको आधारमा जुन भेदभाव महिला र पुरुषमा आएको छ, त्यसको आधारमा मात्र महिला वर्गको बेग्लै तरीकाले अध्ययन हुन सक्दछ । महिला र पुरुषमा बीचमा शारीरिक बनावटको भिन्नताले गर्दा प्राकृतिक प्रजनन् प्रक्रियामा रहेका बेग्लाबेग्लै भूमिका आदि जस्ता कुराहरुमा देखिने भिन्नताबाहेक अन्य कुराहरुमा महिला र पुरुषबीच भिन्नता पाईदैन तर विभिन्न विधान, धर्मशास्त्र, नीतिशास्त्र, उक्ति आदिले महिलाका बारेमा किन्तु बढी घृणा गरी तल्लो स्तरममा राखेको पाईन्छ कि बढी बढी प्रशंसा गरी उल्लेख गरेको पाईन्छ ।2 यसरी महिलाका बारेमा बढी प्रशंसा गर्नु पनि आवश्यक छैन भने बढी घृणा गरेर हेपेर हियाएर हेर्नुपनि आवश्यक देखिदैन । किनकि एउटा सिक्काका दुई पाटा पनि भनिने महिला र पुरुष दुवैको यस धर्तीमा उत्तिकै महत्व छ भने उत्तिकै अधिकार र आवश्यकता पनि छ । साहित्य र समालोचनाका क्षेत्रमा नारीवादले यस्तै मान्यता राखेको छ ।

विश्व साहित्यमा सन् 1920 को दशकमा नारी लेखक तथा नारी साहित्यलाई हेर्ने नयाँ र भिन्न दृष्टिकोणमा प्रवेश भएको सङ्केत देखिन्छ । यस अवधिमा रिबेका वेस्ट तथा भर्जिनिया उल्फका कृतिहरुमा नजारी लेखकहरुले पितृसत्तात्मक समाजबाट भोग्दै गरेको आर्थिक, शैक्षिक तथा साँस्कृतिक प्रतिकूलतालाई स्पष्ट पारिएको छ । यस सन्दर्भमा उल्फको ब्

च्यफ या यलभुक यधल (सन् 1929) नामक पुस्तक नारीवादी आन्दोलनको शास्त्रीय अभिलेखका रुपमा रहेको छ । यसपछि डोरोथी रिचर्डसनद्वारा चेतनप्रवाह शैलीमा लेखिएको उपन्यास बाह्र भागमा प्रकाशित भएको छ । त्यस्तै सन् 1949 मा प्रकाशित फ्रान्सेली लेखक साइमन ड बुमाको त्जभ कभअयलम कभह नारीवादी लेखन तथा आन्दोलनको युगान्तकारी कृति हो । समाजमा नारीको स्थिति र भूमिकाबारे विश्लेषण गरिएको यस कृतिमा नारीको पहिचान सम्बन्धी विस्तृत समीक्षा गरिएको छ । यस ग्रन्थको मुख्य सन्दर्भ राजनैतिक भए पनि यस कृतिमा सर्वप्रथम पुरुषले उपन्यासमा नारीको वर्णन कसरी गर्छ भन्ने कुराको परीक्षण गरिएको छ । यसरी बुमाद्वारा नारीवादी साहित्य चिन्तनको सूत्रपात र नेतृत्व गरिएपछि सन् 1970 को दशकमा नारीवादी साहित्य तथा समालोचनाको वास्तविक एवं सचेत प्रयास भएको हो । यसबेला देखि नारी सम्बन्धी अध्ययन छुट्टै विषयका रुपमा हुन थालेको पाइन्छ । यस अवधिमा नारीवाद अमेरीकामा विशेष लोकप्रिय हुँदै गएको देखिन्छ भने बेलायतमा पनि नारी प्रकाशनगृहरुको स्थापना भई यसले सक्रिय रुपमा कार्य गर्न थालेको देखिन्छ । यसपछि नारीवादी लेखन तथा समालोचनाका क्षेत्रमा सम्यारी एल्मन, केट मिलेट, मिसेल बारेट, जर्मिन ग्रिएर, सान्ड्रा गिल्वर्ट, सुसान गुबार, टोरिल मोई, एलेन सोवाल्टर, मेयर स्याक्स आदि फ्रान्सेली नारीवादी चिन्तक एवं लेखकहरु अनि जुलिया क्रिस्टिमा, एल.एरिग्यारी, हेलेन सिकस आदि फ्रान्सेली नारीवादी चिन्तक एवं लेखकहरुको भूमिका उल्लेखनीय र महत्वपूर्ण छ ।

पितृसत्तात्मकताको विरोध गरी नारीलाई पुरुषको थिचोमिचोबाट मुक्त गराउने मार्ग प्रशस्त गरेको नारीवादी लेखनमा पुरुष मूल्यमान्यता र सौन्दर्यशास्त्रको अनुकरण नगरी नारीहरुको आफ्नै संसारको निर्माण तथा

आफ्नै खोजीमा जोड दिन्छ । नारीका छुट्टै अनुभव, विषय, शिल्पशैली, संरचना, रुप हुन्छ भन्ने दृष्टिकोणका साथ अघि बढेको यस नारी लेखनले नारीको आफ्नै शब्दचयन, वाक्यगठन र अभिव्यक्ति प्रकर हुन्छ भन्दै छुट्टै नारीभाषाका सम्भाव्यतातर्फ स्पष्ट सङ्केत गरेको छ । बहुलवादी दृष्किोणका साथ अघि बढेको यस समालोचनाले नारी र पुरुषको धुरवीयतालाई पन्छाएर लैङ्गिक समानताको दृष्टिकोण प्रस्तुत गर्दै प्रचलित पद्धति अनुरुप पुरुषद्वारा लेखिएका कृतिमा वर्णित नारीको विश्लेषण गर्छ । नारीमुक्ति र समानताको पक्षमा वकालत गर्ने यसले समाजमा युगौंदेखि दबिएका शोषित, प्रताडित नारीलाई पुरुष समानस्थान दिने अभियान चलाएको छ । समग्रमा नारी र पुरुषका बीच भिन्नता प्रकट गर्ने निम्नलिखित पाँचवटा भिन्नताहरुप्रति नारीवादले असहमति प्रकट गरेको छ -

1. शारीरिक (पुरुष सक्षम र नारी अक्षम भन्ने) भिन्नता
2. अनुभूतिगत (नारीले रजस्वला, गर्भवती आदी अनुभव गर्ने र पुरुषले नगर्ने भन्ने ) भिन्नता
3. भाषागत (कतिपय शब्द नारीलाई बोल्न निषेधसम्बन्धी ) भिन्नता
4. मनोविश्लेषणात्मक (नारीमा शिश्न ईश्र्या हुन्छ भन्ने) भिन्नता
5. सामाजिक - आर्थिक - नारीको सामाजिक र आर्थिक स्थितिमा पुरुष नियन्त्रित हुन्छ भन्ने ) भिन्नता ।

नारीवादी साहित्य तथा समालोचनाको विकासका सन्दर्भमा बेलायतमा सन् 1977 मा ख्ष्चबनय नामक प्रकासनले नारीहरुको स्वतन्त्र पुस्तक प्रथम पटक प्रकाशन गरेको र सन् 1978मा ध्यभुक एचभकक को स्थापना भएपछि नारीवादी समालोचना एकातिर विगतका नारी

लेखकहरुका कृतिहरुको व्यापक खोजी तथा पुनर्मुद्रण गरेर अनि अर्कोतिर विद्वतापूर्ण तथा सिर्जनात्मक नारी लेखनलाई प्र7नतसय दिदै अगाडि बढेको देखिन्छ । नारीवादी समालोचनाको विकास निम्नलिखित तीनवट धारामा भएको देखिन्छ -

**1. परिवारबाट नारी दमन**

नारीमाथिको दमनको आरम्भ सबैभन्दा पहिले आफ्नै परिवारबाट हुन्छ । परिवारमा नारीमाथि विभिन्न वाहानामा दमन गरिन्छ । परिवारबाट नारीको दमन नहुने हो भने अरू ठाउँबाट पनि नारी दमनको प्रक्रिया रोकिन्छ ।

**2. समाजमा नारी दमनको अवस्था**

परिवार बाहिर समाजमा पनि नारी दमन हुने गर्छन् । नारीलाई सामाजिक नैतिकता, आदर्श, संस्कृति आदिका नाममा दमन हुने गरिन्छ । समाजका यस्तै विभिन्न बाहानामा नारीमाथि दमन हुने गरेको कुरा साहित्यमा विभिन्न प्रसङ्गहरूमा पाउन सकिन्छ । नारीलाई दासीका माध्यमबाट महाभारत कालदेखि नै नारीमाथि दमन हुँदै आएको देखाइएको छ । समाजमा पुरुषले जतिसुकै गल्ती गरे पनि स्वीकार हुने तर नारीले विवशतापूर्वक भोगेका पीडाहरूमा पनि दण्डित हुनुपर्ने विवशता छ ।

**3. प्रलोभनद्वारा नारीको दमन**

नारीलाई परिवार, समाजमा मात्र नभएर प्रलोभनमा पारी पनि दमन गर्ने गरिन्छ । यसरी नारीलाई प्रलोभनमा पारी दमन गर्ने क्रममा धन, दौलत,

रूप, सुख आदिको प्रलोभन देखाएर नारीमाथि दमन गरिएको देखिन्छ । यसर्थ पुरुष सत्ताले निर्माण गरेका नारी विरोधी मान्यताहरूलाई भत्काउन पनि नारीहरू अग्रसर हुनुपर्ने मान्यता आजको नारीवादी समालोचनाले प्रस्तुत गरेको छ । आजका नारीहरूले पितृसत्ताका विरुद्ध लागि आफ्नो सन्तान जन्माउने अधिकार सुरक्षित राख्न प्रतिरोध गर्नुपर्ने धारणा पाइन्छ । पितृसत्ताका त्रासले आजका नारीहरू भ्रुण हत्यामा नलाग्नुपर्ने र त्यसका विरुद्ध प्रतिकार गर्नु पर्ने धारणा आजको समालोचनाले प्रस्तुत गरिएको छ ।

अध्ययन र चेतनाको विकासले आजका कतिपय महिलाको लेखन यो आरोपबाट मुक्त भइसकेको छ । तर महिला आफ्नो फरक अनुभूति लेख्छे, पुरुषको जस्तो लेख्दिन भन्दैमा उसको लेखनलाई गनगन भनिनु एकाङ्गी आरोप पनि हो । अनुभूतिको फरक धारले महिला सिर्जनामा फरक सुनिन्छे, पढिन्छे । कुरा रह्यो सोसल रियालिटीको, यसलाई आधार बनाएर पुरुषका पनि कृति आइरहेकै छन् । त्यही हो कि लेखनका नयाँ ढाँचा र शिल्पलाई बुझ्ने र पढ्ने बानीको विकास हुँदै गरेको आजको अवस्थामा महिलाका लेखन शिल्पमा पनि स्वैरकल्पना, मनोयथार्थ, म्याजिक रियालिटी जस्ता नवीन शिल्प र नवीन विषयगत प्रवृत्ति विकसित भएका छन् । उसो त सामाजिक यथार्थवादी लेखनलाई नराम्रो र कमजोर पनि त भन्न मिल्दैन । शिल्पका अनेक पक्ष महिलाका लेखनमा आइरहेका छन् र आउँदै छन् ।

लेखक पनि अनेक कमजोरीसहितको मान्छे हो । सिर्जनात्मक कर्मको विशेष अवस्थामा ऊ लेखक बनेको हुन्छ । उसको लेखकीय

Notes

आदर्श ऊ हरसमय नबोक्न सक्छ । लेखकलाई किन यस्तो आरोप भएको हुन सक्छ भने ऊ अनुभूतिका अनेक तहमा डुबुल्की मारिरहन्छ । ऊ आम मान्छेका सुखदुःखमा समानुभूति राख्न सक्छ । यसैले ऊ सामान्यभन्दा फरक चाहिँ देखिन्छ । तर कुरा के चाहिँ पक्का हो भने स्रष्टाले सिर्जनामा जुन युटोपियाको निर्माण गरेको हुन्छ, व्यवहारमा उस्तै नहुन र नदेखिन सक्छ । लेखन र व्यवहारमा उस्तै हुन सके त व्यक्ति महान् हुन्छ नै । सर्जक कमजोरीलाई उदात्तीकरण गरिदिन्छ तर एउटा मान्छे सधैं कमजोरीसहित बाँच्छ । छोरी, बुहारी, आमा हुँदै एउटा लेखक बन्न आइपुग्दा नारीको आँखाले आफ्नै जीवनलाई भिन्दै प्रकारले हेर्दछ । यो क्रम एउटा जीवनको रोचक यात्रा लाग्छ । लेखक बन्न नारीलाई विगतका तिनै भोगाइले सिकाएका हुन् । औपचारिक सिकाइभन्दा जीवन भोगाइका यस्तै अनौपचारिक सिकाइ नै साहित्यका मसला हुन् । यो उदात्तताको यात्रा हो ।

महिला भएकै कारण पछिपरेको र पारिएको महिलाहरू देख्दा ती नारीमा विद्रोह पैदा हुन्छ र सोच्ने गर्छन् के पुरुष मात्र भए यो संसार चल्थ्यो ? तर नारीहरूले पुरुषलाई एउटा असल मित्रको रूपमा हेर्ने गर्छु र पुरुष महिला समविकासको कामना गर्दछ । नारीमा विद्रोह चेत भए पनि तर कतिपय कुरामा सम्झौता नगर्दा जीवन नचल्ने हुन्छ । फेरि समाजको उत्पीडन देख्दा नारीहरू किन चुप लागेर बस्ने ? नेपाली बौध्दिक महिला भएको नाताले र समाजमा बाँच्नका लागि निरन्तर सङ्घर्षरत महिला भएकोले प्रत्येक महिला चेतनशील हुनु जरूरी छ ।

## 6.4 नारीवादी समालोचना धारा

साहित्यमा नारीवादी समालोचनाको विभिन्न धाराहरू रहेका पाउँछौं । ती धाराहरूलाई यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ ।

### 6.4.1 राजनैतिक नारीवादी समालोचना धारा

यो धारा माक्र्सवादतर्फ बढी ढल्किएको छ । यो धारा अन्तरगत केटमिलेट, मार्गरेट मिड, मिसेल बारेट आदिको महत्वर्पूण भूमिका रहेको छ । मिलेटले आफ्नो कृतिमा विद्यमान सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी आधिपत्य जमाएको छ भन्ने मत व्यक्त गर्दै पितृसत्तात्मकतालाई नारी दमनको मूल का।ण मानेकीछन् । यसैगरी मार्गरेट मिडले नारीहरुलाई राजनैतिक दृष्टिका साथ मनोवैज्ञानिक, आर्थिक, साँस्कृतिक, धार्मिक दृष्टिबाट समेत प्रताडित गरिएको छ भन्ने धारणा राख्दै नारीहरु साहित्यमा समेत थिचोमिचोमा परी गौण बनेको ठहर गर्दै नारीलेखकहरुले आफ्नो अनुभूति सम्प्रेषित गर्न बेग्लै आख्यानात्मक रुपको आवश्यकता छ भन्ने दृष्टिकोण राखेकी छन् । त्यस्तै मिसेल बारेटले गृहस्थीको आर्थिक सङ्गठन, शिक्षा पद्धति, लैङ्गिक पहिचान र यौन तथा शारीरिक पुर्नरुत्पादनको सम्बन्ध आदिका सन्दर्भबाट नारी लैङ्गिक अवधारणाको माक्र्सेली विश्लेषण गर्दै नारी उत्थानका लागि संस्कृति र आर्थिक उत्पादन का क्षेत्रमा परिर्वतन आवश्यक छ र नारीवादी समालोचकहरुले लैङ्गिकताको साँस्कृतिक पहिचान, परिभाषा र प्रतिनिद्यित्वलाई अनुकूल तुल्याउँने प्रयास गर्नुपर्छ भन्ने धारणा रादेकी छन् ।

Notes

### 6.4.2 गाइनो समालोचना धारा

यो नारीवादी समालोचनाको प्रकारलाई गाइनो समालोचना र यस्ता समालेचकलाई गाइको समालोचक भनिन्छ । यसको नामाकरण एलिन सोवाल्टरद्वारा भएको हो । यसको तात्पर्य नारी लेखकका कृतिको परिक्षण र मूल्याङ्कन गर्नु हो । यस अन्तरगत नारी भाषा, शैली, विषय, संरचना, रुपपद्धति, उत्प्रेरणा, उत्पादन, व्याख्या, विश्लेषण आदि सबै आफ्नै हुन्छ भन्ने मान्यता हुन्छ । गाइनोवादी समालोचकहरु नारीहरुको आफ्नै भाषा छ भन्ने मान्छन् यस्तो भाषालाई फ्रान्सेली शब्दमा भअचष्तगचभ ाझष्लष्लभ भनिएको सोवाल्टरले आफ्नो पुस्तक ब् ीष्तभचबतगचभ या तजभष्चयधलः द्यचष्तष्कज ध्यmभल ल्यखभष्कितक ाचयm द्यचयतय भिककष्लन (1977) मा नारीलेखनको आफ्नै इतिहास र परम्परा छ भन्दै नारी लेखनका विकासको लुप्तपरम्परा निम्नलिखित तीन चरणमा भएको धारणा राखेकी छन् -

**(क) नारीजातीय चरण (1८40-1८८0) -**

नारीहरुले भाले परम्परा र सौन्दर्यशास्त्रको अनुकरण र अनुसरण गरी कृति लेखेका जीतैः एलिजावेथ ग्यास्केल तथा जर्ज एलियटले आफ्ना कृतिह्रुमा घरेलु तथा सामाजिक पृष्ठभूमिमा नारीको चित्रण गरेका छन् र यो चरणमा पितसत्तात्मकताको विरोध गरिएको पाईंदैन् ।

**(ख) नारीवादी चरण (1८८0-1920) -**

यस चरणका प्रमुख नारी लेखकहरु एलिजावेथ रविन्स र ओलिभर स्क्रिनरले भाले मूल्यमान्यता तथा संहिताको उपेक्षा गरी पितृसत्तात्मकताको विरोध गरेका छन् ।

**(ग) नारी चरण (1920 पछि ) -**

यो चरणमा आइपुगेपछि नारीहरुले आफ्नै स्वायत्त नारी परिप्रेक्ष्यको जोडदार वकालत गर्दै आफ्ना स्वत्वको खोजी गरेका छन् । यस चरणका नारी लेखकमा रेवेका वेस्ट, क्याथरिन म्यान्स फिल्ड र डोर्थी रिचर्डसन आदिले स्त्रीशुलभ लज्जालुपनलाई त्यागेर अनेकार्थी कृतिको रचना गरेका छन् भने जँ राइज् ए.एस.ब्याट, मार्गरेट ड्र्याबल, ब्रिगिड बर्फी, पेनेलोप मोर्टिमर, डोरिस लेसिङ् आदिले यौनको निर्धक्क अभिव्यक्ति गरेका छन्।

## 6.4.3 फ्रान्सेली नारीवादी समालोचना धारा

फ्रान्सेली नारीवादी चिन्तक तथा समालोचकहरुले लेखनमा लैङ्गिक(न्भलमभच) भूमिकका सम्बन्धी सिद्धान्तको अध्ययन गरेका छन् । यिनीहरुले भाषा पक्षमा जोड दिंदै छुट्टै नारी भाषाको सम्भाव्यता देखाई भअचष्तगचभ ाझष्लष्लभ को धारणालाई अगाडि बढाएका छन् । यसले मुख्यतः नारीद्वारा लेखिएका र नारीबारे लेखिएका कृतिहरुको विषयगत अध्ययन गरेका छन् । जुलिया क्रिस्टिभा, एल. इसिग्यारी र हेलेन सिकसको कृतिहरूमा उपर्युक्त मान्यता पाइन्छन् । यस धाराकी प्रमुख नारी लेखक जुलिया क्रिस्टेभाले र विनिर्माणको सिद्धान्तबाट केही विचारहरु अगाडि सारेर निम्न तीन रुपमा नारीवादलाई हेर्न अनुरोध गरेकी छन् -

- महिलाहरु समान प्रतीकात्मक अनुक्रम चाहन्छन् ।
- भिन्नताको व्याख्या गर्दै महिलाहरु पुरुष प्रतीकात्मक अनुक्रमको विरोध गर्छन् ।
- महिलाहरु प्रचलित परम्परामा निहित स्त्रीलिङ्ग र पुलिङ्गको विभाजनको अन्त्य चाहन्छन् ।

यो फ्रान्सेली नारीवादी धारामा उत्तरआधुनिककालीन समालोचनाका धैरै मान्यताहरुको सम्मि7नतसण गरिएको छ । यसरी नारीवादी आन्दोलनले

राजनीतिक क्षेत्रबाट जन्म लिएर साहित्यका क्षेत्रमा विस्तार पाएको छ । नारी लेखनको इतिहास पूर्व तथा पश्चिममा धेरै पुरानो भएपनि साहित्यिक आन्दोलनका क्रममा नारीवादी समालोचना उत्तर आधुनिककालीन समालोचना सिद्धान्त हो । सत्तरीको दशकको अन्त्यदेखि विधिवत्रुपमा अमेरीकाबाट यसको आरम्भ भएको मानिन्छ भने अमेरिकी नारीवादी लेखिका केटमिलेटको **यौन राजनीति** (सन् 1977) -लाई यस आन्दोलनको प्रारम्भिक दस्तावेज मानिन्छ । छोटकरीमा नारीवादी समालोचनाको विकास प्रक्रियालाई हेर्दा यो तीन चरण पार गर्दै अगाडि बढेको देखिन्छ । ती तीन चरणहरुमा पहिलो चरण पितृसत्ताको विरोध, दोस्रो चरण स्त्री लेखन वा स्त्री साहित्यको खोज र तेस्रो चरण जीवन साहित्य र आलोचनाका जीव वैज्ञानिक, भाषा वैज्ञानिक, मनोवैज्ञानिक, ऐतिहासिक तथा राजनीतिक आदि निर्धारक शक्तिहरुको परीक्षण हो ।

पितृसत्ताको विरोध नारीवादी समालोचनाको पहिलो चरण हो । यस चरणमा पुरुष लेखनमा नारीको अवमूल्यन भएको, नारीहरु नरका अनुगामी मात्र भएका, नारीहरु आत्मनिर्भरताको स्थितिमा नपुगेका, उनीहरु पुरुषका इच्छातृप्तिका साधनमात्र बनेका कुराहरुको खोजी गरिएको छ । यस चरणमा नारीलाई साहित्यमा उचित स्थान नदिइएकाले त्यस विरोधी द्यारणाहरु व्यक्त गरिएको छ । नारीवादी लेखनको दोस्रो चरण स्त्रीलेखन वा स्त्री साहित्यको खोजी हो । विशेषतः पुनर्जागरणकालपछि नारीहरु पाठकमात्र नभएर लेखक पनि बन्न थालेका छन् । यस चरणमा साहित्यमा नारीलाई कसरी चित्रण गरिएको छ भन्ने मात्र खोजी नगरी नारीहरु लेखनमा लोग्नेमान्छे सँग प्रतिष्पर्धा गर्न थाले र उत्तम कोटिका रचनाहरु निर्माण गर्न थाले । यो मोडलाई नै एलेन सोवाल्टरले गाइनो

क्रिटिक्स नाम दिएकी हुँन् । लेखिका र समीक्षकको रुपमा स्त्रीको अध्ययनलाई गाइनो क्रिटिक्स भनिन्छ ।

नारीवादी लेखन तेस्रो चरणमा आइपुग्दा निकै बौद्धिक र बहुविध विषयसँग सम्बद्ध भएर देखापर्छ यस चरणमा यसले जीवन, साहित्य र आलोचनाका साथै जीव वैज्ञानिक , भाषा वैज्ञानिक, मनोवैज्ञानिक, समाज, ऐतिहासिक तथा राजनैतिक आदि निर्धारक शक्तिहरु नारीका लागि कति उपयोगी छन् भनी परीक्षण गर्दछ ।

## 6.5 नेपाली नारी समालोचकहरू

नेपाली समालोचनामा महिलाको उपस्थिति निकै पछि मात्र भएको देखिन्छ । यसको मूल कारण त नेपालीमा महिला साक्षरताको स्थिति कम हुनुलाई नै लिन सकिन्छ । यसका साथै सामाजिक, सांस्कृतिक, प्रशासनिक क्षेत्र महिलाका लागि सहज नहुनुजस्ता विविध कारणले महिला साहित्यकार नै कम भएको स्थितिमा महिला समालोचक कम हुनुलाई अस्वाभाविक मान्न सकिन्न । हालसम्म प्राप्त जानकारीअनुसार नेपाली समालोचनामा महिलाको प्रवेश वि. सं. 2000 को शारदा पत्रिकामा प्रकाशित श्रीमती प्रभादेवी उपाध्यायको 'नेपाली काव्य साहित्यमा पीडाको साधना' शीर्षकको लेखबाट भएको मानिन्छ । यसपछि निकै लामो समयसम्म यस क्षेत्रमा महिलाको प्रवेश भएको पाइदैन ।

सुरु - सुरुमा महिला समालोचकको स्थिति परिमाणात्मक दृष्टिले नै पनि त्यति उत्साहजनक नदेखिए पनि पछिल्लो समयमा उत्साहजनक ढङ्गले महिलाद्वारा लिखित समालोचनात्मक कृतिहरू प्रकाशन भइरहेका छन् । नेपाली समालोचनामा देखिएका प्रभाववादी, प्रगतिवादी, ऐतिहासिक, खोज

- अनुसन्धानपरक, तुलनात्मक, नारीवादी, सांस्कृतिक आदि विभिन्न प्रवृत्तिमा महिलाहरूको सक्रियता रहेको पाइन्छ । समालोचनाका अन्य सन्दर्भमा महिला लेखन परम्परावादी धारमै अगि बढिरहे पनि नारीवादी समालोचनाको प्रारम्भ र विकासमा महिलाहरू नै सक्रिय देखिनुलाई सुखद सन्दर्भ मान्नुपर्छ । यसैगरी नेपाली समालोचनामा अहिलेसम्म सांस्कृतिक समालोचनाको लेखन नभएको स्थितिमा महिला समालोचकले यसतर्फ ध्यान दिई यसप्रकारका समालोचना गर्नुलाई पनि महत्वपूर्ण उपलब्धिका रूपमा लिनुपर्छ ।

भारतीय नेपाली साहित्यमा लक्खीदेवी सुन्दास, कमला साङ्कृत्यायन, शोभाकान्ति थेगिम, पवित्रा रेग्मी, कविता लामा, पुष्प शर्मा, राजकुमारी दाहालजस्ता लेखकहरूका समालोचनात्मक कृति प्रकाशित छन् । नेपाली समालोचनामा 2000 सालबाट सुरु भएको महिला लेखनले लगभग सात दशक पार गरिसकेको स्थितिमा अपेक्षाकृत महिला सहभागिता भएको नपाइए पनि निराशै हुनुपर्ने स्थितिचाहि“ छैन । साहित्यको सिर्जनाभन्दा समालोचना लेखन अलि कठिन हुन्छ । तुलनात्मक दृष्टिले सिर्जनात्मक लेखनभन्दा समालोचना लेखनका लागि अपेक्षाकृत बढी समय चाहिन्छ । यसका अतिरिक्त परिश्रम पनि धेरै गर्नुपर्ने तथा अध्ययन, मनन एवं विश्लेषण गर्नुपर्ने हुन्छ । यसको अर्थ महिलाहरू परिश्रम गर्न सक्तैनन्, अध्ययन मनन गर्दैनन्/गर्न सक्तैनन् भन्ने होइन । प्राकृतिक, पारिवारिक, सामाजिक आदि विविध सन्दर्भका जिम्मेवारीले प्रभाव पार्छन् मात्र भन्न खोजिएको हो । यिनै विविध कारणहरूले गर्दा नेपाली समालोचनामा महिला उपस्थिति कम देखिएको हो । यहाँ केही नारी समालोचकहरूलाई चिनाउने प्रसाय गरिएको छ । ती हुन् -

## 6.5.1 लक्खीदेवी सुन्दास

समालोचक लक्खीदेवी सुन्दासको जन्म 1934 मार्च 27 का दिन कलकत्तामा भएको हो। दर्शनशास्त्र र नेपालीमा एमएसम्मको शिक्षा हासिल गरेकी सुन्दासले एलएलबीलगायत हिन्दीमा साहित्यरत्न र नेपालीमा विद्यावारिधि गरेको देखिन्छ। लरेटो कलेज दार्जिलिङमा प्राध्यापन गर्नुका साथै दार्जिलिङ सरकारी महाविद्यालयको नेपाली विभागको अध्यक्ष तथा सोही संस्थाको प्राचार्यसमेत रहेकी यिनले पश्चिम बंगाल सरकारको पार्वत्य सचिवका रूपमा पनि काम गरेको देखिन्छ। नेपाली साहित्य सम्मेलन दार्जिलिङको अध्यक्ष, भारतीय नेपाली नारी साहित्यिक मञ्च वसुधाको अध्यक्ष एवं संरक्षक रहेकी सुन्दासले विवेचन, दियालो तथा वसुधाजस्ता पत्रिकाको सम्पादन पनि गरेकी थिइन्।

लक्खीदेवी सुन्दासका सम्भावित अर्थ समर्पित एकान्त शीर्षक कविता, आहत अनुभूति शीर्षक कथा तथा समय र समीक्षण नामक समालोचनात्मक कृति प्रकाशित छन्। समकालीन एवं अग्रज साहित्यकारका थुप्रै कृतिको सम्पादन गरेकी लक्खीदेवीले अंग्रेजीमा लेखिएको 'बल्लतोल : मलायम पोइट' नामक कृतिलाई वल्लतोल नाम दिई नेपालीमा अनुवाद गरेकी छन्। यिनले कलिलै उमेरमा लेखेका थुप्रै नाटक कलकत्ता तथा दार्जिलिङमा मञ्चन गरिएको उल्लेख पाइन्छ। सिर्जना, समालोचना, सम्पादन, अनुवाद आदि अनेक क्षेत्रमार्पmत नेपाली साहित्यको सेवामा जुटेकी सुन्दास रत्न श्री स्वर्ण पदक, भानुभक्त पुरस्कार, लोकप्रियादेवी पुरस्कार, सैन्यध्वज-नन्ददेवी पुरस्कार, मोहनलाल साह पुरस्कार, माइकल मधुसूदन दत्त अन्तर्राष्ट्रिय पुरस्कार, भारतीय साहित्य अकादमी पुरस्कार प्राप्त गर्नुका साथै नेपाल र भारतका अनेक संघसंस्थाबाट सम्मानित पनि भइसकेकी छन्।

Notes

नेपालबाहिरको नेपाली समाजमा नेपाली जातीयताको अस्तित्व संकटमा परेको भाव अभिव्यञ्जित लक्खीदेवी सुन्दासका कवितामा नेपाली जातीय अस्तित्वलाई सबैले मिलेर जोगाउनुपर्ने दृष्टिकोणको प्रस्तुति पाइन्छ। यिनका कवितामा देश र जनताका लागि जीवन समर्पित गर्ने सहिद अमर एवं सौभाग्यशाली हुन्छ भन्ने भावको प्रकटीकारणका साथ सहिद र तिनका परिवारप्रति सम्मान प्रकट गरिएको छ। वर्तमान विश्वमा मानवीय मूल्यहरू हराउँदै गएको र मानवीय अस्तित्वको जगेर्ना हुनुपर्ने भाव अभिव्यञ्जित यिनका कवितामा संकटपूर्ण अवस्थामा बाँच्न विवश मान्छेको मनोदशा पनि चित्रित छ। लैंगिक विभेदको विरोधका साथ समतामूलक समाजको अपेक्षा पाइने यिनका कवितामा पौराणिक विम्ब र प्रतीकको प्रयोग सहज ढंगमा भएको देखिन्छ।

युगीन जीवनका विकृति, विवशता, अभाव आदिका कारण धराशयी हुन पुगेको मानवीय संवेदना अभिव्यञ्जित लक्खीदेवीका कथामा पितृसत्तात्मक समाजमा नारीले भोग्नुपर्ने शारीरिक एवं मानसिक प्रताडनाहरू समेटिएका छन्। मनोविश्लेषणको प्रधानता पाइने यिनका प्रायः कथामा मानिसभित्र रहेको हीनताग्रन्थीको विश्लेषण गरिएको छ। अहिलेको शिक्षाले ज्ञान दिए पनि विवेक दिन नसकेको दृष्टिकोण अगि सारिएका यिनका कथामा मानवीय अस्तित्वको खोजी पनि गरिएको छ। यिनले रूपनारायण सिंहको भ्रमर उपन्यासकी सहभागी मायालाई प्रयोग गरेर पनि कथा सिर्जना गरेकी छन्। यसरी अग्रज साहित्यकारका पात्रलाई प्रयोगशील ढंगले सहभागीको प्रयोग गर्दै नारीवादी अवधारणा अगि सार्नु यिनको कथात्मक वैशिष्ट्य रहेको छ।

लक्खीदेवी सुन्दासका समालोचनात्मक लेखहरूमा भारतीय नेपाली साहित्यका विविध पक्ष समेटिएका छन्। दार्जिलिङका स्रष्टा र तिनका कृतिमा केन्द्रित भए पनि यिनका कतिपय समालोचना पश्चिमी साहित्यमा देखापरेका विपठन, विनिर्माणवाद तथा नारीवादका निकट देखिन्छन्। समालोचनाबाहेक एक दर्जनजति साहित्यिक कृतिको सम्पादन गरेकी यिनको समालोचकीय कौशल सम्पादित कृतिमामा पनि देखिन्छ। यिनले भूमिका लेखेका कृतिमा पनि समालोचक व्यक्तित्वको प्रभाव भेटिन्छ। सैद्धान्तिक, ऐतिहासिक, तुलनात्मक, निर्णयात्मक, जीवनीपरक, समाजशास्त्रीय, मनोवैज्ञानिक आदि विभिन्न प्रकारका समालोचना लेखेको पाइए पनि यिनको लेखनमा देखापरेको मूल प्रवृत्तिचाहिँ प्रभाववादी समालोचना हो।

### 6.5.2 सरिता ढकाल

अन्तराष्ट्रिय समालोचक र समालोचनामा नेपालमा पनि अग्रणी भूमिका खेलिरहनु समयमा **सरिता ढकाल**ले **साहित्य : समालोचना सन्दर्भ** नामक नयाँ समालोचना पुस्तक प्रकाशित गरेर नेपाली समालोचना क्षेत्रमा पर्दपण गरेकी देखिन्छ । आफ्नो समालोचनाले सामाजिक जीवनसँग ब्यापक परिचय लिएर नेपाली साहित्यलाई मार्ग प्रदर्शन गरेको दावी गर्दै उहाँले यो समालोचना प्रकासन गर्नु भएको हो । यस्ता समालोचनाको लेखन बिना कुनै पनि साहित्यको समुचित बिकास हुन नसक्ने ढकालले पुस्तकमा लेख्नु भएको छ । पुस्तकको पहिलो भागमा सरिता ढकालद्वारा लिखित प्रगतिशील दृष्टिमा केही समालोचनाहरु राखिएको छ भने दोस्रो भागमा नेपाली साहित्य : समालोचनाको समस्या नामक अर्को पुस्तकलाई समावेश गरिएको छ । तेस्रो भागमा सरिता ढकालद्वारा लिखित विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचनाहरु मध्ये केहीलाई संकलन गरिएको छ

। नयाँ दृष्टिकोणमा मुना मदनको लेखाजोखा यस भित्रको उत्कृष्ट समालोचनाको रुपमा रहेको छ ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको वियोगान्त कृतिलाई स्वभाविकताभित्रको सशक्त उपजको रुपमा उहाँले समालोचना गर्नु भएको छ । मुनाले मदनलाई ल्हासा जाने बेलामा भनेको हरफ आज बैदेशिक रोजगारमा जाने युवालाई उसको श्रीमती र प्रेमिकाले भनेको जस्तो लाग्दछ । हातको मैला सुनका थैला के गर्नु धनले, साग र सिस्नु आएको बेस आनन्दी मनले, यस्तै त भनिरहेका छन् पैसा कमाउनकै लागि बिदेशिनेहरुलाई । साथै मुना मदनले राष्ट्रिय चिन्तनको मार्ग प्रादुर्भाव गरेको ढकालले पुस्तकमा उल्लेख गर्नु भएको छ । उहाँले नेपाली साहित्यका कमि र कमजोरीलाई राम्रोसँग उल्लेख गर्नु भएको छ । उहाँले उपन्यास लेख्ने नाउँमा नेपाली साहित्यमा भित्रिएका दुर्बलताको बारेमा राम्रोसँग ब्याख्या गर्नु भएको छ । नेपाली साहित्यमा हाल आएर उपन्यास लेख्ने सिंलसिलामा आफ्नो जीवन, सामाजिक विकास, परिवेश, पृष्ठभूमि तथा सन्दर्भबाट बेमुख रहने प्रवित्ति समय समयमा देखापर्ने उहाँले लेख्नु भएको छ । सामाजिक परिवेश, सन्दर्भको अध्ययनको अभावमै स्वप्न जगतमा धार्मिक शास्त्रार्थ गर्ने पात्रहरुको विवरणको फेरिस्ता तयार गरेर उपन्यासको नाममा कृति पेश गर्ने श्रेय लिएको भनेर कृष्ण धारावासीले लेखेको राधा नामक उपन्यासलाई उदाहरणको रुपम प्रस्तुत गर्नु भएको छ ।

नेपाली साहित्य जगतमा सरिता ढकालले विशिष्ट र मौलिक समालोचकको रुपमा आफ्नो पहिचान बनाउनु भएको छ । नेपाली साहित्यको समालोचनाको फाँटमा धारमा समालोचना लेख्ने र धारलाई सशक्तरुपमा कायम राख्दै विकसित गर्ने समालोचकको रुपमा ढकाल सुरिचित हुनुहुन्छ । उहाँलाई नेपाली साहित्यको प्रथम नारी समालोचक

भन्दा फरक पर्दैन । पृष्ट 130 मा सरिताले यस्तो लेख्नु भएको छ - आजको माक्र्सवाद भन्छ, आजको नेपाली साहित्यक युग कर्म क्षेत्रको युगमा छ । भन्नको तात्पर्य आज नेपाल जस्तो पछाडिएको र थिचिएको मुलुक पनि चौतर्फि राष्ट्र निर्माणको कुरा गर्न लागेको छ । सामन्ती अंधकार तथा वैदेशिक दबाबमा रहेको हाम्रो देश पनि दिन प्रति दिन राष्ट्रिय स्वतन्त्रता र राष्ट्र निर्माणको कुरा गर्न लागेको छ । फलस्वरुप आजको नेपाली जीवन यस अनुरुपको सबै तिर नवीन तै नवीनता चाहन्छ । नयाँ प्रेम, नयाँ अर्थतन्त्र, नयाँ शिक्षा, नयाँ जागृति सबै तिर नवीनतै नवीनता । यसरी सरिताको साहित्य ः समालोचना सन्दर्भ नामक पुस्तक पढौं पढौं लाग्ने अत्यन्त ज्ञानबर्धक कृतीको रुपमा प्रकासनमा आएको छ ।

जब सम्म मानव चिन्तनको स्वजातीय स्वरुपको प्रतिनिधित्व कुनै राष्ट्रको साहित्यले गर्दैन तबसम्म त्यस देशको साहित्य सवल र सुगठीत हुँदैन । त्यसैले हामीलाई नेपाली माटोमा उम्रिएका हाम्रो स्वजातीय स्वरुपलाई प्रतिनिधित्व गर्ने पात्र पात्रीको खाँचो छ उहाँले पुस्तकमा लेख्नु भएको छ । यस बाहेक सरिता ढकालका धेरै समालोचना तथा कविताहरु प्रकासनमा आएका छन् । प्रगतिशील दृष्टिमा केही समालोचनाहरु, नेपालको राजनैतिक अध्ययन, मेरा कथाहरु, नेपाली साहित्यः समालोचनाको समस्या, नेपाली राजनीति परिवर्तनको बाटोमा र कविता बोल्छन् जस्ता प्रकासनहरु उहाँका महत्वपूर्ण प्रकासनहरु हुन् ।

सरिता ढकाल पुस्तकाकार कृति लिएर देखापर्ने पहिलो नेपाली महिला समालोचक हुन् । यसपछि देखापरेका समालोचकहरूमा रमा शर्मा, गार्गी शर्मा, देवी शर्मा, सुषमा आचार्य, उषा ठाकुर, लीला लुइटेल, शारदा अधिकारी आदि उल्लेखनीय छन् । यसका अतिरिक्त गोमा, कोशला

जोशी, गायत्री श्रेष्ठ, प्रभा भट्टराई, बिन्दु शर्मा आदिले पनि केही मात्रामा प्रभावपरक समालोचना लेखेका छन् । नेपालीमा एम्.ए. तथा विद्यावारिधि प्रयोजनका लागि महिलाद्वारा तयार पारिएका थुप्रै शोधपत्रहरू परिष्कार - परिमार्जन गरी समालोचनात्मक कृतिका रूपमा प्रकाशित भएको पनि पाइन्छ । यसरी शोधपत्र प्रकाशित गर्ने समालोचकमध्ये कतिपयका उल्लिखित कृतिबाहेक अन्य समालोचनात्मक कृति पनि प्रकाशित छन् भने धेरजसो लेखकहरूचाहि“ शोधपत्रको प्रकाशनबाहेक अन्य समालोचनात्मक लेखनमा सक्रिय देखिएका छैनन् ।

### 6.5.3 शान्तिमाया गिरी

आधुनिक नेपाली कथामा अभिघात शीर्षकको अनुसन्धानात्मक समालोचना कृति प्रकाशन गराएर डा. शान्तिमाया गिरीले नेपाली समालोचनामा एउटा गहन कृति ल्याएकी छिन् । यसअघि समालोचनात्मक आलोक (2070), भ्रमर उपन्यासको समाजशास्त्रीय विश्लेषण (2072) जस्ता समालोचना कृति लेखेकी उनले सृजनाका विभिन्न विधामासमेत कलम चलाएकी छिन् । उनी पछिल्लो समय साहित्यमा क्रियाशील देखिन्छिन् । प्राज्ञिक समालोचना लेखनमा समालोचकहरूको उपस्थिति न्यून छ र नारी समालोचकहरूको सहभागिता त झन् नगण्य मात्र छ । यस्तो स्थितिमा समालोचक शान्तिमाया गिरीको उपस्थिति सुखद छ । विश्वसाहित्यमा दोस्रो विश्वयुद्धपछि विकसित भएको अभिघात सिद्धान्त समालोचना चिन्तन र पद्धति दुवै हो । नेपाली साहित्यमा पचासको दशकबाट लेखिन थालेको अभिघात साहित्यलाई अध्ययन विश्लेषण गर्ने क्रममा नेपाली समालोचनामा यस सिद्धान्तको प्रयोग गरिन थालिएको हो ।

प्रस्तुत समालोचना कृति पाश्चात्य साहित्यमा लेखिएका अभिघातसम्बन्धी सैद्धान्तिक समालोचनाका ग्रन्थहरूबाट स्रोत र सन्दर्भका रूपमा सैद्धान्तिक आधार लिएर तयार पारिएको छ । आधुनिक नेपाली कथामा प्रयुक्त अभिघातलाई विभिन्न विद्वानका सैद्धान्तिक पर्याधारको प्रयोग गरी अध्ययन विश्लेषण गरिएको प्रस्तुत कृति गहन र प्राज्ञिक किसिमको देखिन्छ । प्रस्तुत कृतिमा 2050 देखि 2070 का बीचको दुई दशकको अवधिमा लेखिएका विभिन्न स्रष्टाका कथालाई आधार बनाई त्यसमा अभिव्यक्त अभिघातको सन्दर्भ र अभिघातको राजनीतिलाई विश्लेषण गरिएको छ । पाश्चात्य साहित्यका विभिन्न विद्वान्हरूले प्रस्तुत गरेका अभिघात सिद्धान्तको पर्याधारमा उभिएर लेखिएको प्रस्तुत समालोचना कृति व्यवस्थित र वस्तुनिष्ठ भाषामा लेखिएको छ ।

नेपाली साहित्यमा अभिघातका बारेमा त्यति धेरै लेखिएका छैनन्, न त प्रशस्त बहस नै भएका छन् । अंग्रेजीमा ट्रमा थ्यौरी भनिने अभिघात सिद्धान्तले खासगरी युद्धजन्य क्रियाकलापबाट जनमानिसमा परेको शारीरिक तथा मानसिक संघातका विषयलाई अध्ययन विश्लेषण गर्दछ । नेपाली साहित्यमा सचेतताका साथ अभिघात साहित्यको लेखन 2050 को दशकपछि भएको पाइन्छ । यसबीचमा भएको जनयुद्ध र यसले पारेका भौतिक तथा मानसिक असरलाई विययवस्तु बनाएर लेख्ने क्रममा प्रशस्त मात्रामा अभिघात साहित्य लेखिन थालियो । यस कृतिमा पनि डा. शान्तिमाया गिरीले नेपालका सन्दर्भमा जनयुद्धकालीन कथालाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । 4 सय 64 पृष्ठको यस कृतिलाई सैद्धान्तिक र प्रायोगिक गरी दुई खण्डमा विभाजन गरिएको छ । यस कृतिको पहिलो खण्डमा अभिघातको अर्थ, तात्पर्य,

Notes

अभिघातको पृष्ठभूमि, स्रोत, प्रकार र अभिलक्षणका बारेमा चर्चा गरिएको छ ।

यस क्रममा अभिघातका स्रोतलाई प्राकृतिक र मानवनिर्मित गरी दुई प्रकारको देखाइएको छ भने अभिघातका प्रकारलाई शारीरिक, मनोवैज्ञानिक र लैङ्गिक गरी तीन प्रकारमा देखाइएको छ । साहित्यमा अभिघातको स्थानका बारेमा निरुपण गर्दै डा. गिरीले अभिघात सिद्धान्तका आधारभूत मान्यताहरूको चर्चा यस कृतिको पहिलो खण्डमा गरेकी छिन् । यसरी चर्चा गर्ने क्रममा उनले पाश्चात्य विद्वान्हरू केथी क्यारुथ, डोमिनिक लाकाप्रालगायतका विभिन्न आठ जना विद्वान्को अभिघात सिद्धान्तबारे गहन चर्चा गरेकी छिन् । विभिन्न विद्वानहरूले स्थापित गरेका सिद्धान्तलाई आधार बनाएर उनले अभिघात सिद्धान्तको एउटा प्रारूप तयार पारेकी छिन् र त्यसैअनुसार आधुनिक नेपाली कथामा प्रयुक्त अभिघातको विश्लेषण गरेकी छिन् ।

## 6.5.4 राधिका राय

राधिका रायको समालोचक ब्यक्तित्वको पाटोतीर प्रवेश गर्दा उनको समालोचना खोजमुलक र शोधमुलक रहेका छन् । उनको समालोचना लेखाइ साहित्यकारको व्यक्तित्व र कृतित्वमा लामो अनुसन्धान गरेजस्तो वा निक्कै मेहनतसाथ विद्यार्थीले गरेको शोध जस्तो लाग्छ ।

राधिका रायका कृति मध्ये आत्मकथ्यः "विविध मा संगालिएका केही समीक्षा रहेका छन् । यो पुस्तक जुही प्रकाशन माला 52 मा दोस्रो पटक प्रकाशन भएको हो । यसका अतिरिक्र राधिका रायाका रचना भन्ने जुही प्रकाशनमाला 40 मा केही रचना, ब्यक्तित्व चर्चा र समीक्षाहरु संग्रहित छन् । यी दुई कृति बाहेक अन्य विभिन्न जुही का अंक लगायत विभिनन पुस्तकमा राधिका राया रायको समालोचना प्रकाशित नभएका

होइनन् । राधिका रायको समालोचनात्मक पुस्तकहरूमा निम्न लिखित छन् -

1. टिकाराम शर्माः अतितदेखि वर्तमान सम्मका सम्झना
2. धर्मशिला खड्का( श्रीमती राई) : मेरी वाल्य सखी
3. मेरा पूज्य गुरु धरणीधर शर्मा
4. कवि अगमसिंह गिरीलाई सम्झँदा (क) र (ख)
5. पूज्य गुरु स्वामी प्रबुदधानन्दमा अटुट श्रद्धाञ्जली
6. मान सम्पादक भवानी घिमिरेको सम्झनामा दुई शब्द
7. केही स्मृति कवि घिमिरेज्यू प्रति
८. तिम्रा अक्षरहरुको आयामभित्र कलाको मन्दिर त्यो.....
9. श्याम प्रसाद शर्मा
10. भारतीकालिन श्यमकृष्ण श्रेष्ठको सम्झना
11. दिदी हजुर देवकुमारी थापाः पुरानो र नयाँ पानाभित्र
12. डा. नरेन्द्र चापागाँइका रचनामा एक दृष्टि
13. डा. नरेन्द्र चापागाँइका दुई यात्रा सस्मरणात्मक निबन्ध
14. “युगका पदचापहरु” भित्र डुबुल्की मार्दा
15. कथाकार हरिहर खनालको देशभित्र देश खोज्दै कथाबारे एक दृष्टि
16. प्रगतिशील साहितयकार के.पी. ढकाल
17. सत्य अन्वेषक एक सफल साधकको रुपमा विश्व शाक्य
1८. निबन्धकार उपेन्द्र पागलज्यूका दुई घुमिल छायामा एक अध्ययन
19. मैले चिनेको रामलाल अधिकारी
20. मेरा विचारमा “आँखा र मनका पाइलाहरु
21. झर्रा सुसेली र झटाराहरुबारे एक बिचार
22. उजेली उजेलीहरु कथा संग्रहभित्र

यस्तै गरेर “राधिका रायाका रचना” भन्ने जुही माला 40 मा राधिका रायाका निबन्ध, ब्यक्तित्व चर्चा, समीक्षा, कविता, कथा, एकांकी र केही मन्तब्य र अन्तरवार्ताहरु समावेश भएका छन् ।

### 6.5.5 रजनी ढकाल

**डा. रजनी ढकाल** नेपाली साहित्य र समालोचनाको क्षेत्रमा सुपरिचित नाम हो । उनको **लयको खोजीमा,** *निबन्ध सङ्ग्रह,* **रङहरूमा जिन्दगी**, *कविता सङ्ग्रह,* **हृदयका गीतहरू**, *गीत सङ्ग्रह,* **हत्केलामा असार उमारेर**, *निबन्ध सङ्ग्रह,* **पत्रैपत्र**, *उपन्यास,* सहलेखन लगायत एक दर्जनभन्दा बढी समालोचनाका कृतिहरू प्रकाशित छन् ।

जीवनमा आनन्दका लागि गरिएका हरेक काम सिर्जनात्मक हुन्छन् झैँ लागिरहन्छ र सिर्जना निरन्तरता र गतिशीलता हो भन्ने बोध पनि भइरहन्छ । त्यसैले लाग्छ जीवनको हरेक पल समालोचक ढकाल निरन्तर सिर्जनामा लागि रहेकी छन् । जहाँसम्म साहित्य सिर्जनाको कुरा छ, यो त उनको जीवनधारामा निरन्तर प्रवाहित छ र त्यसमा क्रियाशील पनि छिन् । जीवनका कुनै पनि कर्ममा सिर्जनाका रङहरू भेट्नु र आनन्दित हुनु उनको जीवनशैली नै बनिसकेको छ । समय बचाएर केही कविता र समालोचनाहरू समालोचक रजनी ढकाल लेखिरहेछु । समय चोरेर केही पुस्तकको सम्पादन पनि गरिरहेने गर्छन् ।

समालोचक रजनीले निबन्ध, कविता समालोचना लगायतका विषयमा पनि कलम चलाउँदै आएका छन् । सिर्जनशील लेखन र समालोचनात्मक लेखनमा उनी बढी आनन्ददायी र इमान्दार सिर्जना लेखनमै भए जस्तो ठान्छन् । सिर्जनात्मक लेखनमा जुन आनन्द

छ, त्यो आनन्द अरू लेखनमा पाइन्न । सिर्जना विश्व प्रकृतिको समानान्तर निर्मिति हो र यसमा सर्जकले एउटा सशक्त विश्वको निर्माण गर्दछ । सिर्जनाले स्वअनुभूति र समानुभूतिका मानसिक ऊहापोहलाई भाषिक कला र शिल्पका माध्यमबाट कलात्मक स्वरूप दिन्छ । यसले पाठकलाई अझ नयाँ कल्पनामा डुब्ने अवसर प्रदान गर्छ । सिर्जनाले सधैँ आनन्द र आह्लाद दिन्छ । समालोचना सिर्जनामा आधारित हुन्छ र सिर्जनापछि मात्रै समालोचना जन्मन्छ । सिर्जनाको आधार समालोचना हो र यसलाई दोस्रो सिर्जना पनि भनिन्छ ।समालोचना कृतिको गहन पठनपछिको पुनः सिर्जना हो । पाठकीय आनन्दलाई जोड्ने हो भने समालोचनाले पनि सुखानुभूति त गराउँछ नै तर यो सिर्जनाजस्तो हृदयकेन्द्री नभएर मस्तिष्ककेन्द्री कर्म हो । सिर्जनामा दायाँ मस्तिष्क क्रियाशील हुन्छ समालोचनामा बायाँ मस्तिष्क, जुन तार्किक, ज्ञानात्मक र रचनात्मक हुन्छ । सोझै भन्नुपर्दा सिर्जनामा जस्तो आनन्द समालोचना लेखनमा हुँदैन ।

सिर्जना अनुभूतिको इमानदारी हो भने समालोचना कृतिको सत्य निरूपणको इमानदारी हो । दुवै इमानपूर्वक गरिने सिर्जन कर्म हुन् । बरू सिर्जनामा लेखिएझैँ स्रष्टा उस्तै जीवन बाँच्ने अभ्यासमा रहन कति सक्ला र ? लेखन र बचाइ फरक हो भने सिर्जनामा इमानदारी कति हुन सक्ला ? यस अर्थमा चाहिँ समालोचना अझ बढी इमानदार लेखन हो । प्रशंसाको पुल वा आलोचनाको खाडल बनाउन खोज्दा चाहिँ समालोचनाको धर्म रहन्न ।

### 6.5.6 गीता त्रिपाठी

कविता, गीत जस्ता लघु आयामका विधामा कलम चलाउने स्रष्टा गीता त्रिपाठीले पछिल्लो समयमा आफूलाई द्रष्टा परिवेशमा फैलाएकी छन् । समालोचनाको बृहत् आयाममा फैलिने क्रममा उनको दोस्रो समालोचना संग्रह कृति विश्लेषण याम आएको छ । कृति तथा प्रायोगिक आ : रचनालाई समग्रतामा सर्सर्ति केलाउने परम्परा विपरीत यस संग्रहका समालोचनामा छुट्टै शैली अपनाइएको छ । विधागत रूपमा एउटा निश्चित ढाँचाभित्र कृतिको चर्चा गर्ने परिपाटीसामु फरकफरक कोणबाट - कृतिलाई केलाउने समालोचकीय शैली नवीन लाग्छ, जुन यो कृतिको वैशिष्ट्य नै हो । आफू प्राध्यापन क्षेत्रमा रहे पनि त्रिपाठीले संग्रहमा प्राध्यापकीय समालोचनाको भद्दा छिटा पर्न दिएकी छैनन् । जडसूत्रवादी नभई अनुसन्धानमूलक र फरक कोणयुक्त दृष्टिबाट कृति हेरिएकोले तिनमा अलग सोचको द्वार खुलेको पाइन्छ ।

समालोचक त्रिपाठीको काव्य, कथा, निबन्ध, समालोचना र उपन्यास विधामा केन्द्रित 12 वटा समालोचना छन् संग्रहमा । कृति र विषयको चयन हेर्दा पनि समालोचकले नयाँ सोच प्रस्तुत गर्ने चुनौती आत्मसात् गरेको देखिन्छ । समालोचना आलेखमा पूर्वीय र पाश्चात्य दुवै समालोचना पद्धति अपनाइएको छ । आयामको हिसाबले संग्रहभित्रकै सबैभन्दा लामो समालोचना समकालीन नेपाली नारीकथामा वैचारिकता रहेको छ । समकालीन शब्दको परिभाषासहित वैचारिकताका अनेक हाँगाबारे चर्चा गरिएको आलेख निकै जानकारीमूलक छ । पारिजातलाई नेपाली नारीकथामा वैचारिकताको उठान गर्ने श्रेय दिइए पनि उनको कथाका सन्दर्भबारे भने आलेख मौन छ । समकालीन सन्दर्भको नारी कथाकारिताको बयानमै विस्तारित आलेखमा व्यक्ति, समाज, राष्ट्रिय

राजनीति, परिवर्तन, सशस्त्र द्वन्द्वसँग जोडिएको चेतनादेखि नारी समलिंगीय चेतना सम्मको आधुनिक आयामको चर्चा छ । उत्तरआधुनिक चेतनाअन्तर्गत महानगरीय सभ्यता र रुग्ण मानवीय संवेदना र डायस्पोराको आकार लिँदो अन्तर्देशीय समाजको अस्तित्त्वलाई पनि मान्यता दिइएको छ । कथाहरूबारे उदाहरणसहितको विश्लेषणले आलेखलाई थप जीवन्त र प्रभावकारी बनाएको छ । सारमा वैचारिकताको परिभाषा राजनीतिक चेतना मात्रै नभई जीवनबारेको चिन्तनका त्जग-तहमा अन्तर्वस्तु बनेर विचार रहने भनेर समग्र विच ारपुञ्जलाई बुझाइनु पनि चित्तबुझ्दो लाग्छ । कथा चर्चामा पनि त्यही अन्तर्वस्तुलाई नै मियो बनाइएको छ । यसबाट जतिसुकै शीर्षकउपशीर्षकमा नेपाली नारीकथाको --त ढाँचाअनुसारकै नारीवैचारिक पाटोलाई केलाइए पनि तिनमा परम्पराग पुरुष सम्बन्ध, पारिवारिक - सामाजिक र लैङ्गिक समस्याको वृत्तदेखि बाहिरको बहुआयामिक पक्ष आउन सकेका छैनन् भन्नेमा समालोचकको समेत स्वीकारोक्ति देखिन्छ ।

गीता त्रिपाठीको निबन्धको संरचनागत स्वरूप केलाउँदा सुधाको न्वारानको नामदेखि लेखनारम्भ, पहिलो प्रकाशित रचना, पारिवारिक जरासम्मका जोखाना हेर्नुको महत्ता के रहन्छ ? **समग्रमा,** समालोचनामा अलग रूपमा निश्चित एउटा कोण खिचेर कृतिलाई हेर्ने र पाठकले पनि विशिष्टीकृत ढाँचाबाट कृति बुझ्ने हिसाबमा गीताको यो पुस्तक उपयोगी छ । शास्त्रीय तथा प्राध्यापकीय समालोचना निरुत्साहित गर्न प्राध्यापन पेशामै रहेर पनि नयाँ गोरेटो विकास गरिरहेका गीताहरूको प्रयास स्वागतयोग्य छ ।

## 6.6 उपसंहार

नारीवादी समालोचनाको पछिल्लो चरणमा नारीका कृतिमा नारीलाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयको अध्ययन गरिन्छ । यस्ता विविध पद्धतिहरूमध्ये प्रस्तुत अध्ययनमा चीरहरण उपन्यासमा रहेको नारी दमनको विरोध र नारी दमन विरुद्ध प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ । मूलतः नारीवाद एउटा व्यवहारवादी आन्दोलन हो । यसले सामाजिक, साँस्कृतिक एंव साहित्यिक विषयमा नारीजातिका बारेमा आवाज उठाउँछ । नारीका पक्षमा रहेर उनीहरुका विचार, मूल्यमान्यता, आस्था आदिलाई अगाडि बढाएर नारी हितमा सघाउ पुर्याउँछ । यसका साथै यसले नारी स्वतन्त्रता, मुक्ति र आत्मनिर्भरता प्रदान गर्न बल दिन्छ ।

पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका समस्याहरुलाई अगाडी सार्दै यसले नारीले पुरुष सरह पूर्ण नागरीक भएर बाँच्न पाउनु पर्छ , आर्थिक ,सामाजिक र राजनैतिक क्षेत्रमा पनि पुरुषले सरह अधिकार प्रात्त गर्नु पर्छ, अभिव्यत्ति स्वतन्त्रता पुरुषले सरह प्राप्त गर्नुपर्छ भन्ने मान्यता राख्छ । संसारमा अधिकांश घटना र द्धन्द्ध हेर्दा - राम हुनलाई सीता हुनै पर्थ्यो , त्यस्तै कृण हुनलाई राधा । शिवका कथा पार्वती अधुरा छन् भने विष्णुका कथा लक्ष्मी बिना । रावण पर्दामा ल्याउँने सीता नै हुन । आजका सारा पुरुषहरु आफ्नो पररुषार्थ र गौरवलाई नारीसंग नजोडि सम्पन्न गर्न सक्दैनन् । नारी लाई वेश्या देखाउँदा होस वा आफु बुद्ध देखिनका लागि पुरुषलाई नारी चाहिन्छ । नारीलाई अवला देखाएर आफु सवल हुन पुरुषलाई नारी नै चाहिन्छ । नारीलाई मानसिक रुपमा कमजोर मानेर आफु साहसी हुन पुरुषलाई नारी नै चाहिन्छ । चर्चाको केन्द्रको विषयमा रहने विषय हो नारी । यसरी एक अर्काका पु|क भएपछि समान हौसियत हुनै पर्छ र खोज्नु पर्छ भन्ने मान्यता नारीवाद को हो । अतः

यस आन्दोलनको आशय लोग्ने मान्छेको विरोध गर्नु नभएर नारीलाई पुरुषसरह उभ्याउनु हो ।

नारीवादी समालोचना नारीसंग सम्बिन्धित साहित्यका विषयमा गरीने आलोचना हो । साहित्यका सन्दभमा कुनै कृतिमा नारी पात्रहरु उपस्थित हदाँ त्यसमा उनीहरुको स्थिति,  अवस्था, उनीहरुले पुरुषका कारण भोग्नुपरेका समस्या, उत्पीडन, पुरुषको भोग्या र खेलौना बन्नुपरेको बाध्यता आदिलाई राम्रो संग विश्लेषण गरिन्छ । नारुविादी समालोचना पूरुषबाट लेखिएको साहित्यमा नारीको भूमिका र स्थान कस्तो छ भनी हेर्दै नारीद्धारा लेखिएका कृतिमा नारीले आफ्ना विचार भावनाको अभिव्यत्ति कसरी दिएकी छ भन्ने खोजि गर्छ सधै पित्तृसत्तात्मक समाजमा नारीको स्थिति र अनुभूतिलाई हेर्ने गर्दछ । यस समालोचनाको बारेमा डेभिड लज भन्छन - “प्रसिद्ध कृतिका यौनरुढिलाई नग्याउदैं र नारी लेखिकाको कृतिलाई नवव्याख्या दिएर पुनर्जीवित गर्दै प्रचलित लाग्ने प्रचलित लाग्ने मान्छेको साहित्यीक इतिहासलाई सुध्याउन नारीवादी आलोचनाको काम हो ।” लेखिका द्धय क्याथरिन वेल्सी र जेन मूर भन्छन -“नारीवादीले पाठक अन्य प्रश्नहरुका विच सोध्न सक्छ , टेक्स्टले नारुहिरुलाई कसरी प्रतिनिधित्व गर्छ, लीङ्गीय सम्बन्धका बारे यो के भन्छ, कसरी लैङ्गीक भिन्नतालाई परिभाषित गर्छ, क्षेष्ठतालाई हर किसिमले प्रमाणित गर्ने प्रयास गर्दै नारी समस्यालाई ऐतिहासिक दृष्टिले बुझ्ने तथा मूल्याङ्घन गर्ने प्रयास गर्छ ।

## 6.7 सार

Notes

यस प्रखण्डमा **नारीवाद समालोचना र नेपाली नारी समालोचकहरू**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

- ❖ कुनै वस्तु - विषय आदिको गुण दोष तथा उपयुक्तताताको , विवेचनलाई समालोचना भनिन्छ ।
- ❖ साहित्यमा कुनै कृतिको गुण र दोषको विवेचना नै वास्तवमा समालोचना हो । यसलाई आलोचना ,विवेचना ,समीक्षा पनि भनिने गरिन्छ ।
- ❖ नेपाली साहित्यको पछिल्लो समयमा महिला लेखक सामाजिक रूपान्तरणका लागि हस्तक्षेपपूर्ण रूपमा नै अगाडि बढिरहेका छन् । पहिलो त यो महिलाको शिक्षा र चेतनामा भएको विकासको कारण हो भने अर्को यो उनीहरूमा आएको लेखकीय जिम्मेवारीबोध पनि हो ।
- ❖ आजका महिला लेखकहरू सामाजिक मुद्दालाई लिएर सशक्त रूपमा अगाडि बढेका छन् । उनीहरूका कृति पाठकका बीचमा बारम्बार बहसमा गएका र तिनले समाजमा फरक तरङ्ग निर्माण गर्न सकेको देखिन्छ ।
- ❖ पछिल्लो समयमा कथा, उपन्यास, निबन्ध, कविता आदि लेखनमा महिला लेखकहरू शोधखोजपूर्ण काम गरेर सिर्जनामा लागेको देखिन्छ ।
- ❖ लैङ्गिक समानता लगायत समाजका अनेक मुद्दालाई उठाउन पछिल्ला महिला लेखकमा निश्चित ठाउँको भ्रमण, अवलोकन र गहन अध्ययन गर्नेपरम्परा नै बसेको छ ।

- ❖ पितृसत्ताको विरोध गरी नारी मुक्तिमा जोडदिंदै नारीको छुट्टै संसारको निर्माणको प्रयास गरेको छ ।

- ❖ लैङ्गिक समानताको सिद्धान्तलाई स्थान दिंदै नारीमुक्ति र समानताको पक्षपोषण गर्छ ।

- ❖ यसले समाजमा युगौंदेखि दविएका शोषित, पीडित नारीलाई पुरुष समान स्थान दिने अभियानको शंखघोष गर्दै नारी लेखन सम्बन्धी लुप्त परम्पराको खोजी गरी त्यसको विकासक्रम प्रस्तुत गरेको छ ।

- ❖ नेपाली साहित्य जगतमा महिला लेखकहरू अक्सर गनथन लेख्छन् भन्ने आरोप लाग्दै आएको छ ।

- ❖ विश्व समालोचनामा नारी साहित्य (woman's literature), नारीवाद (feminine), लैङ्गिकता र यौनिकता (gender and sexuality) आदि विषयमा अपरिमित अध्ययन अनुसन्धान विश्लेषण भएका छन् ।

- ❖ नारीवादी अध्ययनलाई आकार दिने, नारीको स्थिति र गतिलाई अथ्र्याउने अर्थ, राजनीति, धर्म, कानून आदिको दृष्टिले अवलोकन गरिने गरिन्छ ।

- ❖ आजका साहित्यको एक प्रमुख समस्या, नारी स्वतन्त्रता भनौं त्यसको मार्गमा रहेको लैङ्गिक असमानतालाई आधा शताब्दीको समय फलकमा राखेर त्यसमा आएको क्रमिक परिवर्तन र अबको दिशा देखाएको हुनुपर्छ ।

- ❖ तेस्रो लिङ्गीय धाराले नारीलाई र पुरुषलाई पनि केही विद्रोह सिकाउँछ, अरू आत्म परित्यागको, कतिबेला

आत्मविनाशको पनि मार्ग देखाउँछ । पुरुष प्रधानताबाट आजित भएका, मुक्तिकामीहरू आफूलाई त्यहीँ पुऱ्याएर नष्ट गर्दछन् ।

❖ जीवन एक्लो होइन, सहयात्राको लडाई हो - कुनैमा विद्रोह छ, कुनैमा कम्प्रोमाइज, कुनैमा अन्य मार्ग छ तर धेरैमा चाहिँ पुरुष जाति प्रतिरोधी छ ।

यस प्रखण्डको अध्ययनले **नारीवाद समालोचना र नेपाली नारी समालोचकहरू**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त नारीवादी समालोचनाको सैद्धान्तिक परिचय र नेपाली नारी समालोचक सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 6.8 अनुशीलनी

1. नारीवादको धारणाबारे चर्चा गर्दै यस समालोचनाको विकासक्रमबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. नारीवादी समालोचनाको उत्तप्तिलाई केलाउँदै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. नेपाली साहित्यमा नारीवादी समालोचनाको महत्त्व, मूल्य र आवश्यक्ता के कस्तो रहेको ठान्नुहुन्छ ? बताउनुहोस् ।

4. नेपाली नारीवादी समालोचनामा प्रमुख पद्धतिहरूबारे विवेचना प्रस्तुत गर्नुहोस् ।

5. नेपाली नारीवादी कुन कुन समालोचकलाई प्रमुख ठान्न सकिन्छ ? आफ्नो मन्तब्य प्रस्तुत गर्नुहोस् ।

6. नेपाली नारीवादी समालोचनाको विकासमा समालोचकहरूले पुराएको योगदानबारे अधययन प्रस्तुत गर्नुहोस् ।

7. नेपाली नारीवादी प्रमुख समालोचकहरूका समालोचना प्रवृत्तिबारे विवेचना गर्नुहोस् ।

८. नारीवादी समालोचना साहित्यको विकासक्रमबारे एउटा टिप्पणी लेख्नुहोस् ।

9. नारीवादी समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. आधुनिक नेपाली समालोचनाका नारीवादी समालोचकीय वैशिष्ठबारे आफ्नो मन्तव्य लेख्नुहोस् ।

## 6.9 अतिरिक्त अध्ययन


1. उप्रेती, सञ्जीव - **सिद्धान्तका कुरा** ।
2. गिरी, अमर - **नारीवादी आन्दोलन र साहित्य चिन्तन** ।
3. गौतम, कृष्ण - **उत्तर - आधुनिक जिज्ञासा** ।
4. महर्जन, कान्छी - **नेपाली नाटकमा नारी हस्ताक्षर** ।
5. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** ।
6. खेमराज, केशवशरण - **हिन्दु संस्कृतिमा मातृशक्तिको स्थान** ।
7. वैजयन्ती, मिनतस - **मैले सुनाँउनै पर्ने स्वअस्तित्वको खोज** ।
8. आर्चाय, निर्मलकुमार - **प्रथम नेपाली महिला** ।
9. गौतम, कृष्ण - **आधुनिक आलोचना अनेकरुप, अनेकपठन** ।
10. जोशी, कुमारबहादुर - **पाश्चात्य साहित्यका प्रमुखवाद** ।
11. पोखरेल, माधव प्रसाद - **पाश्चात्य समालोचनामा मनोरचना विज्ञान** ।
12. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।

13. त्रिपाठी, वासुदेव - **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, पहिलो भाग ।

14. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

15. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन** ।

16. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति** ।

17. कँडेल, घनश्याम - **नेपाली समालोचना** ।

18. श्रेष्ठ, दयाराम -**साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ** ।

19. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास** ।

20. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

यस अतिरिक्त **नारीवादी समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 6.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. नारीवादको सामान्य परिचय ।

   ..........................................................................................

   ..........................................................................................

   ..........................................................................................

   **(प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. नारीवादी समालोचना धारा ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. नारीवादी समालोचना धारा ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. नेपाली नारी समालोचकहरू ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. लक्खीदेवी सुन्दास, राधिका राय, गीता त्रिपाठी ।

.................................................................................

.................................................................................

.................................................................................

**(प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 6.6.1, 6.6.4 र 6.6.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

# एकाइ - 7, भारतीय नेपाली समालोचनाका पृष्ठभूमि, स्वरूपर विकास

**संरचना**

7.0 उद्देश्य

7.1 परिचय

7.2 भारतेली नेपाली समालोचनाको पृष्ठभूमि

7.3 भारतेली नेपाली समालोचनाको स्वरूप

7.4 भारतीय नेपाली समालोचनाको विकास प्रक्रिया

7.5 भारतीय नेपाली समालोचकहरू

7.6 उपसंहार

7.7 सार

7.8 अनुशीलनी

7.9 अतिरिक्त अध्ययन

7.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 7.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

- समालोचनाको सामान्य परिचय
- भारतेली नेपाली समालोचनाको पृष्ठभूमि
- भारतेली नेपाली समालोचनाको स्वरूप
- भारतीय नेपाली समालोचनाको विकास प्रक्रिया
- भारतीय नेपाली समालोचकहरू

## 7.1 परिचय

समालोचना साहित्यका विधाहरूमध्ये अपेक्षाकृत नयाँ विधा हो । सृजनात्मक साहित्यको विकास पश्चात् यसको विकास भएको पाइन्छ । समालोचनाका विद्वानहरू यसलाई साहित्यको अनुवर्ति र यसैको पारख गर्ने कसीका रूपमा लिन्छन् । आलोचना, समालोचना, समीक्षा, निरूपण, पाठक - प्रतिक्रिया, विमर्श आदि सबैले धेर - थोर अङ्ग्रेजी भाषाको ‘क्रिटिसिजम्’ शब्दलाई नै इङ्गित गर्दछ । संरचनात्मक औ अर्थतात्विक हिसाबले यी नाम वैविध्यमा केही फरक त अवश्य छ । तर जब पनि हामी साहित्यिक सङ्कथनमा यी नामहरू लिएर केही मन्थन र वैचारिक परिचर्चा गर्छौं तब हामी कुनै कृति, कृतिकार वा कृतकार्यको मूल्याङ्कन गरिरहेका हुन्छौं ।

आलोचना अलिक खरो र नकारात्मक अधिकको होला, समालोचना र समीक्षाले तटस्थता अप्नाएको होला त्यसै गरी निरूपणको संक्षेपणमा अनि पाठकीय प्रतिक्रियामा प्रभावपरकताको आधिक्य होला तर यी सबैको मूलभूत उद्देश्यले मूल्याङ्कनकै अभीष्ट ताकेको हुन्छ । एउटा समालोचनाले यसको अवयवको रूपमा व्याक्या - विश्लेषण, टीका - टिप्पणी, तुलना - सामञ्जस्य, शोध - अन्वेशण आदिलाआ समाहित गरे तापनि समष्टिमा मूल्याङ्कनको स्वत्व र सार्थकता समालोचनाले बोकेको हुन्छ । सामान्य हिसाबले सकारात्मक वा नकरात्मक रूपमा कुनै कुराको टिप्पणी गर्नु नै समालोचनाको धर्म हो । साहित्यिक टिप्पणी तर अलिक विशिष्ट, केही विस्तृत र विमर्शक हुनाले यसको माग र मान अलग छ। सबै टिप्पणीलाई साहित्यमा मूल्याङ्कन मान्न सकिन्न र ती सबै मूल्याङ्कन समालोचना वा सिर्जनात्मक समीक्षालेखन हुनसक्दैनन् भन्ने - तथ्यसाहित्यिक यो विधाको निर्मिति र अध्ययनले बुझाउँछ। साहित्यिक

समालोचना वा समीक्षा लेखन एक गम्भीर दायित्व हो।यसमा गहन अध्ययन, सूक्ष्म संवेदन, तीव्र चेतनाशीलता र प्रखर कल्पनाशक्तिको आवश्यकता पर्ने कुरा अध्येयताहरू जनाउँछन्।

एउटा समालोचकको दृष्टिकोणप्रतिको आयाम सामान्य पाठककोभन्दा पृथक अनि अधिक हुँदछ। त्यसैले सक्षम र सबल समालोचकले कुनै कृति वा पाठको समालोचनात्मक अध्ययन गर्दा सामान्य पाठकलेभन्दा भिन्न दृष्टिकोण र फरक आयामहरूबाट केलाउने कार्य गर्दछ। भलै एउटा समालोचना पराश्रित तथा सहकार्य मात्र किन नहोस् तर यसले खेल्दै आएको साहित्यिक भूमिका सिर्जनात्मक लेखनकै समकक्ष र अझ गुरूत्वपूर्ण ठान्नसकिन्छ।

## 7.2 भारतेली नेपाली समालोचनाको पृष्ठभूमि

साहित्यमा सिर्जनाको विशेष महत्व हुन्छ। सिर्जना नै साहित्यको मूल आधार हो। नवनवोन्मेष कल्पनाद्वारा साहित्य सिर्जना हुन्छ। यही सिर्जनालाई प्रकाश पार्ने, जलप दिने समालोचना हो। साहित्यमा सिर्जना अघि अघि हुन्छ अनि समालोचना चाँहि त्यसको अनुगामी हुन्छ। यद्यपि दुवै एकार्काका पूरक हुन्। एउटाको अनुपस्थितिमा अर्कोको पनि अस्तित्व रहँदैन। समालोचनालाई सिर्जना चाहिन्छ औ सिर्जनालाई पनि समालोचना चाहिन्छ। कविता, कथा, उपन्यास, नाटक, निबन्ध जस्ता मूलभूत सिर्जनात्मक विधाहरूको नीरक्षीर पारख गर्ने विधा हो समालोचना। यो सिर्जनात्मक साहित्यको अनुवर्ती भए पनि यसले कृतिलाई बोधगम्य एवम् रसास्वादन गराउन सहयोग गर्नका साथै कृति र कृतिकारको मूल्याङ्कन र विश्लेषण गर्दछ। पद्धतिगत आधारमा समालोचनाको वर्गीकरण नीतिवादी, समाजशास्त्रीय, जीवनीपरक, प्रभाववादी, तुलनात्मक,

प्रगतिवादी, मनोविश्लेषणवादी, शैलीवैज्ञानिक, भाषाशास्त्रीय, संरचनावादी, रूपवादी, मीथकीय, संकेतपरक आदिका रूपमा गरिएको छ। समालोचना कुनै आधार, रीति, ढाँचा, प्रणाली, विधि, प्रक्रिया, तरिका आदिका परिप्रेक्ष्यमा गरिनु पद्धति हो।

भारतमा नेपाली भाषा - साहित्यको प्रारम्भ र विकास भएको लगभग दुई-अढाइसय वर्षको इतिहास पाइन्छ। लोक सवाई, भोटको सवाई, लहरी काव्य, भक्तिलहरी, प्रेमलहरी, ढ्वाङ्ग तान्दा गाइने गीत, चियापत्ती टिप्ता गाइने गीत, टुङ्ना भजन तथा निर्गुण सन्तभजन आदि भारतीय नेपाली साहित्यको पृष्ठभूमिमा राख्न सकिन्छ। लोककाव्य एवं लोकसाहित्य परम्पराको ऐतिहासिक तथ्य पाउन गाह्रो भए जस्तै भारतीय नेपालीभाषी समाजमा साहित्यको प्रारम्भिक इतिहास लोक जनजीवन जत्तिकै पुरानो हुन सक्छ, यसको खोज र अनुसन्धानको अर्को पाटो छदैँछ। भारतीय नेपाली समाजमा लोककाव्यको पृष्ठभूमिमा एकातिर ज्ञानदिल दासले निर्गुण काव्यपरम्परा लिएर अघि आए भने अर्कातिर व्रिटीस मिसनरीहरू अङ्ग्रेजी धर्म, शिक्षा, र व्यापार लिएर आएका थिए। भारतमा नेपालीहरूका केन्द्र दार्जिलिङमा अङ्ग्रेजहरूले जग नै बसाए। त्यसताक दुवै पन्थीले एउटा राम्रो काम गरे, त्यो काम नेपालीभाषी समाजमा शिक्षाको प्रचार थियो। यसरी भारतेली नेपालीभाषी समाज साहित्य र शिक्षाको क्षेत्रमा द्रुत गति पक्रेर अघि बढेको थाह पाइन्छ। ब्रिटीस आगमनको प्रारम्भसितै भित्रिएका विचारका नयाँ क्षितीजले नेपालीभाषी समाजमा ठुलै परिवर्तन ल्याइदिएको पाइन्छ। भारत स्वतन्त्रपूर्वकालीन व्रिटीस उपनिवेशको प्रभाव र उन्नाइसौं शताब्दीको दुईवटा विश्वयुद्धको प्रभावले भारतेली नेपालीभाषी समाजलाई विशेष गरेर नयाँ चेतना मिलेको देखिन्छ। यसरी हेर्दा भारतमा राम्ररी नेपाली भाषा -

Notes

साहित्य लेखी नसकेको इतिहास पाइन्छ - भारतेली नेपाली समालोचनाको पृष्ठभूमिमा।

नेपाली साहित्यको विशाल क्षेत्रभित्र विज्ञानकथा अत्यन्त किनारीकृत अवस्थामा रहेको छ । नेपाली कथाको विकासक्रमको चर्चा गर्दा र यसका मोड-उपमोडहरूका कारणहरू पहिल्याउँदा विद्वान्हरूले विज्ञानकथालाई कुनै स्थान दिएको देखिन्न । विश्वसाहित्यमा विज्ञान कथाको लामो परम्परा छ । सन् १८18मा मेरी सेलीले फ्रेङ्केस्टाइन, अर, दि मोडर्न प्रोमेथस प्रकाशित गरेर रोबोटलाई परिचित गराएपछि विज्ञानकथामा प्राक्कल्पनाप्रसूत आविष्कारहरूको क्रियाकलाप र मानवीय प्रतिक्रिया पढ्न पाइएको हो । नेपाली साहित्यमा पनि आधुनिक नेपाली कथाको प्रथम चरणमै 2011 सालमा शङ्कर लामिछानेले ‘आत्माको मीमांसा’बाट प्रारम्भ गरेको विज्ञानकथाले छ दशक लामो यात्रा गरिसकेको छ । तर पनि यसको महत्त्व ठम्याउने ठोस प्रयास भने अध्येताहरूबाट हुन सकेको पाइन्न ।

नेपालीमा शङ्कर लामिछाने र विजय मल्लले प्रारम्भमा विज्ञानकथालाई स्थापित गराएका थिए भने अहिलेको युगमा कविताराम, सरुभक्त, विजय चालिसे आदिले विज्ञानकथालाई आख्यानको मूल धारमा स्थापित गर्ने प्रयास जारी राखेका छन् । त्यसो े भए पनि नेपाली कथाका स्तरीय सङ्कलन र आधिकारिक अध्ययनहरूमा विज्ञानकथालाई जानेर वा नजानेर बाहेक गरिएको देखिन्छ । साझा प्रकाशनबाट प्रकाशित भैरव अर्यालको साझा कथा )2025तथा मोहनराज शर्मा र राजेन्द्र सुवेदीको ( ) समसामयिक साझा कथा2040का अनेकौँ अद्यावधिक संस्करणहरू ( आइसक्ता पनि वा प्रज्ञाप्रतिष्ठानजस्तो आधिकारिक निकायबाट प्रकाशित दयार ाम श्रेष्ठका पच्चीस वर्षका नेपाली कथा )2039(, भारतीय नेपाली

कथा )2039थाका विशिष्ट कृतिहरूमा विज्ञानकथाहरूले कुनै जस्ता क ( ) स्थान नपाउनु एवम् नेपाली कथाका समकालीन सन्दर्भहरू2045मा ( सङ्कलित विज्ञानकथाको समेत समुचित चर्चा नगरिनुले नेपालीमा विज्ञानकथा अध्ययनको अभावबारे चिन्ता प्रकट गर्न बाध्य बनाउँछ । वैज्ञानिकतालाई आधुनिक कालको मूल कसी मान्ने समालोचक मोहनराज शर्माले कथाको विकासप्रक्रिया )2035मा समेत स्वैरकल्पनाको मात्र ( चर्चा गरेर विज्ञानकथालाई ओझेलमा पारेको देख्ता आश्चर्य र जिज्ञासा उत्पन्न हुनु स्वाभाविकै ठहर्छ ।

विक्रम सम्वत 1८27 देखि 1957 सम्मको समयावधिलाई नेपाली कथाको प्राथमिक काल भनिन्छ । अहिलेसम्मको खोज अनुसन्धानका आधारमा शक्तिवल्लभ अर्यालद्वारा लिखित **महाभारत विराट पर्व** (1८27) नेपाली साहित्यको पहिलो आख्यानात्मक कृति हो । यसपछि देखापरेका अन्य कृतिहरू भानुदत्तको **हितोपदेश मित्रलाभ**को अनुवाद (सं.1८32), शक्तिवल्लभ अर्यालको संस्कृत नाटकको अनुवाद **हास्यकदम्ब** (1८८5), अज्ञात व्यक्तिद्वारा लिखित **दशकुमारचरित** (1८75) आदि रहेका पाइन्छन् । कथातत्त्वका दृष्टिले पीनासको कथा (सं.1972) -लाई पहिलो नेपाली कथा मानिएको छ । पीनासको कथापछि **मुन्शीका तीन आहान** (सं.1८77), **बहत्तर सुगाको कथा** (1८90), **सत्तलसेनको कथा** आदि यसकालका उल्लेख्य कृति मानिन्छन् । त्यसपछि लगभग ८0 वर्षसम्म नेपाली कथामा कुनै कलम चलेको पाइँदैन । सं.1958सालमा गोरखापत्रको प्रकाशन प्रारम्भ हुन थालेपछि मात्र नेपाली कथामा चहलपहल हुन थालेको देखिन्छ ।

मूलतरूपमा नेपाली साहित्यमा देखिएका संस्कृतका शास्त्रीय कथाका साथै अन्य भाषाका लोकप्रिय आख्यानलाई नेपालीमा अनुवाद गरी कथात्मक

रचनाको सिर्जना गरिएकाले मौलिकताको अभाव रहनु , आदर्श, उपदेश, धर्म र नीतिशास्त्रका साथै मनोरञ्जन दिने मुख्य उद्देश्यले यस्ता रचनाहरूको सिर्जना गरिएकोले रामायण, महाभारत, हितोपदेश, बेतालपच्चीसी, बहत्तर सुगा जस्ता ग्रन्थतर्फ बढी आकर्षित हुनु , घटना र पात्रहरूको बाहुल्य हुनु , रहस्य र अलौकिक शक्तिको आग्रह, मानवेतर शक्तिको उपस्थापन, गद्यमा पद्यलाई पनि मिसाउनु, भाग्यवादको सर्वोपरिता, कथामा रचना विधानको पुरै बेवास्ता, कथाका घटकमा सन्तुलन एवम् कलात्मकता तथा चरित्र चित्रणमा जीवन्तताको अभाव आदिका कारण पनि भारतेली नेपली समालोचनाको पृष्ठभूमि आधार निर्माण भएको मान्न सकिन्छ ।

## 7.3 भारतेली नेपाली समालोचनाको स्वरूप

कुनै पनि भाषाका साहित्यमा कविता, कथा, उपन्यास, नाटक, निबन्ध, जीवनी आदि जस्ता मौलिक कृतिहरू सिर्जना भएपछि त्यस कृतिको रसास्वादन गरेर पाठक तथा सामाजिकले निश्चित मूल्यबोधका आधारमा कृतिबारे केही प्रतिक्रिया गरिँदा नै समालोचनाको जन्म हुन्छ। हुन त प्रत्येक मानवमा केही न केही समालोचना चेत हुन्छ। यस चेतको आधार भनेको रूचि-अरूचि, आकर्षण-विकर्षण, लोभ-त्याग, स्वकीय-परकीयजस्ता भावको प्रभाव हो र आलोचना यिनै क्रियाको प्रतिक्रिया हो। साहित्यिक कृतिको अनुभूतिगत प्रभाव र प्रतिक्रियालाई, अध्ययन, चिन्तन्, मनन गर्दै त्यसबारे आफ्नो मत वा विचार राखिँदा समालोचनाको सामान्य स्वरूप तयारी हुन्छ। यसरी अरूका सिर्जनात्मक एवं रचनात्मक लेखनबाट पोषकतत्त्व ग्रहण गरेर आफू बाँच्ने परजीवी (प्यारासाइट) विधाको रूपमा पनि समालोचनालाई चिनिन्छ। नेपाली भाषामा समालोचनाको पर्यायवाची

शब्दको रूपमा प्रतिक्रिया, विवेचन, अवलोकन, पर्यावलोकन, पर्यवेक्षण, आलोचना, टिप्पणी, निरीक्षण, निरूपण, सिंहावलोकन, समीक्षण, मीमांसा आदि जस्ता नाम पनि प्रचलित छन्।

समालोचनाको परम्परा हेर्दै जाँदा प्रारम्भमा पूर्वमा संस्कृत साहित्यका भरतका नाट्यशास्त्र र राजशेखरको काव्यमीमांसाबाट भएको मानिन्छ भने पाश्चात्य साहित्यमा पाँचौं शताब्दीको ई. पू. देखि युनानका एरिस्टोफेन्स, सोक्रेटज, प्लेटो, एरिस्टोटलजस्ता विद्वान् विचारकहरूका समयदेखि भएको मानिन्छ। पूर्वमा भरत, अभिनव गुप्त, भामह, दण्डी, कुन्तक, वामन, आनन्दवर्धन आदि समीक्षकहरूका काव्यसिद्धान्त र काव्यदर्शनले परवर्ती समयसम्म भारतीय साहित्य र समीक्षामा प्रभाव पारेको देखिन्छ भने पाश्चात्य साहित्यमा एरिस्टोटलको पोएटिक्सबाट प्रेरणा ग्रहण गरेर सिसेरो, होरेस, क्विन्टिलिएन, लोन्जाइनस आदिका चिन्तनप्रक्रिया र हब्स, कान्ट, शोपेन्हावर, हिगेल, क्रोचे, आदिका दार्शनिक विचारहरूबाट काव्यशास्त्रको निर्माण भएको पाइन्छ। संस्कृतमा प्रतिपादित रस, अलङ्कार, ध्वनि, छन्द, वक्रोक्तिहरू काव्यादि मूल्याङ्कणका सुनिश्चित मानदण्ड बनेर साहित्यलाई अन्तर्निष्ठ वस्तुको रूपमा हेरिएको पाइन्छ। तर पाश्चात्य समालोचनामा साहित्य समीक्षाको मानदण्ड भनेकै सौन्दर्यविज्ञान रह्यो र विस्तारै विविध चिन्तन, पद्धति र मूल्यहरूमा रूपान्तारित बन्दै समृद्ध र फराकिलो हुँदै गएको देखिन्छ। फलस्वरूप पाश्चात्य समालोचनामा अभिजात्यवाद, आदर्शवाद, स्वच्छन्दतावाद, प्रभाववाद, यथार्थवाद, प्रकृतवाद, मार्क्सवाद, प्रगतिवाद, अस्तित्ववादजस्ता अनेकन् मूल्य निर्णायक पद्धतिहरूको विकास भएको देखिन्छ। यसप्रकार पाश्चात्य समालोचनाले साहित्यलाई अधिक बहिर्निष्ठ दृष्टिबाट अध्ययन गरेको देखिन्छ।

पाश्चात्य समालोचनाले युगानुकुल विकास, परिवर्तन् र सम्बर्दन गर्दै अघि बढेको देखिन्छ भने पूर्वीय समालोचनामा आज पनि उनै मूल्य र मान्यता रहिआएको देखिन्छ। यद्यपि पूर्वीय समालोचना पद्धत्तिको आफ्नै किसिमको मानदण्ड रहेकाले आज पनि अनुकरणीय र आफैंमा समृद्ध छ। आज आएर पाश्चात्य साहित्यकै मानदण्डअनुसार साहित्यको समालोचना गरिने प्रकियालाई आधुनिक तथा उत्तरआधुनिक समालोचना मानिएको पाइन्छ। तर समालोचनाको क्षेत्रमा पूर्वीय र पाश्चात्य दुवैतिरका काव्यदर्शन र काव्यचिन्तनको अध्ययन हुन आवश्यक देखिन्छ। वास्तवमा आज प्रचलित पाश्चात्य समालोचनाले धेरै विचारहरू पूर्वीय आचार्यहरूबाट ग्रहण गरेको भेटिन्छ। यस सन्दर्भमा इन्द्रबहादुर राई लेख्छन् - पूर्वीय शास्त्रमा शब्दका जति सामर्थ्य बताइएका छन् (अभिधा, तात्पर्य, लक्षणा, व्यञ्जना, ध्वनि, स्वभावोक्ति, वक्रोक्ति) समान्तरीय विश्लेषणहरू र साहित्यिक मतहरू पाइन्छन् पश्चिममा। रिचर्ड्सको referential meaning अभिधा हो, emotive meaning व्यञ्जना हो वेलेकको structure को मत ध्वनि हो।

ब्रुक्सको paradox, जेम्सको irony, इलियटको wit, एम्पसनको ambiguity, ऱ्यान्समको texture को मत (extension शाब्दिक अर्थ, intention रूपकीय अर्थ) अभिधा र लक्षणा बिचको तनाउ र सन्तुलन हो। पूर्वीयको साधरणीकरण पश्चिमीय Reader Reception एवं Reader Response सिद्धान्तसित दाँजेर हेर्न सकिन्छ। पूर्वीय आचार्य भरतको विभाव, अनुभाव र व्यभिचारिभाव संयोगबाट रसनिष्पतिको सन्दर्भ इलियटको objective correlative सित धेरैले दाँजेको चर्चा उनले गरेका छन्। यसप्रकार तुलना गरेर समालोचक राईले साहित्य अध्ययनमा पूर्वीय र पाश्चात्य समालोचना साहित्यको समानताबारे देखाएका छन्। यद्यपि

पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्तमा भिन्नताहरू पनि धेरै भेटिन्छ। पूर्वीय समालोचना सिद्धान्त रूपवादी देखिन्छ भने पाश्चात्य समालोचना सिद्धान्त वस्तु (विषय)वादी रहेको देखिन्छ। यसप्रकार हेरिँदा भारतेली नेपाली समालोचनाले पूर्वीय र पाश्चात्य दुवैतिरका काव्यदर्शन र काव्यसिद्धान्तका मान्यताहरूलाई अङ्गिकार गरेको देखिन्छ। समालोचक इन्द्रबहादुर यस दिशातर्फ बढेका एकजना सचेष्ट भारतेली नेपाली समालोचक हुन्, जसले साहित्यको आलोचना गर्ने सैद्धान्तिक मान्यता तयार पारेर नेपाली साहित्यमा आयामेली सिद्धान्त र लीलालेखनको प्रारम्भ गरेका छन्। उनले यसदिशामा पूर्वीय र पाश्चात्य दुवैतिरका काव्यमर्मज्ञहरूका काव्यदर्शनबारे अध्ययन गरेर त्यसको प्रयोगसम्म गरेका छन्। आज आएर यिनै पृष्ठभूमिबाट उठेर भारतेली नेपाली समालोचना अघि बढिरहेको पाइन्छ।

नेपाली भाषा भारतीय आधुनिक आर्य भाषाहरू मध्ये एउटा हो। यस भाषाको लेख्य परम्परा, भाषा विस्तार, लोक साहित्य, साहित्य लेखनको प्रारम्भ आदि पनि समालोचनाको पृष्ठभूमिमा महत्त्वपूर्ण पक्ष हो। नेपाली भाषाले आधुनिक परम्परा (पन्ध्रौं शताब्दीदेखि यता)मा आइपुग्दा सम्म साहित्य राम्ररी लेखि सकिएकै थिएन। नेपाली भाषा आधुनिक आर्य भाषा भएका हुनाले नेपाली समालोचना सामू ती प्राच्य र पाश्चात्य समालोचनाका प्राचीन तथा आधुनिक सिद्धान्तहरू, मान्यताहरू, मानदण्डहरू र विधिहरूको पूर्वनिर्मित परम्परा बसिसकेको थियो। यसरी हेर्दा नेपाली समालोचना तथा भारतेली नेपाली समालोचनाले पूर्वीय र पाश्चात्य दुवै काव्यदर्शन र काव्यचिन्तकहरूबाट प्रभाव र प्रेरणा ग्रहण गरी सैद्धान्तिक स्वरूप स्थापित गर्न खोजेको देखिन्छ।

## 7.4 भारतीय नेपाली समालोचनाको विकास प्रक्रिया

भारतमा बनारस भाषा - साहित्यको एउटा यस्तो केन्द्रस्थल बन्यो, जहाँबाट नेपाली भाषी समाजले शिक्षा र साहित्य दुवैलाई अघि बढाउने प्रेरणा प्राप्त गरेको थियो। भारतको बनारसमा शिक्षादिक्षा लिएका मोतिराम भट्ट नेपाली साहित्यमा पहिलो समालोचक मानिन्छ। सचेत रूपमा उनले समालोचना नै नलेखेका भए तापनि उनमा समालोचकीय दृष्टिकोण पाइन्छ। यसैले नेपाली समालोचनाको सन्दर्भ उठ्दा मोतीराम भट्टलाई नसम्झिकन अघि बढ्नु ऐतिहासिक तथ्यप्रति अदेखा गर्नु हुन्छ। नेपाली साहित्यमा भानुभक्त आचार्यको जीवनचरित्र लेखेर मोतिराम भट्टले पहिलो पटक भानुभक्त आचार्यलाई चिनाउने काम सँगसँगै समालोचनाको आधारभूमि तयार गरिदिए। यस कृतिभित्र उनले नेपाली कविहरूका श्रेणी छुट्याएर कृतिम कवि र सजह कविबारे चर्चा गरेका छन्। यसबाट मोतिराम भट्टको समालोचनात्मक प्रवृत्तिको परिचय पाइन्छ। यस अवधिमा समालोचनाको निम्ति प्रशस्त मौलिक कृतिहरूको रचनाको अभाव पनि रहेको देखिन्छ। तथापि प्रारम्भिककालमा पुस्तकको सामान्य परिचय दिनु, कवि प्रतिभाको परिचय गराउनु, जीवनवृत्त प्रस्तुत गर्नु जस्ता कुरा नै नेपाली समालोचना प्रारम्भिक प्रवृत्ति रहेको देखिन्छ। भारतेली नेपाली समालोचनामा मोतिराम भट्टपछि झन्नै 31 वर्षको अन्तरालमा सूर्यविक्रम ज्ञवाली देखा परेका हुन्। नेपाली साहित्य र समाजमा मौलिक कृति लेखनको क्रम विस्तारै बढ्दै गइरहेको समयमा देखापरेका सूर्यविक्रम ज्ञवालीले **नैवेद्य**को समालोचना लेखे। यसमा उनले समाजमा व्याप्त नैतिक आचरण र समाजोपयोगी विचार अघि राखेको देखिन्छ। यसर्थ ज्ञवालीले नीतिवादी आलोचना पद्धतिबाटै भए पनि

व्यक्ति सँगसँगै कृतिलाई पनि महत्व दिएर आलोचना गरेको पाइन्छ। यसप्रकार समालोचनाले व्यक्तिदेखि कृतितिर लम्किएको छनक ज्ञवालीको समालोचनाबाट थाह पाइन्छ।

आधुनिककालको प्रादुर्भाव विस्तारै फैलिँदै गएपछि भारतीय नेपाली समालोचनामा प्रशंसामूलक, गुणगानपूर्ण, नीतिमूलक, भावपरक समीक्षाहरूका साटो कृतिपरक, गुणदोष विवेचनापरक र वस्तुपरक समालोचनाहरू लेखिन प्रारम्भ गरे। यसमा रामकृष्ण शर्मा (सन् 1921-८6) सबैभन्दा अग्रणी रूपमा देखापरे। शर्माले नेपाली समालोचनाको बाटोमा एउटा निकै ठुलो मोड ल्याएको देखिन्छ। उनले अङ्ग्रेजी साहित्यको प्रभाव शीर्षकमा समालोचना लेखेर नेपाली समालोचना क्षेत्रमा नै निर्भिक्क समालोचकको रूपमा आफुलाई चिनाए। उनलाई यसै समालोचनाले नेपाली साहित्यमा समालोचकको रूपमा स्थापित गराएका हुन्। कवि भानुभक्तको विषयमा, कविको धन, नाटक सम्भन्धी छोटो लेख, साहित्यिक रूचिको प्रौढता, समाज र साहित्य इत्यादि समालोचनात्मक लेखमा रामकृष्ण शर्मालाई प्रखर समालोचकको रूपमा चिनिन्छ। यिनका समालोचनामा गुण-दोष, असल-खराब, सत्य-असत्यजस्ता विषयलाई स्पष्ट पार्ने निर्भिक्कपन देखिन्छ। यिनकै समालोचना देखि भारतीय नेपाली समालोचनामा गम्भीरता आएको देखिन्छ। यिनका समालोचनात्मक पुस्तक सप्तशारदीय (सन् 1967), दस गोर्खा (सन्1969) टेबिल गफ नौ बैठक आदि प्रकाशित छन्। यसै कालमा देखापरेका कवि, निबन्धकार, समीक्षक तथा सामाजिक र शैक्षिक विषयमा केन्द्रित खोज र अन्वेषण गर्ने अर्का समालोचक पारसमणि प्रधान हुन्।

Notes

उनका भाषा प्रवेश नेपाली व्याकरण, पाँच पौरखी पुरूष रत्न, अमरजीवनी, रोचक संस्मरणका दुई खण्ड, काँठे झाक्री, नेपाली भाषाको उत्पति र विकास, टिपन-टापन आदि पुस्तक प्रकाशित छन्। यस समयका अन्य भारतेली समालोचकहरूमा ईश्वर बराल, भाइचन्द्र प्रधान पनि मुख्य देखिन्छ। ईश्वर बरालका समालोचनात्मक कृतिहरूमा आख्यानको उद्‌भव (सन्19८2), लक्ष्मीप्रसाद देवकोटा र उनका काव्य (सन्199८), सुवानन्ददेखि शम्भुप्रसादसम्म (सन्199८), रूपनारायण सिँहका व्यक्तित्व र कृतित्व (सन्199८), छरिएका समीक्षा (सन् 199८), बालकृष्ण सम: व्यक्ति र कृति (सन् 1991) आदि। उनले ऐतिहासिक, वस्तु तथ्यात्मक र समीक्षात्मक पद्‌धत्तिको अवलम्बन गरी समालोचना गरेको पाइन्छ। नेपाली समालोचनामा कृतिपरक अध्ययनलाई विशेष महत्व दिएर त्यसबाट कृतिकारको परिचय दिएको कुरो उनको समालोचनात्मक कृतिको नामकरणबाट पनि थाह पाउन सकिन्छ। भाइचन्द्र प्रधानको समालोचनात्मक लेखहरू आदिकवि भानुभक्त आचार्य, नेपाली जीवनमा रामायणको प्रभाव, भानुभक्तको छन्द चुनाई, पुराना कविहरू र छन्दहरू जस्ता लेखबाट उनलाई अन्वेषणात्मक पद्‌धति अवलम्बन गर्ने समालोचकको रूपमा चिनाउन सकिन्छ।

भारतेली नेपाली समालोचनाका लागि अझ उर्वर मलिलो काम स्वतन्त्र्योत्तर कालमा आएर भएको देखिन्छ। यस कालमा प्रशस्त मात्रमा मौलिक कृतिको प्रकाशन भएका छन्। यसका साथै साहित्यमा नयाँ नयाँ सिद्‌धान्तको उद्‌घाटन, प्रयोग र विस्तारले गर्दा भारतेली नेपाली साहित्यमा पाश्चात्य साहित्यका विभिन्न प्रभावहरू रहेको देखिन्छ। यस कालमा आएर नेपाली समालोचनाले जीवनीमा आधारित गुणगानपूर्ण आलोचनालाई तिलाञ्जली दिएर त्यसको ठाउँमा कृति-केन्द्रित,

वस्तुतथ्यात्मक, सिद्धान्तमा आधारित वस्तुपरक, तुलनात्मक अनि व्यवहारिक समालोचनाको विकास गरेको देखिन्छ। यस कालमा आएर देखापरेका प्रमुख समालोचकहरूमा इन्द्रबहादुर राई, गणेशलाल सुब्बा, डिल्लीराम तिम्सिना, राजनारायण प्रधान, गुमानसिंह चाम्लिङ, चन्द्रेश्वर दुबे, लक्खीदेवी सुन्दास, कुमार प्रधान, कमला सांकृत्यायन, महानन्द पौड्याल, जगत् छेत्री, शरद् छेत्री, गोकुल सिन्हा आदि देखिन्छ ।

इन्द्रबहादुर राई आफ्ना समालोचनाको प्रारम्भमा तथ्यान्वेषकको रूपमा देखापरेको देखिन्छ। त्यसपछि उनले नेपाली समालोचनालाई अधिक वस्तुपरक, वैज्ञानिक र व्यवहारिक रूप दिए। पाठको केन्द्रमा भएको वैचारिकतालाई केलाउँदै आफ्ना तर्क, दृष्टान्त र निष्कर्षहरू दिँदै वस्तुनिष्ठ किसिमले आलोचना गर्नु राईको समालोचनात्मक प्रवृत्ति रहेको देखिन्छ। उनका समालोचनात्मक कृतिहरू टिपेका टिप्पणीहरू (सन् 1966), कथास्था (1972), नेपाली उपन्यासका आधारहरू (सन् 1974), सन्दर्भमा ईश्वर बल्लभका कविताहरू (सन् 1976), साहित्यको अपहरण: मार्क्सवादिक प्रतिबद्धता (सन् 1994), दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी (सन् 19८4), अर्थहरूको पछिल्तिर (सन् 1994) आदि हुन्। यी समालोचनाका कृतिका साथै विभिन्न पत्र-पत्रिकामा पनि उनका आलोचनात्मक लेखहरू प्रकाशित छन्। पूर्वीय र पाश्चात्य काव्यदर्शनका विचारले बुनिएका उनका आलोचनात्मक दृष्टिकोण प्रयोगशील देखिन्छ। राईको समालोचनात्मक प्रवृत्तिमा आयामेली, लीलालेखन हुँदै पछिल्ला चरणमा आएर प्रयोगपरक र विनिर्माणवादी आलोचनात्मक दृष्टिकोणको विकास भएको देखिन्छ। समालोचक कृष्ण गौतमले इन्द्रबहादुर राई लाई नेपाली समीक्षाको रोलाँ बार्थ नै भनेका छन्।

गणेशलाल सुब्बाका केही फुटकर समालोचनात्मक लेखहरू प्रकाशित पाइन्छन्। उनले मार्क्सवादी वैचारिक अवधारणा लिएर आफ्ना आलोचनात्मक दृष्टि राखेको देखिन्छ। मुना मदन एक यथार्थवादी समालोचना, कलामा यथार्थवाद र प्रकृतवाद, विद्रोही कवि लक्ष्मीप्रसाद देवकोटा, कला र राजनीति जस्ता आलोचनात्मक लेखहरू प्रकाशित छन्। नेपाली साहित्यमा प्रगतिवादी साहित्य, मार्क्सवादी साहित्यका अध्येताका रूपमा उनलाई चिनिन्छ।

डिल्लीराम तिम्सिना मूलत: प्राचीन पूर्वीय काव्यशास्त्र र दर्शनको अध्ययनबाट कृतिको वस्तुपरक, तुलनात्मक र ऐतिहासिक दृष्टि राखी लेख्ने समालोचक हुन्। उनले सरल, सहज भाषामा आफ्ना आलोचनात्मक अभिमत प्रस्तुत गरेको देखिन्छ। उनका प्रकाशित कृतिहरू , बसिँबियालो, भाषा र साहित्य, ज्ञान विज्ञानको दिशा, काव्यमिमांशा आदि हुन्।

राजनारायण प्रधानको समालोचनात्मक प्रवृत्ति प्रभाववादी रहेको देखिन्छ। उनले कुनै पनि कृतिको आलोचना गर्दा शिष्ट र भव्य भाषाको प्रयोग गरेर गम्भीर विषयलाई पनि सरलतापूर्वक विश्लेषण गरिदिएका हुन्छन्। उनका प्रकाशित कृतिहरू नौ नामी नेता, पैंतीस प्रसिद्ध पुरूष, पन्ध्र प्रशिद्ध पुरूष, ठट्टै ठट्टा, दार्जिलिङ डायरी, केही कृति : केही स्मृति आदि हुन्। उनका समालोचना कृतिहरूमा ऐतिहासिक, तुलनात्मक र व्यवहारिक समालोचनात्मक दृष्टि रहेको देखिन्छ। भारतेली नेपाली साहित्यमा कवि, कथाकार र समालोचक रूपमा लक्खीदेवी सुन्दास परिचित छन्। उनले सम्मेलन कथासङ्ग्रह, सम्मेलन कवितासङ्ग्रह, अकादमी निबन्धावली सम्पादन गरेकी छन् भने समय समीक्षणा उनका समालोचनात्मक कृति हो। उनका समालोचनामा पनि प्रभाववादी रहेको

देखिन्छ। यद्यपि एकाध समालोचनामा उनले उत्तरआधुनिकतावादी अवधारणा प्रस्तुत गर्दै आलोचना गरेको पाइन्छ।

नारी समालोचककै रूपमा देखापरिकी अर्की समालोचक हुन् कमला सांस्कृत्यायन। उनका विचार र विवेचना (सन् 19८1) नामक समालोचना कृति पाइन्छ। नेपाली र हिन्दी भाषाका ज्ञाता सांस्कृत्यायनमा तुलनात्मक र विवेचनपरक समालोचकीय दृष्टि रहेको पाइन्छ। गुमानसिंह चामलिङले पूर्वीय र पाश्चात्य साहित्यसिद्धान्तको आधारमा आफ्ना आलोचनात्मक आधारशीला निर्माण गरेको देखिन्छ। ग्रीक र ल्याटिन भाषाका पनि ज्ञाता चामलिङले रामकृष्ण शर्मा झै आफुलाई लागेको कुरा निर्भिक्क रूपमा प्रस्तुत गरेको देखिन्छ। नेपाली साहित्यमा कविका रूपमा पनि परिचित चामलिङका मौलो (सन् 1979), एरिस्टोटलका काव्यशास्त्र आदि कृति प्रकाशित छन्। समालोचक कुमार प्रधानले धेरै समालोचना नलेखे तापनि उनको आलोचनामा प्राज्ञिक गम्भीरता र तथ्यपरक ऐतिहासिक दृष्टिचेत पाइन्छ। यस अतिरिक्त उनी पूर्वीय र पाश्चात्य समालोचना शास्त्रका गम्भीर अध्येयता पनि हुन्। उनका समालोचनात्मक कृति वार्ताहरू (सन्1971), पहिलोपहर (सन्19८2), अधीति केही (सन् 2005) आदि प्रकाशित छन्।

प्रभाववादी र टिप्पणीमूलक समालोचना लेख्ने रामलाल अधिकारीको नेपाली एकाङ्की यात्रा, नेपाली कथा यात्रा, नेपाली निबन्ध यात्रा र रसिक रचनावली जस्ता आलोचनात्मक र समीक्षात्मक कृति प्रकाशित पाइन्छ। यसकालमा देखापरेका अन्य समालोचकहरूमा नरबहादुर दाहाल, भीमकान्त उपाध्याय, शिवराज शर्मा, सुर्यकला थापा, छविलाल उपाध्याय, लक्ष्मीप्रसाद पराजुली, विद्यापति दाहाल, एस. एन. छेत्री, शान्तिराज शर्मा, असीत राई, बद्रीनारायण प्रधान, शरद् छेत्री, बी. योञ्जन, नन्द

हाङ्खिम, एम. बी. राई, कितापसिंह राई, एम. पथिक, सुर्यकुमार सुब्बा, डी. के. श्रेष्ठ, प्रेम थुलुङ, कुमार छेत्री, डिल्लीप्रसाद अधिकारी, नगेन्द्रमणि प्रधान, कृष्ण गिरी, डी. कुमार परियार, चन्द्र शर्मा, हरेन आले, हस्त नेचाली आदि देखिन्छ। यसप्रकार विवेचनात्मक, समीक्षात्मक, प्रगतिवादी, प्रभाववादी, तुलनात्मक, अन्वेषणपरक, ऐतिहासिक र केही मात्रामा सैद्धान्तिक समालोचनाको विकासले भारतेली नेपाली समालोचनामा नयाँ नयाँ प्रवृत्तिहरू भित्रिएका थिए। तर पछिल्ला दसकमा आएर साहित्यका विभिन्न विधा कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदिमा नवीन किसिमका रचना देखिन थालेपछि नवीन प्रवृत्ति र विशेषताले युक्त त्यस्ता रचनाहरूको विश्लेषणका लागि परम्परित सौन्दर्यचिन्तन तथा समालोचना पद्धत्तिहरू अपर्याप्त देखिन थाले।

विशुद्ध साहित्यशास्त्र र सिद्धान्तका आधारमा मात्र हुने समालोचनाको सम्भावना विस्तारै झिनो हुँदै गएको देखिन्छ। साहित्यको समीक्षणका लागि साहित्येतर सिद्धान्तबाट पनि हेरिनु पर्ने मान्यता प्रारम्भ भएपछि उत्तरवर्ती भारतेली समालोचनाले पनि नयाँ सैद्धान्तिक मान्यतातिर लम्किएको देखिन्छ। यसका आवश्यकताबोध गरेर समालोचना लेख्ने भारतेली नेपील समालोचकहरूमा इन्द्रबहादुर राई, घनश्याम नेपाल, पेम्पा तामाङ, मोहन पी. दाहाल, राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, हर्कबहादुर छेत्री, वत्सगोपाल प्रतापचन्द्र प्रधान, जीवन नाम्दुङ, जस योञ्जन प्यासी, नरेशचन्द्र खाती, रत्न बान्तवा, गुप्त प्रधान, पुष्प शर्मा, कृष्णराज घतानी, दिवाकर प्रधान, कविता लामा, राजकुमारी दाहाल, राधा शर्मा, शान्ति छेत्री, सञ्जय वान्तवा, पुष्कर पराजुली, जय क्याक्टस, सुधीर छेत्री, राजु हिमांसु प्रधान, आनन्द खड्का, दिल श्रेष्ठ, राजकुमार छेत्री, नवीन पौड्याल, हिरा छेत्री, दीपक तिवारी, सपन प्रधान आदि देखिन्छ।

यस चरणमा समालोचक इन्द्रबहादुर राईको अर्थहरूको पछिल्तिर प्रकाशित भएको देखिन्छ। जसअन्तर्गत उनले उत्तरसंरचनावादी विचार र मिथकबारे विवेचनात्मक अध्ययन प्रस्तुत गरेको देखिन्छ। यसै पद्धतिलाई अवलम्बन गर्ने अर्का समालोचकका रूपमा घनश्याम नेपाल रहेको देखिन्छ। उनका आख्यानका कुरा(सन् 19८6), शैलीविज्ञान(सन् 1992), नेपाली साहित्यको परिचयात्मक इतिहास(सन् 1992), रूप र रेखाहरू(सन् 1996) आदि प्रकाशित छन्। उनले वस्तुनिष्ठ, पाठकेन्द्री, रूपपरक तथा शैलीपरक अध्ययन गरेर नेपाली समालोचना क्षेत्रलाई अद्यवधिक अघि बढाएको पाइन्छ।

समालोचक प्रतापचन्द्र प्रधानको माध्यमिक कालीन नेपाली कवितामा शृङ्गार(सन् 1990), नेपाली उपन्यास : पृष्ठभूमि र परम्परा (19८3), कथावलोकन(19८3), आदि प्रकाशित छन्। उनको समालोचनाले सैद्धान्तिक, व्यवहारिक र कृतिपरक मान्यतालाई अङ्गिकार गरेको देखिन्छ।

समालोचक मोहन पी. दाहालका लेख प्रलेख (सन् 1992), आधुनिक नेपाली उपन्यास (सन् 1993), गणेशलाल सुब्बाका साहित्यिक समालोचना र अन्य लेखहरू (सम्पा. 2000), दार्जिलिङका नेपाली उपन्यास : परम्परा र प्रवृत्ति (सन् 2001) आदि समालोचना कृति प्रकाशित पाइन्छ। उनका आलोचनामा ऐतिहासिक, तुलनात्मक, समाजशास्त्रीय र व्यवहारिक समालोचनाको प्रवृत्ति पाइन्छ। समालोचक जीवन नामदुङका नेपाली साहित्यका भौंप्वालहरू (सन् 197८), हरिभक्त कटुवल (सन् 1990), पर्यवेक्षण (सन् 1993), समकालीन नेपाली समालोचना (सम्पा. सन् 2000), उल्लेख (सन् 2006), अगमसिँह गिरीका कविताको अध्ययन र आधार (सन् 2000) मितेरी साइनो (स्

2002)स्वतन्त्रोत्तरकालका नेपाली कथाहरू (सन् 2007), शिवकुमार राईका नाटकहरू (सम्पा, सन् 2012)आदि प्रकाशित छन्। नामदुङका समालोचनामा अधिक प्रभाववादी, कृतिपरक र व्यवहारिक समालोचनात्मक प्रवृत्ति पाइन्छ।

जस योन्जन प्यासीका प्यासीका केही समालोचना (सन् 19८3), डा. पारसमणी प्रधानका कृति कैरन, परख, आदि प्रकाशित छन्। यिनका समालोचनामा ऐतिहासिक, तुलनात्मक, प्रगतिवादी आलोचनात्मक दृष्टिचेत पाइन्छ। नरेशचन्द्र खातीका अध्ययन नेपाली समालोचना (सन् 2007), अध्ययन नेपाली निबन्ध (सन् 2007) आदि। उनले वस्तुपरक र कृतिपरक आलोचना गरेको पाइन्छ। हर्कबहादुर छेत्रीका भारतीय नेपाली कविताको परिप्रेक्ष्यमा चामलिङको कविता : एक अध्ययन (सन् 1996) एउटै मात्र समालोचना प्रकाशित छन्। राजेन्द्र भण्डारी अनि मनप्रसाद सुब्बाका समालोचना ग्रन्थ प्रकाशित नपाए तापनि फुटकट रूपमा प्रकाशित समलोचनाले भारतेली नेपाली समालोचनालाई अघि बढाएका छन्। पेम्पा तामाङका आख्यानदेखि पराख्यानसम्म (सन् 2005) एउटा मात्रै समालोचना कृति प्रकाशित छन्। यद्‌यपि उनका समालोचनामा पनि उत्तरआधुनिकतावादी दृष्टिचेतलाई आत्मासात गरेर आलोचना गरेको पाइन्छ। उनी पाठपरक, वस्तुनिष्ठ आलोचना गर्न रूचाएको देखिन्छ।

यसकालका अन्य प्रतिनिधि समालोचकहरूमा गुप्त प्रधानका धुमिल पृष्ठहरू, केही विषय : केही विशेषता, हिरा छेत्रीका भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी 1८८7-19८6, कविता लामाका भानुभक्तका काव्यकृतिको भाषिक अध्ययन (सन् 2002) दिद्दक्षा (सन् 2005), अनुशीलन (सन् 2010), दिवाकर प्रधानका कविताका कुरा(सन् 2013), राजकुमारी दाहालका अनुवाद विमर्श(सन् 2010), आञ्चलिक उपन्यास

(सन् 2011), दिल श्रेष्ठको आञ्चलिक नेपाली उपन्यास ( ), राजकुमार छेत्रीका सिर्जनाको समावलोकन(सन् 2010), अवलोकन अववोधन (सन् 2010) कृति कैरन, नवीन पौड्यालका आख्यान अनुशीलन, (सन् 1993) , सपन प्रधानका कृति कीर्ति(सन् 2011) दीपक तिवारीका सिक्किमका साहित्यिक इतिहास पृष्ठभूमि र परम्परा (सन् 2013), प्रकाशित छन्।

भारतीय नेपाली साहित्यमा जति मार्क्सवादी सिर्जना सिर्जित भएका छन् त्यसलाई पर्गेल्ने समालोचना उति फस्टिन सकेन। असीत राई, शरद छेत्री, भीम योञ्जन, रत्न वान्तवा, डाजस योञ्जन प्यासी आदिबाट . जति काम भए त्यसैमा चित्त बुझाउनु पर्ने हुन्छ। युवा समालोचक रूपेश शर्मा, टीका भाइ आदिको उपस्थिति केही आशा लाग्दो छ। लेखमा अध्येयता राईले 'मूल्याङ्कनात्मक र अमूल्याङ्कनात्मक समालोचनाको मिश्रणको अन्तरविधात्मक समालोचना हुने' जनाउँछन्। परोक्षताले लेखिने कविताको व्याख्याको अनिवर्यता, कृति बुझाइमा पृथकता हुने र अनुभूतिसम्मत समालोचना ऐकमत्य नहुने, भिन्दाभिन्दै पद्धतिले एउटै कृतिको भिन्दाभिन्दै पक्ष वा तत्त्व देखिने जसले नयाँ अर्को समालोचना पद्धति जन्मने, कृति आधृत मात्र नभएर अनाधृत पनि हुने, जुनै पनि पद्धति विशेष साहित्यिक सिद्धान्त र व्याख्यामा हुने, साहित्यको मूल्याङ्कन महानता, कृतिको सार्थकता र महत्व पूर्णरूपले निर्मित नहुने आदि देखिन्छन् ।

भारतमा नेपाली समालोचनाको थालनीबारे दार्जिलिङका साहित्य गुप्त प्रधानले खोजीपत्तो लगाएअनुसार शिलाङबाट प्रकाशित हुने गोर्खा सेवकको सं. 1994 तदनुसर सन् 1937 को अङ्कभित्र रहेको समालोचना भन्ने लेख नै पहिलो समालोचना हो। श्री प्रधानका अनुसार भारतमात्र नभएर समग्र नेपाली साहित्यकै पहिलो गद्य विधा विषयक समालोचना हो।

यसका लेखकको नाम नभए पनि यसका समालोचक अवश्य नै सम्पादक मणिसिंह गुरूङ हुन्। यसमा रूपनारायण सिंहको भर्खरै प्रकाशित भ्रमर उपन्यासमाथि निकै गहनतासँग अध्ययन गरिएको छ। (प्रधान: 200८) यद्यपि ज्ञानबहादुर छेत्रीका अनुसार असमबाट पहिलो नेपाली समालोचनाको थालनी सन् 1947 मा प्रभात पत्रिकाको अङ्कमा प्रकाशित पुष्पलाल उपाध्यायको लेख कविवर भानुभक्त हो। मणिसिंह गुरूङ र उनको गोर्खा सेवक तत्कालीन असमकै अविभक्त असमभित्र पर्ने शिलाङको हुनाले छेत्रीको यो विचार स्वतः खण्डित हुन्छ। छेत्रीले पत्तो लगाएको उपाध्यायको कविवर भानुभक्त भन्ने लेख गोर्खा सेवकमा प्रकाशित समालोचना भन्ने लेखभन्दा दस वर्ष पछि पर्दछ। भारतमा नेपाली समालोचाको शुरूवात गर्ने सूर्यविक्रम ज्ञवाली हुन् भने रामकृष्ण शर्माको साहित्यिक उदय भएपछि भने निकै अघि बढ्न सक्यो। इन्द्रबहादुर राई, गणेशलाल सुब्बा, राजनारायण प्रधान, कुमार प्रधान, लक्खीदेवी सुन्दास आदि हुँदै भारतमा नैपाली समालोचनाले निकै प्रगति गरेको पाइछ।

त्यसपछि समग्र नेपाली साहित्यमा सिर्जनात्मक र समालोचना दुवै पक्षमा प्रगति भइरहेछन्। सिर्जनाको परख गर्न समालोचना पनि सक्रिय नै पाइन्छ। समसामयिक नेपाली समालोचना निकै अगाडि बढेको छ। नेपाल र भारतमा कुल मिलाएर हेर्दा समालोचनाले निकै फडको हानेको छ। नेपाल र भारतबाहेक अमेरिका र युरोपतिर पनि यसले पखेटा चाल्न थालेको छ। समयानुकूल विकसित भएका समालोचनाका विभिन्न सिद्धान्त, पद्धति र प्रणालीलाई पनि सँगसँगै आत्मसात गर्दै नेपाली समालोचना पनि निकै अगि बढेको छ। भारतको असम क्षेत्रबाट पनि नेपाली समालोचना फस्टिएको त पाइन्छ यद्यपि तिनका बारेमा त्यति

बढी मात्रामा च्चर्चा गरिएको पाइन्न। यसमा पनि मूल्याङ्कनपरक नभएर हलुका टिप्पणी मात्र गरिएको छ। यसमा समालोचनासँग सम्बद्ध आलोचना, मूल्याङ्कन, समीक्षा, विवेचना, विश्लेषण, अनुशीलन, समावलोकन, आदि पर्यायहरू नछुट्याएर समग्रमा रूपमा सबैलाई सालाखाला समालोचनाको रूपमा नै प्रस्तुत गरिएको छ।

भारतको पूर्वाञ्चल प्रान्त असमबाट पनि नेपाली साहित्यको विकास गर्न महत्वपूर्ण योगदान रहिआएको छ। सिर्जनात्मक साहित्यका दाँजोमा नेपाली समालोचना त्यति फस्टिएको देखिन्न। समालोचक व्यक्तित्वहरू थोरै नै देखिन्छन्। त्यतातिरबाट नेपाली समालोचनामा कलम चलाउने केही मुख्य समालोचकहरूमा स्व. डा. चन्द्रेश्वर दुबे, लीलबहादुर छेत्री, छविलाल उपाध्याय, तारापति उपाध्याय, विद्यापति दाहाल, डा शान्ति थापा, डा लक्ष्मीप्रसाद पराजुली, दुर्गाप्रसाद घिमिरे, डा भीमकान्त उपाध्याय, लोकनाथ चापागाईं, ज्ञानबहादुर छेत्री, डा खेमराज नेपाल, टेकनारायण उपाध्याय, मोहन सुवेदी, खेमानन्द मिश्र, गोपीनारायण प्रधान, घनश्याम तिम्सिना, दैवकी तिम्सिना, डा इन्दुप्रभा देवी, डा जमदग्नि उपाध्याय, लक्ष्मण अधिकारी, , कमलकान्त सेंढाइँ, आदि प्रमुख हुन्। फाट्टपुट्ट रूपमा समीक्षा-समालोचनामा कलम चलाउने अन्य केही व्यक्तिहरूमा नवसापकोटा, रणबहादुर सापकोटा छेत्री, खेमानन्द मिश्र, डा. जमदग्नि उपाध्याय, हरि गजुरेल, रूद्र बराल, देवीचरण सेँढाइँ, खडगराज गिरी, डा खगेन शर्मा, तिलक शर्मा, अविकेशर शर्मा, हेम गौतम, तीर्थ फुँएल, विलासी छेत्री, डम्बर दाहाल, रोहित गौतम, झरना भट्टराई, गायत्री नेवार इत्यादि हुन्। असमलगायत पूर्वाञ्चल भारतबाट हालसम्म प्रकाशित नेपाली समालोचनाको कृतिहरूमा दुर्गाप्रसाद घिमिरेको कवि पुष्पलाल उपाध्याय-

व्यक्तित्व र कृतित्व (2001), छविलाल उपाध्यायको लीलबहादुर छेत्री र उनको ब्रह्मपुत्रका छेउछाउ (1990), शाकुन्तल महाकाव्य : एक दृष्टि (2001), देवकोटाको व्यक्तित्व तथा उनको मुनामदन (2005), समीक्षात्मक निबन्धहरू (2012), उत्तर पूर्वाञ्चल भारतीय नेपाली साहित्यको गतिविधिमाथि एक दृष्टि(2012) , भूमिकै भूमिका (2015), विद्यापति दाहालको पाश्चात्य समालोचना र प्रमुख वाद (2004), मोहन सुवेदीको साहित्य र समीक्षा (2006), ज्ञानबहादुर छेत्रीको अवलोकन (2000), पुष्पलाल उपाध्याय (2006), सर्जक र सिर्जना (2010), दुर्गासार (2013) नेपाली साहित्य एक झलकमा, आधा टपरा ठेटना (2014), डा. खेमराज नेपाल- साहित्य अकादमी विजेता नेपाली साहित्यकार (ज्ञानबहादुर छेत्रीसंग सहलेखन, 2003), भाषा र साहित्यका केही पक्ष (2006), नेपाली लोकसाहित्यको रूपरेखा (2003), केही कृति केही आकृति (2016), कमलकान्त सैँढाइको पवन चामलिङ- व्यक्तित्व र कृतित्व, घनश्याम तिम्सिनाको विविध सृष्टि एक सृष्टि (2012), कुलप्रसाद शर्माको बटुलेका थुङ्गाहरू (2013), लक्ष्मण अधिकारीको दृष्टिमा सृष्टिहरू (2013), गोमा अधिकारीको  मणिपुरमा नेपाली साहित्य - एक अध्ययन (2015) आदि ।

यीबाहेक डा भीमकान्त उपाध्याय, अविनाश श्रेष्ठ आदि समालोचकहरूले पनि आ - आफ्ना समालोचना कृतिहरू लेखेका छन् । वर्तमानमा भारतबाट समालोचना लेख्ने युवा भारतेली समालोचकहरूमा राजकुमार छेत्री र उनको **सिर्जनाको समयावङ्कन**, नवीन पौड्याल र उनको **साहित्य सन्धान**, सोनाम शेर्पा र उनको **नेपाली कविताको आरेख**, राजीव विश्वकर्म र उनको **केही अध्ययन र अनुशिलन**, मेहरमान सुब्बा र उनको **केही अध्ययनहरू** आदि देखिन्छन् ।

# 7.5 भारतीय नेपाली प्रमुख समालोचकहरू

## 7.5.1 गणेशलाल सुब्बा

साहित्य र राजनैतिक दुवै पक्षमा क्षमताशील र प्रतिभाशाली व्यक्तिको रूपमा गणेशलाल सुब्बालाई चिनिन्छन् । दार्जीलिङ पहाडले पारसमणि प्रधान, इन्द्रबहादुर राई, राजनारायण प्रधान, अगमसिंह गिरी, वीरविक्रम गुरुङलगायत हजारौं साहित्यिक व्यक्तित्वहरूको उद्‌भव गरायो भने साहित्यिक प्रतिभा सँगसँगै राजनैतिक व्यक्तित्वको रूपमा गणेशलाल सुब्बा जस्तालाई पनि अवतरण गरायो। यसै त राजनैतिक व्यक्तित्वको रूपमा धेरै आए, गए तर आफ्नो कर्मद्‌वारा अमेट छाप छोडिजाने व्यक्तिको रूपमा रतनलाल ब्राह्मण (माइला बाजे)- को नाम लिनसकिन्छ तर राजनैतिक र साहित्यिक प्रतिभाका धनी अनि नेपाली समाजले गर्वको रूपमा नाम लिँदै अन्य जाति र भाषीलाई उदाहरणको रूपमा प्रस्तुत गर्नसक्ने व्यक्ति हुन् - गणेशलाल सुब्बा।

कुनै पनि समाजको विकासको निम्ति शिक्षित, प्रतिभाशाली र अदम्य साहसी व्यक्तिको आवश्यकता पर्दछ। त्यो समाजमा जति धेर शिक्षित, सक्रिय र प्रतिभाशाली व्यक्तिहरूको समूह हुन्छ, जाति र समाजको विकास त्यति नै द्रूत गतिमा सम्भव छ भन्ने कुरा सायद त्यति गलत छैन। यस्तै धेरै गुणसम्पन्न व्यक्तिको रूपमा गणेशलाल सुब्बालाई चिन्न सकिन्छ।

गणेशलाल सुब्बाको जन्म र बाल्यकालदार्जीलिङ पहाडको नाम लिनेबित्तिकै कञ्चनजङ्घाको स्मरण भइहाल्छ। यो कञ्चनजङ्घाको काखमा धेरै सपूतहरूले जन्म लिएर सम्मानीय कार्य गरी निदाएका छन्। देश स्वाधीनताको आन्दोलनमा यहका धेरै सुपुत्र शहीद भएका छन्।

इतिहासमा नामै नआएकाहरूको पनि नाम अङ्कित भएको छ यो कञ्चनजङ्घाको छातीमा। यही पहाडमा गणेशलाल सुब्बाको जन्म भएको थियो। यही पहाडभित्रको एउटा ठाउँको नाम हो- सुकेपोखरी। सम्पूर्ण पहाड नेपाली भाषीहरूको बहुसङ्ख्यक क्षेत्र हो। सुकेपोखरी पनि नेपाली भाषीहरूको क्षेत्र मानिन्छ। यहींका एकजना व्यापारीको नाम थियो - मटनदास सुब्बा। उनी थिए पक्काका लिम्बू। थर थेगिम भन्ने थाहा लागेको छ। मटनदासका दुइवटी श्रीमती। त्यसबेलाका बूढापाकाको भनाइअनुसार गणेशलाल सुब्बाका पिताको व्यापार कानपुरसम्म विस्तारित थियो। यसरी सम्पन्न परिवारमा श्री सुब्बाको जन्म 1923, अप्रेल 22-मा भएको थियो।

देशको स्वाधीनता आन्दोलन रापिलो बन्दै गएको अवस्थामा 1928-मा मटनदास सुब्बाको मृत्यु भयो। पिताको देहान्त भएको समयमा गणेशलाल सुब्बा केवल छः वर्षका मात्र थिए। सानै उमेरमा यसरी पिताको छत्रछायाँ आफ्नो टाउकोबाट हटेपछि केही विदिर्ण अवस्था सिर्जना हुनु स्वाभाविक हो। तर परिवारको मेयो किन खुस्किन पाएन भने गणेशलालकी आमा बुद्धिमान सुब्बा निकै बुद्धिशाली, धैर्यवान र साहसी महिला थिइन्। यसैकारण गणेशलालको पढाइ प्रारम्भ भयो सुकेपोखरीको प्राथमिक पाठशालाबाट। सानैदेखि कसैसँग नदब्ने, कसैको अन्याय नसहने अनि कसैमाथि अत्याचार नगर्ने प्रवृत्ति थियो स्व. गणेशलाल सुब्बामा। सानो छँदाको प्रवृत्ति ठूलो भइञ्जेलसम्म पनि यथावत रहेकै कारण पहाडी जनताको धेरै हदसम्म कल्याण भएको मान्न सकिन्छ। गणेशलाल सुब्बाको शिक्षा-दीक्षा एवं युवा अवस्थाकेवल छः वर्षको उमेरमा गणेशलाल साधारण पाठशालामा भरना भएपछिदेखि नै उनको प्रतिभा स्वयं आउन थाल्यो। बिस्तारै श्रेणी बढ्न थालेपछि सानै उमेरदेखि अङ्ग्रेजी भाषामा

उनको दक्षता देखा पर्नथाल्यो। उदेकलाग्दो कुरा के छ भने तिनताकको समयमा अङ्ग्रेजहरूले बाबा विद्यालयको निर्माण गरे पनि जतातत्तै बाइबलीय संस्कृति हावी भए पनि बालखा सुब्बाको अङ्ग्रेजी रहन-सहन, साज-सज्जा, बृटिश सामाजिक जीवनसँग उनको संसर्ग पटक्कै थिएन, तर पनि उनको अङ्ग्रेजी दक्षता स्वत: अघि आएको थियो। उनी जुन पाठशालामा भरना भएका थिए, त्यहाँ केवल विपन्नवर्गका नानीहरू मात्र अध्ययन गर्नआउँथे।

गणेशलाल वास्वमै होनहार थिए। नेपाली जातिको नागरिकता सोध्नेहरूका निम्ति गणेशलाल सुब्बा एक बेजोड उदाहरणीय व्यक्ति हुन्। साहित्य क्षेत्रमा गणेशलाल सुब्बाको योगदानगणेशलाल सुब्बाको साहित्यिक फटवारीको मूल्याङ्कन गर्नु त्यति सहज अवश्यै छैन। गणेशलाल बेजोड प्रतिभाका धनी भएकै कारण नेपाली साहित्यिक समाजले सोच्दै-नसोचेका कुराहरू आए उनका माध्यमबाट। उनले आलोचनाकै क्षेत्रमा "साहित्यिक समालोचना; एक यथार्थवादी दृष्टिकोण, मुनामदन: एक यथार्थवादी समालोचना, नेपाली साहित्यमा भ्रमरको स्थान समालोचना लेखेर सबैलाई हतप्रभ बनाए। तबमात्र नेपाली साहित्यिक समाजमा समालोचना यस्तो पनि हुँदोरहेछ भन्ने भावहरू तरङ्गित हुनथाले। तिनताकको समयमा उनले लेखेको-"साहित्यिक समालोचना, एक यथार्थवादी दृष्टिकोण' जस्तो तह नमिलेको र सोचले पराकाष्ठा छोएको समालोचना एकाधलाई पर सार्नु हो भने कम-से-कम भारतीय नेपाली साहित्यमा वरिष्ठ विद्वानहरूबाट आउनसकेको छैन भन्दा त्यति फरक नपर्ला। उनले आफ्नो समालोचनामा धेरै रूढिवाद विचारहरूको आधारलाई भत्काउँदै अनि त्यसमा नयाँ विचार र सोचहरूलाई समागम गराउँदै निकै अघि बढेका छन् उनी। समाजमा यस्ता धेरै मान्यताहरू पनि थिए-"पूँजीवादी साहित्य

नै सर्वजनिन हो। मार्क्सवादी धारणा, मूल्य र अवधारणाहरू जनतालाई काम नलाग्ने कुरा हुन्।' यस्ता कुराहरूको खण्डन गर्दै उनी अघि बढे। कुनै पनि युगको साहित्यले त्यो युगको प्रतिनिधित्व लिएको हुन्छ। तर त्यो आजको सन्दर्भमा कति उपयुक्त र सर्व जनहिताय छ, त्यही कुरामाथि दृष्टि विन्दू हुनुपर्छ। पुराना मानवीय संस्कारहरू गतिशील थिए। त्यही गतिशीलता आजको युगमा प्रगतिशील फॉटमा आइपुगेको भन्ने मान्यता राख्थे उनी।

## 7.5.2 इन्द्रबहादुर राई

इन्द्रबहादुर राई कवि नभएर तापनि भारतेली नेपाली साहित्यमा आयमेली आन्दोलन तथा तेस्रो आयमका मुल खाम्बा भएको हुनाले यहाण उनकोबारे चर्चा नगरी रहन सकिन्न । कथाकार, उपन्यासकार र समालोचकको रूपमा परिचित राईको जन्म सन् 1927 मा दार्जिलिङको खरसाङ स्थित बालासन खोलाको बगरमा बाबु रणवीर राई र आमा हस्तमाया देवानको सुपुत्रका रूपमा भएको हो । राई आफ्नो जन्मका सम्बन्धमा भन्छन्, "मेरा बाबुआमा उक्त खोलाको पुल निर्माणको काममा खटिरहेका बेला त्यहीँ बगरमा जन्मिएको अरे।" निम्न आय भएको परिवारमा जन्मे पनि उनको शिक्षादीक्षामा भने कुनै कमी हुन पाएन । अङ्ग्रेजी साहित्यमा स्नातकोत्तर गरेपछि प्राध्यापनमा लागे। पहिलो सङ्ग्रहका रूपमा विपना कतिपय सन् 1961 मा आएको हो । उपन्यास चाहिँ सन् 1958मै लेखि सिध्याएको भएता पनि तर प्रकाशित हुँदा भने सन् 1964 पुग्यो । यिनै कृतिले राईलाई चिनाए ।

इन्द्रबहादुर राई आफूलाई प्रभाव पारेका लेखक र कृतिका सम्बन्धमा भन्छन्, " मैले त्यसबेला पढेको कितावमा सन् 1८65 मा प्रकाशित माथ्यु

आर्नोल्डको 'एसेज इन क्रिटिसिज्म' थियो र त्यसले धेरै प्रभाव पाऱ्यो । त्यहाँ गेटेको बारेमा लेख्दा जीवन र जगत् भन्ने शब्दहरू लेखिएका पाएँ र यसैलाई अहिलेसम्म लेख्ने कोसिसमा छु । अध्ययन गर्दै जाँदा आफ्नो बाटो आफैँ बन्दै जाँदोरहेछ । जीवन र जगतलाई पढेर लेख्दैगर्दा प्रेमचन्द्र, रवीन्द्रनाथहरू पनि पढिए । त्यसपछि अर्को सजिलो पुस्तक भेटेँ - समरसेट ममको । तीन ठेलीको उक्त कृतिमा एक ठेलीमा सय कथा थिए। त्यही ठेलीको प्रभावबाट विपना कतिपय लेखेँ बीस दिनमा ।" वास्तवमा राईको यही लेखन शैलीका कारण उनी सन् 2018मा देहान्त भए तापनि नेपाली साहित्यमा कहिले पनि मर्ने छैनन ।

राईले आयमेली लेखनका अतिरिक्त लीला लेखन वा लीलावाद पनि भारतेली नेपाली साहित्यमा प्रयोग र परिचय गराएका छन् । यस लेखनको प्रथम आधारकृतिका रूपमा उहाँको **कठपुतलीको मन** कथासङ्ग्रहलाई लिइन्छ । अहिलेका उत्तर आधुनिकतावादीहरूले पनि यसैलाई नै उत्तर आधुनिकताको प्रारम्भ विन्दु मानेका छन् । उनको कृतिहरूमा **विपना कतिपय, कथास्त, कठपुतलीको मन** आदि कथा सङ्ग्रह, **आज रमिता छ** (सन् 1964) उपन्यास **टिपेका टिप्पणीहरू** (सन् 1966), **नेपाली उपन्यासका आधारहरू** (सन् 1974), **सन्दर्भमा ईश्वरबल्लभका कविता** (सन् 1976), **साहित्यको अपहरण. मार्क्सवादी प्रतिवद्धता** (सन् 19८3), **दार्जीलिङमा नेपाली नाटकको अर्धशताब्दी** (सन् 19८4), **अर्थहरूको पछिल्तिर** (सन् 1994), **पृष्ठ पृष्ठ** (सन् 1995), **लीला प्रस्तावना** (सन् 2002), **सेतो ख्याकको बनोट र बुनोट** (सन् 2006) आदि समालोचना सङ्ग्रह साथै **पहाड र खोला** (निबन्ध संग्रह, सन् 1993), **लेखहरू र झ्याल** (निबन्ध संग्रह, सन् 2000) निबन्ध सङ्ग्रह पनि प्रकाशित छन् ।

### 7.5.3 धनश्याम नेपाल

समालोचनक धनश्याम नेपाल भारतका एक शैली वैज्ञानिक समालोचक तथा भाषाविद  हुन् । उनको शैली विज्ञान, आख्यानका कुरा आदि समालोचना कृतिहरू प्रकाशित छन् । संरचनावादी -"कृतिलाई कृतिको भाषामै अध्ययन गर्ने संरचनावादी समालोचनाले देखाउँछ साहित्यिक कृतिभित्रको वस्तुहरू विम्ब, विचार, भाव आदि एका - अर्कासँद रही कृतिको संरचना बनेको हुन्छ । संरचनावाद भाषा साहित्यमा पछिल्लो समयमा हुर्केको सबैभन्दा शक्तिशाली वैचारिक आँधी हो। यसले समालोचना विधामा एउटा ठूलो घुम्ति कोरेको छ। फर्दिनान्द सस्युरद्वारा प्रवर्त संरचनावादको प्रभाव वैश्विक छ। समालोचक घनश्याम नेपालको पछिल्लो कृति विधा विविधामा यसबारे गहन रूपमा अध्ययन गरिएको पाइन्छ ।

### 7.5.4 लीलबहादुर छेत्री

गौहाटीका एक वरिष्ठ आख्यानकार भए तापनि लीबहादुर छेत्रीले छिटपुट रूपमा समालोचनामा हात पनि हालेका छन्। उनका पूर्वाञ्चल भरतीय नेपाली कथा साहित्य र पत्र-पत्रिकाको इतिवृत्त (1997), पूर्वोत्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन (2000) जस्ता पुस्तकमा आंशिक रूपमा भए पनि समालोचना प्रस्तुत गरिएको छ। यो पछिल्लो पुस्तकमा छेत्रीले तुलचन आलेको मणिपुर्का लडायींका सवाइलाई भारतीय नेपाली साहित्यकै पहिलो लेख्य साहित्यका रूपमा शुरूवात् भएको कुरा उल्लेख गरेका छन्। यसैगरी उनले विभिन्न पत्रिका आदितिर दुर्वासा उपाध्याय, हरिभक्त कटुवाल, शरणार्थी उपन्यास, माया कुरी, बिक्रमवीर थापा, अर्जुन निरौला आदि कृति र कृतिकारबारे चर्चा गरेका छन्। उनको

समालोचनामा ऐतिहासिक, तथ्यात्मकता र प्रभाववादिता जस्ता प्रवृत्ति देखा पर्दछ।

### 7.5.5 दुर्गाप्रसाद घिमिरे

तेजपुरका एक वरिष्ठ साहित्यकार दुर्गाप्रसाद घिमिरे एक कुशल समालोचक पनि हुन्। कवि पुष्पलाल उपाध्याय- व्यक्तित्व र कृतित्व(2001, साधना (2003), शारदा (2011 )गरी तीनवटा समालोचनात्मक ग्रन्थ प्रकाशित देखिन्छन्। प्रभाववाद, विश्लेषणात्मकता जस्ता प्रवृति देखा पर्छ।

### 7.5.6 डा. लक्ष्मीप्रसाद पराजुली

सिङ्रीका डा लक्ष्मीप्रसाद पराजुली पनि समालोचनामा देखा परेका छन्। उनका दृष्टिपात (1993), उत्तरपूर्व भारतीय नेपलीसमाज र साहित्य (आंशिक समालोचना, 1995), नेपाली कथा साहित्यमा उत्तर पूर्वीय भारतको योगदान जस्ता समालोचनात्मक कृति प्रकाशित देखिन्छ। उनले यस पछिल्लो कृतिविषयमा काठमाडौंबाट विद्यावारिधि हासिल गरेका हुन्। विश्लेषणात्मकता, शोधपरकता, प्राज्ञिकता उनको समालोचनागत प्रवृत्ति हुन।

### 7.5.7 छविलाल उपाध्याय

असमको शोणितपुर जिल्लाको ढेकियाजुलीमा एकजना सच्चा साहित्य साधक, कवि, समालोचक र सबैका आदरणीय व्यक्तित्व बस्नुहुन्छ- छविलाल उपाध्याय खतिवडा। उहाँका वर्षेनी एउटा-दुईवटा पुस्तक प्रकाशनमा आइरहन्छन्। हालसम्म उहाँका बीसवटा भन्दा बढी संख्यामा पुस्तक प्रकाशित भइसकेका छन्। तिनमा मौलिक र अनूदित छन्।

Notes

मौलिकमा बढी पद्यका छन् भने गद्यमा निबन्ध र समालोचना छन्। समालोचना क्षेत्रमा मात्र पनि उनका लीलबहादुर छेत्री र उनको ब्रह्मपुत्रका छेउछाउ (1990), शाकुन्तल महाकाव्य : एक दृष्टि (2001) देवकोटाको व्यक्तित्व तथा उनको मुनामदन (2005), समीक्षात्मक निबन्धहरू (2012), उत्तर पूर्वाञ्चल भारतीय नेपाली साहित्यको गतिविधिमाथि एक दृष्टि(2012), , भूमिकै भूमिका (2015) गरी छवटा पुस्तक प्रकाशित छन्।

वर्ष 2015 मा प्रकाशित **भूमिकै भूमिका** नामक पुस्तकमा उहाँले आफुले अन्यका किताबका निम्ति लेखेका बीसवटा जति भूमिकापरक लेखहरू समावेश छन्। यस पुस्तकमा विशेषगरी तीनवटा पक्ष परिलक्षित हुन्छन्- (क) लेखक परिचय (ख) कृतिपरिचय र (ग) समालोचना। लेखक परिचय र कृति परिचय त सामान्य रूपमा पाइन्छ भने समालोचना-परकता पनि यसमा विशेष रूपमा पाइन्छ।

## 7.5.8 विद्यापति दाहाल

विद्यापति दाहाल भने पूर्वीय र पाश्चात्य समालोचनात्मक प्रणाली-पद्धतिका जानकार समालोचक हुन। उनको पाश्चात्य समालोचना र प्रमुख वा 2004 प्रकाशित देखिन्छ। यद्यपि उनका व्यावहारिक समालोचनाको अध्ययन गर्नु बाँकी नै छ।

## 7.5.9 मोहन सुवेदी

मोहन सुवेदी पनि साहित्य र समीक्षा (2006) पुस्तक लिएर समालोचनामा देखा परेका छन्। उनको समालोचनामा प्रगतिवादी चेतना स्पष्ट रूपमा फेला पर्दछ। उनको उक्त पुस्तकमा कविता, कथा, नाटक,

अनुवाद, उत्तरआधुनिकता आदि विषयक चिन्तन, अनुवादकका रूपमा भानुभक्त आचार्य आदि ।

## 7.5.10 ज्ञानबहादुर छेत्री

नेपाली साहित्यमा असम तेजपुरका ज्ञानबहादुर छेत्री (जन्म 1957) कुनै नौलो र अपरिचित नाम होइन। उनी समय समयमा पुस्तक र पत्र-पत्रिकातिर विभिन्न साहित्यिक सामग्री लिएर देखा पर्दछन्। उनी असमतिरबाट नेपाली साहित्यका एक प्रतिनिधि र प्रतिष्ठित साहित्यकारका रूपमा उनी परिचित छन्। पुस्तक प्रकाशनका हकमा ज्ञानबहादुर छेत्रीका हालसम्म आठवटा पुस्ताकाकार कृति हामीले पाइसकेका छौँ। तीमध्ये पाँचवटा समीक्षा-समालोचनात्मक कृतिहरू 1. अवलोकन, 2000), 2. नेपाली साहित्यत एभुमूकि (असमीया भाषामा, 2010) र 3. सर्जक र सिर्जना (2010), 4. साहित्य अकादमी पुरस्कार विजेता नेपाली साहित्यकार (डा खेमराज नेपालसँग सहलेखन, 2002), र 5. भारतीय साहित्यका निर्माता कवि पुष्पलाल उपाध्याय (2006), 6. दुर्गासार (2016) 7. आधाटपरा ठेटना (2014) प्रकाशित देखिन्छन्।

असमीया भाषामा नेपाली लोकसाहित्यलगायत नेपाली साहित्यको सामान्य साहित्येतिहासको रूपरेखा तथा भानुभक्त आचार्य, पुष्पलाल उपाध्याय, दुर्वासा उपाध्याय, हरिभक्त कटुवाल, हरिप्रसाद गोर्खा राई, विष्णुलाल उपाध्याय, इन्द्रबहादुर राई र उनका आयामेली आन्दोलन तथा लीलालेखन, गीता उपाध्याय, लीलबहादुर छेत्री, कृष्ण धरावासीको शरणार्थी उपन्यास, कृष्णसिंह मोक्तान र के बी नेपाली जस्ता साहित्य स्रष्टाहरूका साहित्यिक परिचय, उनीहरूका कृतित्वको समीक्षा गरेका छन्। छेत्रीका समालोचना सैद्धान्तिक, जीवन चरित्रात्मक, प्रभाववादी, निर्णयवादी, कृति

र कृति दुवैको मूल्याङ्कनपरक रहेको छ। उनले कृतिभित्रका भाव, भाषा-शैली आदिमा रहेका कमी कमजोरीलाई पनि औंल्याउने गर्छन्। उनले अधिकाङ्श असमतिरका कवि, कथाकार, नाटककार, निबन्धकार, उपन्यासकार, समालोचक, अनुवादक, साहित्यिक संस्थाका संगठक, साहित्यिक पत्रकार व्यक्तित्वहरूको कृतित्व र व्यक्तित्वमा प्रकाश पारिएको छ। असममा नेपाली समालोचनाको खरेडी परेको अवस्थामा आफ्ना वरिपरिका साहित्य सर्जक व्यक्तित्वहरूलाई आफ्नो समालोचनात्मक लेखनको केन्द्रविन्दु बनाई छेत्रीले समग्र नेपाली साहित्य संसारलाई नै ठुलो गुण लाएका छन्।

### 7.5.11डा. खेमराज नेपाल

विश्वनाथ चारालीका कवि र समालोचक डा. खेमराज नेपाल (जन्म 1957) को केही कृति केही आकृति (2016), साहित्य अकादमी पुरस्कार बिजेता नेपाली साहित्यकार (2003) जस्ता पुस्तक प्रकाशित छन्। उनी मूलतः कवि भए तापनि समालोचकको भूमिका पनि सशक्त रूपमा पालन गरेका छन्। उनको केही कृति केही आकृति पुस्तकमा लोकसाहित्य चर्चा, तुलना, साहित्यिक पत्र-पत्रिका अनवेषण र मूल्याङ्कन, कृति विश्लेषण जस्ता विशेषता देखा पर्छन्।

4.८. घनश्याम तिम्सिना - तेजपुरको दरङ कलेजका नेपालीका प्राध्यापक तिम्सिना पत्रिकातिर बेला बेलामा समालोचना लिएर देखा पर्छन्। उनको विविध सृष्टि एक दृष्टि (2012) नामक समालोचनात्मक पुस्तक प्रकाशित देखिन्छ। उनका समालोचना विशेष गरी पाठ्यक्रममा आधारित पाठ्यपुस्तकमा केन्द्रित रहेको सन्दर्भ ग्रन्थको रूपमा पाइन्छ।

### 7.5.12डा. दैवकीदेवी तिम्सिना

शोणितपुर जिल्लाको सठिया कलेजमा राध्यापन गर्ने डा दैवीदेवी तिम्सिना पनि नेपाली समालोचनामा एउटा उज्ज्वल नाम हो। असमीय नेपाली कवितामाथि विशद अध्ययन गरी विद्यावारिधि हासिल गर्ने डा तिम्सिनाले विशेषगरी कविता विधामाथि नै अधिकांश समालोना लेखेकी छन्। नको समालचना शोधपरक, प्राज्ञिक र कृतिपरक विश्लेषणत्मक प्रवृत्तिको पाइन्छ।

### 7.5.13डा. गोमा अधिकारी

मणिपुरकी गोमा अधिकारीले हालमा गौहाटीमा रही केन्द्रीय विद्यालयमा हिन्दी शिक्षक कार्य गर्दै नेपाली साहित्यमा पनि समालोचात्मक लेखादि लेखेको पाइन्छ। उनले गोर्खाज्योति, नेती, लोहितपुत्र आदि पत्रिकामा सैद्धान्तिक आधारमा नेपाली कथा र कविताबारे लेखेकी छन्। यसका साथै उनले मणिपुरेली नेपाली साहित्यको इतिहास, सर्वेक्षण र मूल्याङ्कन रहेको पुस्तक मणिपुरमा नेपाली साहित्य एक अध्ययन (2015) प्रकाशित छ भने भारतीय नेपालीसाहित्यको विश्लेषणात्मक अध्ययन नामक ग्रन्थ प्रकाशोन्मुख रहेको छ।

### 7.5.14डा. शान्ति थापा

गौहाटीमा माधवदेव कलेजमा हिन्दी विभागमा प्राध्यापन गर्ने डा शान्ति थापाको छुट्टै ग्रन्थ नभए तापनि उनले सम्पादन गरेको असमेली नेपाली कथायात्राको भूमिकामा उनको समालोचकीय भूमिकामा शोधपरकता, ऐतिहासिक विकासक्रम र प्रवृत्ति निर्धारण जस्ता विशेषता पाइन्छन्। डा. थापाका लगभग दुई दर्जन जतिसमालोचनात्मक लेखादि पत्रिकाहरूमा छरिएका छन्। उनले कवि, नाटककारका बारेमा प्रवृत्ति केलाउँदै कृतिभित्र

पसेर तिनको स्वर सन्धान गर्न रूचि देखाएकी छन्। शोधपरकता, इतिहासपरकता, प्रभाववादिता आदि उनको समालोचनात्मक प्रवृत्ति हुन्।

### 7.5.15 इन्दुप्रभा देवी

गौहाटीको प्रसिद्ध बि. बरूवा कलेजमा असमीय विभागको प्राध्यापन गर्ने डा इन्दुप्रभा देवी (जन्म, गमिरी, 1969) पनि नेपाली समालोचनामा पनि कलम चलाएकी छन्। उनका छुट्टै नेपाली समालोचनाको पुस्तकाकार कृति नभए पनि विभिन्न पत्र-पत्रिका, अभिनन्दन ग्रन्थ आदिमा लगभग् दुई दर्जन जति समीक्षापरक लेखहरू प्रकाशित देखिन्छन। तीमध्ये नेपालीसाहित्य र असमीय साहित्य तथा दुई साहित्यका बीचमा तुलनात्मक अध्ययन पनि गरेकी छन्। उनले पूर्वोत्तर भारतको नेपाली उपन्यास, नेपाली कथा साहित्यको विकासक्रम, हरिभक्त कटुवाल, लीलबहादुर क्षत्री, नव सापकोटा, भविलाल लामिछाने आदिका कवित्व-लगायत नेपालीमा असमीय साहित्य र असमीयमा नेपाली साहित्यबारेमा र दुवैबीच तुलनात्मक र परिचयात्मक समालोचना गरेकी छन्।

### 7.5.16 तिलक शर्मा

जामुगुडीहाटको हेम बरूवा कलेजमा प्राध्यापन गर्ने तिलक शर्माले पनि असमीय नेपाली नाटकको परम्परा, प्रवृत्ति र नाट्य कृतिमाथि समालोचना-त्मक लेख लेखेका छन्। उनका लेखमा भने नाटय तत्व र संरचनाबारे प्रकाश पारिएको पाइन्छ।

## 7.6 उपसंहार

भारतीय नेपाली साहित्यमा लेखिने अधिकजसो समालोचना भिन्दै कित्तामा पर्छ। जीवनीपरक समालोचनाबाट प्रारम्भ भएको नेपाली समालोचनाले

पूर्वीय र पाश्चात्य समालोचनाका सिद्धान्तबाटै प्रभाव ग्रहण गरेर अघि बढेको पाइन्छ। भारतीय नेपाली भाषा-साहित्यको प्रारम्भ र पृष्ठभूमिलाई केलाएर हेर्रिँदा सुरूमा मोतिराम भट्टमा पूर्वीय आलोचना दृष्टिचेत देखिए तापनि आधुनिक युगमा प्रवेश गरेपछि भारतेली नेपाली समालोचना पाश्चात्य आलोचनातिरै ज्यादा लहसिएको देखिन्छ। यसका मूलकारण पाश्चात्य शिक्षा र संस्कृतिको विस्तारवादी नीतिले गर्दा पनि भएको कुरो स्वीकार्न सकिन्छ। पूर्वीय समालोचनाको सैद्धान्तिक परिपाटिको तुलनामा पाश्चात्य समालोचनाको सैद्धन्तिक मूल्य र मान्यतालाई नै धेर महत्व दिएर आलोचना गर्ने प्रवृत्ति भारतेली भाषाहरूमा नै परेको एउटा ठुलो प्रभाव हो भन्न सकिन्छ। यसबाट भारतेली नेपाली भाषा-साहित्य पनि अछुत रहेन। वास्तवमा पूर्वीय समालोचना सिद्धान्तमा प्राचीन, उपयोगी र वैज्ञानिक पद्धत्तिको सम्यक दृष्टिचेत पाइन्छ।

आज आएर भारतीय भाषाहरूमा पूर्वीय समालोचना सिद्धान्त र पाश्चात्य समालोचना सिद्धान्तबारे तुलनात्मक अध्ययन गरेर आफ्ना काव्यशास्त्रीय दृष्टिकोण विकास गर्न पट्टि लागेको देखिन्छ। तसर्थ नेपाली समालोचकहरूले पनि पाश्चात्य दृष्टिचेत सँगसँगै पूर्वतिर फर्केर नेपाली समालोचनाको नयाँ नयाँ सम्भावनाहरूको अध्ययन-अन्वेषण गर्न आवश्यक रहेको देखिन्छ। भारतेली नेपाली समालोचनामा आज आएर आधुनिकता देखि उत्तरआधुनिकतावादी विभिन्न दृष्टिचेतको प्रभाव पाइए तापनि हाम्रा समाजमा त्यस्ता मान्यताहरू कतिको सापेक्षिक छन् अथवा छैनन् जस्ता कुरालाई पनि ध्यानमा ऱाखेर अध्ययन गरिनु पर्छ। अन्यथा त्यस किसिमका आलोचनाले, समालोचनाको नाममा सापटि विचारको थुप्रो मात्रै हुनजान्छ। आज आएर भारतेली नेपाली समालोचनाले पनि उत्तरसंस्कृतिवादी अवधारणाअन्तर्गत विनिर्माणवाद, उत्तरऔपनिवेशवाद,

उत्तरसंरचनावाद, नारीवाद, परिवेशविमर्श जस्ता आलोचनालाई पनि अङ्गिकार गरेर अघि बढिरहेको पाइन्छ।

## 7.7 सार

यस प्रखण्डमा **भारतीय नेपाली समालोचनाका पृष्ठभूमि, स्वरूप र विकास**बारे सामान्य जानकारी प्राप्त भयो । उक्त जानकारीहरूलाई निम्न बुँदाहरूमा यसरी समेटिएको छ ।

❖ सिर्जनाको तुलनामा भारतीय नेपाली समालोचना केही पछि परेको देखिन्छ। यसो हुनाका कारण एउटा समालोचना लेख्नमा अध्ययन र परिश्रम दुवै चाहिन्छ।

❖ मैले एक दिनमा एउटा कविता लेखेको जस्तो होइन समालोचना लेख्न। समय लाग्छ। तसर्थ, भारतमा नेपाली समालोचनाको स्थिति सोचनीय छ भन्ने पक्षमा म पटक्कै छैन।

❖ समालोचकहरूले निस्वार्थ भावले, अनवरत रूपले आफ्नो दायित्व निर्वाह गर्दै आइरहेका छन्। पुस्तक प्रकाशनको संख्यामा पर्याप्तता भए पनि ती पुस्तकहरू पढिदिने पाठक संख्यामा अपर्याप्तता पाइन्छ।

❖ समालोचनाका पुस्तकहरू कम्प्लिमेन्टरी दिँदा पनि पढी दिँदैनन् भन्ने समालोचकहरूको गुनासो पनि सुन्नमा आएको छ।

❖ भारतभरि छरिएर बसेका नेपालीभाषीहरूले विविध विधामा निरन्तर कलम चलाएर साहित्य सेवा गर्दै आइरहेका छन्, उनीहरूले सिर्जिएको साहित्य नै 'भारतीय नेपाली साहित्य' हो भन्ने बुझिन्छ।

❖ भारतमा नेपाली समालोचनाको स्थिति सोचेअनुरूप हुन सकेको छैन। नेपाली समालोचना नलेखिएका होइनन्। कम मात्रामा भए पनि लेखिँदैछन्। नवीन अवधारणा र दृष्टिकोणमा आधारित पुस्तकहरू

छापिँदैछन् तर किन हो समालोचना विधाले केही विद्यार्थी-शोधार्थीबाहेक सामान्य पाठकको ध्यान खिच्न सकेको छैन।

❖ समालोचनाका किताबहरू साधारण पाठकदेखि टाढिँदै गइरहेको छ जस्तो मलाई लाग्छ। जब कि नेपालबाट छापिएका समालोचनाका पुस्तकको बजार राम्ररी चलेको थाहा पाइन्छ। हट केकजस्तो किताब विक्री भइरहेका छन् भने भारतमा छापिएका समालोचनाका पुस्तकहरू विक्री गर्नु ठूलो चुनौती भएको छ।

❖ समालोचनाको लेखन प्रक्रिया र यसको वर्तमान स्थितिबारे अनेकौँ नकारात्मक मन्तव्यहरू प्रकाशमा आइरहेका छन्।

❖ जसले जीवनमा राम्ररी समालोचना पढेका छैनन्, समालोचना के हो बुझेका छैनन्, पढ्ने र बुझ्ने कोसिस गर्दैनन् तर मैले यसको विरोध गर्नैपर्छ भन्ने सोचकाहरूले नेपाली समालोचनालाई खस्कँदो स्थितिमा देखाउन कुनै कसर बाँकी छोड्दैनन्। यस्ता टिप्पणीकारहरूसित जुझ्नु पनि समालोचकका निम्ति एउटा ठूलो चुनौती भएको छ।

❖ यस विधामा देखा परेका समस्या र चुनौतीको पहिलो समाधान भनेको नै नेपाली साहित्य विकासमा समालोचनाको भूमिका र महत्त्व बुझेर यसको अध्ययन गर्न आफू गम्भीर पाठक हुनैपर्छ।

❖ समालोचना लेख्नु लरतरो काम होइन, एउटा समालोचना तयार गर्न सम्बन्धित विषयक दर्जनौँ किताबहरू पढ्नुपर्छ, विषयलाई पचाउनुपर्छ, महिनौँ समय दिनुपर्छ, हतारमा पकाएर छाक टार्ने खाना होइन समालोचना भनेको।समालोचकको अपार दायित्व छ समाजप्रति, साहित्यप्रति, वर्तमान र आउँदो पुस्ताप्रति।

Notes

❖ 'समालोचना' भनेको नेपाली साहित्य सिर्जनाको दिशा निर्देश र भविष्य निर्धारण गर्ने एउटा सशक्त विधा हो। अब समालोचनालाई तल राखेर हेर्न मिल्दैन।

यस प्रखण्डको अध्ययनले **भारतीय नेपाली समालोचनाका पृष्ठभूमि, स्वरूप र विकास**बारे बुनियाँदी जानकारी प्राप्त भयो । यस अतिरिक्त भारतीय नेपाली समालोचनाको विकास सम्बन्धी यस प्रखण्डमा अध्ययन गरियो ।

## 7.8 अनुशीलनी

1. समालोचनाको अवधारणाबारे चर्चा गर्दै यसको विभिन्न पद्धतिबारे सविस्तार चर्चा गर्नुहोस् ।

2. समालोचनाको अर्थलाई केलाउँदै यसको परिभाषाबारे विभिन्न विद्वानहरूका मतको टिप्प्णी गर्नुहोस् ।

3. भारतेली नेपाली समालोचनाको विकासक्रमबारे एउटा लेख तयार पार्नुहोस् ।

4. भारतेली नेपाली समालोचनाको पृष्ठभूमि सम्बन्धि विवेचना गर्नुहोस् ।

5. भारतेली नेपाली समालोचनाको प्रवृत्तिबारे समीक्षा प्रस्तुत गर्नुहोस् ।

6. भारतेली प्रमुख नेपाली समालोचकहरूको समालोचना प्रवृत्तिबारे विश्लेषण गर्नुहोस् ।

7. भारतेली नेपाली समालोचनाको विभिन्न चरणहरू विवेचना गर्नुहोस् ।

८. भारतेली नेपाली समालोचना साहित्यको विकासक्रममा कुन कुन समालोचकहरूले विशेष योगदान दिएका छन् ? टिप्पणी लेख्नुहोस् ।

9. भारतेली नेपाली समालोचना साहित्यको मुख्य उपलब्धिबारे लेख लयार पार्नुहोस् ।

10. भारतेली नेपाली समालोचना साहित्यको वैशिष्ठबारे आफ्नो मनतव्य लेख्नुहोस् ।

## 7.9 अतिरिक्त अध्ययन


1. चैहान, शिवदान सिंह - **आलोचना के सिद्धान्त** ।

2. प्रो . हरिमोहन - **भारतीय एवं पाश्चात्य काव्यशास्त्र की पहचान** ।

3. मिश्र, हरिमोहन - **आधुनिक हिन्दी आलोचना** ।

4. शर्मा, मोहनराज - **समकालीन समालोचना सिद्धान्त र प्रयोग** ।

5. पाण्डेय, कमलप्रसाद - **नेपाली समालोचनाको अध्ययन ।**

6. खतिवडा, बलराम - **कृतिपरक समालोचनाको विकास** ।

7. न्यौपाने, दीपक - **नेपाली समालोचनाको अध्ययन** ।

8. छेत्री, देवबहादुर - **नेपाली साहित्यको कालविभाजनमा पाइने मतमतान्तर** ।

9. सुवेदी, राजेन्द्र - **नेपाली समालोचना परम्परा र प्रवृत्ति** ।

10. कँडेल , घनश्याम - **नेपाली समालोचना** ।

11. श्रेष्ठ, दयाराम - **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ ।**

12. नेपाल, घनश्याम - **नेपाली साहित्यको परिचयात्मक इतिहास** ।

13. श्रेष्ठ, दयाराम र मोहनराज शर्मा - **नेपाली साहित्यको संक्षिप्त इतिहास** ।

14. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल - **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त ।**

15. बाकुनिन, मिखाइल - **साहित्यको अपहरण** ।

16. मुकारूङ, श्रवण - **राजनीति र नयाँ नेपाली साहित्यको सवाल** ।

यस अतिरिक्त **भारतेली नेपाली समालोचना**बारे अन्य भाषासित सम्बन्धित पुस्तक र पत्र - पत्रिकाको पनि अध्ययन ।

## 7.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोट: तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस् -**

1. समालोचनाको सामान्य परिचय ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 1 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.2 को परिचय खण्डमा उत्तर खोज्न सक्नेछन् )**

2. भारतेली नेपाली समालोचनाको पृष्ठभूमि ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 2 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

3. भारतेली नेपाली समालोचनाको स्वरूप ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 3 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

4. भारतेली नेपाली समालोचनाको विकास प्रक्रिया ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 4 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.5 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**

5. भारतेली नेपाली समालोचकहरू ।

..........................................................................................

..........................................................................................

..........................................................................................

**( प्रश्न 5 को मूल्यबृद्धिको निम्ति विद्यार्थीले 7.6 को खण्डमा उत्तर खोज्न सक्नेछन् )**